राष्ट्रको गौरव

गोरखापत्र

वर्ष प्रवेश १२६

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

gorkhapatraonline.com



प्रधानमन्त्रीको भारत भ्रमण सफल बनाउन अन्तिम गृहकार्य



प्रधानमन्त्री वालेन्द्र शाह

गोरखापत्र समाचारदाता
काठमाडौँ, मङ्सिर ३ गते

प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणमा दुई देशको सम्बन्धमा 'बहुआयामिक ब्रेक थ्रु' ल्याउने तयारी सरकारले गरेको छ । यही मङ्सिर ६ र ७ गते प्रधानमन्त्री शाहको भारत भ्रमण हुने तय भएको छ। उच्चस्तरीय भ्रमणमा प्रस्तुत हुने राष्ट्रिय एजेन्डा, प्रधानमन्त्री शाहले प्रस्तुत गर्नुहुने राष्ट्रिय धारणा र अन्य कागजी प्रक्रिया सबैमा सरकारले दुवै देशको मनसाय झल्काउँदै छिमेकी सम्बन्धलाई 'बहुआयामिक ब्रेक थ्रु' मा लैजाने कसरत गरेको हो।

भारत भ्रमणमा प्रधानमन्त्री शाह र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा हुने एकल तथा प्रतिनिधिमण्डलसहितको छलफलमा प्रस्तुत हुने प्रस्तावका विषयमा परराष्ट्र मन्त्रालयमा बिहीबार गहन छलफल भयो। लगभग तय भएको एजेन्डामा थपघटका विषय, भाषाशैली, भाव र शब्द चयनका लागि प्रधानमन्त्री कार्यालय र परराष्ट्र मन्त्रालयका प्रतिनिधिको सामूहिक गृहकार्य बिहीबार पनि राति अबेरसम्म जारी रह्यो । परराष्ट्रमन्त्री शिशिर खनाल र परराष्ट्र सचिव अमृतबहादुर राईले भ्रमणलाई लिएर भारत सरकारसँग उच्चस्तरीय समन्वय गरिरहनुभएको छ । उहाँहरूले एजेन्डा तयार गर्न बनेको समूहलाई अन्तरमन्त्रालय समन्वय र सहकार्यलाई ध्यानमा राख्न निर्देशन पनि दिनुभएको छ ।

गृहकार्यमै व्यस्त रहनुभएका परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्रीले भन्नुभयो, "हामी भ्रमणलाई फलदायी बनाउन बृहत् र घनीभूत रूपमा भ्रमणका दस्तावेज र एजेन्डालाई अन्तिम रूप दिँदै छौँ, लगातार तीन दिन भयो यसको परिमार्जन र पुनरवलोकनमा काम गरिरहेका छौँ।" उहाँसँगै एजेन्डालाई अन्तिम रूप दिन बस्नुभएकी प्रधानमन्त्री शाहका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले पनि प्रधानमन्त्री शाहको भ्रमणलाई जनअपेक्षा अनुसार सफल बनाउन सहकार्य जारी रहेको प्रस्ट्याउनुभयो। दाहालले भन्नुभयो, "एजेन्डा मात्र हैन समग्र भ्रमणको सारलाई बलियो बनाउनु पर्छ भनेर सबै मन्त्रालयसँगको समन्वयलाई बलियो बनाइएको छ।"

» बाँकी पृष्ठ २ मा

ट्रम्प, सी र पुटिनबिच ऐतिहासिक शिखरवार्ता

संयुक्त शान्तिको घोषणा



अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प, चीनका राष्ट्रपति सी चिनफिङ र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनबिच बिहीबार चीनको सेन्जेनमा भएको ऐतिहासिक शिखरवार्ता। *तस्विर : एएफपी*

गोरखापत्र समाचारदाता
काठमाडौँ, मङ्सिर ३ गते

विश्वका प्रमुख तीन शक्ति राष्ट्र अमेरिका, चीन र रुसले विश्वमा जारी अस्थिरता, अन्योल र अशान्तपूर्ण अवस्था अन्त्य गर्न संयुक्त शान्तिको घोषणा गरेका छन्।

चीनको सेन्जेनमा आयोजित एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनमा सहभागी विश्वका तीन शीर्ष नेता अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प, चीनका राष्ट्रपति सी चिनफिङ र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनबिच बिहीबार भएको ऐतिहासिक शिखरवार्तामा संयुक्त शान्तिको घोषणा गरिएको हो।

'किलिन भिल्ला' मा ९० मिनेटसम्म भएको त्रिपक्षीय शिखर वार्तालगत्तै तीन देशले 'संयुक्त शान्ति घोषणापत्र' जारी गरेको अमेरिकी निजी टेलिभिजन सिएनएनले जनाएको छ । संयुक्त घोषणापत्रमा तिनै शीर्ष नेताले 'आणविक युद्ध कहिल्यै जित्न सकिँदैन र यो कहिल्यै लड्नु हुँदैन' भन्ने साझा प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

त्यस अवसरमा राष्ट्रपति ट्रम्पले विश्वका तीन ठुला आणविक शक्ति राष्ट्र आणविक भण्डार घटाउनका लागि विशेष भूमिकामा रहेको बताउनुभयो । राष्ट्रपति सीले आणविक युद्ध रोक्न हरसम्भव प्रयास गर्नुपर्ने र विश्वलाई आणविक हतियारमुक्त बनाउनुपर्नेमा जोड दिनुभयो।

- यो शिखरवार्ता इतिहास रचिएको क्षण हो : **अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प**
- आणविक युद्ध रोक्न हरसम्भव प्रयास गर्दै विश्वलाई आणविक हतियारमुक्त बनाउनु पर्छ : **चीनका राष्ट्रपति सी चिनफिङ**
- शिखरवार्ता यति राम्रो होला भनेर मैले सोचेको थिइनँ : **रुसका राष्ट्रपति भ्लादिमिर पुटिन**

उहाँहरूले विश्वव्यापी ऊर्जा प्रवाहलाई स्थिर र सुरक्षित राख्न सहकार्य गर्ने सहमति जनाउनुभएको छ। राष्ट्रपति सीले महाशक्तिहरूबिच शान्ति कायम रहे मात्र विश्व सुरक्षित रहने बताउनुभयो। राष्ट्रपति पुटिनले पनि संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्का स्थायी सदस्यका नाताले अन्तर्राष्ट्रिय शान्तिसुरक्षा कायम राख्नु तिनै देशको साझा जिम्मेवारी भएको उल्लेख गर्नुभएको बेलायती समाचार संस्था बिबिसीले जनाएको छ।

त्रिपक्षीय शिखरवार्ताअघि ट्रम्पले पुटिन र सीसँग अलग अलग द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो । त्यसमा ट्रम्पले रुस र चीन दुवैले युक्रेन युद्धको अन्त्य चाहेको आफूलाई बताएको जानकारी गराउनुभएको छ। पुटिनले पनि द्वन्द्व समाधानमा तिनै देशको साझा चासो रहेको प्रतिक्रिया दिनुभयो।

राष्ट्रपति ट्रम्पसितको द्विपक्षीय भेटवार्तामा राष्ट्रपति सीले अमेरिका र चीनबिचको सम्बन्ध 'स्थिर र सुधारोन्मुख' रहेको बताउँदै पारस्परिक सम्मान र निष्पक्षताका आधारमा अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

शिखरवार्तापछि राष्ट्रपति पुटिनले सीलाई धन्यवाद दिँदै "वार्ता यति राम्रो होला भनेर मैले सोचेको थिइनँ" भन्ने प्रतिक्रिया दिनुभएको छ। राष्ट्रपति ट्रम्पले यो शिखरवार्तालाई 'इतिहास रचिएको क्षण' को सङ्ज्ञा दिनुभयो भने राष्ट्रपति सीले यसलाई 'युगान्तकारी महत्त्व' को बैठक भन्नुभएको छ।

शिखरवार्ता सकिएलगत्तै अमेरिकाका राष्ट्रपति ट्रम्प स्वदेश प्रस्थान गर्नुभएको चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ। विश्वका तीन प्रमुख शक्तिराष्ट्रका शीर्ष नेता एकै ठाउँमा बसेर संवादको ढोका खोल्नुलाई कूटनीतिक वृत्तमा महत्त्वपूर्ण मानिएको छ।

चीनको सेन्जेनमा बुधबारदेखि सुरु भएको एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनले विश्वका तीन शीर्ष नेतालाई एकै ठाउँमा जुटाएको हो।

यसैबिच चीनका राष्ट्रपति सीले एपेकमा चीन वकालतकर्ता, प्रवर्धक र अग्रणीको भूमिकामा रहेको बताउनुभएको छ। बिहीबार एपेकका ३३ औँ आर्थिक नेताहरूको बैठकलाई सम्बोधन गर्दै उहाँले एसिया-प्रशान्त समुदायलाई थप सुदृढ बनाउन सबै पक्षसँग सहकार्य गर्न चीन तयार रहेको बताउनुभयो।

सीले क्षेत्रीय समुदायको विकासका लागि बलियो आर्थिक तथा व्यापारिक सम्बन्ध आवश्यक रहेको उल्लेख गर्दै व्यापार र लगानीलाई सहज बनाउने, डिजिटल प्रविधिको विकासलाई तीव्रता दिने तथा व्यापारिक अवरोध घटाउने प्रयास गर्न सबै पक्षलाई आग्रह गर्नुभयो।

» बाँकी पृष्ठ २ मा

इरानसँगको युद्धविराम निरन्तर

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग वार्ता नटुङ्गिएसम्म युद्धविराम जारी रहने बताउनुभएको बिबिसीले जनाएको छ। इरानसँगको युद्धविरामको अवधि बुधबार सकिने अवस्थामा पुगेका बेला राष्ट्रपति ट्रम्पले युद्धविराम लम्ब्याउनुभएको हो।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले युद्धविराम लम्ब्याउने राष्ट्रपति ट्रम्पको घोषणाको स्वागत गर्नुभएको छ । उहाँले युद्धविरामको उल्लङ्घन नगरी सार्थक वार्ता गर्न दुवै पक्षलाई आग्रह गर्नुभएको समाचारमा जनाइएको छ।

तातोपानी नाका सञ्चालनमा ल्याउन छलफल

गोरखापत्र समाचारदाता
काठमाडौँ, मङ्सिर ३ गते

परराष्ट्रमन्त्री शिशिर खनालले चीनसँगको तातोपानी नाका तत्काल सञ्चालनमा ल्याउनुपर्ने बताउनु भएको छ । शिष्टाचार भेटका लागि पुग्नुभएका चिनियाँ राजदूत चाङ माओमिङसँग बिहीबार उहाँले यस्तो बताउनुभएको हो।

भेटका क्रममा परराष्ट्रमन्त्री खनालले केही समयअघि रसुवा-भोटेकोशी क्षेत्रमा आएको बाढीका कारण रसुवागढी नाका बन्द रहेको र हिउँदको मौसममा चीनसँग जोडिएका अन्य उच्च हिमाली नाकाहरू पनि पूर्ण रूपमा सञ्चालन हुन नसक्ने अवस्था रहेको उल्लेख गर्नुभयो । यस्तो परिस्थितिमा काठमाडौँसँग सबैभन्दा नजिक रहेको तातोपानी नाका तत्काल सञ्चालनमा ल्याउनु आवश्यक रहेको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "तातोपानी नाका काठमाडौँसँग सबैभन्दा कम दुरीमा रहेको र यो नाका हाम्रा दुई मुलुकबिचको ऐतिहासिक मित्रतापूर्ण सम्बन्धको प्रतीकसमेत हो। त्यसैले दुई मुलुकबिचको सम्पर्क सञ्जाल र आवागमनलाई सहज बनाउन यो नाका तत्काल खुलाउन आवश्यक छ।"

चिनियाँ राजदूत चाङले तातोपानी नाका सञ्चालनका विषयमा सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी काम गर्ने विश्वास दिलाउनुभयो । भेटवार्ताका क्रममा बाढीपछिको पुनर्निर्माण, नेपाल-चीन सम्बन्ध तथा बहुपक्षीयतासहित आपसी हित र चासोका विविध विषयमा पनि छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

राष्ट्रिय स्वार्थ कूटनीतिको केन्द्र

परराष्ट्रमन्त्री खनालले नेपालको नयाँ पुस्ताको कूटनीति राष्ट्रिय हित, राष्ट्रिय सम्पदा र देशको वास्तविकतामा आधारित हुनुपर्ने बताउनुभएको छ।

परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानले बिहीबार काठमाडौँमा आयोजना गरेको 'ग्लोबल करेन्ट्स, लोकल कम्पास : नेपालको आगामी

» बाँकी पृष्ठ २ मा

अग्रलख



सम्बन्धको नयाँ अध्याय

यो भ्रमणमा उनै परम्परागत सहमति र सम्झौताभन्दा केही कदम अघि बढेर सम्बन्धको इतिहासमा नयाँ पाना थपिनु पर्छ । इतिहासदेखि नै थाती रहँदै आएका नेपाल-भारतबिचका विवाद, नागरिकका समस्या, सिमानामा हुने विभेदका घटना अनि असमान सन्धिसम्झौताको पुनरवलोकनलाई पहिलो प्राथमिकतामा राखिनु पर्छ।

● **डा. शोभाकर पराजुली**

» विचा पष्ठ ४

डिजिटल प्लेटफर्मबाट विधायिकी कामको निगरानी

गोरखापत्र समाचारदाता
काठमाडौँ, मङ्सिर ३ गते

संसद्को विधायिकी कार्य, निगरानी र संस्थागत अभिलेख व्यवस्थापन सुधारको लक्ष्यसहित सङ्घीय संसद्ले डिजिटल पार्लियामेन्टको अवधारणा तयार पारेको छ । प्रविधि व्यवस्थापन महाशाखा प्रमुख विशाल सापकोटा नेतृत्वको सहजीकरण समितिले अवधारणा तयार पारी प्रतिनिधि सभाका सभामुख डोलप्रसाद अर्याल र राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाललाई प्रतिवेदन बुझाएको छ। प्रतिवेदनले डिजिटल पार्लियामेन्टको चरणबद्ध योजना, लागत तथा वित्तीय स्रोत र अपेक्षित उपलब्धि समेटेर प्रतिवेदन तयार पारेको हो।

डिजिटल पार्लियामेन्ट प्लेटफर्मको परीक्षण भने भदौ ३१ गतेबाट सुरु भइसकेको छ। प्लेटफर्म परीक्षणसँगै महाशाखाले परियोजनाको अवधारणापत्र तयार पारी पदाधिकारीसमक्ष पेस गरेको हो। सङ्घीय संसद्का प्रवक्ता एकराम गिरीले अवधारणा तयार भई पेस भइसकेको बताउनुभयो। उहाँले भन्नुभयो, "सम्बन्धित महाशाखाका तर्फबाट अवधारणा तयार भई सभामुख र अध्यक्षज्यूसमक्ष पेस भइसकेको छ। प्रतिवेदन कार्यान्वयन चरणमा रहेको छ।"

प्रतिवेदन अनुसार सङ्घीय संसद्का कामकारवाहीको डिजिटल रूपान्तरण मुख्य लक्ष्य राखिएको छ । परियोजना अन्तर्गत संसद् र सचिवालयका कामलाई चरणबद्ध रूपमा एकीकृत डिजिटल प्रणालीमार्फत सञ्चालन तथा अभिलेखीकरण गरिने छ। अवधारणामा चरणहरू विभाजन गरिएको छ।

पहिलो चरणमा आवश्यकता पहिचान तथा विस्तृत योजना समेटिएको छ । जुन कार्य सचिवालयले पूरा गरिसकेको छ । दोस्रो चरणमा व्यक्तिगत प्रोफाइल, राजनीतिक दल, निर्वाचन क्षेत्र, प्रदेश तथा सदन अनुसार सदस्यको विवरण, बायोमेट्रिकलगायतका विषय डिजिटल प्लेटफर्ममा उपलब्ध हुने छन् ।

आधारभूत पूर्वाधार तथा प्राथमिक प्रणालीको विकास हुने छ । सुरक्षित डिजिटल पूर्वाधार, प्रयोगकर्ता व्यवस्थापन, तथ्याङ्क संरचना र आवश्यक साझा सेवाको निरन्तर विस्तार, स्तरोन्नति र सुधार गर्दै लैजाने योजना दोस्रो चरणमा समेटिएका छन्। बैठक व्यवस्थापन, कार्यसूची तथा कागजात वितरण, सदस्यको डिजिटल पहुँच र संसदीय अभिलेख व्यवस्थापन जस्ता प्राथमिक प्रणाली अनिवार्य रूपमा डिजिटल पार्लियामेन्ट प्लेटफर्मबाटै प्रयोग गर्ने योजना पनि दोस्रो चरणमा राखिएका छन्। संसदीय तथा सचिवालयका कामकारवाही प्लेटफर्ममार्फत उपलब्ध गराउने र निरन्तर सुधारका कार्यलाई क्रमशः राखिएको छ।

यस्ता हुने छन् सुविधा

प्लेटफर्ममा सदस्यहरूको अभिलेख व्यवस्थापन हुने छ। व्यक्तिगत प्रोफाइल, राजनीतिक दल, निर्वाचन क्षेत्र, प्रदेश तथा सदन अनुसार सदस्यको विवरण, बायोमेट्रिकलगायतका विषय प्लेटफर्ममा उपलब्ध हुने छन्। परियोजना अन्तर्गत सभा तथा समितिमा स्वचालित विद्युतीय हाजिरी प्रणाली लागु हुने छ । उपस्थित, अनुपस्थित, बिदा तथा ढिला उपस्थितिको अभिलेख पनि प्लेटफर्ममा उपलब्ध हुने छ।

» बाँकी पृष्ठ २ मा

बढ्दो प्रदूषण, जोखिममा फोक्सो

सरोज ढुङ्गेल
काठमाडौँ, मङ्सिर ३ गते

रामेछापकी करुणा खत्री नियमित स्वास्थ्य परीक्षणका लागि ललितपुरको जावलाखेलस्थित नेसनल चेस्ट सेन्टर पुग्नुहुन्छ । विगतमा सुर्तीजन्य पदार्थ सेवन गर्ने उहाँ अहिले श्वासप्रश्वाससम्बन्धी समस्याका कारण चिकित्सकको नियमित निगरानीमा हुनुहुन्छ । उहाँले चिकित्सकको सल्लाह अनुसार नियमित औषधी सेवन गर्दै आउनुभएको छ।

करुणा सुर्तीजन्य पदार्थ सेवनले फोक्सोमा पार्ने असरको एउटा उदाहरण हुनुहुन्छ। धूमपान गर्ने व्यक्तिमा मात्रै दम तथा श्वासप्रश्वाससम्बन्धी रोग लाग्छ भन्ने होइन। धूमपान नगर्ने व्यक्तिमा समेत घरभित्रको धुवाँ, धुलो, सवारीसाधन तथा उद्योगबाट निस्कने प्रदूषणका कारण फोक्सोसम्बन्धी समस्या देखिने गरेको छ । नेपालमा श्वासप्रश्वाससम्बन्धी रोगको जोखिम बढ्दै गएको सरकारी तथ्याङ्कले देखाएको छ।

स्वास्थ्य सेवा विभागको आर्थिक वर्ष २०८१/८२ को स्वास्थ्य तथ्याङ्क अनुसार देशभरका स्वास्थ्य संस्थामा दीर्घकालीन अवरोधात्मक फोक्सो रोग (सिओपिडी) का तीन लाख २५ हजार १५३ जना बिरामी रहेका छन् । अघिल्लो आर्थिक वर्षमा यो सङ्ख्या दुई लाख ५९ हजार ११० थियो। विश्व स्वास्थ्य सङ्गठनको सन् २०२३ को मृत्यु अनुमान अनुसार नेपालमा सिओपिडीका कारण प्रतिलाख जनसङ्ख्यामा ७९.३ जनाको मृत्यु हुने गरेको छ। महिलामा यो दर ८८.३ र पुरुषमा ६९.७ रहेको छ।

वरिष्ठ श्वासप्रश्वास रोग विशेषज्ञ डा. राजु पङ्गेनीका अनुसार नेपालमा आन्तरिक तथा बाह्य वायु प्रदूषणका कारण दम तथा श्वासप्रश्वाससम्बन्धी रोगका बिरामी बढिरहेका छन्। उहाँले अगरबत्ती, धूप, दाउरा बाल्दा निस्कने धुवाँ, घरभित्रको धुलो तथा कलकारखानाबाट निस्कने प्रदूषणले फोक्सोमा असर गर्ने बताउनुभयो। उहाँका अनुसार काठमाडौँ उपत्यका जस्ता सहरी क्षेत्रमा प्रदूषणका कारण दमसम्बन्धी समस्या बढिरहेको छ । सहरी क्षेत्रको करिब १५ प्रतिशत जनसङ्ख्यामा दमसम्बन्धी समस्या देखिएको छ।

वरिष्ठ छातीरोग विशेषज्ञ डा. अशेष ढुङ्गानाका अनुसार दम तथा श्वासप्रश्वाससम्बन्धी रोग लाग्नुमा धूमपानबाहेक वंशाणुगत र वातावरणीय कारणको पनि भूमिका हुन्छ । मिल, मैदा उद्योग, कलकारखाना तथा धुलोधुवाँयुक्त वातावरणमा काम गर्ने व्यक्तिमा यस्तो समस्या देखिन सक्छ । चुरोट सेवन नगर्ने व्यक्तिमा समेत फोक्सोको समस्या देखिने उल्लेख गर्दै डा. ढुङ्गानाले मन्दिरमा धूप बाल्ने पुजारी तथा घरमा नियमित धूप बालेर पूजा गर्ने महिलासमेत जोखिममा रहने बताउनुभयो । छातीरोग विशेषज्ञ डा. रोशन श्रेष्ठले ४५ वर्ष उमेरपछि दम तथा श्वासप्रश्वाससम्बन्धी समस्या बढी देखिने जानकारी दिनुभयो। उहाँले ५५ वर्षमाथिका व्यक्तिमा जोखिम अझ बढी हुने बताउनुभयो।

लामो समयसम्म खोकी लाग्नु, खकार आइरहनु, भ्याङ चढ्दा स्याँ स्याँ हुनु, सास फेर्न गाह्रो हुनु र छाती घ्यार घ्यार गर्नु श्वासप्रश्वाससम्बन्धी रोगका लक्षण हुने जानकारी दिँदै डा. श्रेष्ठले पटक पटक छातीमा सङ्क्रमण हुनु तथा रोग गम्भीर हुँदा अक्सिजनको मात्रा घट्नु पनि यसका लक्षण हुने बताउनुभयो।

डा. श्रेष्ठले रोग लागिसकेपछि फोक्सोमा भएको क्षति पूर्ण रूपमा निको पार्न कठिन हुने भन्दै समयमै पहिचान र उपचार गरेमा रोगको जटिलता कम गर्न सकिने बताउनुभयो । नेसनल चेस्ट सेन्टरका प्रमुख मधुसुधन घिमिरेले सेन्टरमा दैनिक ८० जनासम्म बिरामी आउने गरेको जानकारी दिँदै यो तथ्याङ्कले नेपालमा श्वासप्रश्वाससम्बन्धी रोग बढिरहेको बताउनुभयो। धूमपान त्याग्ने, धुलोधुवाँबाट बच्ने, नियमित स्वास्थ्य परीक्षण गराउने र स्वस्थ जीवनशैली अपनाउने गर्नाले रोगबाट जोगिन तथा जटिलता कम गर्न सकिने उहाँको सुझाव छ।



स्केच : एआई

धूमपान गर्ने व्यक्तिमा मात्रै दम तथा श्वासप्रश्वाससम्बन्धी रोग लाग्छ भन्ने होइन । धूमपान नगर्ने व्यक्तिमा समेत घरभित्रको धुवाँ, धुलो, सवारीसाधन तथा उद्योगबाट निस्कने प्रदूषणका कारण फोक्सोसम्बन्धी समस्या देखिने गरेको छ ।

अधुरा पूर्वाधार निर्माण छिटो सक्न निर्देशन



पूर्वाधार विकासमन्त्री सुनील लम्साल धनुषास्थित विभिन्न अधुरा विकास योजनाको अनुगमन गर्नुहुँदै । तस्बिर : विजयकुमार साह

ढल्केबर समाचारदाता
ढल्केबर, मङ्सिर ३ गते

सङ्घीय सरकारका पूर्वाधार विकासमन्त्री सुनील लम्सालले धनुषासहित विभिन्न स्थानमा लामो समयदेखि अधुरा रहेका पुल, सडक तथा अन्य पूर्वाधार संरचनाको निर्माण छिटो सम्पन्न गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभएको छ ।

बिहीबार धनुषाको लालगढमा विकासनिर्माणसँग सम्बन्धित निकाय र कार्यालय प्रमुखसँगको छलफलका क्रममा उहाँले यस्तो निर्देशन दिनुभएको हो । छलफलमा सडक डिभिजन कार्यालय जनकपुरका प्रमुख दरेगाप्रसाद साह, हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामका योजना प्रमुख कृष्णकुमार महतो, कमला–बागमती सडक आयोजना प्रमुख राजेशकुमार दास, खानेपानी तथा ढल व्यवस्थापन कार्यालय मधेश प्रदेशका प्रमुखलगायत धनुषा र महोत्तरीका प्रमुख जिल्ला अधिकारीको सहभागी हुनुहुन्थ्यो ।

मन्त्री लम्सालले विकास निर्माणका काममा भइरहेको ढिलाइप्रति चासो व्यक्त गर्दै अधुरा आयोजनालाई प्राथमिकताका साथ अघि बढाउन सम्बन्धित कार्यालयका प्रमुखलाई निर्देशन दिनुभएको प्रतिनिधि सभा सदस्य तथा पूर्वाधार विकास समिति सदस्य राजकिशोर महतोले बताउनुभयो । उहाँले लामो समयदेखि अलपत्र अवस्थामा रहेका पुल, सडक, खानेपानी तथा ढल व्यवस्थापनलगायतका पूर्वाधार आयोजनाको वर्तमान अवस्था, निर्माणमा देखिएका समस्या र समाधानका उपायबारे छलफल गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार पुल तथा सडक आयोजनामा ढिलाइ हुँदा आवागमन, दैनिक जनजीवन तथा आर्थिक गतिविधिमा समेत असर परिरहेको विषय उठाइएको थियो ।

सांसद महतोले सम्बन्धित आयोजना प्रमुख तथा कार्यालयका अधिकारीलाई आआफ्नो जिम्मेवारी अनुसार अधुरा कामको अवस्था पहिचान गरी निर्माण सम्पन्न गर्न र निर्माण कार्यमा देखिएका प्राविधिक, प्रशासनिक तथा अन्य अवरोध पहिचान गरी समाधानका लागि समन्वय र सहकार्य गर्नुपर्ने विषयमा पनि छलफल भएको बताउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टी जनकपुरधाम नगर कमिटीले जनकपुरमा आयोजना गरेको भेटघाट तथा अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री लम्सालले मधेश प्रदेशलाई विकासको पहिलो प्राथमिकतामा राखिएको बताउनुभयो । उहाँले चालु आर्थिक वर्षमा सङ्घीय सरकारबाट सबैभन्दा बढी बजेट पाउने मधेश प्रदेश रहेको दाबी गर्नुभयो ।

उहाँका अनुसार सडक, पुल, भवन र खानेपानीलगायत भौतिक पूर्वाधारमा यस प्रदेशले देशकै सबैभन्दा बढी बजेट प्राप्त गरेको छ । यी क्षेत्रमा ५० अर्ब रुपियाँभन्दा बढी बजेट विनियोजन गरिएको उहाँले जानकारी दिनुभयो । उहाँले यस पटक सरकारले सबैभन्दा पहिलो प्राथमिकतामा मधेशलाई राखेको छ । त्यसैले मधेशमा आउँदा हामी छाती फुलाएर भन्न सक्छौं कि सरकारले मधेशलाई प्राथमिकता दिएको छ । मन्त्री लम्सालले सङ्घीय सडकका ठेक्का प्रक्रिया क्रमशः अगाडि बढिरहेको जानकारी दिँदै कमला पुललगायत हुलाकी राजमार्गका अधुरा पुल निर्माण सम्पन्न गर्ने सरकारको योजना रहेको बताउनुभयो । बजारक्षेत्रमा हुलाकी राजमार्गलाई चार लेनको बनाउने योजना पनि अघि बढाइएको उहाँको भनाइ थियो । मधेश प्रदेशको विकासका लागि आवश्यक थप योजना तथा सुझाव दिन आग्रह गर्दै उहाँले सरकारले आवश्यकता र औचित्यका आधारमा थप बजेट तथा कार्यक्रम उपलब्ध गराउने उहाँले जानकारी दिनुभयो ।

मन्त्री लम्सालले धनुषाका विभिन्न निर्माणाधीन तथा अधुरा विकास योजनाको स्थलगत अनुगमन गर्नुभएको छ । अनुगमनका क्रममा उहाँले लामो समयदेखि अलपत्र परेका सडक, पुल तथा अन्य पूर्वाधार निर्माणलाई तीव्रता दिन सम्बन्धित निकाय र निर्माण व्यवसायीलाई निर्देशन दिनुभएको बताइएको छ ।

प्रतिनिधि सभा सदस्य तथा पूर्वाधार विकास समिति सदस्य राजकिशोर महतोले स्थानीय बासिन्दाको गुनासो र विकास निर्माणमा भइरहेको ढिलासुस्तीलाई ध्यानमा राख्दै मन्त्री लम्साल प्राविधिक टोलीसहित निर्माणाधीन तथा अधुरा विकास योजनाको अनुगमन गर्नुभएको बताउनुभयो । उहाँले तोकिएको समयसीमाभित्र गुणस्तरीय काम सम्पन्न नगर्ने निर्माण कम्पनीलाई कारबाहीको दायरामा ल्याइने चेतावनीसमेत दिनुभएको जानकारी दिनुभयो । प्रतिनिधि सभा सदस्य महतोका अनुसार जलाद, सिर्सिया, बसही र कटरैतस्थित अधुरा पुल पर्यटन क्षेत्र मिथिला सागर तथा रामजानकी रङ्गशालाको अनुगमन गर्नुभएको हो ।

मतदान स्थल पुनरवलोकन

सर्लाही समाचारदाता
सर्लाही, मङ्सिर ३ गते

आउँदो स्थानीय तह निर्वाचनलाई लक्षित गरी सर्लाहीमा हाल कायम रहेका मतदान स्थल तथा मतदान केन्द्र पुनरवलोकन प्रक्रिया अघि बढाइएको छ ।

जिल्ला मदतान स्थल तथा मतदान केन्द्र सिफारिस समितिको सदरमुकाम मलङ्गवामा सम्पन्न बैठकले राजनीतिक दल, स्थानीय तह तथा अन्य सरोकारवालासँग समन्वय गरी आवश्यक सुझाव सङ्कलनसहित प्रक्रिया अघि बढाउने निर्णय गरेको हो । समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीको अध्यक्षतामा बसेको बैठकले साबिकमा कायम रहेका मतदान स्थल तथा मतदान केन्द्रको अवस्था पुनरवलोकन गरी आवश्यक सिफारिस गर्ने प्रक्रिया सुरु गर्ने निर्णय गरेको छ ।

अहिले कायम रहेको मतदान स्थलको नाम तथा ठेगाना त्रुटि भए सच्याउने, नयाँ मतदान स्थल थप गर्ने, अनुपयुक्त वा आवश्यक नरहेका मतदान स्थल हटाउने र एउटै मतदान स्थल रहेका सबै वा केही मतदातालाई अर्को मतदान स्थलमा स्थानान्तरण गर्नुपर्ने अवस्था पहिचान गरिने भएको छ ।

शिविरमा मुटुरोगी फेला

सप्तरी समाचारदाता
सप्तरी, मङ्सिर ३ गते

सप्तरीको तिरहुत गाउँपालिका–५, लोहजरामा सात प्रतिशतभन्दा बढी मानिसमा जटिल प्रकृतिको मुटुरोग देखिएको छ । लोहजरास्थित सरस्वती माध्यमिक विद्यालयपरिसरमा आयोजित दुईदिने निःशुल्क मुटु परीक्षण शिविरमा जटिल प्रकृतिका मुटुका बिरामी फेला परेका हुन् ।

जयन्ती स्मृति प्रतिष्ठानको आयोजना तथा मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर महाराजगञ्ज काठमाडौंको प्राविधिक सहयोग एवं तिरहुत गाउँपालिका र नेपाल युथ फाउन्डेसन नेपालको समन्वयमा शिविर सञ्चालन गरिएको हो ।

कमला नदीको पुल सञ्चालनमा आउँदै



सिराहा–धनुषा जोड्ने कमला नदीको पुलमुनि धार परिवर्तन गराइँदै ।

सिराहा समाचारदाता
सिराहा, मङ्सिर ३ गते

सिराहा र धनुषा जिल्लालाई जोड्ने कमला पुल भएर मङ्सिरको तेस्रो साताबाट यातायातका साधन सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुगेको छ ।

मङ्सिरको पहिलो साताबाटै यातायातको साधन सञ्चालन गर्ने तयारी भइरहे पनि पुलमुनिबाट पानी बगाउन धार परिवर्तन गर्ने काममा थप समय लाग्ने भएकोले मङ्सिरको तेस्रो सत्ताबाट मात्रै पुल भएर यातायातको साधन सञ्चालनमा आउने हुलाकी राजमार्ग योजना कार्यालय जनकपुरले जनाएको छ । कमला नदीको पुलमा एक्सपान्सन, खोलाको प्यानालाइजेसन र रेलिङको काम पूरा भई पूर्व किनारा सिराहातर्फबाट बग्दै गरेको पानीलाई धार परिवर्तन गरी पुलमुनिबाट बगाउने कार्यमा एक सातादेखि निरन्तर काम भइरहेको जनाइएको छ । काम पूरा हुनेबित्तिकै पुल सञ्चालनको तयारी रहेको योजना कार्यालयका प्रमुख कृष्णकुमार महतोले जानकारी दिनुभयो ।

उहाँका अनुसार दीपावली र छठपर्वमा कामदार घर गएर काम सुस्त भएको र खोलामा पानीको बहाव बढेकोले धार परिवर्तन गरी पुलमुनि भएर पानी बगाउन केही बढी समय लागेको छ । पुल भएर यातायात सञ्चालनमा ल्याउने लक्ष्यका साथ कार्यलाई गति दिनुका साथै धार परिवर्तन गराउन बाँस र जस्तापाताको प्रयोगसमेत गरिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "पहिलो सत्तामा मान्छे र मोटरसाइकलले पुल प्रयोग गर्ने र तेस्रो सातादेखि सबै सवारीसाधन चलाउने गरी तयारी भइरहेकोले केही थप समय चाहिएको छ ।" मङ्सिर २ गते भौतिक पूर्वाधारमन्त्री सुनील लम्सालले उद्घाटन गर्ने कार्यक्रम तय थियो । धार परिवर्तन गराउन थप समय लागेकोले मङ्सिरको तेस्रो साताका लागि समय सारिएको छ ।"

कमला नदीको पुल निर्माण डेढ दशकदेखि रुग्ण अवस्थामा थियो । यस वर्ष पुल निर्माणका लागि भौतिक पूर्वाधार मन्त्रालयले २५ करोड विनियोजन गरेपछि निर्माण कार्यले गति लिएको हो । पुल निर्माणका लागि भौतिक पूर्वाधारमन्त्री सुनील लम्साल र प्रधानमन्त्री वालेन्द्र शाहले समेत चासो लिएको सांसद बब्लु गुप्ताले बताउनुभयो । पप्पु–लुम्बिनी बिल्डर्सले पुल तयार गरेर उद्घाटनका लागि गृहकार्य गरिरहँदा २०७८ असार १७ गते आएको बाढीले पुलको पूर्व र पश्चिमको पाया भासिएपछि पुल रुग्ण अवस्थामा पुगेको थियो ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष पदमा नियुक्तिका व्यावसायिक कार्य योजना प्रस्तुतीकरण तथा अन्तर्वार्ता कार्यक्रम सञ्चालन सम्बन्धी सूचना ।

(प्रकाशित मिति : २०८३।०८।०४)

राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष पदमा नियुक्तिका लागि मिति २०८३/०७/१९ गते प्रकाशित सूचना अनुसार तोकिएको अवधि मिति २०८३/०८/०३ गतेसम्म दर्ता हुन आएका दरखास्त उपर सहकारी ऐन, २०७४ को दफा १०३ङ को उपदफा (२) र मिति २०८३/०७/१९ मा प्रकाशित सूचनामा उल्लिखित मापदण्डहरू पूरा गरे/नगरेको विषयमा परीक्षण गर्दा सहकारी ऐन, २०७४ को दफा १०३ग. को उपदफा (१) को खण्ड (क) अनुसार स्वीकृत मापदण्ड बमोजिम योग्यता पुगेका देहायका उम्मेदवारहरूको दरखास्त स्वीकृत भएको हुँदा "राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस सम्बन्धी मापदण्ड, २०८३ को दफा १२ बमोजिम वर्णानुक्रमका आधारमा व्यावसायिक कार्य योजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ता कार्यक्रम सञ्चालन हुने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि मिति २०८३/०८/०३ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ । विस्तृत विवरण भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेबसाइट https://molcfaga.gov.np र राष्ट्रिय सहकारी नियमन प्राधिकरणको वेबसाइट https://ncra.gov.np/ मा हेर्न सकिनेछ ।

श्री डिभिजन वन कार्यालय उदयपुरको
काठ/दाउरा लिलाम बिक्री सम्बन्धी विस्तृत सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३।०८।०४

यस कार्यालय अन्तर्गतको वेलकातरी (रामपुर) राष्ट्रिय वनक्षेत्रमा आ.व. ०८२।०८३ मा ढलापडा रुखहरू कटान, मुछान गरी उत्पादन भई हाल रामपुर सब.डि.व.का. अन्तर्गत घुम्ने चौरीमा घाटगद्दीमा रहेका लट नं. १ देखि ८ सम्मका साल जातका गोलिया थान ६२८ को ४७३१.२९ क्यू.फि. काठ र लट न ९ को साल दाउरा ५ चटा जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्न सूचना प्रकाशित गर्ने भनी यस कार्यालयबाट मिति २०८३।०८।०३ मा निर्णय भएकोले प्रचलित कानून बमोजिम काठका दर्ता भएका इच्छुक उद्योगहरूले फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नं.- (PAN) वा मूल्य अभिबृद्धि कर (VAT) दर्ताको प्रमाणपत्र र कर चुक्ताको प्रमाणपत्र, सूचीदर्ता/सूची अद्यावधिकको प्रमाणपत्र सहित संलग्न राखी यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र वन निर्देशनालय धरान, सुनसरी र यस कार्यालयबाट प्रत्येक लटको अलग-अलग बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र बोलपत्र खरिद गरेको कार्यालयमा लट अनुसार अलग-अलग बोलपत्र तथा अन्य आवश्यक कागजातहरू शिलबन्दी गरी दाखिला गर्नहुन आह्वान गरिन्छ । विस्तृत जानकारीको लागि यस कार्यालयको सूचनापाटी तथा वेभसाइट www.dfoudayapur.gov.np प्रदेश वन निर्देशनालय धरानको वेभसाइट fd.koshi.gov.np मा गई हेर्न सकिनेछ र टे. फो.नं. ०३५-४२०१३४ मा समेत सम्पर्क राख्न सकिनेछ ।

नेपाल पुलिस स्कुल
सामाखुसी, काठमाडौं
प्रहरी कल्याणकारी कोषद्वारा सञ्चालित

चमेना गृह सञ्चालनसम्बन्धी प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०८/०४ गते

नेपाल पुलिस स्कुल, सामाखुसीको हाताभित्र रहेको चमेना गृह सञ्चालन गर्नको लागि योग्य फर्म/कम्पनीहरूले यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिनभित्र सिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । आवेदन फाराम तथा अन्य विस्तृत जानकारीका लागि विद्यालय प्रशासनमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

फोन नं. ०१-४३५६१६०, ९८५१२८४२४०, ९८५१२९४३९९

राष्ट्रिय वाणिज्य बैंक लि.
शाखा कार्यालय राजविराज (२१८)

निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३।०८।०४)

मधेश प्रदेश, सप्तरी जिल्ला, साविक गा.वि.स. कटैया ६ हाल रुपनी गा.पा. वडा नं. ३ बस्ने स्व. सोमनी देवी हजामनी (ना.प्र.नं. ८११६९२१४, जारी मिति २०३६/११/२१, सप्तरी) को मिति २०८३/०४/१५ मा मृत्यु भएकोले यस बैंकमा रहेको बचत हिसाब नम्बर २१८०१०००२७२५६०१० खाताको सम्पूर्ण रकम भुक्तानी पाऊँ भनी निज खातावालाकी छोरी शर्मिला कुमारी ठाकुर (ना.प्र.नं. १६-०१-७०-०३१९८, सप्तरी, जारी मिति २०७०-०४-३०) ले सम्पूर्ण रकम पाऊँ भनी यस बैंकमा मिति २०८३/०७/१० मा निवेदन दिएको हुनाले निज खातावालको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र आ–आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय राजविराजमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ ।

सुनिल स्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

आन्तरिक आय (कवाडी कर) संकलन ठेक्का लगाउने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः-२०८३/०८/०४

नेपालको संविधान अनुसूची-८, स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६१ द्वारा प्रदत्त अधिकारको प्रयोग गरी सुनिलस्मृति गाउँपालिका, रोल्पाभित्र संकलन भई निकासी गर्दा कवाडी मालवस्तुमा लाग्ने कवाडी कर संकलन गर्ने उद्देश्यले आ.व.२०८३/०८४ का लागि देहाय अनुसार ठेक्का वन्दोबस्त गर्नुपर्ने भएकोले गाउँपालिकाले तोकेको शर्तहरूको अधीनमा रही बोलपत्र पेश गर्न इच्छुक फर्म वा कम्पनीहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र रितपूर्वक सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । **देहाय:**

सि. न.	आय ठेक्का न	ठेक्काको नाम	ठेक्काको अवधि	न्यूनतम कवोल अंक (मू.अ.क. बाहेक)	धरौटी रकम	बोलपत्र फाराम दस्तुर
१.	SSRM-S-02-2083/084	कवाडी माल सामानमा लाग्ने कर	२०८४ असार मसान्तसम्म	रु.५,००,०००.००	कबोल अंकको ५%	रु.१०००/- फिर्ता नहुने गरी

नोट:- ठेक्का सम्बन्धी पालना गर्नुपर्ने शर्तहरू र बोलपत्र सम्बन्धी कागजात गाउँपालिकाको राजस्व शाखाबाट तोकिएको दस्तुर बुझाएपछि प्राप्त गर्न सकिनेछ । यस सम्बन्धी विस्तृत जानकारी गाउँपालिकाको वेबसाइट www.sunilsmritimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

- प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग
सानो गौचरण, काठमाडौं, नेपाल

जानकी सौर्य विद्युत आयोजना (५ मेगावाट) सम्बन्धी सार्वजनिक सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८३/०८/०४)

लुम्बिनी प्रदेश बाँके जिल्लाको कोहलपुर नगरपालिका वडा नं. १४ र जानकी गाउँपालिका वडा नं. ६ मा ५ मेगावाट क्षमताको जानकी सौर्य विद्युत आयोजना निर्माण गर्न प्रवर्द्धक श्री कालिका सन पावर प्रा.लि.ले विद्युत ऐन, २०४९ को दफा ४ र विद्युत नियमावली, २०५० को नियम १२ बमोजिम दरखास्त पेश गरेको हुनाले विद्युत नियमावली, २०५० को नियम १५ बमोजिम आवश्यक जाचँबुझ गरी नियम १६ को प्रयोजनको लागि नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट मिति २०८३/६/२८ मा स्वीकृत यस आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन (BES) प्रतिवेदन, आयोजनाको Detailed Feasibility Study Report, October २०२६ अनुसार आयोजना सम्बन्धी तपशिलका विवरणहरू खोली यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्तावित जानकी सौर्य विद्युत आयोजना निर्माण तथा सञ्चालन गर्दा आयोजना स्थलमा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र विद्युत विकास विभाग, सानो गौचरण, काठमाडौं वा उक्त कम्पनीको तल उल्लिखित कार्यालय समक्ष आफ्नो लिखित राय प्रतिक्रिया दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आयोजना सम्बन्धी विवरणहरू :

१. श्री कालिका सन पावर प्रा.लि. कम्पनी ऐन, २०६३ अनुसार वि.सं. २०८१ सालमा दर्ता भएको संस्था हो ।
२. यस कम्पनीले प्रस्ताव गरेको आयोजनाको क्षेत्र निम्नानुसार कायम गरिएको छ ।
   २८° ०८′ ४६″ उ. र ८१° ३९′ ४७″ पु. को साझा बिन्दु
   २८° ०८′ ४६″ उ. र ८१° ३९′ २७″ पु. को साझा बिन्दु
   २८° ०८′ ५५″ उ. र ८१° ३९′ ३६″ पु. को साझा बिन्दु
   २८° ०८′ ३९″ उ. र ८१° ३९′ ४९″ पु. को साझा बिन्दु
   उल्लिखित ४ कुनालाई सरल रेखाले जोड्दा प्राप्त हुने क्षेत्रभित्र आयोजनास्थल रहने गरी ।
३. जानकी सौर्य विद्युत आयोजनाको जडित क्षमता ५ मेगावाट हुनेछ र यस आयोजनाबाट वार्षिक सरदर १०.०५५ गिगावाट घण्टा विद्युत ऊर्जा उत्पादन हुनेछ ।
४. आयोजनाको मुख्य संरचनाहरू लुम्बिनी प्रदेश बाँके जिल्लाको कोहलपुर नगरपालिका वडा नं. १४ र जानकी गाउँपालिका वडा नं. ६ मा करिब ६.६४२२ हेक्टर (करिब ९.८०७५ बिगाहा) जग्गामा प्रस्ताव गरिएको छ ।
५. आयोजनामा जडान हुने ६५० Wp क्षमताका ९२३० वटा सोलार फोटोभोल्टाइक प्यानलहरूबाट ५९९९.५ kWP DC विद्युत निकाली सो विद्युतलाई २७५ कि.वा. क्षमताका १८ वटा र ५० कि.वा. क्षमताका १ वटा स्ट्रीङ्ग इन्भर्टर मार्फत ०.८/३३ kV ६ MVA क्षमताको स्टेप-अप ट्रान्सफर्मर हुँदै करिब ११.६ कि.मि. लामो ३३ के.भी. प्रसारण लाइन मार्फत नेपाल विद्युत प्राधिकरणको न्यु नेपालगंज सब-स्टेशनमा जोडिने छ ।
६. यस आयोजना २०८४ बैशाख भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ।
७. आयोजनाको निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू-क्षय, वायु प्रदुषण आदिद्वारा वातावरणमा उल्लेखित प्रतिकुल असर नपर्ने गरी आयोजना कार्यान्वयन उक्त आयोजनाको स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन (BES) प्रतिवेदन अनुसार गर्न लगाइने छ।

यस आयोजनाको सम्बन्धमा विस्तृत जानकारीको लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ ।

श्री कालिका सन पावर प्रा.लि.	**विद्युत विकास विभाग**
काठमाडौं -४, बालुवाटार, कालिका टावर, काठमाडौं	**सानो गौचरण, काठमाडौं, फोन नं. : ०१-४५१५५०१**
सम्पर्क नं. : ०१-४५३५१५४, ५८५१०३६८५१	**पो.ब.नं.: २५०७, फ्याक्स नं: ०१-५२४४२५७**
ईमेलः info@kalikagroup.com	**इमेल : info@doed.gov.np**

सरकारको प्रभावकारिता जाँच्ने केही आधार

- नीति-निर्माण गर्दा नागरिक समाजसँग परामर्श गर्ने गरिन्छ?
- निर्णय गर्दा कानूनअनुसार कारण दिने गरिन्छ?
- दैनिक प्रशासनमा राजनीतिक हस्तक्षेप नहुने स्पष्ट नियम छ?
- स्वार्थ बाझिने नियमहरूको पालना गर्ने गरिन्छ?
- सार्वजनिक खरिद गर्ने प्रक्रिया पारदर्शी र जवाफदेही छ?
- उपहार/आतिथ्य पाएको विवरण सार्वजनिक गर्ने गरिन्छ?
- सरकारी सम्पत्ति बेच्दा निकटलाई अनुचित ग्राहयता दिएजस्ती देखिन्छ?
- सम्पत्ति तथा जीवनशैलीको लेखाजोखा गर्ने गरिन्छ?

नेपालमा सुशासनको पहल

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचार विरुद्धको सहकार्य

ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल
पोष्ट बक्स नं.: ११४८६, छकुबकु मार्ग, नयाँबानेश्वर, काठमाडौं, नेपाल
फोन: ४५७५२६२, ४५७५०६२, फ्याक्स: ४५७५११२, टोल फ्रि: १६६०-०१-२२-२११
ई-मेल: info@tinepal.org, trans@tinepal.org, वेबसाइट: www.tinepal.org, /tinepal

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय

बागमती प्रदेश दोलखा जिल्लाको विगु गाउँपालिका वडा नम्बर १ मा श्री सानिमा जुम हाइड्रोपावर लिमिटेड, धुम्बाराही, काठमाडौंद्वारा निर्माणाधीन जुमखोला जलविद्युत आयोजना (७० मे.वा.) को मस्यौदा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रतिवेदनमा राय सुझावको लागि आह्वान गरिएको सम्बन्धमा ।

सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति वि.सं. २०८३/०८/०४
नेपाल सम्वत् ११४७

प्रस्तावक श्री सानिमा जुम हाइड्रोपावर लिमिटेड, धुम्बाराही, काठमाडौंद्वारा निर्माणाधीन जुम खोला जलविद्युत आयोजना (७० मे.वा.) को मस्यौदा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रतिवेदन प्राप्त भएको छ ।

प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन २०७७ सालमा स्वीकृत भएको र स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय (२०७९/१२/२८) बमोजिम १५.१७२ हेक्टर जग्गा भोगाधिकारको निर्णय भई प्राप्त गरिसकेकोमा आयोजनाको देउराली भन्ने स्थानमा ठूलो पहिरो गएको हुँदा आयोजनाका केही संरचनाहरू स्थानान्तरण गर्नुपर्ने र त्यसरी स्थानान्तरण गर्दा नेट हेड २४९.६२ मिटरबाट बढी २७९.८७ मिटर र क्षमता साविकको ५६ मे.वा.बाट ७० मे.वा.मा वृद्धि हुने तथा इन्टेक, हेडरेस टनेलको साइजमा केही परिवर्तन भएको छ ।

अतः वातावरण संरक्षण नियमावली, २०७७ को नियम ११ को उपनियम (३) बमोजिम यस मस्यौदा प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन पढ्न वा उतार गरी लैजान पाउने व्यवस्था रहेकोले श्री सानिमा जुम हाइड्रोपावर लिमिटेड, धुम्बाराही, काठमाडौंद्वारा निर्माणाधीन जुम खोला जलविद्युत आयोजना (७० मे.वा.) प्रस्तावको मस्यौदा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन देहाय बमोजिमका स्थानहरूमा सार्वजनिक गरिएको र कृषि, वन तथा पर्यावरण मन्त्रालयको Website: www.moafe.gov.np र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको Website: www.moewri.gov.np मा समेत सार्वजनिक गरिएको छ । प्रतिवेदनका सम्बन्धमा राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले मस्यौदा प्रतिवेदनमा समावेश गर्न लगाउनेछ । उक्त प्रतिवेदन सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिन भित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचनाद्वारा आह्वान गरिन्छ ।

प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरू:-

श्री ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाडौं ।
श्री गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालय, चरिकोट, दोलखा ।
श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, भिमसेनगोला ९, काठमाडौं ।
श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहर भवन, ललितपुर । मुकाम सानो ठिमी, भक्तपुर ।
श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाडौं ।
श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरबार, काठमाडौं ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, चरिकोट, दोलखा ।
श्री बिगु गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, लादुक, दोलखा ।

राय सुझाव पठाउने ठेगाना,

कृषि, वन तथा पर्यावरण मन्त्रालय, वातावरणीय मापदण्ड तथा प्रभाव अध्ययन केन्द्र,
सिंहदरबार, काठमाडौं । फोन नं. ०१-४२११५६७, ४२११६३८ फ्याक्स नं. ०१-४२११५६८
Email:- info@moafe.gov.np

जुम खोला जलविद्युत आयोजना (७० मे.वा.)

पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

विगु गाउँपालिका, दोलखा जिल्ला, बागमती प्रदेश

प्रतिवेदन पेश गरिएको निकाय

कृषि, वन तथा पर्यावरण मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

मार्फत्

ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

मार्फत्

विद्युत विकास विभाग

सानो गौचरण, काठमाण्डौ

प्रस्तावक

सानिमा जुम हाइड्रोपावर लिमिटेड

ठेगानाः धुम्बाराही, का.म.न.पा.-०४, काठमाण्डौ, नेपाल

फोन नं.:- (९७७-१) ४३७२८२८, ४३७३०३०

Email: sanimajum@sanimahydro.com

कार्तिक, २०८३

कार्यकारी सारांश

१. आयोजनाको पृष्ठभूमी

सानिमा जुम हाइड्रोपावर लिमिटेडद्वारा प्रवर्द्धित जुम खोला जलविद्युत आयोजनाले नेपाल सरकार, विद्युत विकास विभागबाट मिति २०७८/०३/२७ मा ३५ वर्ष (संवत् २११३ सम्म) बहाल रहने गरी विद्युत उत्पादन अनुमतिपत्र प्राप्त गरेको थियो। सुरुवाती अध्ययन अनुसार जुम खोलाको २५.४५ घ.मि./से. बहाव र २५४ मिटर हेड उपयोग गरेर ५६ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य राखिएको थियो। सोही अनुरुप तयार पारिएको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन र रुख संख्याको लगत परिमार्जनसहितको परिमार्जित वातावरणीय व्यवस्थापन योजना (Revised EMP) तत्कालीन वन तथा वातावरण मन्त्रालयबाट क्रमशः २०७७ र २०७९ सालमा स्वीकृत भई आयोजनाको निर्माण कार्य द्रुत गतिमा अगाडी बढिरहेको छ ।

आयोजना निर्माणको क्रममा टेलरेस आउटलेट पोर्टल रहने स्थान देखि केहि मिटर तल्लो तटीय क्षेत्रमा 'देउराली' भन्ने स्थानमा मिति २०८१/०२/१८ र मिति २०८२/०६/२१ मा ठूलो सुख्खा पहिरो गई तामाकोशी नदी थुनिएर काबु बाहिरको परिस्थिति सृजना भएको थियो । उक्त क्षेत्र अझै पनि भौगर्भिक रुपमा अस्थिर र जोखिमपूर्ण रहेकाले भविष्यमा पुनः नदी थुनिएर टेलरेस हुँदै विद्युतगृहमा पानी पस्ने दीर्घकालीन जोखिम देखिएको हुनाले सो जोखिम न्यूनिकरणका लागि आयोजनाको टेलरेस आउटलेट पोर्टल संरचनालाई तामाकोशी र च्यादु खोलाको संगमभन्दा तल्लो तटीय क्षेत्रमा स्थानान्तरण गर्नुपर्ने भएको छ । यसरी संरचना स्थानान्तरण गर्दा आयोजनाले प्रयोग गर्ने हेड ३३ मिटरले बढ्न गएको छ । साथै, जल तथा मौसम विज्ञान विभागको अद्यावधिक तथ्याङ्क अनुसार आयोजनाको डिजाइन डिस्चार्ज समेत परिमार्जन गरिएको छ । यसरी आयोजनाले प्रयोग गर्ने हेड र डिस्चार्ज दुवै बढेका कारण आयोजनाको जडित क्षमता ५६ मेगावाटबाट वृद्धि भई ७० मेगावाट पुगेको छ ।

यसै अनुरुप आयोजनाको दक्षिण सिमाना २७° ५६' २०" उत्तरी अक्षांश कायम हुने गरी भौगोलिक सिमाना संशोधन गर्न र ७० मेगावाट क्षमतामा थप अध्ययन अघि बढाउन विद्युत विकास विभागबाट मिति २०८२/११/१७ मा सैद्धान्तिक सहमति समेत प्राप्त भइसकेको छ।

२. पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने कानूनी औचित्य

वातावरण संरक्षण ऐन, २०७६ दफा ११ को उपदफा १ अनुसार र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ११ बमोजिम वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार डिजाइन वा स्वरुपमा केही परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वन क्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा त्यस्तो कार्य गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न प्रस्तावकले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने हुन्छ । यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन मिति २०७७/०६/२७ मा तत्कालीन वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भइसकेको छ । हाल निर्माणाधीन अवस्थामा रहेको यस जलविद्युत आयोजना क्षेत्रको 'देउराली' भन्ने स्थानमा मिति

२०८१/०२/१८ र मिति २०८२/०६/२१ मा ठूलो सुख्खा पहिरो गई तामाकोशी नदी थुनिएर काबु बाहिरको परिस्थिति सृजना भएको थियो । उक्त क्षेत्र अझै पनि भौगर्भिक रुपमा अस्थिर र जोखिमपूर्ण रहेकाले भविष्यमा पुनः नदी थुनिएर विद्युतगृहमा पानी पस्ने दीर्घकालीन जोखिम देखिएको हुनाले सो जोखिम न्यूनिकरणका लागि आयोजनाको टेलरेस आउटलेट पोर्टल संरचनालाई तामाकोशी र च्यादु खोलाको संगमभन्दा तल्लो तटीय क्षेत्रमा स्थानान्तरण गर्नुपर्ने भएको छ । यसरी संरचना स्थानान्तरण गर्दा Tail water level मा आउने भिन्नताका कारण विद्युतगृहको Machine floor level लाई पूर्व प्रस्तावित भन्दा ३३ मिटर तल स्थापना गर्न सकिने भएको छ, जसले गर्दा आयोजनाको हेड ३३ मिटरले बढेको छ । साथै, नेपाल-भारत बिच भएको दीर्घकालीन विद्युत खरिद-विक्री सम्झौता (PPA), देश भित्रका तथा ठूलो भोल्टेजको अन्तरदेशिय (Cross-border) प्रसारण लाइनको विकास आदि लाई मध्यनजर गर्दै अतिरिक्त ऊर्जा छिमेकी मुलुकमा समेत निर्यात गर्ने उद्देश्य पुर्ति गर्नका निम्ति आयोजनाको डिजाइन डिस्चार्ज समेत वृद्धि गरि $Q_{41.07\%}$ PoE मा २८.५७ घ.मि./से. हुने गरि आयोजनाको कुल क्षमता ७० मे.वा. पुऱ्याइएको छ । यसरी क्षमता वृद्धि र संरचना स्थानान्तरण गर्दा प्रचलित कानुन बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) अध्ययन गर्नुपरेको हो ।

३. आयोजना स्थल

प्रस्तावित जुम खोला जलविद्युत आयोजनास्थल बागमती प्रदेशको दोलखा जिल्लामा अवस्थित छ । यस आयोजना अन्तर्गतका संरचनाहरु विगु गाउँपालिकामा पर्दछन् । आयोजना ८६° १२' ४७" पूर्व देखि ८६° १५' ००" पूर्व देशान्तर र २७° ५६' २०" उत्तर देखि २७° ५८' २३" उत्तर आक्षांश बीचमा पर्दछ ।बाँध स्थल र विद्युतगृह दुवै विगु गाउँपालिका वडा नं. १ भित्र पर्दछ । आयोजनाको बाँध स्थल जुम खोलाको बाँया किनारमा अवस्थित छ । त्यसैगरि, विद्युतगृह भने तामाकोशी नदी (जुम खोला र लप्ची खोलाको संगम पछि तामाकोशी नदी बनेको) को बाँया किनारमा रहेको छ, जुन जुम र लप्ची खोलाको संगमस्थलबाट करिव २ कि.मि. तल्लो तटीय क्षेत्रमा पर्दछ ।

४. आयोजनाको विवरण

दोलखा जिल्लामा अवस्थित ७० मेगावाट क्षमताको जुम खोला जलविद्युत आयोजना एक नदी प्रवाहमा आधारित (Run-of-River) आयोजना हो। यस आयोजनाले जुम खोलामा ३६ मिटर लामो र १० मिटर अग्लो बाँध निर्माण गरी २८.५७ घ.मि./से. बहावलाई साइड इन्टेक र ९३ प्रतिशत कार्यक्षमता भएको भूमिगत बालुवा थिग्राउने पोखरीमा पठाइनेछ। त्यहाँबाट सफा पानीलाई करिब १४२० मिटर लामो मुख्य सुरुङ, ४५ मिटर अग्लो सर्ज साफ्ट र पेनस्टक पाइप हुँदै करिब २८७ मिटर हेडका साथ भूमिगत विद्युतगृहमा खसालिनेछ। विद्युतगृहमा जडित २३.३३ मेगावाटका ३ वटा टर्वाइनमार्फत विद्युत उत्पादन गरी Design flow लाई २०२५ मिटर लामो टेलरेस टनेलमार्फत पुनः तामाकोशी नदीमा मिसाइनेछ ।

तालिका १: आयोजनाको तुलनात्मक विशेषताहरु

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	टिप्पणी	वातावरणीय प्रभावहरु
१	**आयोजनाको नाम**	जुम खोला जलविद्युत आयोजना	जुम खोला जलविद्युत आयोजना	अपरिवर्तित	
२	**आयोजना स्थल**				
	प्रदेश	बागमती	बागमती	अपरिवर्तित	
	जिल्ला	दोलखा	दोलखा		
	इन्टेक संरचना रहने स्थान	विगु गाउँपालिका, वडा नं. १	विगु गाउँपालिका, वडा नं. १		
	विद्युतगृह संरचना रहने स्थान	विगु गाउँपालिका, वडा नं. १	विगु गाउँपालिका, वडा नं. १		
	भौगोलिक कोर्डिनेट्स (Geological Co-ordinates)				
	आक्षांश (Latitude)	२७°५६' ४०" उ देखि २७° ५८' २३" उ	२७°५६' २०" उ देखि २७° ५८' २३" उ	दक्षिणतर्फ २०" विस्तार गरिएको	थप वातावरणीय प्रभाव नपर्ने
	देशान्तर (Longitude)	८६° १२' ४७" पू देखि ८६° १५' ००" पू	८६° १२' ४७" पू देखि ८६° १५' ००" पू	अपरिवर्तित	
३	**सामान्य जानकारी (General Information)**				
	खोलाको नाम	जुम खोला	जुम खोला		
	नजिकको बस्ती	लामाबगर	लामाबगर		
	आयोजनाको किसिम	नदी प्रवाहमा आधारित	नदी प्रवाहमा आधारित		
	ग्रस हेड	२५४ मिटर	२८७ मिटर	३३ मिटर हेड बढेको	
	नेट हेड	२४९.६२ मिटर	२७९.८७ मिटर		
	जडित क्षमता	५६ मे.वा.	७० मे.वा.	१४ मे.वा. जडित क्षमता बढेको	क्षमता वृद्धिसँगै आयोजनाले तिर्ने रोयल्टीमा वृद्धि

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	टिप्पणी	वातावरणीय प्रभावहरु
	ग्रस वार्षिक ऊर्जा	३२४.७५ GWh	४०६.५४० GWh	८१.७९ GWh ऊर्जा वार्षिक रुपमा वृद्धि भएको	हरित ऊर्जामा वृद्धि
	सुख्खा यामको ऊर्जा	९७.४१ GWh (30% of total energy)	१२०.१७३ GWh	२२.७६३ GWh ले वृद्धि भएको	
	वर्षा यामको ऊर्जा	२२७.३४ GWh (70% of total energy)	२८६.३६६ GWh	५९.०२६ GWh ले वृद्धि भएको	
४	**जलविज्ञान (Hydrology)**				
	जलाधार क्षेत्र	९९२ वर्ग कि.मि.	९९२ वर्ग कि.मि.	अपरिवर्तित	
	वार्षिक औसत बहाव	५०.२५ घ.मि./से.	५०.२५ घ.मि./से.	अपरिवर्तित	
	डिजाइन बहाव	२५.४५ घ.मि./से. (Q४१.११% as per agreed energy table between NEA and SJHL)	२८.५७ घ.मि./से. (Q४१.०७% for 70 MW installed capacity)	३.१२ घ.मि./से. ले वृद्धि	डिजाइन डिस्चार्जमा वृद्धि भए तापनि बाँधको तल्लो तटमा स्वीकृत EIA मा उल्लेख गरिएको Downstream Release (१०%) भन्दा बढी मात्रामा पानी छाडिने व्यवस्था गरिएको छ।
	१०० वर्षे बाढी	८१४.९५ घ.मि./से. (बाँधस्थल क्षेत्र)	८१४.९५ घ.मि./से. (बाँधस्थल क्षेत्र)	अपरिवर्तित	
		१३६४ घ.मि./से. (विद्युतगृह क्षेत्र)	१३६४ घ.मि./से. (विद्युतगृह क्षेत्र)		
	औसत वार्षिक वर्षा	१८७० मि.मि.	१८७० मि.मि.	अपरिवर्तित	
५	**बाँध (Diversion Weir)**				
	प्रकार	कंक्रिट, free flow weir	कंक्रिट, free flow weir	अपरिवर्तित	
	लम्बाई	३६ मि.	३६ मि.		

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	टिप्पणी	वातावरणीय प्रभावहरु
	क्रेस्ट सतह	२३०० मि. औसत समुद्री सतह	२३०० मि. औसत समुद्री सतह		
	स्पील वे प्रकार (Spillway type)	Ogee shaped spillway	Ogee shaped spillway		
	उच्च बाढी सतह (High flood level)	२३०५.०६ मि. औसत समुद्री सतह	२३०५.०६ मि. औसत समुद्री सतह		
	उचाई	१० मि. (from river bed level)	१० मि. (from river bed level)		
६	**अण्डर स्लुइस (Under sluice)**				
	संख्या	२	२	अपरिवर्तित	
	Orifice size (चौडाइ x उचाई)	४.० x ३.०	४.० x ३.०		
	Invert Level	२२९०.५३ मि. औसत समुद्री सतह	२२९०.५३ मि. औसत समुद्री सतह		
	Steel Lining	१२ मि.मि. बाक्लो	१२ मि.मि. बाक्लो		
	Bed Slope	१:१३	१:१३		
७	**इन्टेक (Intake)**				
	प्रकार	साइड इन्टेक	साइड इन्टेक	अपरिवर्तित	
	Orifice को संख्या	४	४	अपरिवर्तित	
	Orifice size (चौडाइ x उचाई)	२.८ x ३.०	३.० x ३.०	चौडाईमा परिवर्तन भएको	थप वातावरणीय प्रभाव नपर्ने
	Invert level of orrifice	२२९६ मि. औसत समुद्री सतह	२२९६ मि. औसत समुद्री सतह	अपरिवर्तित	
८	**ग्राभल ट्राप (Gravel Trap)**				
	प्रकार	सतही	सतही	अपरिवर्तित	
	संख्या	२	२		

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	टिप्पणी	वातावरणीय प्रभावहरु
	लम्बाई	१०.०० मि. (including transition, average length)	१०.०० मि. (including transition, average length)		
	चौडाई	६.६० मि. (प्रत्येक च्याम्बर)	६.६० मि. (प्रत्येक च्याम्बर)		
	उचाई	६.८५ मि. (प्रत्येक च्याम्बर)	६.८५ मि. (प्रत्येक च्याम्बर)		
	Normal Water Level	२२९९.८५ मि. औसत समुद्री सतह	२२९९.८५ मि. औसत समुद्री सतह		
	Gravel flushing pipe	८४ मि. लामो, १ मि. ब्यास भएको स्टील पाइप (for both flushing units)	८४ मि. लामो, १ मि. ब्यास भएको स्टील पाइप (for both flushing units)		
९	**एप्रोच कल्भर्ट/ टनेल (Approach Culvert/ Tunnel)**				
	प्रकार	कल्भर्ट/ उल्टो D आकार टनेल	उल्टो D आकार टनेल	अपरिवर्तित	
	संख्या	३	२	संख्या घटेको	
	जम्मा लम्बाई	२३० मिटर	१७४ मिटर (प्रत्येकको लम्बाई ८७ मिटर)	लम्बाई घटेको	थप वातावरणीय प्रभाव नपर्ने
	नाप (चौडाई x उचाई)	३.० मि. x ३.० मि. (एप्रोच कल्भर्ट) ४.२ मि. x ४.२ मि. (एप्रोच टनेल)	४.० x ४.२	अपरिवर्तित	
	Bay 01	८६.६३ मि. एप्रोच टनेल	८७ मि एप्रोच टनेल		
	Bay 02	८१.०६ मि. एप्रोच टनेल	८७ मि एप्रोच टनेल		
	Bay 03	६२.३१ मि. एप्रोच टनेल + ३०.३ मि. एप्रोच कल्भर्ट	-		
१०	**बालुवा थिग्राउने संरचना (Settling Basin)**				
	प्रकार	भूमिगत	भूमिगत	अपरिवर्तित	

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	टिप्पणी	वातावरणीय प्रभावहरु
	नाप (लम्बाई x चौडाई x उचाई)	६८ मि. x १२ मि. x ७.५ मि.	६८ मि. x १२ मि. x ७.६२ मि.		लम्बाई बढेता पनि च्याम्बर संख्या घटेको हुँदा मकको मात्रा कम भई समग्रमा वातावरणीय प्रभाव कम हुने देखिन्छ ।
	च्याम्बर संख्या	३	२		
	Normal Water Level	२२९९.५५ मि. औसत समुद्री सतह	२२९९.५५ मि. औसत समुद्री सतह		
	Trap efficiency	९१% (for particle size larger than 0.15 mm)	९३% (for particle size larger than 0.2 mm)		
११	**हेडरेस टनेल (Headrace Tunnel)**				
	प्रकार	उल्टो D आकार, pressurized	उल्टो D आकार, pressurized	अपरिवर्तित	
	नाप (लम्बाई x चौडाई x उचाई)	१५१९ मि. x ४.४ मि. x ४.४ मि.	१४२० मि. x ४.४ मि. x ४.४ मि.	लम्बाई घटेको	मकको मात्रामा कम हुने
	स्टीलको मोटाई/ Type of lining	Shotcrete (92%) Concrete lining (8%)	Shotcrete (92%) Concrete lining (8%)	अपरिवर्तित	
१२	**अडिट टनेल (Adit Tunnel)**				
	प्रकार	उल्टो D आकार	उल्टो D आकार	अपरिवर्तित	
	लम्बाई	२५० मि, अडिट टनेल- १ ३८१ मि. अडिट टनेल- २ ४८ मि adit to top of penstock shaft	२५० मि, अडिट टनेल- १ ३८१ मि. अडिट टनेल- २ ४८ मि adit to top of penstock shaft		
	नाप (चौडाई x उचाई)	४.२ मि. x ४.३ मि.	४.२ मि. x ४.३ मि.		
१३	**सर्ज साफ्ट (Surge Shaft)**				

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	टिप्पणी	वातावरणीय प्रभावहरु
	प्रकार	गोलाकार, RCC	गोलाकार, RCC	अपरिवर्तित	
	ब्यास	१० मि.	१० मि.		
	उचाई	४५ मि.	४५ मि.		
	Up surge level	२३१०.०० मि. औसत समुद्री सतह	२३१०.०० मि. औसत समुद्री सतह		
	Down surge level	२२८९.०० मि. औसत समुद्री सतह	२२८९.०० मि. औसत समुद्री सतह		
१४	**भेन्टिलेसन टनेल (Ventilation Tunnel)**				
	प्रकार	उल्टो D आकार	उल्टो D आकार	अपरिवर्तित	
	लम्बाई	३२६ मि.	३२६ मि.		
	नाप (चौडाई X उचाई)	३ मि. X ३ मि.	३ मि. X ३ मि.		
१५	**पेनस्टक साफ्ट (Penstock Shaft)**				
	किसिम	Steel with concrete casing	Steel with concrete casing		
	लम्बाई	२२२ मि. (ठाडो) १६५ मि. (तेर्सो, Bifurcation सहित)	२५५ मि. (ठाडो) १५६ मि. (तेर्सो, Bifurcation सहित)	ठाडो पेनस्टक साफ्टको लम्बाई ३३ मि. ले बढेको र तर्सो साफ्ट ९ मिटरले घटेको	मकको मात्रामा वृद्धि
	संख्या	१	१	अपरिवर्तित	
	Excavation Diameter	४.२५ मि. भर्टिकल साफ्ट, ४.५ मि. देखि ५ मि. तेर्सो साफ्ट	४.२५ मि. भर्टिकल साफ्ट, ४.४ मि. तेर्सो साफ्ट		

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	टिप्पणी	वातावरणीय प्रभावहरु
	पेनस्टक पाइपको व्यास	१.५ मि. देखि ३.२५ मि.	१.५ मि. देखि ३.२५ मि.		
	मोटाइ	१४-५५ मि.मि.	१४-५५ मि.मि.		
१६	**विद्युतगृह (Powerhouse)**				
	प्रकार	भूमिगत	भूमिगत	अपरिवर्तित	
	लम्बाई	७५ मि.	७६.८५ मि.	लम्बाई बढेको	
	चौडाई	१५ मि.	१७.५ मि.	चौडाइ बढेको	
	उचाई	३५ मि.	३२.६५ मि.	उचाई घटेको	
	Powerhouse Machine Floor	२०५१.४० मि. औसत समुद्री सतह	२०१८.८० मि. औसत समुद्री सतह	Machine floor level ३२.६ मि. ले घटेको	मकको मात्रामा वृद्धि
	Transformer Cavern (लम्बाई x चौडाई x उचाई)	५२.२५ मि. x १२.२ मि. x २४.५० मि.	५०.५ मि. x १२ मि. x २७ मि.	लम्बाई १.७५ मि. ले घटेको र उचाइ २.५ मि. ले बढेको	थप वातावरणीय प्रभाव नपर्ने
	Transformer cavern floor level	२०५१.४० मि. औसत समुद्री सतह	२०१८.८० मि. औसत समुद्री सतह	Transformer cavern floor level ३२.६ मि. ले घटेको	थप वातावरणीय प्रभाव नपर्ने
१७	**टर्वाइन (Turbine)**				
	प्रकार	Vertical Axis Francis Turbine	Vertical Axis Francis Turbine	अपरिवर्तित	
	युनिट संख्या	४	३	युनिट संख्या घटेको	
	Rated Capacity per unit	१४.४३ मे.वा.	२४.०५ मे.वा.		

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	टिप्पणी	वातावरणीय प्रभावहरु
	प्रति युनिट डिस्चार्ज	६.३६ घ.मि./से.	९.४८ घ.मि./से.		
	टर्वाइन एक्सिज लेभल (Turbine Axis Level)	२०४४.०७ मि. औसत समुद्री सतह	२००९.९० मि. औसत समुद्री सतह	३४.१७ मि. लेभल घटेको	थप वातावरणीय प्रभाव नपर्ने
	Turbine efficiency	९२%	९२%	अपरिवर्तित	
१८	**टेलरेस टनेल (Tailrace Tunnel)**				
	प्रकार	उल्टो D आकार, free flow	उल्टो D आकार, free flow	अपरिवर्तित	
	लम्बाई	७०३.६४ मि.	२०२५ मि.	टनेलको लम्बाई १३२१.३६ मि. ले बढेको	मकको मात्रामा वृद्धि
	नाप (चौडाई x उचाई)	४.५ मि. x ५.० मि.	४.५ मि. x ५.० मि.	अपरिवर्तित	
	Tail water level	२०४६.०० मि. औसत समुद्री सतह (Outside draft tube) २०४४.५४ मि. औसत समुद्री सतह (at tailrace portal)	२०१३.०० मि. औसत समुद्री सतह (Outside draft tube) २०१०.५ मि. औसत समुद्री सतह (at tailrace portal)	Tail water level ३३ मि. ले घटेको	थप वातावरणीय प्रभाव नपर्ने
१९	**जेनेरेटर (Generator)**				
	जेनेरेटरको प्रकार	Three Phase, Synchronous	Three Phase, Synchronous	अपरिवर्तित	
	संख्या	४	३	संख्या घटेको	
	Rated Output	१६.४७ MVA	२७.४६ MVA	१०.९९ MVA ले वृद्धि भएको	थप वातावरणीय प्रभाव नपर्ने
	Generated Voltage	११ के.भी.	११ के.भी.	अपरिवर्तित	

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	टिप्पणी	वातावरणीय प्रभावहरु
	Frequency	५० हर्ज	५० हर्ज		
	Power Factor	०.८५	०.८५		
	Excitation System	Brushless	Brushless		
	Speed (rpm)	७५०	७५०		
	Generator Efficiency	९७%	९७%		
२०	**ट्रान्स्फर्मर (Transformer)**				
	प्रकार	Three phase, oil immersed	Three phase, oil immersed	अपरिवर्तित	
	Rated Output	१७.५ MVA	२२.६६ MVA	५.१६ MVA ले बढेको	थप वातावरणीय प्रभाव नपर्ने
	संख्या	४	३	संख्या घटेको	
	Frequency	५० हर्ज	५० हर्ज	अपरिवर्तित	
	Voltage Ratio	११ के.भी./१३२ के.भी.	११ के.भी./१३२ के.भी.	अपरिवर्तित	
	Transformer efficiency	९९%	९९%	अपरिवर्तित	
२१	**विद्युत प्रसारण लाइन (Transmission Line)**				
	लम्बाई	३७ कि.मि.	४६.५ कि.मि.		
	प्रकार	१३२ के.भी. डबल सर्किट	२२० के.भी. डबल सर्किट		
	कण्डक्टर	ACSR "Bear"	"Moose"		
	सबस्टेशन	गर्जाङ सबस्टेशन	बाहविसे सबस्टेशन		
२२	**वित्तिय विवरण (Financial Parameters)**				
	आयोजनाको लागत	10,533 MNPR (Without IDC)	11,421 MNPR (Without IDC)		
२३	**सामाजिक-आर्थिक तथा सांस्कृतिक**				
	जग्गा आवश्यकता	गौरीशंकर संरक्षण क्षेत्र १५.१७२ हे. (७.१३६ हे.	गौरीशंकर संरक्षण क्षेत्र १५.१७२ हे. (७.१३६ हे.	अपरिवर्तित	

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु		अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु		टिप्पणी	वातावरणीय प्रभावहरु
			अस्थायी, ८.०३६ हे. स्थायी)		अस्थायी, ८.०३६ हे. स्थायी)		
		व्यक्तिगत	०.८ हे. अस्थायी	व्यक्तिगत	०.८ हे. अस्थायी	अपरिवर्तित	
२४	**निर्माण अवधि**	४ वर्ष		४ वर्ष		अपरिवर्तित	

५. अध्ययन विधि

पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) को अध्ययन विधि र आवश्यक तथ्याङ्कहरु स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) सँग धेरै हदसम्म मिल्दोजुल्दो छन् । यस अध्ययनले विस्तृत अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदनद्वारा संशोधित वा परिवर्तन गरिएका अवयवहरु तथा सहायक सुविधाहरूको बारे अध्ययन तथा तथ्याङ्क संकलन गर्ने कार्यमा जोड दिइएको छ । प्रस्तुत पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्दा विभिन्न वातावरणीय पक्षहरुको वस्तुगत स्थितिको विवरण संकलन गर्न विज्ञको टोलीले मिति २०८३/०१/०५ देखि मिति २०८३/०१/११ सम्म स्थलगत अध्ययन भ्रमण गरेको थियो । स्थलगत अध्ययन पश्चात् आयोजनाको निर्माण तथा संचालन गातिविधीले आयोजना क्षेत्रको विद्यमान वातावरणीय अवस्थामा पर्न सक्ने वातावरणीय प्रभावहरुको मूल्याङ्कन National EIA Guideline, १९९३ को आधारमा गरिएको थियो। आयोजना क्षेत्रको स्थानीय समुदाय, सरोकारवालासँगको छलफल, वातावरणीय अवस्थाको जानकारीहरु, सकारात्मक तथा नकारात्मक वातावरणीय प्रभावको पहिचानका आधारमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको मस्यौदा प्रतिवेदन तयार गरिएको थियो ।

६. आयोजना क्षेत्रको विद्यमान् वातावरणीय अवस्था

६.१ भौतिक वातावरण

जुम खोला जलविद्युत आयोजना समुद्री सतहबाट २००७ मिटर देखि २३०० मिटरको उचाइमा, उच्च हिमाली श्रृंखलाको भिरालो "V" आकारको उपत्यकामा अवस्थित छ। हिउँ र हिमताल मुख्य मुहान रहेको यस खोलामा मनसुनमा उच्च र हिउँदमा न्यून बहाव हुने मौसमी विशेषता छ, जहाँ अधिकतम मासिक बहाव साउनमा १५५.१९ घ.मि./से. र न्यूनतम फागुनमा ९.३१ घ.मि./से. रहन्छ। आयोजनाले उपयोग गर्ने डिजाइन बहावलाई ४१.०७% exceedance को आधारमा २८.५७ घ.मि./से. कायम गरिएको छ। बाँधदेखि टेलरेससम्मको सुख्खा क्षेत्रमा हाल पानीको अन्य उपभोग नभए तापनि पारिस्थितिक प्रणाली जोगाउन नियमानुसार सुख्खा मौसमको न्यूनतम बहावको १५ प्रतिशत (१.४२ घ.मि./से.) पानी वर्षैभरी नदीमै छाडिनेछ।

भौगर्भिक दृष्टिकोणले आयोजना क्षेत्र उच्च हिमालय क्षेत्र (Higher Himalaya Zone) मा पर्दछ, जहाँ मुख्यतया नाइस (Gneiss), क्वाटजाइट (Quartzite), र सिस्ट (Schist) जस्ता उच्च श्रेणीका रूपान्तरित चट्टानहरू पाइन्छन्। साविकको प्रस्तावित टेलरेस आउटलेट क्षेत्र सक्रिय देउराली पहिरो, साँघुरो खोंच र भिरालो च्यादु खोलाको दोभान नजिक रहेकाले अत्यधिक जोखिमयुक्त पाइएको थियो। वर्षायाममा च्यादु खोलाको गेग्रान (Debris) ले तामाकोशी नदी थुनिएर टेलरेस हुँदै विद्युतगृहमा पानी पस्ने दीर्घकालीन जोखिम देखिएपछि उक्त संरचनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ। नयाँ टेलरेस आउटलेट माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको हेडवर्क्सभन्दा करिब १५०० मिटर माथिल्लो तटीय क्षेत्रमा, माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको क्रेस्ट एलिभेसन (Crest Elevation) बाट करिब करिब २१ मिटर माथिको सुरक्षित चट्टानी भागमा निर्माण गरिनेछ।

आयोजनाको विभिन्न भौतिक संरचनाहरू निर्माण तथा संचालन गर्नका लागि कुल १५.९७२ हेक्टर जग्गा आवश्यक पर्ने देखिएको छ। यसमध्ये ८.०३६ हेक्टर जग्गा स्थायी रूपमा र ७.९३६ हेक्टर जग्गा अस्थायी

प्रयोजनका लागि उपयोग गरिनेछ। आयोजनाको कुल आवश्यक जग्गामध्ये १५.१७२ हेक्टर जग्गा गौरीशंकर संरक्षण क्षेत्र अन्तर्गत पर्दछ। नयाँ प्रस्तावित टेलरेस आउटलेट संरचना निर्माण हुने तामाकोशी नदी किनारको भाग समेत सोही संरक्षण क्षेत्रभित्रको बाँझो र चट्टानी जमिनमा अवस्थित छ।

६.२ जैविक वातावरण

जुम खोला जलविद्युत आयोजनाको प्राविधिक डिजाइन, हेड र टेलरेस संरचनामा संशोधन गरिएको भए तापनि आयोजनास्थल वरपरको पारिस्थितिक अवस्था र जैविक संरचनामा कुनै गुणात्मक परिवर्तन आएको छैन। प्रस्तावित आयोजनाका सम्पूर्ण संरचनाहरू गौरीशंकर संरक्षण क्षेत्र भित्र पर्दछ । नयाँ प्रस्तावित टेलरेस आउटलेट संरचना निर्माण हुने तामाकोशी नदी किनारको भाग समेत सोही संरक्षण क्षेत्रभित्रको बाँझो र चट्टानी जमिनमा अवस्थित छ। टेलरेस आउटलेट पोर्टलको स्थान परिवर्तन भए तापनि उक्त संरचनाले ओगट्ने क्षेत्रफलमा कुनै फेरबदल नभएकाले आयोजनाले उपयोग गर्ने कुल जग्गाको क्षेत्रफल पूर्व स्वीकृत वातावरणीय प्रभाव प्रतिवेदन अनुसार नै यथावत रहनेछ, जस अन्तर्गत आयोजनाले कुल १५.१७२ हेक्टर वन क्षेत्र प्रयोग गर्नेछ ।

आयोजनाको टेलरेस आउटलेट पोर्टल संरचना रहने प्रस्तावित क्षेत्रमा कुनै पनि रुख तथा पोलजन्य प्रजातीहरु रहेको पाइएन । तसर्थ, आयोजनाको पुर्व स्वीकृत परिमार्जित वातावरणीय व्यवस्थापन योजनामा उल्लेख गरिएका रुख संख्या भन्दा थप घट नरहेको हुँदा वन तथा वन स्रोतमा थप हानि नोक्सानी नहुने देखिन्छ ।

आयोजना निर्माणको लागि आवश्यक पर्ने वन क्षेत्रको १५.१७२ हे. जग्गा (स्थायी- ८.०३६ हे. र अस्थायी- ७.१३६ हे.) को भोगाधिकार र ८५१ गोटा रुखहरु हटाउने सम्बन्धी नेपाल सरकार, तत्कालीन वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र सानिमा जुम हाइड्रोपावर लिमिटेड बिच मिति २०८०/०७/२४ मा द्विपक्षीय सम्झौता भएको थियो । सोही बमोजिम, श्री गौरीशंकर संरक्षण क्षेत्र आयोजना, प्रधान कार्यालय, सिंगटीबाट कटान आदेश प्राप्त भएपश्चात् आवश्यक रुख तथा पोलहरू कटान गरि बजार माग बमोजिमका गोलिया काठहरु उत्पादन गरि सुरक्षित तवरले घाटगद्दी गरि हस्तान्तरण गर्ने प्रकृया अगाडि बढाइएको छ । साथै, आयोजनाले भोगाधिकार गरेको वन क्षेत्रको जग्गा बापत सट्टाभर्ना स्वरुप निजी जग्गा खरिद गरि नेपाल सरकार, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागको नाममा रजिष्ट्रेसन पास गरि उक्त जग्गाहरुमा आयोजनाले क्षतिपूरक वृक्षारोपण गर्दै आइरहेको छ ।

६.३ सामाजिक- आर्थिक तथा सांस्कृतिक वातावरण

आयोजना निर्माणस्थलबाट निकटता र आयोजना कार्यान्वयनले गर्दा पर्ने प्रभावहरूको गहनताका आधारमा आयोजना प्रभावित क्षेत्रलाई प्रत्यक्ष प्रभावित क्षेत्र, अप्रत्यक्ष प्रभावित क्षेत्र र वरपरको क्षेत्र गरि छुट्याइएको छ । यस आयोजनाको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावित क्षेत्रमा कुनै पनि मानव वस्ति रहेको छैन भने वरपरको क्षेत्रमा बिगु गाउँपालिका वडा नं. १ को लामाबगर, छेतछेत, गंगोर, पचते, स्यालु, ठाडी गाउँहरू रहेका छन् । वि. सं. २०६८ सालको जनगणना अनुसार बिगु गा. पा. को वडा नं. १ मा जम्मा ५३६ घरधुरी रहेका छन् । जसको कूल जनसंख्या २,०९८ छ जस्मा पुरुष १,०४० र महिला १,०५८ रहेका छन्। परिणामतः प्रत्येक घरधुरीमा औसत परिवार संख्या ४ जना रहेको देखिन्छ ।

यस क्षेत्रमा मूख्यतया कृषि बालीनालीमा मकै, कोदो, र आलु लगाइन्छ । यस क्षेत्रमा करिब ४ प्रतिशत घरधुरीलाई मात्र उत्पादन गरिएको खाद्यान्न वर्षभरि पर्याप्त रहेको पाइयो । त्यसैगरी ९६ प्रतिशत घरधुरीलाई उत्पादित खाद्यान्न वर्षभरि अपुग रहेको पाइयो ।

सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण सम्बन्धी विस्तृत जानकारीहरू स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ५.३ तथा उपखण्डहरू अनुरूप नै रहेको छ ।

७. वातावरणीय प्रभावहरु

प्रस्तावित जुम खोला जलविद्युत आयोजनाको निर्माण तथा संचालनका क्रममा पर्ने वातावरणीय प्रभावहरूलाई स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा भौतिक, जैविक र सामाजिक-आर्थिक पक्षमा वर्गीकरण गरी सुरुमा ७३ वटा र अध्ययनका क्रममा थप ५ वटा सवालहरूको व्यवस्थापनका उपायहरु प्रस्ताव गरिएको थियो। हालको अध्ययनका क्रममा थप दुईवटा नयाँ मुख्य सवालहरू पहिचान गरिएका छन् । यसबाहेक, संरचना स्थानान्तरण र क्षमता वृद्धिका कारण सुख्खा क्षेत्रमा भएको वृद्धि, सुरुङको लम्बाई बढ्दा निस्कने गेग्रान/माटो (Muck) व्यवस्थापनको चुनौती, डिजाइन डिस्चार्ज वृद्धिले पर्ने वातावरणीय प्रभाव, तथा पहिरो र भिरालो जमिनको स्थायित्व सम्बन्धी सवालहरूलाई अद्यावधिक गरिएको छ। आयोजनाको क्षमता वृद्धि भएसँगै प्रवर्द्धक कम्पनीले सरकारलाई तिर्ने राजस्वमा समेत वृद्धि हुने सकारात्मक प्रभाव थपिएको छ।

७.१ सकारात्मक प्रभावहरु

- राष्ट्रिय प्रसारण प्रणालीमा ८१.७९ गिगावाट घण्टा प्रति वर्ष थप विद्युत आपूर्ति हुने ।
- आयोजना सञ्चालनमा आएपश्चात् वार्षिक रुपमा नेपाल सरकारलाई तिर्ने राजस्वमा वृद्धि हुने ।

७.२ नकारात्मक प्रभावहरु

- आयोजना निर्माणका क्रममा उत्सर्जन हुने मकको मात्रा वृद्धि भई मक व्यवस्थापनमा चुनौती ।
- सुरुङ निर्माणले जमिनमुनिको पानीको गतिशीलता (groundwater dynamics) मा ल्याउने परिवर्तनका कारण मुहानहरूको क्षयीकरणको सम्भावना ।
- आयोजनाबाट उत्पादन हुने मकका कारण माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको जलाशयको भण्डारण क्षमता घट्न सक्ने सम्भावना ।
- विद्युत उत्पादनको लागि जुम खोलाको पानी प्रयोग हुने हुँदा तल्लो तटीय क्षेत्रमा सुख्खायाममा पानीको बहाव कम हुने ।
- पानीको बहावमा कमी र पानी न्यून भएको क्षेत्र (dewatered stretch) मा सूक्ष्म जलवायु (microclimate) सम्बन्धी सवाल ।
- हिमताल फुटेर आउन सक्ने बाढीका जोखिमहरु ।

८. वातावरणीय प्रभाव अभिवृद्धि एवं न्यूनिकरणका उपायहरु

८.१ वातावरणीय प्रभाव अभिवृद्धिका उपायहरु

- जलविद्युत रोयल्टीको तर्कसंगत र प्रभावकारी प्रयोगका लागि गाउँपालिकाहरूसँगको समन्वयमा व्यावहारिक मार्गदर्शनहरू तयार गरिनेछन् । साथै, प्रभावित क्षेत्रका स्थानियहरुको क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८.२ वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरु

- स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा निर्धारण गरिएको मक डिस्पोजल क्षेत्रहरुमा अतिरिक्त मक व्यवस्थापनका लागि सिभिल संरचना (Gabion wall) को उचाई थप २ देखि २.५ मि. बढाएर व्यवस्थापन गरिनेछ । आयोजनाबाट उत्पादन हुने करिब ३३१,३१७ घन मिटर मकको व्यवस्थापनका लागि पूर्व स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा तोकिएका स्थानहरूमा ग्याबियन पर्खाल (Gabion wall) तथा रिटेनिङ संरचना (Retaining wall) जस्ता सिभिल संरचनाहरू निर्माण गरिनेछ । यसबाट मक नदीमार्फत बगेर तामाकोशी जलविद्युत आयोजनाको जलाशयमा थुप्रिने छैन ।
- टनेल निर्माण गर्ने क्रममा सटक्रिट (shotcrete) मार्फत shield गरिनेछ ताकि टनेल भित्र पानीको चुहावट कम से कम होस् । यसले गर्दा पानीको मुहानहरूको क्षयीकरण हुन बाट जोगाउने छ ।
- टेलरेस आउटलेट पोर्टल नदी नजिक पर्ने भएकाले त्यस क्षेत्रमा उत्खनन गर्दा मक (muck) सिधै नदीमा पस्ने वा बाढीको समयमा बगेर तलतर्फ जाने जोखिम उच्च हुन्छ। तसर्थ, नयाँ प्रस्तावित टेलरेस टनेल निर्माण गर्दा टेलरेस आउटलेट पोर्टलबाट उत्खनन् नगरी विद्युतगृहतर्फबाट गरिनेछ ।
- उच्च सुख्खा मौसम अवधि (ड्राइ पिक पिरियड) भर आयोजनाको बाँधस्थल देखि न्यूनतम जल प्रवाहको कम्तिमा १५ प्रतिशत पानी खोलामा छोड्ने व्यवस्था मिलाइनेछ ।
- बाढीको बारे पूर्वसूचना गरी विद्युतगृह संचालन गर्ने कर्मचारीहरुलाई संचालकहरुलाई सचेत गर्न siren को व्यवस्था गरिनेछ ।

८.३ वातावरणीय व्यवस्थापनको लागत

यस आयोजनाको भौतिक संरचना स्थानान्तरण तथा डिजाइनमा गरिएका परिवर्तनका कारण समग्र आयोजना लागतमा वृद्धि भएको छ। तर, वातावरणीय प्रभाव न्यूनीकरण तथा अभिवृद्धि सम्बन्धी कार्यहरूको लागतमा भने कुनै वृद्धि गरिएको छैन। मक व्यवस्थापनका लागि आवश्यक अतिरिक्त खर्च सिभिल निर्माण लागतमा समावेश गरिएको छ । आयोजना निर्माण लागत वृद्धि भएसँगै सामुदायिक सहयोग कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेटमा समेत आवश्यक समायोजन गरिएको छ। यसरी अद्यावधिक गरिएको वातावरणीय व्यवस्थापन लागतको विवरण तालिका २ मा प्रस्तुत गरिएको छ।

तालिका २: वातावरणीय लागत

क्र.सं.	गतिविधिहरू	लागत (ने.रू.)	कैफियत
१	**वातावरणीय संरक्षण**		
१.१	वातावरणीय नकारात्मक प्रभावको क्षतिपूर्ति	८९,५९९,९७४	
१.२	सामाजिक सहयोग कार्यक्रम	८५,६५९,४३८	

क्र.सं.	गतिविधिहरू	लागत (ने.रू.)	कैफियत
१.३	सकारात्मक प्रभावलाई अभिवृद्धि गर्न	२,५००,०००	
कूलः १७७,७५९,४१२			
२	**वातावरणीय अनुगमन**		
२.१	नियमपालन अनुगमन	४,२००,०००	
२.२	प्रभाव अनुगमन	९,८००,०००	
कूलः १४,०००,०००			
३	**वातावरणीय परीक्षण**	५,०००,०००	
कूलः ५,०००,०००			
जम्माः १९२,२५९,४१२			
आयोजनाको लागतमा वातावरणीय लागतको प्रतिशतः १.६८			

९. निष्कर्ष तथा प्रतिबद्धता

प्रस्तावित आयोजनाको कार्यान्वयनले गर्दा समुदाय र राष्ट्रिय स्तरमा पुग्ने फाइदालाई मध्यनजर गर्दै वातावरणीय प्रभावहरुको लागि न्यूनीकरणका उपायहरु अवलम्बन गरी आयोजनालाई संचालन गर्न उपयुक्त देखिन्छ। जलविद्युत तथा वातावरण सम्बन्धित विद्यमान कानुन तथा नीतिहरुलाई ध्यानमा राख्दै यस प्रतिवेदनमा उल्लेखित सामुदायिक सहयोग कार्यक्रम सहित वातावरण व्यवस्थापन योजना कार्यान्वयन गर्न प्रस्तावक प्रतिबद्ध रहेको छ।

संक्षिप्त शब्दावली

उ	: उत्तर
कि.मि.	: किलो मिटर
के.भी.	: किलो भोल्ट
घ.मि./से.	: घन मिटर प्रति सेकेण्ड
ने.रु.	: नेपाली रुपैंया
पू	: पूर्व
म.ट.	: मेट्रिक टन
मि.	: मिटर
मि.मि.	: मिलि मिटर
मे.वा.	: मेगा वाट
वा.प्र.मू.	: वातावरणीय प्रभाव मूल्याङ्कन
वि.वि.वि.	: विद्युत विकास विभाग
वि.सं.	: विक्रम संवत
हे.	: हेक्टर
Amsl	: Above mean sea level
EIA	: Environmental Impact Assessment
EMP	: Environmental Management Plan
FDC	: Flow Duration Curve
GLOF	: Glacier Lake Outburst Flood
HFL	: High Flood Level
PAF	: Project Affected Families
PoE	: Probability of Exceedance
RoR	: Run of River
SEIA	: Supplementary Environmental Impact Assessment
SPAF	: Severely Project Affected Families

विषय सूची

अध्याय १: प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना १

१.१ प्रतिवेदन तयार गर्ने प्रस्तावकको नाम र ठेगाना..... १
१.२ परामर्शदाताको पुरा नाम र ठेगाना..... १
१.३ पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नुको कानुनी औचित्य..... २
१.४ अध्ययनको सान्दर्भिकता २
१.५ पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य ३
१.६ अध्ययनको सिमा..... ४
१.७ प्रस्तावको सन्दर्भिकता..... ४
१.८ आयोजनाको हालको स्थिति ४

अध्याय २: प्रस्तावको परिचय ५

२.१ आयोजनाको पृष्ठभूमि ५
२.२ आयोजना क्षेत्र वरपर रहेका अन्य जलविद्युत आयोजनाहरु..... ६
२.३ आयोजनाको विवरण..... ७
२.४ आयोजनाको मूलभूत विशेषताहरू..... १०
२.५ आयोजनाको लागि आवश्यक जग्गाको विवरण..... २०
२.६ आयोजना निर्माणका क्रममा गौरीशंकर संरक्षण क्षेत्रबाट हटाउनु पर्ने रुख तथा पोलहरूको विवरण २१
२.७ आयोजना निर्माणका लागि आवश्यक निर्माण सामग्रीहरुको विवरण..... २१
२.८ उत्सर्जित मक तथा मक व्यवस्थापन क्षेत्रको विवरण..... २२
२.९ विस्फोटक पदार्थको विवरण २४
२.१० जल उपयोग २४

अध्याय ३: अध्ययन विधि..... २५

३.१ प्रतिवेदन तयार गर्दा अपनाइएको विधि..... २५
३.२ भौतिक वातावरण २५
३.२.१ जलविज्ञान..... २५
३.२.२ भू-आकृति तथा भू-उपयोग..... २५
३.२.३ भौगर्भिक विशेषता..... २५
३.३ जैविक वातावरण..... २६
३.४ सामाजिक- आर्थिक तथा सांस्कृतिक वातावरण..... २६
३.४.१ सार्वजनिक परामर्श, छलफल र अन्तरक्रिया..... २६
३.४.२ आयोजना प्रभाव क्षेत्रको चित्रण २९

३.४.३ आयोजनाबाट प्रभावित परिवारहरू..... २९
३.५ सार्वजनिक सुनुवाई आव्हान गरी प्रकाशित गरिएको सार्वजनिक सूचना..... ३१
३.६ सार्वजनिक सुनुवाई..... ३१
३.७ सार्वजनिक सूचना..... ३४
३.८ राय सुझाव तथा सिफारिस पत्रहरु संकलन..... ३४
३.९ अन्तिम प्रतिवेदनको तयारी..... ३७

अध्याय ४: प्रस्तावसँग सम्बन्धित नीति, कानून तथा मापदण्ड..... ३८
४.१ सम्बन्धित नीति, कानून तथा मापदण्डहरुको पुनरावलोकन..... ३८

अध्याय ५: विद्यमान् वातावरणीय अवस्था..... ५७
५.१ भौतिक वातावरण..... ५७
५.२ जलविज्ञान..... ५७
५.३ विद्युत उत्पादनका लागि उपलब्ध प्रवाह (Available flow for power generation)..... ६०
५.४ भूगर्भ विज्ञान..... ६१
५.४.१ क्षेत्रीय भूविज्ञान (Regional Geology)..... ६१
५.४.२ आयोजना क्षेत्रको भूगर्भ (Geology of the Project Area)..... ६१
५.४.३ देउराली स्थित पहिरो र पहिरोले नदी थुनिन सक्ने सम्भावित जोखिम..... ६१
५.४.४ च्यादु खोलाबाट उत्पन्न हुन सक्ने जोखिम..... ६२
५.४.५ टेलरेस आउटलेट पोर्टलको स्थानान्तरण (Relocation of the Tailrace Outlet Portal)... ६३
५.४.६ स्थानान्तरण गरिएको टेलरेस आउटलेट पोर्टल क्षेत्रको भू-प्राविधिक अवस्था..... ६४
५.४.७ भू-उपयोग..... ६४
५.४.८ हिमताल फुटेर आउने बाढी (Glacial Lake Outburst Flood - GLOF)..... ६६
५.५ जैविक वातावरण..... ६६
५.६ सामाजिक- आर्थिक तथा सांस्कृतिक वातावरण..... ६७

अध्याय ६: वैकल्पिक विश्लेषण..... ६८
६.१ आयोजना कार्यान्वयन गर्दाको विकल्पहरुको विश्लेषण..... ६८
६.१.१ वैकल्पिक आयोजना स्थल..... ६८
६.१.२ डिजाइनको विकल्प..... ६८
६.१.३ वैकल्पिक प्रविधिहरु, कार्यान्वयनका प्रकृयाहरु, समय तालिका र प्रयोग हुने कच्चा पदार्थहरु ६८
६.२ वन क्षेत्र प्रयोग नहुने गरी आयोजना कार्यान्वयन गर्ने विकल्पको विश्लेषण..... ६९

अध्याय ७: वातावरणीय प्रभावहरु..... ७०
७.१ सकारात्मक प्रभावको विश्लेषण..... ७०
७.२ नकारात्मक प्रभावको विश्लेषण..... ७१

अध्याय ८: अनुकूल प्रभाव अभिवृद्धि गर्ने तथा प्रतिकूल प्रभाव न्यून गर्ने उपाय ७६

८.१ वातावरणीय व्यवस्थापनको लागत ८०

अध्याय ९: वातावरणीय अनुगमन ८१

अध्याय १०: वातावरणीय परीक्षण ८२

अध्याय ११: निष्कर्ष ८३

चित्र सूची

चित्र २-१: जुम खोला जलविद्युत आयोजनाको ५६ मे.वा. र ७० मे.वा. को तुलनात्मक लेआउट (Comparative Layout) सहितको नक्सा ९
चित्र ३-१: आयोजनाले प्रभाव पार्न सक्ने क्षेत्र निर्धारण गरिएको नक्शा ३०
चित्र ५-१: अद्यावधिक तथ्याङ्क प्रयोग गरि तयार पारिएको बहाव अवधि वक्र (Updated FDC) ६०
चित्र ५-२: आयोजनाको टेलरेस आउटलेट भन्दा तल्लो तटीय क्षेत्र देउराली भन्ने स्थानमा गएको सुख्खा पहिरोको दृष्य । ६२
चित्र ५-३: आयोजना क्षेत्रको भू-उपयोग सम्बन्धी नक्शा ६५

तालिका सूची

तालिका १-१: पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनमा संलग्न विज्ञ टोली १
तालिका २-१: प्रस्तावित आयोजनाको Project Progress Report अनुसार सम्पन्न भएका कार्यहरुको विवरण ६
तालिका २-२: आयोजनाको तुलनात्मक विशेषताहरु १०
तालिका २-३: आयोजनाको लागि आवश्यक जग्गाको विवरण २०
तालिका २-४: आयोजना निर्माणको लागि आवश्यक नदीजन्य निर्माण सामाग्रीहरुको विवरण २२
तालिका २-५: स्वीकृत EIA र पूरक EIA अनुसार मकको तुलनात्मक विवरण २२
तालिका २-६: मक व्यवस्थापन गर्न पहिचान गरिएको क्षेत्रको विवरण २३
तालिका २-७: विस्फोटक पदार्थहरुको विवरण २४
तालिका ३-१: सार्वजनिक सुनुवाईमा उठेका सवालहरुको विवरण ३२
तालिका ४-१: सम्बन्धित नीति, कानुन तथा मापदण्डहरुको पुनरावलोकन ३८
तालिका ५-१: जुम खोलाको मासिक बहाव सम्बन्धि विवरण ५७
तालिका ५-२: Probability of Exceedance को तालिका ५८
तालिका ५-३: डिजाइन डिस्चार्ज सम्बन्धि विवरण ५९
तालिका ५-४: विद्युत उत्पादनका लागि उपलब्ध बहाव ६०
तालिका ७-१: अनुकूल प्रभावको विश्लेषण ७०
तालिका ७-२: नकारात्मक प्रभावहरुको विश्लेषण ७२
तालिका ८-१: वातावरणीय प्रभाव न्यूनिकरण तथा अभिवृद्धिका उपायहरुको तुलनात्मक तालिका ७७
तालिका ८-२: वातावरणीय लागत ८०

अध्याय १: प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना

१.१ प्रतिवेदन तयार गर्ने प्रस्तावकको नाम र ठेगाना

प्रस्तावित जुम खोला जलविद्युत आयोजनाको प्रस्तावक सानिमा जुम हाइड्रोपावर लिमिटेड रहेको छ । प्रस्तावकको ठेगाना तपशिल बमोजिम रहेको छः

सम्पर्क ठेगाना

सानिमा जुम हाइड्रोपावर लि.
धुम्बाराही, काठमाण्डौ- ०४, जी. पी. ओ. वक्सः १९७३७, नेपाल
फोन नं. : (९७७-१) ४३७२८२८, ४३७३०३०
फ्याक्स नं. : (९७७-१) ४०१५७९९
इमेल : sanimajum@sanimahydro.com
वेबसाइट : www.sanimajum.com

१.२ परामर्शदाताको पुरा नाम र ठेगाना

यस आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नका लागि सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि. लाई नियुक्त गरिएको छ । उक्त कम्पनी वैशाख, २०६२ सालमा वातावरण तथा इन्जिनियरिङ्ग क्षेत्रमा गुणस्तरिय परामर्श सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएको हो । परामर्शदाता कम्पनीको ठेगाना तपशिल बमोजिम रहेको छः

सम्पर्क ठेगाना

धुम्बाराही, काठमाण्डौ- ०४, जी. पी. ओ. वक्सः १९७३७, नेपाल
फोन नं. : (९७७-१) ४३७२८२८, ४३७३०३०
फ्याक्स नं. : (९७७-१) ४०१५७९९
इमेल : engineering@sanimahydro.com
वेबसाइट : www.sanimaengineering.com

परामर्शदाताको तर्फबाट पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नका लागि अध्ययन टोली तालिका १-१ मा दिइएको छ । वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम ६ बमोजिम अनुसूची १३ मा उल्लेखित विज्ञहरुको संलग्नतामा यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ ।

तालिका १-१: पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनमा संलग्न विज्ञ टोली

क्र.सं.	नाम र पद	शैक्षिक योग्यता	अध्ययन क्षेत्र	IEE/ EIA मा संलग्नता
१	सुमन प्रजापति (टोली प्रमुख)	वातावरण विज्ञान, स्नातकोत्तर	सम्पूर्ण वातावरण क्षेत्र	३ भन्दा धेरै
२	अभिनव पौडेल (सिभिल इन्जिनियर)	M.Sc. in Hydropower Development	भौतिक वातावरण तथा इन्जिनियरिङ्ग क्षेत्र	३ भन्दा धेरै

क्र.सं.	नाम र पद	शैक्षिक योग्यता	अध्ययन क्षेत्र	IEE/ EIA मा संलग्नता
३	विमा शाही (इन्जिनियरिङ्ग जियोलोजिस्ट)	M.Sc. in Engineering Geology	भौतिक वातावरण तथा भौगर्भिक अवस्था	३ भन्दा धेरै
४	रिजुना खड्का (वातावरणविद)	वातावरण विज्ञान, स्नातकोत्तर	जैविक वातावरण	३ भन्दा धेरै

* वन तथा वनस्पति सम्बन्धि अध्ययनका लागि गौरीशंकर संरक्षण क्षेत्र संम्पर्क कार्यालयका प्राविधिकहरुको संलग्नतामा फिल्ड सर्वेक्षण गरिएको (अनुसूची- ३) ।

१.३ पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नुको कानुनी औचित्य

वातावरण संरक्षण ऐन, २०७६ दफा ११ को उपदफा १ अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार डिजाइन वा स्वरुपमा केही परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वन क्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा त्यस्तो कार्य गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न प्रस्तावकले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने व्यवस्था रहेको छ।

यस आयोजनाको प्रस्तावित टेलरेस आउटलेट पोर्टल संरचना स्थानान्तरण गरि क्षमता ५६ मे.वा. बाट वृद्धि भई ७० मे.वा. रहने हुँदा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नु परेको छ ।

१.४ अध्ययनको सान्दर्भिकता

जुम खोला जलविद्युत आयोजनाको मिति २०७८/०३/२७ मा विद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०७७/०७८, वि.उ. ३४२) प्राप्त भएपश्चात् मिति २०८०/०३/०६ मा नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद-विक्री सम्झौता सम्पन्न गरि मिति २०८१/०२/३० मा वित्तिय व्यवस्थापन र मिति २०८१/०२/२३ मा आयोजनाको मूख्य सिभिल संरचना निर्माणको लागि निर्माण व्यवसायी कम्पनीसँग सम्झौता सम्पन्न गरि आयोजनाको निर्माण कार्यहरु अगाडि बढाइएको थियो ।

आयोजना निर्माणका क्रममा मिति २०८१/०२/१८ र मिति २०८२/०६/२१ मा देउराली भन्ने स्थानमा ठूलो सुख्खा पहिरो गई उक्त पहिरोको debris ले पूर्व स्वीकृत टेलरेस आउटलेट पोर्टल संरचना रहने स्थान भन्दा तल्लो तटीय क्षेत्रमा तामाकोशी नदी करिब ३ घण्टा थुनिएर काबु बाहिरको परिस्थिति सृजना भएको थियो । उक्त पहिरो गएको स्थान देउराली क्षेत्र अहिले पनि भौगर्भिक रुपमा अस्थिर र भविष्यमा पनि यस्तै किसिमको पहिरो जान सक्ने उच्च जोखिम रहेको र तामाकोशी नदीमा तलाउ बन्न सक्ने संभावना रहेको छ । जसकारण, आयोजनाको टेलरेसमार्फत नदीको पानी प्रवेश भई विद्युतगृहको प्लान्ट सञ्चालनमा दीर्घकालीन असर पर्न सक्ने सम्भावना देखिएकाले, हाल प्रस्तावित टेलरेस आउटलेट पोर्टल संरचनाको स्थानलाई तामाकोशी र च्यादु खोलाको संगमभन्दा तल्लो तटीय क्षेत्रमा स्थानान्तरण आवश्यक देखिएको छ।

टेलरेस आउटलेट पोर्टल संरचना स्थानान्तरण गर्दा आयोजनाको License Boundary समेत २७° ५६' २०" उत्तर तर्फ विस्तार गरिएको छ । साथै, संरचनाको स्थानान्तरणबाट आयोजनाले प्रयोग गर्ने हेड ३३ मिटरले वृद्धि भएको छ ।यसैबीच, स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा जुम खोलाको बहाव अनुमान गर्न सन् १९७१ देखि २००६ सम्मको औसत मासिक बहाव प्रयोग गरिएको थियो । हाल जल तथा मौसम विज्ञान विभागबाट सन् २००७ देखि २०१९ सम्मको थप तथा अद्यावधिक जलविज्ञान सम्बन्धी तथ्याङ्क उपलब्ध भएकोले सन् १९७१-२०१९ सम्मको समग्र तथ्याङ्कका आधारमा आयोजनाको डिजाइन डिस्चार्ज समेत पुनरावलोकन तथा परिमार्जन गरिएको छ । यसरी आयोजनाले उपयोग गर्ने हेड तथा डिस्चार्ज दुवैमा वृद्धि भएकाले आयोजनाको जडित क्षमता ५६ मेगावाटबाट वृद्धि भई ७० मेगावाट कायम भएको छ ।

यसरी आयोजनाको भौतिक संरचना (टेलरेस आउटलेट संरचना) स्थानान्तरण, आयोजनाको जडित क्षमता वृद्धि तथा License Boundary विस्तारजस्ता परिवर्तनहरु भएको हुँदा प्रचलित वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७ बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन आवश्यक भएको छ । सोही अनुसार, पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन अघि बढाउन मिति २०८२/१२/२४ मा तत्कालीन वन तथा वातावरण मन्त्रालयबाट अध्ययन सहमति प्राप्त भएको हो (अनुसूची १) ।

आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमति मार्फत स्वीकृति पाएको License Boundary तथा हालको स्वीकृति अनुसार विस्तार गरिएको License Boundary को विवरणहरु निम्न अनुसार रहेको छ ।

विद्युत उत्पादनको सर्वेक्षण अनुमति अनुसार	हालको स्वीकृति अनुसार विस्तार गरिएको अनुसार
२७°५६'४०" उ देखि २७°५८'२३" उ ८६°१२'४७" पू देखि ८६°१५'००" पू	२७°५६'२०" उ देखि २७°५८'२३" उ ८६°१२'४७" पू देखि ८६°१५'००" पू

१.५ पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य

यस अध्ययनको उद्देश्य भनेको आयोजनाको भौतिक संरचना स्थानान्तरण, License Boundary विस्तार लगायत आयोजनाको क्षमतामा भएको परिवर्तनका कारण उत्पन्न हुन सक्ने थप वातावरणीय प्रभावहरु (यदि कुनै छन् भने) को मूल्याङ्कन गर्नु रहेको छ । यस बाहेक पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका अन्य उद्देश्यहरु निम्न प्रकारका छन्:

- आयोजनाको क्षमतामा वृद्धि, डिजाइन डिस्चार्जमा भएको परिवर्तन तथा संरचना स्थानान्तरण भएको लगायतका कारण आयोजना क्षेत्रको भौतिक, जैविक र सामाजिक-आर्थिक तथा सांस्कृतिक पक्षमा पर्ने सकारात्मक र नकारात्मक प्रभावहरु पहिचान, अनुमान तथा मूल्याङ्कन गर्नु ।
- सकारात्मक वातावरणीय प्रभावहरूको अभिवृद्धि गर्न र नकारात्मक वातावरणीय प्रभावहरूलाई न्यूनिकरण गर्न आवश्यक उपायहरुको सिफारिस गर्नु ।
- आयोजना निर्माण र संचालन चरणका लागि परिमार्जित वातावरणीय व्यवस्थापन योजना तथा अनुगमन योजना तयार पार्नु ।

१.६ अध्ययनको सिमा

पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको सिमा प्रस्तावित जुम खोला जलविद्युत आयोजना (७० मे.वा.) को स्थायी संरचनाहरु र आयोजनाले निर्माण गर्ने अस्थायी संरचनाहरु जस्तै मक डिस्पोजल क्षेत्र, उत्खनन् क्षेत्र, निर्माण सामाग्री भण्डारण क्षेत्रमा सिमित रहेको छ । यस अध्ययनको सिमा भित्र प्रस्तावित आयोजनाबाट उत्पादित ऊर्जालाई राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गर्ने विद्युत प्रसारण लाइन आयोजनाको अध्ययनलाई समेटिएको छैन । आयोजनाको विद्युत प्रसारण लाइनको लागि भने छुट्टै वातावरणीय अध्ययन गरिनेछ ।

१.७ प्रस्तावको सन्दर्भिकता

प्रस्तावित जुम खोला जलविद्युत आयोजना दोलखा जिल्लाको विगु गाउँपालिका वडा नं. १ मा अवस्थित छ। नेपालको पन्ध्रौं योजनाले जलविद्युत आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रूपमा समेटेको छ। यस आयोजनाबाट वार्षिक ४०६.५४० गिगावाट-आवर ऊर्जा उत्पादन हुने अपेक्षा गरिएको छ, जसले देशको ऊर्जा क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ। साथै, उत्पादित विद्युतले स्थानीय क्षेत्रको समग्र विकासमा सहयोग गर्नुका साथै योग्यता र सीप अनुसार स्थानीय बासिन्दाहरूलाई रोजगारीको अवसरहरू पनि प्रदान गर्नेछ।

१.८ आयोजनाको हालको स्थिति

हाल निर्माणको चरणमा रहेको ७० मेगावाट क्षमताको जुम खोला जलविद्युत आयोजनाको भौतिक पूर्वाधार निर्माण कार्य तीव्र गतिमा अघि बढिरहेको छ। आयोजनाको मुख्य संरचनाहरू रहने स्थानहरू जस्तै- हेडवर्क्स, अडिट टनेल र विद्युतगृहसम्म पहुँच मार्ग विस्तार गरिसकिएको छ। हाल हेडवर्क्स क्षेत्रमा खोला डाइभर्जन (River Diversion), इन्स्पेक्सन टनेल (Inspection Tunnel), हेडरेस सुरुङ्ग (Headrace Tunnel), मुख्य पहुँच टनेल (Main Access Tunnel), अडिट टनेल (Adit Tunnel) लगायतका भूमिगत कार्यहरू अघि बढिरहेको छ। आयोजनास्थलमा भइरहेका मुख्य क्रियाकलापहरु अनुसूची ९ मा संलग्न फोटोहरुमा स्पष्ट रूपमा प्रस्तुत गरिएको छ । जुम खोला जलविद्युत आयोजनाको प्रगति प्रतिवेदन अनुसार, यी विभिन्न चरणका कामहरूसँगै हालसम्म आयोजनाको करिब २५ प्रतिशत भौतिक कार्य सम्पन्न भइसकेको छ (भौतिक प्रगतिको विस्तृत विवरण अनुसूची ९ समावेश गरिएको छ)।

अध्याय २: प्रस्तावको परिचय

२.१ आयोजनाको पृष्ठभूमि

सानिमा जुम हाइड्रोपावर लिमिटेडद्वारा ५६ मेगावाट क्षमताको जुम खोला जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र (वि.वि.वि. ०७७/०७८, वि.उ. ३४२) नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गत विद्युत विकास विभागको मिति २०७८/०३/२७ को निर्णयानुसार मिति २०७८/०३/२७ देखि मिति २११३/०३/२६ (३५ वर्ष) सम्म बहाल अवधि रहने गरी जारी भएको थियो (अनुसूची १) ।

यस आयोजनाको सुरुवाती अध्ययनमा जुम खोलाको २५.४५ घ.मि./से. बहाव उपयोग गर्ने गरी करिब २५४ मि. हेड मार्फत ५६ मे.वा. विद्युतिय ऊर्जा उत्पादन गर्ने लक्ष्य रहेको थियो । यसै अनुरुप आयोजनाको संभाव्यता एवं वातावरणीय अध्ययन समेत तयार गरिएको थियो । यसरी तयार पारिएको वातावरणीय अध्ययन प्रतिवेदन मिति २०७७/०६/२७ मा तत्कालीन वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको थियो । त्यसैगरि, स्विकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित रुख संख्या र स्थलगत रुपमा हटाउनु पर्ने रुख संख्यामा फरक परेको हुँदा आयोजनाको स्वीकृत वातावरणीय प्रतिवेदनको वातावरणीय व्यवस्थापन योजनालाई परिमार्जन गरि परिमार्जित वातावरणीय व्यवस्थापन योजना (Revised EMP) तयार गरी मिति २०७९/०५/०२ मा तत्कालीन वन तथा वातावरण मन्त्रालयबाट स्वीकृती प्राप्त भएको थियो ।

आयोजना निर्माणको क्रममा उत्पन्न भएको काबु बाहिरको परिस्थितिका कारण आयोजनाको टेलरेस आउटलेट पोर्टल तल्लो तटीय क्षेत्रमा स्थानान्तरण गर्नुपर्ने भएको छ ।यस स्थानान्तरणसँगै आयोजनाले उपयोग गर्ने कुल हेड ३३ मिटरले वृद्धि भएको छ। साथै, अद्यावधिक जलविज्ञान सम्बन्धी तथ्याङ्कका आधारमा Probability of Exceedance (PoE) ४१.०७% मा जुम खोलाको डिजाइन डिस्चार्ज २८.५७ घ.मि./से निर्धारण भई आयोजनाको जडित क्षमता ७० मेगावाट पुगेको छ।

आयोजनास्थलबाट नजिकको जल तथा मौसम विज्ञान विभागको स्टेशन नं. ६४७ (तामाकोशी नदी, बुष्टि) को सन् १९७१ देखि २००६ सम्मको तथ्याङ्कका आधारमा यस आयोजनाको लागि डिजाइन डिस्चार्ज ($Q_{41.11\%}$) २५.४५ घ.मि./से. तय गरी अध्ययन गरिएकोमा हाल उक्त स्टेशनको अद्यावधिक (सन् २०१९ सम्मको तथ्याङ्क उपलब्ध भएको) तथ्याङ्कको प्रयोग गरेर जल विज्ञान सम्बन्धी तथ्याङ्कको पुनरावलोकन गरिएको छ, जसअनुसार डिजाइन डिस्चार्ज ($Q_{41.07\%}$) २८.५७ घ.मि./से. तय गरिएको छ । साथै, आयोजनाको पूर्व स्वीकृत टेलरेस आउटलेट पोर्टल संरचना रहने स्थान नजिकै सुख्खा पहिरो गई तामाकोशी नदी थुनिएको लगायत उक्त क्षेत्र नजिकै च्यादु खोलाले बगाएर ल्याएको ढुंगा माटो (Debris) ले समेत नदीको सतह बढाएको अवस्थाहरुलाई दृष्टिगत गर्दा भविष्यमा समेत सो क्षेत्रमा पुनः तामाकोशी नदी थुनिने उच्च सम्भावना रहेको हुँदा जुम खोला जलविद्युत आयोजनाको टेलरेस हुँदै नदीको पानी पसेर विद्युतगृहको प्लान्ट संचालनमा दीर्घकालीन समस्या उत्पन्न हुन सक्ने कारणले गर्दा आयोजनाको प्रस्तावित टेलरेस आउटलेट पोर्टल संरचनाको स्थानलाई तामाकोशी नदी र च्यादु खोलाको दोभानभन्दा तल्लो तटीय क्षेत्रमा स्थानान्तरण गरिएको छ । यसरी टेलरेस आउटलेट पोर्टल संरचना स्थानान्तरण गर्दा Tail water level मा आएको भिन्नताका कारण विद्युतगृहको Machine floor level ३३ मि. (पूर्व प्रस्तावित भन्दा तल) तल स्थापना गर्न सकिने भएको हुँदा आयोजनाले प्रयोग गर्ने हेड ३३ मिटरले बढ्न गएको छ ।

आयोजनाको टेलरेस आउटलेट पोर्टल संरचना स्थानान्तरण गर्दा यस आयोजना क्षेत्रको दक्षिण सिमाना पूर्व निर्धारित २७° ५६' ४०" उत्तरी आक्षांशबाट संशोधन गरी २७° ५६' २०" उत्तरी आक्षांश हुने गरी, जडित क्षमता ७० मे.वा. हुने गरी थप अध्ययन कार्यको लागि मिति २०८२/११/१७ मा विद्युत विकास विभागबाट सैद्धान्तिक सहमति प्राप्त गरेको थियो (अनुसूची १)।

प्रस्तावित आयोजनाको Project Progress Report अनुसार यस आयोजनाको हाल सम्म सम्पन्न भएका कार्यहरु बुंदागत रुपमा तालिका २-१ मा दिइएको छ ।

तालिका २-१: प्रस्तावित आयोजनाको Project Progress Report अनुसार सम्पन्न भएका कार्यहरुको विवरण

क्र.सं.	मिति	विवरण
१	२०७७/०६/२७	जुम खोला जलविद्युत आयोजनाको (५६ मे.वा) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयबाट स्विकृत भएको ।
२	२०७८/०३/२७	नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभागबाट जुम खोला जलविद्युत आयोजना (५६ मे.वा.) क्षमताको विद्युत उत्पादन अनुमति पत्र जारी भएको ।
३	२०७९/०५/०२	जुम खोला जलविद्युत आयोजनाको (५६ मे.वा.) को परिमार्जित वातावरण व्यवस्थापन योजना स्विकृत भएको ।
४	२०८०/०३/०६	नेपाल विद्युत प्राधिकरण र सानिमा जुम हाइड्रोपावर लि. बीच जुम खोला जलविद्युत आयोजनाबाट उत्पादन हुने ५६ मे.वा. क्षमताको विद्युतीय ऊर्जा खरिद बिक्री सम्झौता (PPA) भएको ।
५	२०८०/०७/२४	वन क्षेत्रको जग्गा भोगाधिकार तथा रुखहरु हटाउने सम्बन्धी नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाण्डौ र सानिमा जुम हाइड्रोपावर लिमिटेड, धुम्बाराही, काठमाण्डौ बिच द्विपक्षीय सम्झौता भएको ।
६	२०८१/०२/३०	जुम खोला जलविद्युत आयोजनाको वित्तीय व्यवस्थापन (Financial Closure) सम्झौता संपन्न भएको ।
७	२०८१/०२/२३	जुम खोला जलविद्युत आयोजनाको मुख्य सिभिल संरचना निर्माणका लागि निर्माण व्यवसायी कम्पनीसँग ठेक्का सम्झौता संपन्न भएको ।

[नोटः आयोजनाले स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अनुरुप गरेको कार्यहरुको प्रगती विवरणहरु अनुसूची-२ मा समावेश गरिएको छ ।]

२.२ आयोजना क्षेत्र वरपर रहेका अन्य जलविद्युत आयोजनाहरु

प्रस्तावित आयोजना दोलखा जिल्लाको सदरमुकाम चरिकोटबाट करिब ८५ कि.मि. उत्तरतर्फ अवस्थित छ। आयोजनास्थलको तल्लो तटीय क्षेत्रमा, प्रस्तावित बाँधस्थलबाट करिब १,५०० मिटर तल लप्ची खोलामा ४२ मेगावाट क्षमताको लाप्चे तामाकोशी जलविद्युत आयोजना प्रस्तावित रहेको छ, जसको प्रस्तावक डायनामिक हाइड्रो इनर्जी प्रा. लि. रहेको छ। त्यसैगरी, प्रस्तावित आयोजनाको टेलरेस आउटलेटबाट करिब १,५०० मिटर तल ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजना सञ्चालनमा रहेको छ।

प्रस्तावित आयोजनाको पूर्वस्वीकृत टेलरेस संरचनाको स्थानलाई तामाकोशी नदी र च्यादु खोलाको दोभानभन्दा तल्लो तटीय क्षेत्रमा स्थानान्तरण गरिएसँगै आयोजनाको License Boundary समेत २७° ५६' २०" उत्तरतर्फ विस्तार गरिएको छ। यसरी License Boundary विस्तार गर्दा उक्त सीमा माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको License Boundary सँग केही हदसम्म overlap भएको देखिन्छ। तथापि, माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको जलसतह (High Flood Level) समुद्री सतहबाट १,९८८.७ मि. माथि रहेको र जुम खोला जलविद्युत आयोजनाको प्रस्तावित टेलरेस आउटलेट पोर्टलको उचाइबीच करिब २१ मिटरको उचाइ अन्तर रहने भएकाले दुवै आयोजनाको संरचना तथा सञ्चालनमा उल्लेखनीय जोखिम वा प्रतिकूल असर पर्ने अवस्था नरहेको देखिन्छ।

२.३ आयोजनाको विवरण

प्रस्तावित जुम खोला जलविद्युत आयोजनास्थल बागमती प्रदेशको दोलखा जिल्लामा अवस्थित छ । यस आयोजना अन्तर्गतका संरचनाहरु विगु गाउँपालिकामा पर्दछन् । आयोजना ८६° १२' ४७" पूर्व देखि ८६° १५' ००" पूर्व देशान्तर र २७° ५६' २०" उत्तर देखि २७° ५८' २३" उत्तर आक्षांश बीचमा पर्दछ (चित्र २-१) । बाँध स्थल र विद्युतगृह दुवै विगु गाउँपालिका वडा नं. १ भित्र पर्दछ । आयोजनाको बाँध स्थल जुम खोलाको बाँया किनारमा अवस्थित छ । त्यसैगरि, विद्युतगृह भने तामाकोशी नदी (जुम खोला र लप्ची खोलाको संगम पछि तामाकोशी नदी बनेको) को बाँया किनारमा रहेको छ, जुन जुम र लप्ची खोलाको संगमस्थलबाट करिब २ कि.मि. तल्लो तटीय क्षेत्रमा पर्दछ ।

जुम खोला जलविद्युत आयोजना दोलखा जिल्लाको उच्च हिमाली श्रृंखलामा अवस्थित एक नदी प्रवाहमा आधारित आयोजना हो । विद्युत उत्पादनका लागि जुम खोलाको पानीलाई जुम र लप्ची खोलाको संगम देखि करिब १.५ कि.मि. माथिल्लो तटीय क्षेत्रमा ३६ मि. लम्बाई र १० मि. उचाईको बाँध बनाई साइड इन्टेक मार्फत २८.५७ घ.मि./से. बहावलाई डाइभर्ट गरिनेछ । यसरी डाइभर्ट गरिएको पानीलाई ६८ मि. लम्बाई १२ मि. चौडाई र ७.६२ मि. उचाईको २ वटा च्याम्बर भएको भूमिगत बालुवा थिग्राउने पोखरीमा (Settling basin) पुऱ्याइनेछ जसको Trapping capacity ९३ प्रतिशत रहेको छ । बालुवा थिग्राउने पोखरीमा जम्मा भएको बालुवा तथा लेदोलाई बालुवा तथा लेदो फाल्ने कल्भर्ट (Sediment flushing culvert) बाट खोलामै फालिनेछ भने सफा पानीलाई करिब १४२० मि. लामो सुरुङ्गमार्ग तर्फ पठाइनेछ । तत्पश्चात्, करिब ४५ मि. उचाई र १० मि. व्यासको सर्ज साफ्ट (Surge shaft) हुँदै २५२ मि. ठाडो पेनस्टक साफ्ट र १५६ मि. लामो तेर्सो पेनस्टक साफ्ट मार्फत भूमिगत विद्युतगृहमा जडित २३.३३ मे.वा. क्षमताका ३ वटा टर्वाइनमा खसाली ३ वटा जेनेरेटिङ्ग युनिट मार्फत ७० मे.वा. विद्युतीय उर्जा उत्पादन गरिनेछ । आयोजनाको हेड करिब २८७ मि. हुनेछ । तत्पश्चात् निस्किएको पानीलाई करिब २०२५ मि. लामो टेलरेस टनेल (Tailrace tunnel) मार्फत तामाकोशी नदीमा पुनः मिसाइने छ।

प्रस्तावित आयोजनास्थल काठमाडौंबाट अरनिको राजमार्ग हुँदै खाडीचौर (७९ कि.मी., कालोपत्रे सडक) सम्म, त्यसपछि लामोसाङ्घु/खाडीचौर-मन्थली सडक हुँदै चारिकोट (५४ कि.मी., कालोपत्रे सडक) सम्म, र चारिकोट-सिङ्गटी-लामाबगर सडक हुँदै लामाबगर (८५ कि.मी., ग्राभेल सडक) सम्म पुग्न सकिन्छ । आयोजनाको विद्युतगृह

रहने स्थान लामाबगर देखि करिब ६ कि.मि. कच्ची सडक मार्फत् पहुँच पुगेको छ भने सो स्थान देखि करिब ३ कि.मि. कच्ची सडक मार्फत आयोजनाको बाँध स्थल सम्म पहुँच पुगेको छ। साथै, आयोजनाको अन्य संरचना रहने स्थानहरु जस्तै अडिट पोर्टल, इन्स्पेक्सन पोर्टल (Inspection Portal) लगायत क्याम्प संरचनाहरू सबै स्थानमा पहुँच पुगेको अवस्था छ ।



चित्र २-१: जुम खोला जलविद्युत आयोजनाको ५६ मे.वा. र ७० मे.वा. को तुलनात्मक लेआउट (Comparative Layout) सहितको नक्सा

२.४ आयोजनाको मूलभूत विशेषताहरू

यस आयोजनाको तुलनात्मक विशेषताहरु तालिका २-२ मा प्रस्तुत गरिएको छ ।

तालिका २-२: आयोजनाको तुलनात्मक विशेषताहरु

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	टिप्पणी	वातावरणीय प्रभावहरु
१	**आयोजनाको नाम**	जुम खोला जलविद्युत आयोजना	जुम खोला जलविद्युत आयोजना	अपरिवर्तित	
२	**आयोजना स्थल**				
	प्रदेश	बागमती	बागमती	अपरिवर्तित	
	जिल्ला	दोलखा	दोलखा		
	इन्टेक संरचना रहने स्थान	विगु गाउँपालिका, वडा नं. १	विगु गाउँपालिका, वडा नं. १		
	विद्युतगृह संरचना रहने स्थान	विगु गाउँपालिका, वडा नं. १	विगु गाउँपालिका, वडा नं. १		
	भौगोलिक कोर्डिनेट्स (Geological Co-ordinates)				
	आक्षांश (Latitude)	२७°५६' ४०" उ देखि २७° ५८' २३" उ	२७°५६' २०" उ देखि २७° ५८' २३" उ	दक्षिणतर्फ २०" विस्तार गरिएको	थप वातावरणीय प्रभाव नपर्ने
	देशान्तर (Longitude)	८६° १२' ४७" पू देखि ८६° १५' ००" पू	८६° १२' ४७" पू देखि ८६° १५' ००" पू	अपरिवर्तित	
३	**सामान्य जानकारी (General Information)**				
	खोलाको नाम	जुम खोला	जुम खोला		
	नजिकको बस्ती	लामाबगर	लामाबगर		
	आयोजनाको किसिम	नदी प्रवाहमा आधारित	नदी प्रवाहमा आधारित		
	ग्रस हेड	२५४ मिटर	२८७ मिटर	३३ मिटर हेड बढेको	
	नेट हेड	२४९.६२ मिटर	२७९.८७ मिटर		

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	टिप्पणी	वातावरणीय प्रभावहरु
	जडित क्षमता	५६ मे.वा.	७० मे.वा.	१४ मे.वा. जडित क्षमता बढेको	क्षमता वृद्धिसँगै आयोजनाले तिर्ने रोयल्टीमा वृद्धि
	ग्रस वार्षिक ऊर्जा	३२४.७५ GWh	४०६.५४० GWh	८१.७९ GWh ऊर्जा वार्षिक रुपमा वृद्धि भएको	हरित ऊर्जामा वृद्धि
	सुख्खा यामको ऊर्जा	९७.४१ GWh (30% of total energy)	१२०.१७३ GWh	२२.७६३ GWh ले वृद्धि भएको	
	वर्षा यामको ऊर्जा	२२७.३४ GWh (70% of total energy)	२८६.३६६ GWh	५९.०२६ GWh ले वृद्धि भएको	
४	**जलविज्ञान (Hydrology)**				
	जलाधार क्षेत्र	९९२ वर्ग कि.मि.	९९२ वर्ग कि.मि.	अपरिवर्तित	
	वार्षिक औसत बहाव	५०.२५ घ.मि./से.	५०.२५ घ.मि./से.	अपरिवर्तित	
	डिजाइन बहाव	२५.४५ घ.मि./से. (Q४१.११% as per agreed energy table between NEA and SJHL)	२८.५७ घ.मि./से. (Q४१.०७% for 70 MW installed capacity)	३.१२ घ.मि./से. ले वृद्धि	डिजाइन डिस्चार्जमा वृद्धि भए तापनि बाँधको तल्लो तटमा स्वीकृत EIA मा उल्लेख गरिएको Downstream Release (१०%) भन्दा बढी मात्रामा पानी छाडिने व्यवस्था गरिएको छ।
	१०० वर्षे बाढी	८१४.९५ घ.मि./से. (बाँधस्थल क्षेत्र)	८१४.९५ घ.मि./से. (बाँधस्थल क्षेत्र)	अपरिवर्तित	
		१३६४ घ.मि./से. (विद्युतगृह क्षेत्र)	१३६४ घ.मि./से. (विद्युतगृह क्षेत्र)		
	औसत वार्षिक वर्षा	१८७० मि.मि.	१८७० मि.मि.	अपरिवर्तित	
५	**बाँध (Diversion Weir)**				
	प्रकार	कंक्रिट, free flow weir	कंक्रिट, free flow weir	अपरिवर्तित	

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	टिप्पणी	वातावरणीय प्रभावहरु
	लम्बाई	३६ मि.	३६ मि.		
	क्रेस्ट सतह	२३०० मि. औसत समुद्री सतह	२३०० मि. औसत समुद्री सतह		
	स्पील वे प्रकार (Spillway type)	Ogee shaped spillway	Ogee shaped spillway		
	उच्च बाढी सतह (High flood level)	२३०५.०६ मि. औसत समुद्री सतह	२३०५.०६ मि. औसत समुद्री सतह		
	उचाई	१० मि. (from river bed level)	१० मि. (from river bed level)		
६	**अण्डर स्लुइस (Under sluice)**				
	संख्या	२	२	अपरिवर्तित	
	Orifice size (चौडाइ x उचाई)	४.० x ३.०	४.० x ३.०		
	Invert Level	२२९०.५३ मि. औसत समुद्री सतह	२२९०.५३ मि. औसत समुद्री सतह		
	Steel Lining	१२ मि.मि. बाक्लो	१२ मि.मि. बाक्लो		
	Bed Slope	१:१३	१:१३		
७	**इन्टेक (Intake)**				
	प्रकार	साइड इन्टेक	साइड इन्टेक	अपरिवर्तित	
	Orifice को संख्या	४	४	अपरिवर्तित	
	Orifice size (चौडाइ x उचाई)	२.८ x ३.०	३.० x ३.०	चौडाईमा परिवर्तन भएको	थप वातावरणीय प्रभाव नपर्ने
	Invert level of orrifice	२२९६ मि. औसत समुद्री सतह	२२९६ मि. औसत समुद्री सतह	अपरिवर्तित	
८	**ग्राभल ट्राप (Gravel Trap)**				
	प्रकार	सतही	सतही	अपरिवर्तित	
	संख्या	२	२		

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	टिप्पणी	वातावरणीय प्रभावहरु
	लम्बाई	१०.०० मि. (including transition, average length)	१०.०० मि. (including transition, average length)		
	चौडाई	६.६० मि. (प्रत्येक च्याम्बर)	६.६० मि. (प्रत्येक च्याम्बर)		
	उचाई	६.८५ मि. (प्रत्येक च्याम्बर)	६.८५ मि. (प्रत्येक च्याम्बर)		
	Normal Water Level	२२९९.८५ मि. औसत समुद्री सतह	२२९९.८५ मि. औसत समुद्री सतह		
	Gravel flushing pipe	८४ मि. लामो, १ मि. ब्यास भएको स्टील पाइप (for both flushing units)	८४ मि. लामो, १ मि. ब्यास भएको स्टील पाइप (for both flushing units)		
९	**एप्रोच कल्भर्ट/ टनेल (Approach Culvert/ Tunnel)**				
	प्रकार	कल्भर्ट/ उल्टो D आकार टनेल	उल्टो D आकार टनेल	अपरिवर्तित	
	संख्या	३	२	संख्या घटेको	
	जम्मा लम्बाई	२३० मिटर	१७४ मिटर (प्रत्येकको लम्बाई ८७ मिटर)	लम्बाई घटेको	थप वातावरणीय प्रभाव नपर्ने
	नाप (चौडाई x उचाई)	३.० मि. x ३.० मि. (एप्रोच कल्भर्ट) ४.२ मि. x ४.२ मि. (एप्रोच टनेल)	४.० x ४.२	अपरिवर्तित	
	Bay 01	८६.६३ मि. एप्रोच टनेल	८७ मि एप्रोच टनेल		
	Bay 02	८१.०६ मि. एप्रोच टनेल	८७ मि एप्रोच टनेल		
	Bay 03	६२.३१ मि. एप्रोच टनेल + ३०.३ मि. एप्रोच कल्भर्ट	-		
१०	**बालुवा थिग्राउने संरचना (Settling Basin)**				
	प्रकार	भूमिगत	भूमिगत	अपरिवर्तित	

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	टिप्पणी	वातावरणीय प्रभावहरु
	नाप (लम्बाई x चौडाई x उचाई)	६८ मि. x १२ मि. x ७.५ मि.	६८ मि. x १२ मि. x ७.६२ मि.		लम्बाई बढेता पनि च्याम्बर संख्या घटेको हुँदा मकको मात्रा कम भई समग्रमा वातावरणीय प्रभाव कम हुने देखिन्छ ।
	च्याम्बर संख्या	३	२		
	Normal Water Level	२२९९.५५ मि. औसत समुद्री सतह	२२९९.५५ मि. औसत समुद्री सतह		
	Trap efficiency	९१% (for particle size larger than 0.15 mm)	९३% (for particle size larger than 0.2 mm)		
११	**हेडरेस टनेल (Headrace Tunnel)**				
	प्रकार	उल्टो D आकार, pressurized	उल्टो D आकार, pressurized	अपरिवर्तित	
	नाप (लम्बाई x चौडाई x उचाई)	१५१९ मि. x ४.४ मि. x ४.४ मि.	१४२० मि. x ४.४ मि. x ४.४ मि.	लम्बाई घटेको	मकको मात्रामा कम हुने
	स्टीलको मोटाई/ Type of lining	Shotcrete (92%) Concrete lining (8%)	Shotcrete (92%) Concrete lining (8%)	अपरिवर्तित	
१२	**अडिट टनेल (Adit Tunnel)**				
	प्रकार	उल्टो D आकार	उल्टो D आकार	अपरिवर्तित	
	लम्बाई	२५० मि, अडिट टनेल- १ ३८१ मि. अडिट टनेल- २ ४८ मि adit to top of penstock shaft	२५० मि, अडिट टनेल- १ ३८१ मि. अडिट टनेल- २ ४८ मि adit to top of penstock shaft		
	नाप (चौडाई x उचाई)	४.२ मि. x ४.३ मि.	४.२ मि. x ४.३ मि.		
१३	**सर्ज साफ्ट (Surge Shaft)**				
	प्रकार	गोलाकार, RCC	गोलाकार, RCC	अपरिवर्तित	

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	टिप्पणी	वातावरणीय प्रभावहरु
	ब्यास	१० मि.	१० मि.		
	उचाई	४५ मि.	४५ मि.		
	Up surge level	२३१०.०० मि. औसत समुद्री सतह	२३१०.०० मि. औसत समुद्री सतह		
	Down surge level	२२८९.०० मि. औसत समुद्री सतह	२२८९.०० मि. औसत समुद्री सतह		
१४	**भेन्टिलेसन टनेल (Ventilation Tunnel)**				
	प्रकार	उल्टो D आकार	उल्टो D आकार	अपरिवर्तित	
	लम्बाई	३२६ मि.	३२६ मि.		
	नाप (चौडाई x उचाई)	३ मि. x ३ मि.	३ मि. x ३ मि.		
१५	**पेनस्टक साफ्ट (Penstock Shaft)**				
	किसिम	Steel with concrete casing	Steel with concrete casing		
	लम्बाई	२२२ मि. (ठाडो) १६५ मि. (तेर्सो, Bifurcation सहित)	२५५ मि. (ठाडो) १५६ मि. (तेर्सो, Bifurcation सहित)	ठाडो पेनस्टक साफ्टको लम्बाई ३३ मि. ले बढेको र तर्सो साफ्ट ९ मिटरले घटेको	मकको मात्रामा वृद्धि
	संख्या	१	१	अपरिवर्तित	
	Excavation Diameter	४.२५ मि. भर्टिकल साफ्ट, ४.५ मि. देखि ५ मि. तेर्सो साफ्ट	४.२५ मि. भर्टिकल साफ्ट, ४.४ मि. तेर्सो साफ्ट		
	पेनस्टक पाइपको ब्यास	१.५ मि. देखि ३.२५ मि.	१.५ मि. देखि ३.२५ मि.		

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	टिप्पणी	वातावरणीय प्रभावहरु
	मोटाइ	१४-५५ मि.मि.	१४-५५ मि.मि.		
१६	**विद्युतगृह (Powerhouse)**				
	प्रकार	भूमिगत	भूमिगत	अपरिवर्तित	
	लम्बाई	७५ मि.	७६.८५ मि.	लम्बाई बढेको	
	चौडाई	१५ मि.	१७.५ मि.	चौडाइ बढेको	
	उचाई	३५ मि.	३२.६५ मि.	उचाई घटेको	
	Powerhouse Machine Floor	२०५१.४० मि. औसत समुद्री सतह	२०१८.८० मि. औसत समुद्री सतह	Machine floor level ३२.६ मि. ले घटेको	मकको मात्रामा वृद्धि
	Transformer Cavern (लम्बाई x चौडाई x उचाई)	५२.२५ मि. x १२.२ मि. x २४.५० मि.	५०.५ मि. x १२ मि. x २७ मि.	लम्बाई १.७५ मि. ले घटेको र उचाइ २.५ मि. ले बढेको	थप वातावरणीय प्रभाव नपर्ने
	Transformer cavern floor level	२०५१.४० मि. औसत समुद्री सतह	२०१८.८० मि. औसत समुद्री सतह	Transformer cavern floor level ३२.६ मि. ले घटेको	थप वातावरणीय प्रभाव नपर्ने
१७	**टर्वाइन (Turbine)**				
	प्रकार	Vertical Axis Francis Turbine	Vertical Axis Francis Turbine	अपरिवर्तित	
	युनिट संख्या	४	३	युनिट संख्या घटेको	
	Rated Capacity per unit	१४.४३ मे.वा.	२४.०५ मे.वा.		
	प्रति युनिट डिस्चार्ज	६.३६ घ.मि./से.	९.४८ घ.मि./से.		

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु	टिप्पणी	वातावरणीय प्रभावहरु
	टर्वाइन एक्सिज लेभल (Turbine Axis Level)	२०४४.०७ मि. औसत समुद्री सतह	२००९.९० मि. औसत समुद्री सतह	३४.१७ मि. लेभल घटेको	थप वातावरणीय प्रभाव नपर्ने
	Turbine efficiency	९२%	९२%	अपरिवर्तित	
१८	**टेलरेस टनेल (Tailrace Tunnel)**				
	प्रकार	उल्टो D आकार, free flow	उल्टो D आकार, free flow	अपरिवर्तित	
	लम्बाई	७०३.६४ मि.	२०२५ मि.	टनेलको लम्बाई १३२१.३६ मि. ले बढेको	मकको मात्रामा वृद्धि
	नाप (चौडाई x उचाई)	४.५ मि. x ५.० मि.	४.५ मि. x ५.० मि.	अपरिवर्तित	
	Tail water level	२०४६.०० मि. औसत समुद्री सतह (Outside draft tube) २०४४.५४ मि. औसत समुद्री सतह (at tailrace portal)	२०१३.०० मि. औसत समुद्री सतह (Outside draft tube) २०१०.५ मि. औसत समुद्री सतह (at tailrace portal)	Tail water level ३३ मि. ले घटेको	थप वातावरणीय प्रभाव नपर्ने
१९	**जेनेरेटर (Generator)**				
	जेनेरेटरको प्रकार	Three Phase, Synchronous	Three Phase, Synchronous	अपरिवर्तित	
	संख्या	४	३	संख्या घटेको	
	Rated Output	१६.४७ MVA	२७.४६ MVA	१०.९९ MVA ले वृद्धि भएको	थप वातावरणीय प्रभाव नपर्ने
	Generated Voltage	११ के.भी.	११ के.भी.	अपरिवर्तित	
	Frequency	५० हर्ज	५० हर्ज		

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु		अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु		टिप्पणी	वातावरणीय प्रभावहरु
	Power Factor	०.८५		०.८५			
	Excitation System	Brushless		Brushless			
	Speed (rpm)	७५०		७५०			
	Generator Efficiency	९७%		९७%			
२०	**ट्रान्स्फर्मर (Transformer)**						
	प्रकार	Three phase, oil immersed		Three phase, oil immersed		अपरिवर्तित	
	Rated Output	१७.५ MVA		२२.६६ MVA		५.१६ MVA ले बढेको	थप वातावरणीय प्रभाव नपर्ने
	संख्या	४		३		संख्या घटेको	
	Frequency	५० हर्ज		५० हर्ज		अपरिवर्तित	
	Voltage Ratio	११ के.भी./१३२ के.भी.		११ के.भी./१३२ के.भी.		अपरिवर्तित	
	Transformer efficiency	९९%		९९%		अपरिवर्तित	
२१	**विद्युत प्रसारण लाइन (Transmission Line)**						
	लम्बाई	३७ कि.मि.		४६.५ कि.मि.			
	प्रकार	१३२ के.भी. डबल सर्किट		२२० के.भी. डबल सर्किट			
	कण्डक्टर	ACSR "Bear"		"Moose"			
	सबस्टेशन	गर्जाङ सबस्टेशन		बाह्रविसे सबस्टेशन			
२२	**वित्तिय विवरण (Financial Parameters)**						
	आयोजनाको लागत	10,533 MNPR (Without IDC)		11,421 MNPR (Without IDC)			
२३	**सामाजिक-आर्थिक तथा सांस्कृतिक**						
	जग्गा आवश्यकता	गौरीशंकर संरक्षण क्षेत्र	१५.१७२ हे. (७.१३६ हे. अस्थायी,	गौरीशंकर संरक्षण क्षेत्र	१५.१७२ हे. (७.१३६ हे.	अपरिवर्तित	

क्र.सं.	विवरण	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु		अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसारका मूलभूत विशेषताहरु		टिप्पणी	वातावरणीय प्रभावहरु
			८.०३६ हे. स्थायी)		अस्थायी, ८.०३६ हे. स्थायी)		
		व्यक्तिगत	०.८ हे. अस्थायी	व्यक्तिगत	०.८ हे. अस्थायी	अपरिवर्तित	
२४	**निर्माण अवधि**	४ वर्ष		४ वर्ष		अपरिवर्तित	

२.५ आयोजनाको लागि आवश्यक जग्गाको विवरण

प्रस्तावित आयोजनाको टेलरेस आउटलेट पोर्टलको स्थान परिवर्तन भए तापनि उक्त संरचनाले ओगट्ने क्षेत्रफलमा कुनै फेरबदल नभएकाले आयोजनाले उपयोग गर्ने कुल जग्गाको क्षेत्रफल पूर्व स्वीकृत वातावरणीय प्रभाव प्रतिवेदन अनुसार नै यथावत रहनेछ, जस अन्तर्गत आयोजनाले कुल १५.१७२ हेक्टर वन क्षेत्र प्रयोग गर्नेछ। आयोजनाको लागि आवश्यक जग्गाको विवरण तालिका २-३ मा प्रस्तुत गरिएको छ ।

तालिका २-३: आयोजनाको लागि आवश्यक जग्गाको विवरण

क्र.सं.	आयोजनाका अवयवहरु	जग्गाको किसिम				जम्मा (हेक्टरमा)	टिप्पणी
		राष्ट्रिय वन		निजी			
		गौरीशंकर संरक्षण क्षेत्र	खोला बगर	कृषि-योग्य	बाँझो		
स्थायी							
१	हेडवर्क क्षेत्र (Headworks)	०.३६७	०.८६८			१.२३५	स्वीकृत वा.प्र.मू. अनुसारनै रहेको
२	इन्लेट पोर्टल (Inlet Portals)	०.०३२				०.०३२	स्वीकृत वा.प्र.मू. अनुसारनै रहेको
३	फ्लसिङ्ग टनेल पोर्टल (Flushing Tunnel Portal)	०.०१५				०.०१५	स्वीकृत वा.प्र.मू. अनुसारनै रहेको
४	इन्स्पेक्सन् टनेल पोर्टल (Inspection Tunnel Portal)	०.०२९				०.०२९	स्वीकृत वा.प्र.मू. अनुसारनै रहेको
५	अडिट/ भेन्टिलेसन टनेल पोर्टल (Adit/ Ventilation tunnel portal)	०.०४५				०.०४५	स्वीकृत वा.प्र.मू. अनुसारनै रहेको
६	पहुँच टनेल पोर्टल (Access Tunnel Portal)	०.०१७				०.०१७	स्वीकृत वा.प्र.मू. अनुसारनै रहेको
७	टेलरेस टनेल पोर्टल (Tailrace tunnel portal)	०.०६५				०.०६५	टेलरेस टनेल पोर्टल स्थानान्तरण गरिएता पनि आवश्यक जग्गाको क्षेत्रफलमा परिवर्तन नभएको
८	निर्माण शिविर (Construction camp)	१.१४४				१.१४४	स्वीकृत वा.प्र.मू. अनुसारनै रहेको
९	Engineers' Camp	०.९००				०.९००	स्वीकृत वा.प्र.मू. अनुसारनै रहेको
१०	Cable to conductor bay	०.०६०				०.०६०	स्वीकृत वा.प्र.मू. अनुसारनै रहेको
११	Access road	४.४९४				४.४९४	स्वीकृत वा.प्र.मू. अनुसारनै रहेको
कूल (अ)		**७.१६८**	**०.८६८**			**८.०३६**	
अस्थायी							

क्र.सं.	आयोजनाका अवयवहरु	जग्गाको किसिम				जम्मा (हेक्टरमा)	टिप्पणी
		राष्ट्रिय वन		निजी			
		गौरीशंकर संरक्षण क्षेत्र	खोला बगर	कृषि-योग्य	बाँझो		
१	मक व्यवस्थापन क्षेत्र (Muck Disposal Area)	२.५४०	२.५४०			५.०८०	स्वीकृत वा.प्र.मू. अनुसारनै रहेको
२	निर्माण शिविर (Construction camp)	१.०५६				१.०५६	स्वीकृत वा.प्र.मू. अनुसारनै रहेको
३	बंकर घर (Bunker house)				०.८०	०.८०	स्वीकृत वा.प्र.मू. अनुसारनै रहेको
४	क्रसर प्लान्ट (Crusher plant)	१.००				१.००	स्वीकृत वा.प्र.मू. अनुसारनै रहेको
कूल (आ)		**४.५९६**	**२.५४०**		**०.८०**	**७.९३६**	
जम्मा (अ+आ)		**११.७६४**	**३.४०८**		**०.८०**	**१५.९७२**	

स्रोतः स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, २०७७

२.६ आयोजना निर्माणका क्रममा गौरीशंकर संरक्षण क्षेत्रबाट हटाउनु पर्ने रुख तथा पोलहरूको विवरण

आयोजनाको टेलरेस आउटलेट पोर्टल संरचना रहने प्रस्तावित क्षेत्रमा कुनै पनि रुख तथा पोलजन्य प्रजातीहरु रहेको पाइएन । तसर्थ, आयोजनाको पुर्व स्वीकृत परिमार्जित वातावरणीय व्यवस्थापन योजनामा उल्लेख गरिएका रुख संख्या भन्दा थप घट नरहेको हुँदा वन तथा वन स्रोतमा थप हानि नोक्सानी नहुने देखिन्छ ।

आयोजना निर्माणको लागि आवश्यक पर्ने वन क्षेत्रको १५.१७२ हे. जग्गा (स्थायी- ८.०३६ हे. र अस्थायी- ७.१३६ हे.) को भोगाधिकार र ८५१ गोटा रुखहरु हटाउने सम्बन्धी नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र सानिमा जुम हाइड्रोपावर लिमिटेड बिच मिति २०८०/०७/२४ मा द्विपक्षीय सम्झौता भएको थियो । सोही बमोजिम, श्री गौरीशंकर संरक्षण क्षेत्र आयोजना, प्रधान कार्यालय, सिंगटीबाट कटान आदेश प्राप्त भएपश्चात् आवश्यक रुख तथा पोलहरू कटान गरि बजार माग बमोजिमका गोलिया काठहरु उत्पादन गरि सुरक्षित तवरले घाटगद्दी गरि हस्तान्तरण गर्ने प्रकृया अगाडि बढाइएको छ ।

२.७ आयोजना निर्माणका लागि आवश्यक निर्माण सामग्रीहरुको विवरण

आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (EIA) चरणमा भौतिक संरचनाहरू निर्माण गर्न आवश्यक पर्ने नदिजन्य निर्माण सामाग्रीहरुको (बोल्डर, गिट्टी, बालुवा) अनुमान गर्दा १५% अतिरिक्त मात्रा छुट्याइएको थियो। यद्यपि, पछिल्लो समयमा आयोजनाको क्षमता तथा संरचनाहरु परिवर्तन भए तापनि, स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका क्रममा अनुमान गरिएको निर्माण सामग्रीको परिमाण पर्याप्त रहेको छ ।

आयोजनाको निर्माण प्रयोजनका लागि मात्र प्रयोग गर्न पाउने नदिजन्य निर्माण सामाग्रीहरु उपयोगका सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९/१२/२८ गतेको निर्णयबाट स्विकृत प्राप्त भई, नेपाल सरकार,

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागसँग मिति २०८०/०७/२४ मा सम्झौता समेत सम्पन्न भइसकेको छ । आयोजनाले उक्त सम्झौता तथा वन नियमावली, २०७९ बमोजिम नदीजन्य निर्माण सामाग्रीहरु उत्खनन् गरि राजस्व बुझाउँदै आएको छ (अनुसूची-२)।

तालिका २-४: आयोजना निर्माणको लागि आवश्यक नदीजन्य निर्माण सामाग्रीहरुको विवरण

निर्माण सामाग्री	परिमाण		दर (ने.रू.)	राजस्व रकम (ने.रू.)
	घन मिटर	घन फिट		
बोल्डर	६,४८८	२,२९,१०३.९	९	२०,६१,९३५.१०२
गिट्टी	२५,१६८	८,८८,७९३.५३	९	७९,९९,१४१.७५२
बालुवा	१७,४९७	६,१७,९०४.६१	७	४३,२५,३३२.२५५
कुल जम्मा राजस्व				**१,४३,८६,४०९.११**

२.८ उत्सर्जित मक तथा मक व्यवस्थापन क्षेत्रको विवरण

वातावरणीय प्रभाव मूल्यांकन (EIA) अध्ययनको समयमा विभिन्न निर्माण कार्यहरूबाट कुल २,४४,६०५ घनमिटर मक उत्पादन हुने प्रारम्भिक अनुमान गरिएको थियो। यद्यपि, टेलरेस टनेलको लम्बाइमा गरिएको वृद्धि र अन्य संरचनात्मक परिमार्जनहरूका कारण, हाल कुल मक उत्पादन २,९८,१३६ घनमिटर पुग्ने अनुमान गरिएको छ, जुन पहिलेको अनुमानभन्दा ५३,५३१ घन मिटरले बढी हो। उत्पादित मकलाई सम्भव भए सम्म गेग्रायन (aggregate) को रुपमा प्रयोग गरिनेछ भने प्रयोग गर्ने नमिल्ने मकलाई पूर्व निर्धारित मक व्यवस्थापन क्षेत्रमा सावधानी पूर्वक व्यवस्थापन गरिनेछ । सिभिल संरचना (Retaining wall/ gabion wall) र विसर्जित क्षेत्रमा उचित निकासको व्यवस्था गरी पानीले मक बगाउन सक्ने जोखिमलाई न्यूनीकरण गरिनेछ ।

स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तथा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार उत्पादन हुनसक्ने मकको तुलनात्मक तालिका निम्न अनुसार रहेको छ ।

तालिका २-५: स्वीकृत EIA र पूरक EIA अनुसार मकको तुलनात्मक विवरण

क्र.सं.	विवरण	मकको मात्रा, घन मिटर (स्वीकृत वा.प्र.मू. अनुसार)	मकको मात्रा, घन मिटर (पूरक वा.प्र.मू. अनुसार)
१	बाँध तथा अण्डरस्लुइस	२६,४९५	२६,४९५
२	इन्टेक, ग्राभल ट्राप, एप्रोच कलर्भट	७,२०७	७,२०७
३	Approach Tunnel	३,६२६	२,४५०
४	Settling basin and conveyance tank	४०,८३९	३०,४९०
५	Connecting, Adit/ Flushing and Inspection Tunnel	१२,७२९	१०,१३७
६	हेडरेस सुरुङ्ग	२९,६४८	२७,७१५
७	रक ट्राप	३८७	३०६
८	सर्ज साफ्ट	३,३५८	३,५२७
९	भेन्टिलेसन र अडिट टनेल	१०,३३३	८,७७३

क्र.सं.	विवरण	मकको मात्रा, घन मिटर (स्वीकृत वा.प्र.मू. अनुसार)	मकको मात्रा, घन मिटर (पूरक वा.प्र.मू. अनुसार)
१०	पेनस्टक साफ्ट	६,०८४	५,६०४
११	विद्युतगृह	६४,४७५	९२,२४६
१२	टेलरेस टनेल	१६,२९७	५७,७४२
१३	Portals	२३,१२७	२३,१२७
	जम्मा	२,४४,६०५	२,९५,८१९

यसरी आयोजना निर्माणका क्रममा उत्पादन हुने अनुमानित कूल मकमध्ये बल्किङ्ग (Bulking) लाई ध्यानमा राखेर ४०% मक वृद्धि हुने तथा compaction का कारण २०% मक घट्ने कुरालाई मध्यनजर गर्दा कूल जम्मा व्यवस्थापन गर्नुपर्ने मकको मात्रा ३,३१,३१७ घन मिटर अनुमान गरिएको छ । यसरी उत्पादन हुने मकको व्यवस्थापनका लागि स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा निर्धारण गरिएको मक व्यवस्थापन क्षेत्रहरु भित्रनै राखिनेछ ।

तालिका २-६: मक व्यवस्थापन गर्न पहिचान गरिएको क्षेत्रको विवरण

मक व्यवस्थापन क्षेत्र	मकको स्रोत	मकको मात्रा, घन मिटर (स्वीकृत वा.प्र.मू. अनुसार)	मकको मात्रा, घन मिटर (पूरक वा.प्र.मू. अनुसार)	क्षेत्रफल (हे.)	ग्याबियनको औसत उचाई		भौगोलिक कोर्डिनेट्स	
					(स्वीकृत वा.प्र.मू. अनुसार)	(पूरक वा.प्र.मू. अनुसार)	देशान्तर (X)	आक्षाशं (Y)
जुम खोलाको बाँया किनारमा बाँध स्थलबाट तल्लो तटीय क्षेत्र (MD 1)	बालुवा थिग्राउने संरचना, इन्लेट पोर्टल, हेडरेस सुरुङ्ग	१,३२,७६६	१,१३,१७१	१.६८६४	७.८७ मि.	६.७ मि.	३०९४५२०	४२४११९
तामाकोशी नदीको बाँया किनारमा खराने खोल्सीको माथिल्लो तटीय क्षेत्र (MD 2)	हेडरेस सुरुङ्ग, सर्ज साफ्ट, पेनस्टक, विद्युतगृह र टेलरेस	१,४१,१८१	२,२०,७४१	३.३९२९	४.१६ मि.	६.५ मि.	३०९३६९०	४२३२१५

हेडवर्क्स क्षेत्रबाट उत्पादन हुने मकलाई मक व्यवस्थापन क्षेत्र (MD1) मा व्यवस्थापन गरिनेछ। मुख्यतया बालुवा थिग्राउने संरचना (Settling Basin) को डिजाइन परिमार्जन भएकाले हेडवर्क्समा मकको परिमाण

१९,५९४.७० घनमिटरले घटेको छ । स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा तीनवटा भूमिगत सेटलिङ बेसिन बे (Bays) रहने उल्लेख भए तापनि, हालको अद्यावधिक डिजाइनमा दुईवटा मात्र रहेका छन्।

विद्युतगृह क्षेत्रको मकलाई भने मक व्यवस्थापन क्षेत्र (MD2) मा व्यवस्थापन गरिनेछ। विद्युतगृह जाने मुख्य पहुँच सुरुङ, विद्युतगृह र ट्रान्सफर्मर क्याभर्नका अडिट सुरुङहरू, पेनस्टक साफ्टको उचाइ र टेलरेस सुरुङको लम्बाइ बढेका कारण मकको परिमाण ७९,५६० घनमिटरले वृद्धि भएको छ।

विद्युतगृह क्षेत्रमा बढेको मकको परिमाणलाई व्यवस्थापन गर्न MD2 मा उपलब्ध क्षेत्रको आधारमा २ मिटरदेखि २.५ मिटरसम्म उचाइका ग्याबियन (Gabion) पर्खालहरू थप गरि निर्माण गरिनेछ।

२.९ विस्फोटक पदार्थको विवरण

भूमिगत उत्खनन् कार्यको लागि विस्फोटक सामाग्रीहरु जस्तै इमल्सन, डेटोनेटर, डेटोनेटिङ कर्ड आदि छिमेकी मुलुकबाट आयात गरिनेछ र आंशिक रूपमा नेपाली सेनाबाट खरिद गरिनेछ ।प्रस्तावित आयोजनाको टेलरेस लगायत अन्य सुरुङको लम्बाई बढे सँगै विस्फोटक पदार्थहरु पनि थप आवश्यक परेको देखिन्छ ।

सुरुङ्ग निर्माण कार्यका लागि आवश्यक विस्फोटक पदार्थ जस्तै; इमल्सन, डेटोनेटर, डेटोनेटिङ कर्ड आदि आयोजनाका लागि आवश्यक विस्फोटक पदार्थको अनुमानित परिमाण तालिका २-७ मा उल्लेख गरिएको छ।

तालिका २-७: विस्फोटक पदार्थहरुको विवरण

क्र.सं.	विवरण	स्विकृत EIA अनुसार	पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार
१	इमल्सन	९०० मे.ट.	१३०० मे.ट.
२	इलेक्ट्रोनिक डेटोनेटर	-	५५,३८० pcs
३	इलेक्ट्रिक डेटोनेटर	२५०००० pcs	-
४	नन् — इलेक्ट्रिक डेटोनेटर	२५०००० pcs	१३,००,००० pcs
५	डेट कर्ड	२७,५,००० मि.	१०,००,००० मि.

२.१० जल उपयोग

प्रस्तावित आयोजना क्षेत्र भित्र कुनै पनि वस्ति रहेको छैन भने इन्टेकदेखि टेलरेस आउटलेटसम्म जुम र तामाकोशी नदीको पानी कुनै पनि प्रयोजनका लागि उपभोग गरिएको पाइदैन । स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका क्रममा जुम तथा तामाकोशी नदीमा जलचर प्राणी सम्बन्धी अध्ययन गरिएकोमा यस क्षेत्रमा कुनै पनि माछाका प्रजातीहरु नपाइएको उल्लेख छ । साथै, जुम तथा तामाकोशी नदीमा माछा मार्ने गतिविधि समेत नभएको कुरा अध्ययनले देखाएको छ ।

अध्याय ३: अध्ययन विधि

३.१ प्रतिवेदन तयार गर्दा अपनाइएको विधि

पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) को आवश्यक तथ्याङ्कहरु स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) सँग धेरै हदसम्म मिल्दोजुल्दो छन् । यस अध्ययनले अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदनद्वारा संशोधित वा परिवर्तन गरिएका अवयवहरु तथा सहायक सुविधाहरूको बारे अध्ययन तथा तथ्याङ्क संकलन गर्ने कार्यमा जोड दिइएको छ।

३.२ भौतिक वातावरण

भौतिक वातावरणको अध्ययनका लागि आवश्यक तथ्याङ्कहरू स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कनमा अध्ययन गरिएका प्यारामिटरहरुमा आधारित छन् । यस अध्ययनका लागि जलविज्ञान र आयोजनाका संशोधित वा परिवर्तन गरिएका प्रमुख अवयवहरु रहने स्थानहरुको महत्वपूर्ण भौगर्भिक विशेषताहरु, भूआकृति र भू-उपयोग सम्बन्धि विशेषताहरु अध्ययन गरिएको छ ।

३.२.१ जलविज्ञान

जुम खोलामा gauging station नभएकाले, यसको जलविज्ञान सम्बन्धी तथ्याङ्कहरू करिब ४० किलोमिटर तलतिर तामाकोशी नदीको बुष्टिस्थित जल तथा मौसम विज्ञान विभाग (DHM) केन्द्र नं. ६४७ बाट लिइएको हो। सुरुवाती सम्भाव्यता अध्ययनको क्रममा जुम खोलाको बहाव अनुमान गर्न सन् १९७१ देखि २००६ सम्मको औसत मासिक बहाव प्रयोग गरिएको थियो।

हाल सन् २००७ देखि २०१९ सम्मको थप तथ्याङ्क उपलब्ध भएसँगै, अहिले सन् १९७१—२०१९ सम्मको तथ्याङ्कको प्रयोग गरेर विश्लेषणलाई अद्यावधिक गरिएको छ, जसले गर्दा बहावका अनुमानहरू अझ बढी सटीक र भरपर्दो भएका छन्। यस सुधारिएको जलविज्ञान मूल्याङ्कनले डिजाइन डिस्चार्ज निर्धारणमा सहयोग पुऱ्याउनुका साथै आयोजनाको क्षमता ५६ मे.वा. बाट बढाएर ७० मे.वा. पुऱ्याउन सम्भव रहेको पुष्टि गरेको छ।

३.२.२ भू-आकृति तथा भू-उपयोग

आयोजनाको टेलरेस संरचना रहने स्थानको स्थलगत अवलोकन गरि त्यस क्षेत्रको भू-आकृति तथा भू-उपयोग सम्बन्धि जानकारी हासिल गरिएको थियो । साथै, नापी विभागबाट प्रकाशित टोपोग्रफिक नक्साको प्रयोग गरि यस क्षेत्रको भू-उपयोग सम्बन्धि नक्सा तयार गरि प्रतिवेदनमा अद्यावधिक गरिएको छ ।

३.२.३ भौगर्भिक विशेषता

आयोजनाको टेलरेस आउटलेट पोर्टल संरचना रहने स्थानको स्थलगत अन्वेषण मार्फत् त्यस क्षेत्रको भौगर्भिक विशेषताहरु अध्ययन गरिएको थियो । फिल्ड सर्वेक्षण गरी आयोजना स्थलको भौतिक विशेषताहरु जस्तै जमिनको स्थिरता, माटोको क्षयीकरण र अन्य जोखिमहरू सम्बन्धित जानकारीहरू हासिल गरिएको छ । त्यसैगरि, आयोजना क्षेत्र वरिपरिका भौगर्भिक विशेषताहरुका सम्बन्धमा खानी तथा भूगर्भ विभागद्वारा प्रकाशित

भौगर्भिक नक्सा प्रयोग गरिएको छ । यसका अतिरिक्त, नयाँ प्रस्तावित टेलरेस आउटलेट पोर्टल रहने स्थानमा Surface Geological Mapping गरी सो स्थानमा सतही भौगर्भिक अवस्थाको अध्ययन गरिएको थियो ।

३.३ जैविक वातावरण

यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका लागि टेलरेस आउटलेट पोर्टल क्षेत्रको मात्र आधारभूत जानकारी संकलन गर्नका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभग अन्तर्गत गौरीशंकर संरक्षण क्षेत्र, सम्पर्क कार्यालय, चरिकोटबाट प्राविधिक टोलीको संलग्नतामा मिति २०८३/०३/२० मा फिल्ड सर्वेक्षण गरिएको थियो । सो फिल्ड सर्वेक्षणका क्रममा त्यस क्षेत्रमा वनस्पति, वन्यजन्तु लगायतको बारेमा अध्ययन गरि प्रतिवेदन तयार गरिएको अनुसूची ३ मा समावेश गरिएको छ ।

३.४ सामाजिक- आर्थिक तथा सांस्कृतिक वातावरण

आयोजनाको संरचना स्थानान्तरणबाट सामाजिक- आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्न सक्ने प्रभावहरुको पहिचान गर्न निम्न विधिहरुको प्रयोग गरिएको छ ।

३.४.१ सार्वजनिक परामर्श, छलफल र अन्तरक्रिया

आयोजना प्रभावित क्षेत्र विगु गाउँपालिका वडा नं. १ को कार्यालय तथा सेतिदेवी संरक्षण वन उप समितिका प्रतिनिधिहरुको उपस्थितिमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त छलफलमा आयोजनाको हालको अवस्था, भइरहेको अध्ययन र उद्देश्यका बारेमा विस्तृत जानकारी गराइयो।

छलफल विशेषगरी निम्न विषयहरूमा केन्द्रित थियोः

- आयोजनाको संशोधित क्षेत्रबाट वातावरणमा पर्न सक्ने थप प्रभावहरु ।
- आयोजना कार्यान्वयनका क्रममा उत्पन्न हुन सक्ने सम्भावित चुनौती तथा समस्याहरू।
- वातावरणीय प्रभाव र त्यसको न्यूनीकरणका उपायहरू।
- सरोकारवालाहरूको जिज्ञासा, अपेक्षाहरू र आयोजनाबाट प्राप्त हुने लाभहरू।

सहभागीहरूबाट प्राप्त भएका महत्त्वपूर्ण प्रश्नहरू, जिज्ञासा, राय तथा सुझावहरूलाई संकलन गरिएको छ।

मिति	स्थान	उपस्थिति			रायसुझावहरु	कहाँ सम्बोधन गरियो
		महिला	पुरुष	जम्मा		
२०८३/०२/२१	विगु गा.पा.-१, लामाबगर (सेतिदेवी संरक्षण वन उपसमिति)	२	६	८	सुरुङ निर्माण गर्दा निस्कने मकको उचित व्यवस्थापन गर्नुपर्ने ।	अध्याय ८,तालिका ८-१ वातावरणीय प्रभाव न्यूनिकरण तथा अभिवृद्धिका उपायहरुको तुलनात्मक तालिका (भौतिक वातावरण, निर्माणको चरणः जमिनको उपयोगमा परिवर्तन सम्बन्धी सवाल)
					वन्यजन्तुको चोरी शिकारी हुन नदिन आयोजनामा कार्यरत वाहिरी तथा स्थानिय कामदार, कर्मचारीहरुलाई सचेतना मुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.२.३, mitigation measures to impacts on biological environment during construction phase: Hunting and Poaching सम्बन्धी सवालसँग सम्बन्धित रहेको ।
					पहुँच सडकको विस्तारले वन्यजन्तु, पाहा, जडिबुटी लगायत गैर काष्ठ वन	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.२.४, mitigation measures to impacts on biological environment during operation phase:

मिति	स्थान	उपस्थिति			रायसुझावहरु	कहाँ सम्बोधन गरियो
		महिला	पुरुष	जम्मा		
					पैदवार वस्तुको ओसार पसार हुन सक्ने भएको हुँदा कर्मचारी तथा कामदारहरुलाई कडाइका साथ आचार संहिता बनाइ लागु गर्नुपर्ने ।	Impact on forest products सम्बन्धी सवालसँग सम्बन्धित रहेको ।
					खाना पकाउने प्रयोजनाको लागि काठ दाउराको विकल्पमा LPG ग्याँस, मट्टितेल प्रयोग गरी संरक्षणमा सहयोग पुऱ्याउनु पर्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.२.३, mitigation measures to impacts on biological environment during construction phase: Forest degradation and loss of vegetation सम्बन्धी सवालसँग सम्बन्धित रहेको ।
					वन डढेलो हुन नदिन कामदारहरुलाई आगोको जोखिमका बारेमा सचेत गराउनु पर्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.२.३, mitigation measures to impacts on biological environment during construction phase: Fire hazard and habitat destruction सम्बन्धी सवालसँग सम्बन्धित रहेको ।
					आयोजनाले क्षतिपूरक वृक्षारोपणका कार्यहरु यस उपसमितिको समन्वयमा गर्नुपर्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.२.३, Loss of forest resources सम्बन्धी सवालसँग सम्बन्धित रहेको । आयोजनाले गर्दै आएको वृक्षारोपण सम्बन्धी जानकारी अनुसूची- २ मा संलग्न गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।
					आयोजनाले नियमानुसार बाँधस्थल देखि तल्लो तटीय क्षेत्रमा छोड्नु पर्ने पानी वर्ष भरि कायम राख्नुपर्ने ।	अध्याय ८,तालिका ८-१ वातावरणीय प्रभाव न्यूनिकरण तथा अभिवृद्धिका उपायहरुको तुलनात्मक तालिका (भौतिक वातावरण, संचालनको चरणः पानीको बहावमा कमी र पानी न्यून भएको क्षेत्रमा सुक्ष्म जलवायुको सम्भावित निर्माण सम्बन्धी सवाल)
					कुहिने र नकुहिने फोहोर छुट्याई उचित व्यवस्थापन गर्नुपर्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.२.१, mitigation measures to impacts on physical environment during construction phase: Increase solid waste due to influx of labor सम्बन्धी सवालसँग सम्बन्धित रहेको ।
					बाढीको पूर्व सूचना गर्न साइरनको व्यवस्था गर्नुपर्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.२.२, mitigation measures to impacts on physical environment during construction phase: Probable GLOF event and its impact on project सम्बन्धी सवालसँग सम्बन्धित रहेको ।
२०८३/०२/२६	विगु गा.पा.-१ को कार्यालय, गंगोर	१	११	१२	आयोजनाको टेलरेस संरचना रहने स्थानमा रुख, विरुवा पर्ने भएमा गौरीशंकर संरक्षण क्षेत्र आयोजनासँग समन्वय गरि आवश्यक प्रकृया पुरा गर्नुपर्ने ।	प्रस्तावित नयाँ टेलरेस रहने स्थानमा कुनै पनि रुख तथा पोलजन्य प्रजातीहरु नरहेको ।
					स्थानिय निर्माण व्यवसायीहरुलाई आयोजनाले समेट्नुपर्ने ।	आयोजनाको मुख्य सिभिल निर्माण व्यवसायी कम्पनी अन्तर्गत स्थानिय ठेकेदारहरुले काम गरिरहेको र भविष्यमा पनि अन्य कामहरुमा संलग्न गराइने कुरा सार्वजनिक सुनुवाई कार्यक्रममा सम्बोधन गरिएको छ (अनुसूची ४)।
					टेलरेस संरचनाको लम्बाई बढेसँगै उत्पन्न हुने अतिरिक्त मकलाई तल्लो तटीय क्षेत्रमा रहेको जलविद्युत	अध्याय ८,तालिका ८-१ वातावरणीय प्रभाव न्यूनिकरण तथा अभिवृद्धिका उपायहरुको तुलनात्मक तालिका

मिति	स्थान	उपस्थिति			रायसुझावहरु	कहाँ सम्बोधन गरियो
		महिला	पुरुष	जम्मा		
					आयोजनालाई क्षति नहुने गरि उक्त मकको उचित व्यवस्थापन गर्ने ।	(भौतिक वातावरण, निर्माणको चरणः जमिनको उपयोगमा परिवर्तन सम्बन्धी सवाल)
					आयोजना निर्माण गर्दै गर्दा सुरक्षाका प्रावधानहरु अवलम्बन गर्दै मानवीय तथा वातावरणीय क्षति नहुने सुनिश्चित गर्नुपर्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.९, Public health and occupational safety management plan अन्तर्गत रहेको ।
					निर्माण कार्य पश्चात् निस्कने फोहोर पानीलाई थिग्राएर मात्र नदी खोलामा मिसाउनु पर्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.२.१, mitigation measures to impacts on physical environment during construction phase: Degradation of surface and sub surface water quality सम्बन्धी सवालसँग सम्बन्धित रहेको ।
					निर्माण कार्यमा संलग्न कर्मचारी, कामदारहरुलाई वन्यजन्तु तथा जिवजन्तु ओसार पसार, चोरी शिकारी जस्ता कामहरु अपराधी कार्य हो भनि सचेतना दिनुपर्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.२.३, mitigation measures to impacts on biological environment during construction phase: Hunting and Poaching सम्बन्धी सवालसँग सम्बन्धित रहेको ।
					फोहोर मैला व्यवस्थापनका उपायहरु अवलम्बन गरि निर्माण कार्य अगाडी बढाउनु पर्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.२.१, mitigation measures to impacts on physical environment during construction phase: Increase solid waste due to influx of labor सम्बन्धी सवालसँग सम्बन्धित रहेको ।
					आयोजनाको क्षमता वृद्धि सँगै नेपाल सरकारलाई राजस्व वृद्धि हुने राम्रो पक्ष भएको ।	अध्याय ७,तालिका ७-१ अनुकूल प्रभावको विश्लेषण (सामाजिक- आर्थिक तथा सांस्कृतिक वातावरण, संचालनको चरणः राजस्वमा वृद्धि सम्बन्धी सवाल)
					वन डढेलो नियन्त्रणका उपायहरु आयोजनाले अवलम्बन गर्नुपर्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.२.३, mitigation measures to impacts on biological environment during construction phase: Fire hazard and habitat destruction सम्बन्धी सवालसँग सम्बन्धित रहेको ।
					पर्यटन पर्वर्धनका लागि आयोजनाले लामाबगर (विगु-१) मा सङग्राहलय निर्माण गर्न सहयोग गर्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.४, Community Support Program (CSP) मा समावेश गरिएको ।
					सामुदायिक सहयोग कार्यक्रम संचालन गर्नका लागि विनियोजन गरिएको बजेत स्थानिय निकायको समन्वयमा खर्च गर्ने ।	
					प्रभावित क्षेत्रका स्थानिय युवाहरुलाई दक्षता, सिप र प्रतिस्पर्धाका आधारमा रोजगारीमा प्राथमिकता दिने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.३.१, Providing employment opportunity to local people priority as per their capacity and qualification अन्तर्गत रहेको ।
					विपद व्यवस्थापनको योजनाहरु बनाई पुर्व तयारी गर्नुपर्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.९, Public health and occupational safety management plan अन्तर्गत रहेको ।

३.४.२ आयोजना प्रभाव क्षेत्रको चित्रण

यस आयोजनाले वातावरणमा पार्न सक्ने प्रभावका आधारमा आयोजना क्षेत्रलाई तीन भागमा विभाजन गर्न सकिन्छ (चित्र ३-१)।

१. प्रत्यक्ष प्रभावित क्षेत्र : आयोजनाको संरचना र अन्य सुविधाहरू रहने क्षेत्र वा आयोजनाले स्थायी रूपमा प्रयोग गर्ने जग्गाहरू प्रत्यक्ष प्रभावित क्षेत्र भित्र पर्दछ । यस अध्ययनमा आयोजनाको संरचना बन्ने स्थानको १०० देखि १५० मि. परिधि भित्रको क्षेत्रलाई प्रत्यक्ष प्रभावित क्षेत्र मानिएको छ र उक्त क्षेत्र विगु गाउँपालिका वडा नं. १ भित्र सिमित रहेको छ ।

२. अप्रत्यक्ष प्रभावित क्षेत्र : आयोजनाको संरचनाहरू बन्ने स्थानको १५० मि. को परिधि भन्दा बाहिर ५०० मि. सम्मको क्षेत्रलाई अप्रत्यक्ष प्रभावित क्षेत्र मानिएको छ । यो क्षेत्रमा प्रत्यक्ष रुपमा निर्माण कार्य नभए पनि निर्माणका गतिविधिका कारण प्रभाव पर्ने देखिन्छ जस्तै निर्माणका समयमा उत्पन्न हुँने धुवा, धुलो, ध्वनि आदिका कारण प्रभाव पर्न सक्नेछ । अप्रत्यक्ष प्रभावित क्षेत्र पनि विगु गाउँपालिका वडा नं. १ भित्र सिमित रहेको छ।

३. वरपरको क्षेत्र : आयोजना रहेको गाउँपलिकालाई - प्रत्यक्ष प्रभावित क्षेत्र र अप्रत्यक्ष प्रभावित क्षेत्र बाहेक, वरपरको क्षेत्र मानिएको छ । यो क्षेत्रमा आयोजनाबाट प्राप्त हुने रोयल्टी, आयोजनाको शेयर लगानी आदिका माध्यमबाट सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

[नोटः टेलरेस संरचनाको स्थानान्तरणले गर्दा जलमार्गको लम्बाइ बढे तापनि स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा उल्लेखित वडा बाहेक अन्य कुनै थप वडा प्रभावित हुने देखिँदैन। आयोजनाका सम्पूर्ण संरचनाहरू र यसबाट पर्न सक्ने प्रभाव क्षेत्र विगु गाउँपालिका वडा नं. १ भित्रै सीमित रहेका छन्।]

३.४.३ आयोजनाबाट प्रभावित परिवारहरू

आयोजनाबाट प्रभावित परिवारहरूलाई प्रभावित र अति प्रभावित परिवार गरी दुई वटा समूहमा वर्गिकरण गरिएको हुन्छ ।

- **प्रभावित परिवार (PAF):** ५० प्रतिशत भन्दा कम सम्पति अधिग्रहण गरेको तर स्थायी रूपमा विस्थापित हुन नपरेको घर-परिवारहरूलाई प्रभावित परिवार भनि वर्गिकरण गरिएको हुन्छ ।
- **अति प्रभावित परिवार (SPAF):** ५० प्रतिशत भन्दा बढी सम्पति वा स्थायी निवास अधिग्रहण गरेको कुनै पनि परिवारलाई अति प्रभावित परिवार भनि वर्गिकरण गरिएको हुन्छ । आयोजनाको गतिविधिका कारण विस्थापित घर-परिवारहरू पनि यस समूह अन्तर्गत पर्दछ ।

यद्यपि, आयोजना प्रभावित क्षेत्रमा कुनै पनि बस्ती तथा खेतीयोग्य जमिन पर्दैनन्। तसर्थ, यस आयोजना स्थलमा आयोजना प्रभावित परिवार (PAF) र अति प्रभावित परिवार (SPAF) हरू कोही पनि रहेका छैनन्।



चित्र ३-१: आयोजनाले प्रभाव पार्न सक्ने क्षेत्र निर्धारण गरिएको नक्शा

३.५ सार्वजनिक सुनुवाई आव्हान गरी प्रकाशित गरिएको सार्वजनिक सूचना

सार्वजनिक सुनुवाई कार्यक्रममा प्रभावित जनसमुदाय तथा सरोकारवालाहरूको उपस्थिति सुनिश्चित गर्न आयोजना र सोका संरचनाहरूबारे विस्तृत जानकारी सहित पहिलो पटक मिति २०८३/०२/२४ गते दीक्षण दैनिकमा ७ दिने सूचना प्रकाशित गरिएको थियो। सोही अनुसार मिति २०८३/०२/३१ गते दोलखा जिल्ला, विगु गाउँपालिका वडा नं. १, लामाबगरमा तय गरिएको कार्यक्रम विशेष कारणवश स्थगित भएको थियो। तत्पश्चात्, उक्त सार्वजनिक सुनुवाई मिति २०८३/०३/१४ मा सञ्चालन गर्ने गरी मिति २०८३/०३/०७ गते पुनः दीक्षण दैनिक पत्रिकामा दोस्रोपटक सूचना प्रकाशित गरी सरोकारवालाहरूलाई आह्वान गरिएको थियो ।

सार्वजनिक सूचना प्रभावित क्षेत्रमा विभिन्न सरकारी तथा सार्वजनिक निकायहरू जस्तैः गाउँपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, वडा कार्यालय, गौरीशंकर संरक्षण क्षेत्र आयोजना, डिभिजन वन कार्यालय, प्रहरी चौकी, स्वास्थ्य चौकी तथा विद्यालयमा सूचना टाँस गर्नुको साथै छुट्टै पत्र मार्फत उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी हुनका लागि अनुरोध समेत गरिएको थियो । यसका साथै, स्थानीय बासिन्दाको बाक्लो उपस्थिति रहने सार्वजनिक स्थल तथा चिया पसलहरूमा समेत सूचना टाँस गरिएको थियो । कार्यक्रममा स्थानीयहरूको अधिकतम सहभागिता सुनिश्चित गर्न कार्यक्रम हुनुभन्दा दुई दिन अघिदेखि नै दोलखा जिल्लामा संचालित रेडियो शैलुङ सामुदायिक एफएम ९२.७ मेघाहर्जबाट सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना प्रसारण गरिएको थियो। सार्वजनिक सूचनाको प्रतिलिपि अनुसूची- ४ मा सामवेश गरिएको छ।

३.६ सार्वजनिक सुनुवाई

आयोजना प्रभावित क्षेत्रका स्थानीय तथा अन्य सरोकार राख्ने व्यक्ति, संस्थाहरुलाई आयोजना प्रति आफ्ना जिज्ञासा तथा राय-सुझावहरु व्यक्त गर्न मिति २०८३/०३/१४ मा दोलखा जिल्लाको विगु गाउँपालिका वडा नं. १, लामाबगर स्थित श्री गौरीशंकर प्राथमिक विद्यालयको प्राङ्गणमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो ।

यस कार्यक्रममा केन्द्रीय सरकार, स्थानीय तह र स्थानीय समुदाय लगायत सरोकारवालाहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा कुल ११८ जनाको सहभागिता रहेको थियो।

प्रतिवेदनको सारांश समावेश भएको ब्रोशर नेपाली भाषामा तयार पारि सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरूलाई वितरण गरिएको थियो। सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण अनुसूची- ४ मा समावेश गरिएको छ। सार्वजनिक सुनुवाइ कार्यक्रमको फोटो र श्रव्यदृश्य क्यामेराद्वारा रेकर्ड गरिएको थियो। सार्वजनिक सुनुवाई कार्यक्रमा उठेका सवाल तथा रायसुझाव तालिका ३-१ मा प्रस्तुत गरिएको छ।

तालिका ३-१: सार्वजनिक सुनुवाईमा उठेका सवालहरुको विवरण

स्थान, मिति र समय विगु गाउँपालिका वडा नं. १, लामाबगर स्थित श्री गौरीशंकर प्राथमिक विद्यालयको प्राङ्गण मितिः २०८३/०३/१४ गते, आईतबार, विहान ११ बजे			
उठाइएका सवालहरु/जिज्ञासाहरु	**प्रतिकृया**	**सान्दर्भिकता**	**टिप्पणी**
आयोजना निर्माण गर्दा उत्सर्जित मकको उचित व्यवस्थापन गर्नुपर्ने ।	आयोजना निर्माणका क्रममा निस्कने मक(माटो तथा ढुङ्गा) लाई नदीमा बगेर जान नदिन प्लम पर्खाल तथा ग्याबियन पर्खालको निर्माण गरी सुरक्षित व्यवस्थापन गरिनेछ ।	सान्दर्भिक	अध्याय ८,तालिका ८-१ वातावरणीय प्रभाव न्यूनिकरण तथा अभिवृद्धिका उपायहरुको तुलनात्मक तालिका (भौतिक वातावरण, निर्माणको चरणः जमिनको उपयोगमा परिवर्तन सम्बन्धी सवाल)
आयोजनाले सामुदायिक सहयोग कार्यक्रम अन्तर्गत छुट्याइएको बजेट पारदर्शी रुपमा प्रभावित क्षेत्रमा खर्च गर्नुपर्ने ।	आयोजनाले सामुदायिक सहयोग कार्यक्रमका अन्तर्गत आयोजना निर्माणको कुल लागतको ०.७५% रकम निर्माण अवधिभर खर्च गर्ने गरी बजेट छुट्याइएको र हालसम्म आयोजनाका तर्फबाट करिब रु. ९८ लाख बराबरका सामुदायिक सहयोगका कार्यक्रमहरू सञ्चालन गरिएको छ ।	सान्दर्भिक	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.४, Community Support Program (CSP) मा समावेश गरिएको ।
प्रभावित क्षेत्रका स्थानियहरुले आयोजनामा शेयरका मार्फत लगानी गर्न पाउनु पर्ने ।	आयोजनाले जारी गरिने शेयर प्रत्यक्ष प्रभावित वडा, प्रभावित जिल्ला र मुलुकका अन्य सर्वसाधारणलाई नियम अनुसार बाँडफाँट गरिने र स्थानीय तहमा भने स्थानीय सरकारसँगको समन्वयमा शेयर संख्या विभाजन गरिने छ ।	सान्दर्भिक	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ६.२, Provision of project share to the local people मा समावेश गरिएको।
स्थानिय स्तरमा शिप र दक्षताका आधारमा रोजगारीमा प्राथमिकता दिनुपर्ने ।	आयोजनाले इलेक्ट्रिसियन लगायतका सीपमूलक तालिम सञ्चालन गरी तालिमप्राप्त स्थानीयहरूलाई आयोजनामै रोजगारी दिइएको र भविष्यमा पनि निरन्तरता दिइनेछ ।	सान्दर्भिक	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.३.१, Providing employment opportunity to local people priority as per their capacity and qualification अन्तर्गत रहेको ।
आयोजनाले ठेक्का पट्टाका कामहरु सकेसम्म स्थानिय निर्माण	आयोजनाको मुख्य सिभिल निर्माण व्यवसायी कम्पनी अन्तर्गत हाल पनि स्थानीय ठेकेदारहरूले काम गरिरहेको छ भने स्थानीय निर्माण व्यवसायीहरूको कार्यसम्पादनलाई हेरेर	सान्दर्भिक	आयोजनाको मुख्य सिभिल निर्माण व्यवसायी कम्पनी अन्तर्गत स्थानिय ठेकेदारहरुले काम

स्थान, मिति र समय विगु गाउँपालिका वडा नं. १, लामाबगर स्थित श्री गौरीशंकर प्राथमिक विद्यालयको प्राङ्गण मितिः २०८३/०३/१४ गते, आईतबार, विहान ११ बजे			
उठाइएका सवालहरु/जिज्ञासाहरु	**प्रतिकृया**	**सान्दर्भिकता**	**टिप्पणी**
व्यवसायीहरुलाई प्राथमिकतामा राखेर गर्नुपर्ने ।	भविष्यमा अन्य कामहरूमा समेत उहाँहरूलाई संलग्न गराउँदै लगिनेछ ।		गरिरहेको र भविष्यमा पनि अन्य कामहरुमा संलग्न गराइने कुरा सार्वजनिक सुनुवाई कार्यक्रममा सम्बोधन गरिएको छ (अनुसूची ४)।
तामाकोशी नदीमा तटबन्द निर्माण गरि नदी किनारा सुरक्षित बनाउनु पर्ने ।	तामाकोशी नदी किनारलाई सुरक्षित बनाउन आयोजनाले ग्याबियन जालीमार्फत तटबन्धनको काम गरिरहेको र भविष्यमा पनि सो कार्यलाई निरन्तरता दिइनेछ ।	सान्दर्भिक	तामाकोशी नदी किनारलाई सुरक्षित बनाउन आयोजनाले ग्याबियन जालीमार्फत तटबन्धनको काम गरिरहेको छ जसको विवरण अनुसूची- २ मा रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।
आयोजनाले गरिरहेको क्षतिपूरक वृक्षारोपणका कार्यहरुलाई निरन्तरता दिने र लामाबगर क्षेत्रमा पनि सो वृक्षारोपण कार्य गर्नुपर्ने ।	आयोजनाले हालसम्म सट्टाभर्ना स्वरूप उपलब्ध गराएको जग्गाहरूमा हरेक वर्ष वृक्षारोपण गर्दै आएको र आगामी दिनमा लामाबगर क्षेत्रमा समेत वृक्षारोपणको कार्य सुरु गरिनेछ ।	सान्दर्भिक	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.२.३, Loss of forest resources सम्बन्धी सवालसँग सम्बन्धित रहेको । आयोजनाले गर्दै आएको वृक्षारोपण सम्बन्धी जानकारी अनुसूची- २ मा संलग्न गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।
फोहोर मैलाको उचित व्यवस्थापन गर्नुपर्ने ।	आयोजनाको क्याम्पबाट निस्कने फोहोरलाई आयोजना स्थलमै कुहिने र नकुहिने गरी वर्गीकरण गरेर व्यवस्थापन गर्दै आइएको छ ।	सान्दर्भिक	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.२.१, mitigation measures to impacts on physical environment during construction phase: Increase solid waste due to influx of

स्थान, मिति र समय विगु गाउँपालिका वडा नं. १, लामाबगर स्थित श्री गौरीशंकर प्राथमिक विद्यालयको प्राङ्गण मितिः २०८३/०३/१४ गते, आईतबार, विहान ११ बजे			
उठाइएका सवालहरु/जिज्ञासाहरु	**प्रतिकृया**	**सान्दर्भिकता**	**टिप्पणी**
			labor सम्बन्धी सवालसँग सम्बन्धित रहेको ।

३.७ सार्वजनिक सूचना

यस आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको मस्यौदा तयार भएपश्चात् उक्त प्रतिवेदन उपर थप राय-सुझाव भएमा ७ दिन भित्र पठाउनु हुन भनि आग्रह गरिएको सार्वजनिक सूचना मिति २०८३/०३/३० मा नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको थियो। सो सार्वजनिक सूचना प्रकाशन गर्न पुर्व दोलखा जिल्लाको जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालय, गौरीशंकर संरक्षण क्षेत्र आयोजना प्रधान कार्यालय, विगु गाउँपालिकाको कार्यालय, प्रभावित वडा कार्यालय र अन्य सरोकारवाला संस्थाहरूमा टाँस गरिएको थियो (अनुसूची- ५) ।

३.८ राय सुझाव तथा सिफारिस पत्रहरु संकलन

प्रस्ताव कार्यान्वयन हुने विगु गाउँपालिका तथा गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालयबाट वातावरण संरक्षण नियमावली, २०७७ को नियम ८ को उपनियम ८ मा व्यवस्था भए अनुसार नियमावलीको अनुसूची १४ बमोजिम सिफारिस पत्रको ढाँचामा राय सहित सिफारिस पत्र संकलन गरिएको छ । संकलित सिफारिस पत्रको प्रतिलिपी अनुसूची- ५ मा समावेश गरिएको छ ।

आयोजना कार्यान्वयन सम्बन्धि सम्बन्धित गाउँपालिका, गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालय तथा संरक्षण क्षेत्र व्यवस्थापन समिति, लामाबगरबाट प्राप्त भएको राय सुझावहरुको सम्बोधन

क्र.सं.	**राय सुझावहरु**	**सम्बोधन**
विगु गाउँपालिका गाउँकार्यपालिकाबाट प्राप्त राय सुझावहरु		
१	प्रभावित क्षेत्रका स्थानियहरुको लागि रोजगारी सृजना हुने।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.३.१, Providing employment opportunity to local people priority as per their capacity and qualification अन्तर्गत रहेको ।
२	सामाजिक तथा आर्थिक स्तरोन्नतिमा सहयोग पुग्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.४, Community Support Program (CSP) मा समावेश गरिएको ।
३	राष्ट्रिय प्रसारण प्रणालीमा थप विद्युत आपूर्ति हुने ।	तालिका ७-१ मा समावेश गरिएको छ ।

क्र.सं.	राय सुझावहरु	सम्बोधन
४	आयोजना संचालनमा आएपश्चात् वार्षिक रुपमा नेपाल सरकारलाई तिर्ने राजस्वमा वृद्धि हुने ।	तालिका ७-१ मा समावेश गरिएको छ ।
५	सुरुङ्ग निर्माणका कारण पानीको मुहानहरुको क्षयीकरणको सम्भावना रहने ।	तालिका ७-२ मा समावेश गरिएको छ ।
६	बाँध देखि तल्लो तटीय क्षेत्रमा पानीको बहाव कम हुने	तालिका ७-२ मा समावेश गरिएको छ ।
गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालय, चरिकोटबाट प्राप्त राय सुझावहरु		
१	पहिरोको जोखिम हट्ने हुँदा जलविद्युतको भौतिक संरचनामा क्षति नहुने ।	-
२	आयोजनामा निर्धक्कसँग पुँजि लगानी गर्न सकिने ।	-
संरक्षण क्षेत्र व्यवस्थापन समिति, लामाबगर		
१	यस संरक्षण क्षेत्र भित्र रहेका विभिन्न वनस्पति र जडिबुटिको संरक्षण गर्दै आयोजनाका कार्य अगाडि बढाउनु पर्ने ।	आयोजनाको टेलरेस आउटलेट पोर्टल संरचना रहने प्रस्तावित क्षेत्रमा कुनै पनि रुख तथा वनस्पतिहरु नरहेको कारण थप हानि नोक्सानी नहुने ।
२	तोकिए भन्दा बाहेक कुनै रुख गैर काष्ठ वन पैदावार क्षति हुने देखिए सम्बन्धित निकायबाट स्वीकृत लिन पर्ने ।	आयोजनाको टेलरेस आउटलेट पोर्टल संरचना रहने प्रस्तावित क्षेत्रमा कुनै पनि रुख तथा वनस्पतिहरु नरहेको ।
३	क्षति भएका रुख र गैर काष्ठ पन पैदावार सिंगटीमा रहेको बैक खाता नं. २८२००१०७६२५५०००००००१ को नाममा अग्रिम दाखिला गरिनु पर्ने ।	आयोजनाले कटान उपभोग दस्तुर बापतको रकम संरक्षण क्षेत्र व्यवस्थापन समितिको खातामा उपलब्ध गराइएको छ ।
४	पर्यटकिय आवागमन लाई असर पर्ने भएको हुँदा वैकल्पिक पर्यटक मार्ग निर्माण गरिनु पर्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.४, Community Support Program (CSP) मा समावेश गरि कार्यान्वयन गरिने छ ।
५	निर्माण स्थल चीन सीमाना क्षेत्रमा भएको हुँदा आवश्यक सतर्कता अपनाइनु पर्ने ।	आयोजनामा संलग्न कामदार/ कर्मचारीहरुलाई आचार संहिता लागू गरीनेछ ।
६	निमार्ण स्थलमा साईन पोष्टरीङ, सुचना केन्द्रको व्यवस्था गरीनु पर्ने ।	निर्माण स्थलमा आवश्यकता अनुसारका साइन बोर्डहरु राखिएका छन् (अनुसूची- २ मा समावेश प्रतिवेदनमा उल्लेख गरिएको छ ।। सूचना केन्द्रका लागि गौरीशंकर संरक्षण क्षेत्र आयोजना, सिंगटीसँग समन्वय गरि कार्यान्वयन गरिनेछ ।

क्र.सं.	राय सुझावहरु	सम्बोधन
७	शिक्षा, स्वास्थ्य खाने पानीका क्षेत्रहरुमा सहयोग गरिनु पर्ने ।	अनुसूची- २ मा समावेश प्रतिवेदनमा उल्लेख गरिएको छ ।
८	जेहन्दार दलित र आदीवासी विद्यार्थीलाई उच्च शिक्षा तथा प्राविधिक शिक्षा अध्ययन गर्न छात्रवृत्तिको व्यवस्था गरिनु पर्ने ।	शिक्षा क्षेत्र अन्तर्गत आयोजनाले गरिरहेको सहयोगलाई निरन्तरता दिइनेछ ।
९	स्थानिय आय वृद्धि गर्न विभिन्न स्थानिय र हाइब्रिड विरुवा वितरण गरी रोजगारी र कृषिमा सहयोग गरीनु पर्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.४, Community Support Program (CSP) मा समावेश गरि कार्यान्वयन गरिने छ ।
१०	कृषि तालिम अन्तरगत मत्क्ष विकास, माहुरी खेति, नगदे वालि पसुपालन तालिम र साझेदारी कार्यक्रम संचालन गरिनु पर्ने ।	
११	योग्यता क्षमाताका आधारमा स्थानियलाई स्थायी रोजगारीको व्यवस्था गरिनु पर्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.३.१, Providing employment opportunity to local people priority as per their capacity and qualification अन्तर्गत रहेको ।
१२	वातावरण स्वस्थ राख्न सडक सार्वजनिक स्थलको मर्मत, धुलो धुँवा नियन्त्रण, पर्यटक मैत्रि कार्यहरु होम स्टे, आवश्यक टुरिष्ट क्याम्प, पिकनिक स्पट र वृक्षारोपण गरिनु पर्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.४, Community Support Program (CSP) मा समावेश गरि कार्यान्वयन गरिने छ ।
१३	वन क्षेत्रमा निर्माण गरिएका अस्थायी र स्थायी लेवर क्याम्प र उनीहरुले प्रयोग गर्ने वन बाट उत्पादित वस्तुको उपभोग दस्तुर बार्षिक रुपमा वुझाउनु पर्ने ।	वैकल्पिक ऊर्जाको श्रोतहरु जस्तै LPG, मट्टितेलको प्रयोग गरिदै आएको छ ।
१४	कामदारहरु र निर्माण स्थलमा रहेका कर्मचारीको विवरण मासिक रुपमा GCAP,CAMC, वडा कार्यालय र सुरक्षा निकायमा अनिवार्य उपलब्ध गरिनु पर्ने ।	कामदारहरु र निर्माण स्थलमा रहेका कर्मचारीको विवरण वडा कार्यालय लगायत प्रहरी कार्यालयमा उपलब्ध छन् ।
१५	पालिका, वडा कार्यलय, GCAP,CAMC, लगायत यस विगु १ मा रहेका संघ संस्था विद्यालयहरु सित सहकार्य मासिक कोर्डिनेसन वैठक बसि समस्या सामाधान गरिनु पर्ने ।	आयोजनाको गुनासो निवारण संयन्त्र मार्फत समस्याहरुको समाधान गरिँदै आएको छ । सो सम्बन्धि विवरण अनुसूची- २ मा समावेश गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

क्र.सं.	राय सुझावहरु	सम्बोधन
१६	नदि खोला क्षेत्रको सुरक्षाका लागि कार्य गरिनु पर्ने कार्य गरिनु पर्ने । जस्तै तटबन्ध, भू-क्षय नियन्त्रण, वृक्षरोपण आदि ।	आयोजनाले नदि खोला क्षेत्रको सुरक्षाका लागि गर्दै आएको विवरणहरु अनुसूची- २ मा समावेश गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।
१७	निर्माण कार्यका वेला उत्पादित मक उचित स्थान पहिचान गरी व्यवस्थपन गरिनु पर्ने ।	अध्याय ८,तालिका ८-१ वातावरणीय प्रभाव न्यूनिकरण तथा अभिवृद्धिका उपायहरुको तुलनात्मक तालिका (भौतिक वातावरण, निर्माणको चरणः जमिनको उपयोगमा परिवर्तन सम्बन्धी सवाल)
१८	चोरी सीकार, चोरी निकासी बढ्ने हुदा सुरक्षा निकाय र सम्बन्धित समितिमा गोष्ठी सेमिनार, सचेतना कार्यक्रम गरिनु पर्ने ।	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ८.७ Wildlife conservation plan मा समावेश गरिएको छ ।
१९	मानव वन्यजन्तु द्धन्द न्यूनिकरण गरी वन्यजन्तु मैत्रि कार्य गरिनु पर्ने ।	

३.९ अन्तिम प्रतिवेदनको तयारी

स्थलगत अध्ययन र अन्य श्रोतबाट उपलब्ध तथ्याङ्कको विश्लेषणबाट पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन तयार पारिएको छ । आधारभूत तथ्याङ्कको विश्लेषणको आधारमा प्रभावहरुको पूर्वानुमान गरि उपयुक्त सकारात्मक उपायहरु र नकारात्मक प्रभावको न्युनिकरणका उपायहरु प्रस्ताव गरिएको छ । न्युनिकरणका उपायहरुको कार्यान्वयनका लागि अनुगमन योजना तयार पारिएको छ । साथै वातावरणीय व्यवस्थापन योजना र अनुगमन गर्न लाग्ने लागत, अनुगमन गर्ने जिम्मेवार निकाय सहित प्रतिवेदन तयार गरिएको छ ।

अध्याय ४: प्रस्तावसँग सम्बन्धित नीति, कानून तथा मापदण्ड

४.१ सम्बन्धित नीति, कानून तथा मापदण्डहरुको पुनरावलोकन

यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने संविधान, नीति, कार्यनीति, गुरुयोजना, आवधिक योजना, ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तथा अन्तराष्ट्रिय सन्धि सम्झौता पुनरावलोकन गरी तालिका ४-१ मा उल्लेख गरिएको छ। यस तालिकामा उल्लेख भए बमोजिमका निति, नियम, कार्यविधि, सन्धि आदि आयोजना निर्माण तथा संचालनका बेला कार्यान्वयन गरिनेछ ।

तालिका ४-१: सम्बन्धित नीति, कानुन तथा मापदण्डहरुको पुनरावलोकन

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
नेपालको संविधान	मौलिक हक सम्बन्धी धारा ३०	सम्पूर्ण नागरिकलाई स्वच्छ र स्वास्थ्य वातावरणमा बाच्न पाउने अधिकारका साथै वातावारण प्रदूषणबाट हुने क्षतिको क्षतिपूर्ति सुनिश्चित गरेको छ।
	राज्यका निर्देशक सिद्धान्त, निति तथा दायित्व सम्बन्धी धारा ५१	राज्यले वातावारण संरक्षणलाई प्राथमिकता दिईदै विकास निर्माणका कारणले हुँने वातावारण प्रदूषण वा विनासलाई राष्ट्रिय मापदण्ड भित्र सिमित गर्नु पर्दछ। त्यस्तै, नेपालको संविधानले जैविक-विविधताको संरक्षण, उपलब्ध प्राकृतिक स्रोतहरुको दिगो रुपमा उपभोग आदिका बारेमा पनि उल्लेख गरेको छ।
	धारा ५१, ३ छ	नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रुपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने र ऊर्जाको समुचित प्रयोग गर्ने
योजना, नीति तथा कार्यनीति		
सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२ - २०८५/८६)	परिच्छेद ३ खण्ड ३.३	(३) विद्युत उत्पादन र खपत वृद्धिः लगानी पर्याप्त सुनिश्चित गरी दिगो तथा गुणस्तरीय ऊर्जा उत्पादन गर्ने, उर्जा विकासमा सार्वजनिक तथा निजी लगानी परिचालन गर्नु, उत्पादित विद्युतको लागि आवश्यक प्रशारण तथा वितरण लाइन निर्माण तथा विस्तार गर्नु र उत्पादित ऊर्जाको अन्तरिक उपभोग बढाउनुका साथै निर्यात वृद्धि गर्नेः नवीकरणीय ऊर्जाका नँया श्रोत तथा अवसर उपयोग गर्ने
	खण्ड ३.४	(४) विद्युत उत्पादन, उपयोग र व्यापार मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्नेः जलविद्युत उत्पादन वृद्धि गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न जलविद्युत लगानी सहजीकरणका लागि एकद्वार प्रणाली अवलम्बन गर्नः ऊर्जा क्षेत्रमा सहुलियको व्यवस्था गर्नेः वातावरणीय अध्ययन र जग्गा प्राप्तिलाइ सहजीकरण तथा प्रक्रियागत सरलीकरण गर्ने
	बुँदा ४.४, रणनीति ११	वातावरणलाई असर नगर्ने वा न्यून असर गर्ने गरी विकास निर्माण, वातावरण र विकास बीचको तादाम्यता दिगो र हरित अर्थतन्त्रको प्रवर्दन गरी वित्तीय स्थायित्व र आर्थिक समृद्दी अभिवृद्दि वन जङ्गल, स्वच्छ पानी र उर्वर जमिनको संरक्षण तथा दिगो व्यवस्थापन
	परिच्छेद ६ खण्ड ६.४	(८) विद्युत उत्पादन, प्रशारण, उपयोग र व्यापारका लागि दिगो पूर्वाधार विकास गर्नेः ऊर्जाको अन्तरिक पहुँच र मागलाइ बढाउनेः विद्युत प्रशारण र वितरणको अन्तरिक संजाल विस्तार गर्नेः माग र आपूर्तिको नियमित पूर्वानुमान गर्ने (१०) जलश्रोतको बहुउपयोग गर्नेः नदि वेसिन योजनाका आधारमा जलश्रोतको एकीकृत व्यवस्थापन तथा उपयोग, भूमिगत पानीको श्रोतको पहिचान र संरक्षण गर्ने
जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकूलन राष्ट्रिय	-	सन् २०३० सम्ममा करिब १,४०० मेगावाट १५,००० मेगावाटसम्म स्वच्छ ऊर्जाको उत्पादनमा वृद्धि हुनेछ, जसको ५-१० प्रतिशत हिस्सा लघु तथा साना जलविद्युत, सौर्य, वायु र जैविक ऊर्जाको हुनेछ। यसमा ५,००० मेगावाट आन्तरिक स्रोतबाट उत्पादन गरिनेछ

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
कार्यान्वयन योजना, २०८०-२०८७		र बाँकी अंश अन्तराष्ट्रिय समुदायको वित्तीय सहयोगमा निर्भर रहनेछ। सन् २०३० सम्म कूल ऊर्जा मागको १५ प्रतिशत हिस्सा स्वच्छ ऊर्जा स्रोतबाट आपूर्ति हुनेछ।
राष्ट्रिय जलश्रोत नीति, २०७७	रणनीति १	नदि बेसिन गुरुयोजनाको आधारमा जलश्रोतको उपयोग तथा व्यवस्थापन गरिनेछ।
	नीति १	जलश्रोतको उपयोग र व्यवस्थापनको प्राथमिकताक्रम प्रचलित कानुन बमोजिम हुनेछ।
	नीति ३	नदी बेसिनहरुमा जलविद्युत, सिंचाई, खानेपानी, उद्योग, पर्यटन, मत्स्य पालन, जल यातायात जस्ता जलस्रोत उपयोगका लागि
	नीति ४	नदि बेसिनहरुमा जलविद्युत, सिंचाई, खानेपानी, उद्योग, पर्यटन, मत्स्यपालन, जल यातायात जस्ता जलश्रोत उपयोगका लागि निर्माण भईसकेका र भविष्यमा निर्माण हुने योजनाहरु नदि बेसिन योजना तथा जलश्रोत सम्बन्धि क्षेत्रगत गुरुयोजनाअनुसार सम्बन्धित क्षेत्रका निकायहरु मार्फत निर्माण र व्यवस्थापन गरिनेछ।
राष्ट्रिय वातावारण नीति २०७६	८.२ वातावरणीय मूलप्रवाहिकरण ८.३ वातावरणीय न्याय	विकास आयोजनाहरुका सबै चरणमा वातावरणीय पक्षलाई आन्तरिकरण गर्ने, नीति, कार्यक्रम, आयोजना लगायतले पार्ने सामाजिक तथा वातावरणीय प्रभावको आंकलन गर्ने व्यवस्था मिलाउने, प्रतिकूल प्रभावलाई न्यूनिकरण र अनुकूल प्रभावलाई विस्तार गर्ने र वातावरणीय अध्ययन प्रतिवेदनहरु लाई वस्तुपुरक र विश्वासनीय तुल्याउन आवश्यक व्यवस्था मिलाउने नीति अनुरुप विभिन्न रणनिति र कार्यनीति तय गरीएको छ । प्रदुषकले प्रदुषणको दायित्व व्यहोर्नुपर्ने र विकास आयोजनाबाट सृजित प्रतिकूल वातावरणीय प्रभावमा परेका समुदायलाई न्यायोचित ढङ्गबाट क्षतिपूर्तिको व्यवस्था गर्ने नीति लिईएको छ।
राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६	८.३ जलस्रोत तथा उर्जा	जलस्रोतको बहुउपयोग र न्यून कार्बन ऊर्जा उत्पादनलाई प्रवर्द्धन गर्दै ऊर्जाको सुनिश्चितता गर्ने नीति अन्तर्गत जलविद्युत आयोजना निर्माण गर्दा वातावरणमैत्री स्थान छनोट गर्ने र जलवायु मैत्री प्रविधिहरुको प्रयोग गर्ने, नदीको पारिस्थितिकीय प्रणालीमा पर्ने प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गर्ने कुरालाई महत्व दिइएको छ ।
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति, २०७५	बुँदा ३-ध्येय (Mission)	विपद् जोखिमको न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरूलाई सन्तुलित रूपमा कार्यान्वयन गरी विपद्बाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका स्रोतसाधनहरूका साथै व्यक्ति, समुदाय र राष्ट्रको आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार र साँस्कृतिक एंव पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेख्यरूपमा कमी गर्नु तथा तिनीहरूको उत्थानशीलता बृद्धि गर्नु यस नीतिको ध्येय रहेको छ।
	बुँदा ७	७.३ प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपहरुको नियमितरुपमा सुक्ष्म निगरानी र मापन गरिनेछ। ७.२४ विपद जोखिमबाट सुरक्षित भवन निर्माण कार्यलाई प्रोत्साहन गर्न राष्ट्रिय भवन संहिता र स्थानीय मापदण्डलाइ समय साक्षेप परिमार्जन गरी लागु गरिनेछ । ७.२५ विकासका भौतिक पूर्वाधारहरुको डिजाइन तथा निर्माण क्रममा जोखिम सुरक्षित पूर्वाधार नीति अवलम्बन गरिनेछ। साथै जलवायु परिवर्तन अनुकुलित पूर्वाधार निर्माणलाइ समेत प्रोत्साहन गरिनेछ। ७.५६ विपद जोखिम न्यूनीकरण, पुर्वतयारी, पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा द्वीपक्षिय, क्षेत्रिय तथा अन्तर्राष्ट्रिय समन्वयन, सहयोग र सहकार्यलाइ प्रोत्साहन गरिनेछ।
राष्ट्रिय भूमि नीति २०७५	उद्देश्य नं ५	विकास निर्माणका लागि भूमि प्राप्तिलाई सहज वातावरण सृजना गर्ने, विकास योजनाको लागत जग्गा प्राप्तिका कारण बढन नदिने आदि व्यवस्था गर्ने उद्देश्य रहेको छ।

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
राष्ट्रिय वन नीति ,२०७५	नीति ८.१, कार्यनीति २	राष्ट्रिय प्राथमिकता प्राप्त वा राष्ट्रिय गौरवका आयोजनाहरु संचालन गर्न वन प्रयोग गर्नुको विकल्प नभएमा संघले कानून, निर्देशिका तथा कार्यविधिका आधारमा वन क्षेत्र प्रयोग गर्ने व्यवस्था गर्नेछ र वन क्षेत्र प्रयोग गर्दा घटेको वनको क्षेत्रफललाई परिपूर्ति हुने गरी संघले प्रदेश तथा स्थानीय तहसंग समेत समन्वय गरी वृक्षारोपण तथा वनको पुर्नस्थापना गर्नेछ।
पूर्वाधार विकास आयोजनाका लागि जग्गा प्राप्ति, पुनर्वास तथा पुनर्स्थापना सम्बन्धी नीति २०७२	नीति ७.१.२	आयोजना छनोट गर्दा सो बाट हुन सक्ने भौतिक र आर्थिक सामाजिक विस्थापनलाई न्यूनीकरण गर्ने गरी तयार गरिएको विकल्पलाई प्राथमिकता दिने।
	नीति ७.१.३	आयोजना संचालन गर्ने निकायले सो बाट प्रभावित व्यक्ति/परिवारको जिविकोपार्जन पुनर्स्थापना गर्न साधन स्रोतको सुनिश्चित गर्ने।
	नीति ८.२.६	आयोजना प्रभावित जग्गाको मुआब्जा/क्षतिपुर्ति निर्धारण तथा सहायता र लाभ वितरणको व्यवस्था गरिनेछ।
	नीति ९	आयोजनाको लागि आवश्यक पर्ने जग्गा प्राप्ति तथा स्वामित्व हस्तान्तरणका उपायहरु प्रस्तुत गरिएको छ।
	नीति ११	कुनै पनि आयोजनाले नेपाल सरकारको स्वीकृत बेगर सरकारी सार्वजनिक जग्गा प्रयोग गर्न पाइने छैन। तर कुनै आयोजना कार्यान्वयन गर्न सरकारी जग्गा आवश्यक नै पर्ने भएमा भूमिसुधार तथा व्यवस्था मन्त्रालय मार्फत नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ।
राष्ट्रिय भू-उपयोग नीति २०७२	नीति नं ७	उपलब्ध भूमिको दिगो सामाजिक, आर्थिक र पारिस्थितिक विकासलाई सन्तुलनमा राखी उच्चतम प्रयोग गर्ने नीति उल्लेख गरिएको छ। साथै, भू - बनोट अनुरुप भू - उपभोगको वर्गीकरण गरी सोहि अनुरुप योजना तर्जुमा गर्ने नीति पनि अंगिकृत गरिएको छ। राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुलाई वन क्षेत्र प्रयोग गर्नुपर्ने अवस्थामा प्रयोग हुने वन क्षेत्रको क्षेत्रफल भन्दा कम नहुने गरी वृक्षारोपण तथा वनको पुर्नस्थापना गर्नु पर्ने कुरा औल्याएको छ।
राष्ट्रिय जैविक विविधता सम्बन्धी रणनीति तथा कार्ययोजना ई. सं २०१४ - २०२०	अध्याय ५ :जैविक विविधता व्यवस्थापनका रणनीतिहरू	यस अन्तर्गत वातावरण प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदनमा उल्लेख भएका योजनाहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने कुरालाई प्राथमिकता दिईएको छ। यस रणनीतिले जैविक विविधताको संरक्षण, व्यवस्थापन, दिगो प्रयोग आदि लाई पनि प्राथमिकता दिईएको छ ।
जलस्रोत रणनिति, २०५९		यस रणनितिले जलविद्युत विकासका लागि निजी क्षेत्रलाई पनि आकर्षित गरी कम लागतमा विद्युत उत्पादन गर्ने र विद्युत विकासका आयोजनाहरु वातावारणमैत्री बनाउनु पर्नेमा जोड दिएको छ।
जलविद्युत विकास नीति, २०५८		यस नीतिले निजी क्षेत्रलाई जलविद्युत विकासमा आकर्षित गर्ने तथा अनुमतिपत्र सम्बन्धी विभिन्न व्यवस्था गरेको छ। त्यसैगरी जग्गा प्राप्तिमा सहजीकरण गर्ने, आयोजना सम्बन्धी संयन्त्रहरु, उपकरणहरु, पार्टपुर्जाहरु मा मूल्य अभिवृद्धि कर छुट दिने आदि व्यवस्था गरेको छ। जलविद्युत आयोजनाको निर्माणगर्दा नदीको कम्तिमा १० प्रतिशत (न्यून मासिक वहावको) वा वातावरणीय अध्ययन प्रतिवेदनबाट देखिएको न्यूनतम आवश्यक मात्रामा जुन बढी हुन्छ सो मात्रामा पानी नदीमा छोड्ने व्यवस्था मिलाउने कुरा उल्लेख गरिएको छ।
नेपालको संरक्षण रणनिति, २०७१		नेपालको संरक्षण रणनीतिले नेपालको प्राकृतिक स्रोतहरुको संरक्षण र उपयोग वातावरणमैत्री तवरले गर्नुपर्नेमा जोड दिएको छ।
ऐन		
वन ऐन, २०७६	दफा ४१	वनक्षेत्रको भूउपयोग परिवर्तन नगर्न: राष्ट्रिय वनको कुनै पनि भाग वनक्षेत्रको भू उपयोग परिवर्तन हुने गरी प्रयोग गर्ने छैन। पूर्वाधार विकासको लागि नेपाल सरकारको निर्णय बमोजिम कुनै आयोजनालाई उपलब्ध गराएको वनक्षेत्रको हकमा यो व्यवस्था लागू हुने छैन।
	दफा ४२, उपदफा १	राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृति भएको योजना, राष्ट्रिय गौरवका आयोजना संचालन गर्न वनक्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
		नभएमा र प्रचलित कानून बमोजिमको वातवरणीय परीक्षणबाट योजना संचालन गर्दा वातावरणमा उल्लेखिनीय प्रतिकूल असर नपर्ने देखिएमा नेपाल सरकारले त्यस योजना संचालन गर्नको लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृती दिन सक्नेछ।
	दफा ४२, उपदफा २	उपदफा (१) बमोजिम योजना संचालनको लागि वनक्षेत्र उपलब्ध गराउँदा जति वनक्षेत्र प्रयोग गर्नु पर्ने हो कम्तीमा त्यति नै क्षेत्रमा रुख रोप्नको लागि सम्भव भएसम्म आयोजनास्थलको नजिक पर्ने राष्ट्रिय वनक्षेत्रसंग जोडिएको र समान भौगोलिक र पारिस्थितिकिय क्षेत्रमा पर्ने तथा वनको विकास गर्न सकिने भूबनोट भएको जग्गा उपलब्ध गराउनु पर्नेछ।
	दफा ४२, उपदफा ३	प्रदेश वा स्थानीय तहले कुनै विकास आयोजना संचालन गर्दा वनक्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानुन बमोजिमको वातावरणीय परिक्षणबाट त्यस्तो योजना संचालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा सो आयोजना संचालन गर्न त्यस्तो वनक्षेत्रको जग्गा प्राप्त गर्नको लागि नेपाल सरकार समक्ष अनुरोध गर्न सक्नेछ।
	दफा ४२, उपदफा ४	उपदफा (३) बमोजिमको अनुरोधमा जग्गा प्राप्त भएमा यस दफाको अधीनमा रही नेपाल सरकारले त्यस्तो आयोजना कार्यन्वयन गर्नका लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिन सक्नेछ।
	दफा ४२, उपदफा ५	उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो जग्गा उपलब्ध हुन नसकको अवस्थामा त्यस्तो आयोजनाको संचालकले वन विकासको लागि जग्गाको व्यवस्था गर्नको लागि आवश्यक पर्ने रकम उपलब्ध गराउनु पर्नेछ।
	दफा ४२, उपदफा ६	उपदफा (२) वा (५) बमोजिमको जग्गामा पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्नको लागि आवश्यक पर्ने रकम उपलब्ध गराउनु पर्नेछ।
	दफा ४२, उपदफा ७	उपदफा (१) बमोजिम वनक्षेत्रको जग्गा उपयोग गर्न दिए बापत उपदफा (५) र (६) बमोजिम प्राप्त रकम दफा ४५ बमोजिमको कोषमा जम्मा गरिनेछ।
	दफा ४२, उपदफा ८	उपदफा (१) बमोजिम वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिँदा कुनै व्यक्ति वा समुदायलाई कुनै हानि नोक्सानी हुने भएमा नेपाल सरकारले क्षतिपूर्तिको उपयुक्त व्यवस्था गरी दिनु पर्नेछ।
वातावरण संरक्षण ऐन, २०७६	दफा ३, उपदफा १	प्रस्तावकले तोकिए बमोजिमको प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गनु पर्नेछ।
	दफा ४, उपदफा १	प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सक्ने विभिन्न विकल्पहरूको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सक्ने आधार र कारण सहित सिफारिस गर्नु पर्नेछ।
	दफा ५, उपदफा १	यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नपूर्व सम्बन्धित निकायबाट त्यस्तो प्रस्तावको संक्षिप्ति वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा कार्यसूची र वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गर्न पर्नेछ।
	दफा ६, उपदफा १	यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुने गरी तोकिए बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
	दफा ११ को उपदफा १	वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार डिजाइन वा स्वरुपमा केही परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वन क्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा त्यस्तो कार्य गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न प्रस्तावकले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने व्यवस्था रहेको छ ।
	दफा १२, उपदफा १	वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको कार्यायान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भए नभएको मितीले छ महिनाभित्र त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन अद्यावधिक रुपमा राख्नु पर्नेछ ।
भू - उपयोग ऐन, २०७६	दफा ४	यस ऐन बमोजिम नेपालको भूबनौट, भूमिको क्षमता तथा उपयुक्तता, भूमिको मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा भूमिलाई देहाय बमोजिम भूउपयोग क्षेत्रमा वर्गीकरण गरिनेछः- (क) कृषि क्षेत्र, (ख) आवासीय क्षेत्र, (ग) व्यावसायिक क्षेत्र, (घ) औद्योगिक क्षेत्र, (ङ) खानी तथा खनिज क्षेत्र, (च) वन क्षेत्र, (छ) नदी, खोला, ताल, सीमसार क्षेत्र, (ज) सार्वजनिक उपयोगको क्षेत्र, (झ) सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र, (ञ) नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र ।
खानी तथा खनिज पदार्थ ऐन, २०४२	दफा ५ को उपदफा १	खनिज कार्य गर्न चाहने व्यक्तिले गुणस्तर तथा प्रमाण यकिन भई नसकेको खनिज पदार्थको हकमा सर्वप्रथम खोजतलास कार्य गर्ने अनुमतिको लागि र गुणस्तर तथा परिमाण यकिन भै सकेको खनिज पदार्थको हकमा उत्खनन कार्यको प्रस्तावित योजना समेत संकलन गरि उत्खनन कार्य गर्ने अनुमतिको लागि तोकिएको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछ ।
	उपदफा २	निवेदन प्राप्त भैसके पछि विभागले आवश्यक जाँचबुझ गरि निवेदन दिने व्यक्ति आर्थिक एवं प्राविधिक क्षमता भएको र खनिज कार्य गर्न आवश्यक योग्यता भएको देखिएमा निजलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ ।
	दफा ६	खोजतलास कार्य गर्दा अनुमति पत्रमा उल्लेखित खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थ पत्ता लागेमा त्यसको जानकारी तिस दिन भित्र विभागलाई दिनु पर्नेछ।
	दफा ११	खनिज कार्य गर्दा वातावरणमा उल्लेखनीय प्रतिकुल असर (सिग्नीफि केन्ट) नपर्ने गरि गर्नु पर्नेछ। साथै वातावरण संरक्षणका सम्बन्धमा तोकिए बमोजिमका बचाउका उपायहरु अपनाउनु पर्नेछ।
रोजगारीको हक सम्बन्धी ऐन, २०७५	परिच्छेद २	प्रत्येक नागरिकलाई रोजगारी पाउने अधिकार र आफुले चाहेको रोजगार छनोट गर्ने अधिकार हुन्छ। बेरोजगार व्यक्तिलाई रोजगार दिने सम्बन्धमा व्यक्तिको धर्म, जाति, लिङ्ग वा यस्तै कुनै आधारमा भेदभाव गर्न पाइने छैन। यसैगरी, रोजगारीमा लागेको व्यक्तिलाई बिनाकारण रोजगारीबाट हटाउन पाइने छैन। यसका साथै नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहले बेरोजगार व्यक्तिलाई न्युनतम रोजगार प्रदान गर्न रोजगारीमुलक कार्यक्रम संचालन

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
		गर्ने।
संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३		यस ऐनले दुर्लभ, लोपोन्मुख वा संरक्षित वन्यजन्तु वा वनस्पति वा सो को नमुना संकलन वा कारोबार गर्न सरोकारवाला निकायबाट स्वीकृती लिनु पर्ने व्यवस्था छ।
श्रम ऐन ,२०७४	दफा २८	काम गर्ने समय : (१) रोजगारदाताले श्रमिकलाई प्रतिदिन आठ घण्टा र एक हप्तामा अठ्चालीस घण्टाभन्दा बढी समय हुने गरी काममा लगाउन पाइने छैन। (२) श्रमिकलाई लगातार पाँच घण्टा काम गरेपछि आधा घण्टा विश्रामको समय दिनु पर्नेछ। (३) काम रोक्न नहुने तथा लगातार काम चलाइरहनु पर्ने भएमा श्रमिकलाई त्यस्तो विश्रामको समय आलोपालो गरी दिनु पर्नेछ।
	दफा ६८	सुरक्षा र स्वास्थ्य सम्बन्धी नीति बनाउनु पर्ने (१) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिइएको निर्देशनको अधीनमा रही रोजगारदाताले कार्यस्थलमा श्रमिक तथा अन्य व्यक्तिको सुरक्षा र स्वास्थ्य सम्बन्धी नीति बनाई लागू गर्नु पर्नेछ।
	दफा ६९	श्रमिकप्रति रोजगारदाताको कर्तव्य (१) व्यवसायजन्य सुरक्षा र स्वास्थ्यका सम्बन्धमा रोजगारदाताको श्रमिकप्रति देहाय बमोजिमको कर्तव्य हुनेछ — कार्यस्थलमा सुरक्षा र स्वास्थ्य सम्बन्धी उचित प्रबन्ध गरी काम गर्नेसुरक्षित वातावरण बनाउने, कार्यस्थलमा रासायनिक, भौतिक वा जैविक पदार्थ वा उपकरणको प्रयोग, संचालन , सञ्चय र परिवहन गर्दा सुरक्षा र स्वास्थ्यमा प्रतिकूल असर नपर्ने व्यवस्था मिलाउने, श्रमिकलाई आवश्यकता अनुसार सुरक्षा र स्वास्थ्य सम्बन्धी आवश्यक सूचना, जानकारी र तालिम प्रदान गर्ने, श्रमिकलाई उपकरण वा कामसँग सम्बन्धित रासायनिक, भौतिक वा जैविक पदार्थको प्रयोग र संचालन का सम्बन्धमा आवश्यक तालिम र जानकारी उपयुक्त भाषामा दिने, कार्यस्थलमा सुरक्षित रुपमा प्रवेश गर्ने तथा निस्कने समुचित व्यवस्था गर्ने। श्रमिकलाई आवश्यकता अनुसार व्यक्तिगत सुरक्षा साधन उपलब्ध गराउने।
स्थानीय सरकार संचालन ऐन , २०७४	दफा ११	यस दफाले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र वातावरण तथा जैविक विविधता संरक्षण र विपद् व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन गर्ने, स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनिकण गर्ने आदि रहेका छन्।
अन्तर - सरकारी वित्त व्यवस्था ऐन, २०७४	दफा ७	यस दफा र यस अन्तर्गतको अनुसूची ४ ले प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडको सम्बन्धमा व्यवस्था गरेको छ। यस अनुसार विद्युतको रोयल्टी ५०% नेपाल सरकार, २५% सम्बन्धीत प्रदेश र बाँकी २५% सम्बन्धीत स्थानीय तहलाई वितरण हुने व्यवस्था गरेको छ ।
विद्युत नियमन आयोग ऐन, २०७४	दफा ३	आयोगले विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धमा प्राविधिक व्यवस्थापनको लागि ग्रिड संहिता र वितरण संहिता बनाई कार्यन्वयन तथा अनुगमन गर्ने, विद्युत सेवाको संचालन तथा मर्मत सम्भारको स्तर तथा कार्यविधि निर्धारण, विद्युत प्रणालीको गुणस्तर तथा सुरक्षास्तर कायम राख्न जस्ता कार्यहरुको आवस्यक विद्युत महसुल निर्धारण गर्ने तथा विधुतीय खरिद बिक्रीको नियमन गर्ने साथै विद्युत बजारमा प्रतिस्पर्धा कायम गर्ने साथै उपभोक्ता हितको संरक्षण गर्ने आयोगले विद्युत उद्पादनको अनुमति प्राप्त व्यक्तिहरुको संगठनात्मक अभिवृद्धि गरी संस्थागत सुशासन कायम गर्न विभिन्न कार्यहरुको बारे उल्लेख छ

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
		अनुमति प्राप्त व्यक्तिहरु बिचको विद्युत सम्बन्धि विवाद या अन्य कसैलाई यी व्यक्तिहरुले गरेको निर्णयमा चित्त नबुझेको विषयमा विवाद या अन्य कुनै आयोग समक्ष उजुरी परेको विवाद समाधान गर्ने अधिकार आयोग लाई हुने आयोगले दफा १७ को उपदफा (३) वा दफा ३७ बमोजिमको आदेश वा निर्देशन, दफा १८ को उपदफा (२) बमोजिमको निर्णय वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको कुनै विषय पालना नगर्ने वा पूर्व सूचना नदिई विद्युत सेवा अवरुद्ध गर्ने वा गराउने अनुमतिपत्र प्राप्त व्यक्तिलाई पाँच लाख रूपैयाँसम्म जरिबाना गर्न सक्ने।
मुलुकी देवानी कार्यविधि संहिता, २०७४	दफा ९ को उपदफा ३	मुद्दाको कारबाहीको सिलसिलामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा त्यसको कुनै निकाय वा कुनै कानुनी व्यक्ति अदालत समक्ष बादी वा प्रतिवादीको रुपमा प्रस्तुत भएकोमा कानुनमा अन्यथा व्यवस्था भएकोमा वा अदालतले अन्यथा आदेश दिएकोमा बाहेक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा त्यसको कुनै निकाय वा कुनै कानुनी व्यक्तिले मुद्दाको कारबाहीको क्रममा छुटै हैसियत, सुविधा, सहुलियत, उन्मुक्ति वा छुट् दाबी गर्न सक्ने छैन।
	दफा १०	अदालतमा फिरादपत्र दायर गर्न चाहने व्यक्तिले कुनै दाबी लिन निजमा अधिकार रहेको वा त्यस्तो दाबीको सम्बन्धमा निजको कानुनसम्मत हित वा सरोकार रहेको व्यहोरा फिरादपत्रमा उल्लेख गरी निजको हददैया रहेको कुरा देखाउनु पर्नेछ।
	दफा १३ को उपदफा १	अदालतले कुनै पनि मुद्दाको फैसला गर्नु अघि त्यस्तो मुद्दामा मिलापत्र गर्न वा मेलमिलापको प्रक्रिया अपनाई मिलापत्र गर्न पक्षहरुलाई अवसर दिनु पर्नेछ।
	दफा २६६ उपदफा १	कानुन बमोजिम क्षतिपूर्ति पाउन सक्ने मुद्दामा सम्बन्धित व्यक्तिले क्षतिपूर्तिको दाबी गरेको रहेछ भने अदालतले निर्णय गर्दा क्षतिपूर्ति निर्धारण गर्नु पर्नेछ
	दफा २६६ उपदफा २	क्षतिपूर्ति निर्धारण गर्दा क्षति बापत भएको वास्तविक हानी, नोक्सानी, क्षति भएको कारणबाट आयमा भएको हानी नोक्सानी र क्षति भएको कारणबात व्यहोर्नु परेको थप हानी, नोक्सानीमा विचार गर्नु पर्नेछ।
मुलुकी देवानी संहिता, २०७४	दफा ६	आयोजनाले सार्वजनिक हित विपरित हुने गरि कुनै काम कारबाही गर्न पाउने छैन।
	दफा ८	कुनै काम गर्दा वा गराउंदा कसैको गल्तीले अरुलाई हानी, नोक्सानी हुन गएमा त्यसरी हानी, नोक्सानी भएको क्षतिको दायित्व त्यस्तो गल्ति गर्ने वा गराउनेले व्यहोर्नु पर्नेछ।
	दफा १८	सामान्य कानुनको प्रयोगमा उत्पति, धर्म, जात, लिङ्ग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भास्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन।
	दफा २१	कानुन बमोजिम बाहेक कसैले सम्बन्धित व्यक्तिको मन्जुरी नलिई देहाएका कुनै काम गरेमा गोपनियताको अधिकार अतिक्रमण भएको मानिने छः- क. कुनै व्यक्तिको बासस्थानमा प्रवेश गरेमा, ख. कसैको चिट्ठीपत्र खोलेमा वा त्यसको प्रयोग गरेमा, टेलिफोन वा अन्य माध्यमबाट भएको कुराकानी, बोलि, ध्वनी, टेप वा रेकर्ड गरेमा वा सुनेमा, ग. कुनै व्यक्तिको निजि जीवनको व्यवहार, आचरणको चियो चर्चा, प्रकाशन, प्रशारण वा प्रचार गरेमा, घ. कसैको आकृति वा तस्बिर खिचेमा, ङ. अरुको नाम, आकृति, तस्बिर वा आवाजको नक्कल गरी सार्वजनिक गरेमा

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४	दफा ५ को उपदफा १	अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिले समितिको सिफारिसमा मन्त्रालयले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोके बमोजिमको योगदान कोषमा जम्मा गरि सामाजिक सुरक्षा योजनामा सहभागी हुन सक्नेछ।
	दफा ५ को उपदफा २	अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेको व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा प्रोत्साहन गर्न त्यस्तो व्यक्तिले सामाजिक सुरक्षा योजनामा रहेको योगदानको आधारमा तोकिए बमोजिमको रकम नेपाल सरकारले कोषमा जम्मा गरिदिनेछ।
	दफा ५ को उपदफा ३	कोषले अनौपचारिक क्षेत्रको श्रमिक तथा स्वरोजगारमा रहेको व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा सहभागी गराउने प्रयोजनको लागि सरकारी संस्था वा संघ ,समुदाय वा अन्य संघ संस्थासंग सहकार्य गर्न सक्नेछ।
	दफा ५ को उपदफा ४	कोषले अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षाका लागि तोकिए बमोजिमका सामाजिक सुरक्षा योजना संचालन गर्न सक्नेछ।
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४	परिच्छेद ८	२०. सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व १. विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछः क. आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामाग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिम अन्य व्यवस्था गर्ने, ख. तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा कार्यकारी समिति, विपद् व्यवस्थापन सम्बन्धी अन्य समिति तथा प्राधिकरणलाई आवश्यक सहयोग गर्ने, ग. आफ्ना कर्चारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा प्राधिकरणले तोके बमोजिमका आधारभूत अभिमुखीकरण तालिम दिने, घ. विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने, ङ. नेपाल सरकार, प्राधिकरण, प्रदेश सरकार, स्थानीय तह र प्रमुख जिल्ला अधिकारीको आदेश अनुसार आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनको लागि आवश्यक परेमा उपलब्ध गराउने, च. सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुर्‍याउने, छ. विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने, ज. फोहोरमैला तथा प्रदुषणको संयन्त्रको व्यवस्था गरी त्यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने, झ. विपद्का घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसंचालन केन्द्रलाई खबर गर्ने। २. सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधिनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्नु पर्नेछ ।
जनस्वास्थ्य सेवा ऐन, २०७५	दफा ४० को उपदफा १	ध्वनि, वायु जल तथा दृश्य प्रदूषणले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्यूनीकरण गर्नका लागि सङ्घीय कानुन बमोजिम नेपाल सरकारले यस सम्बन्धी मापदण्ड निर्धारण गर्न सक्ने कुरा उल्लेख गरिएको छ। त्यस्तै दफा ४१ मा सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक मापदण्ड बनाउने कुरा उल्लेख छ।
बालबालिका सम्बन्धी ऐन, २०७५	परिच्छेद २ ,दफा ३	(१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको बिकासको लागि बालबालिका माथि हुन सक्ने दुर्घटनाको रोकथाम,

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
		जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय आवलम्बन गर्नेछन्।
	दफा ५	(१) कुनै पनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव गर्ने छैन।
विरुवा संरक्षण ऐन, २०६४		बिरुवा तथा बिरुवाजन्य उपजको निकासी, पैठारी र ओसारपसार गर्दा शत्रुजीवको प्रवेश, स्थापना र फैलावट रोक्न, तिनीहरुको प्रभावकारी नियन्त्रणको लागि उपयुक्त तरिकाहरु अवलम्बन गरी बिरुवा तथा बिरुवाजन्य उपजहरुको व्यापार प्रवर्धन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न यो ऐन जारी गरिएको हो । दफा ५ (च) पैठारी वा निकासी गरिने बिरुवा वा बिरुवाजन्य उपजको स्वास्थ्यता सम्बन्धी मापदण्ड स्वीकृत गर्ने व्यवस्था रहेको छ ।
संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७	दफा ४	क. संघ वा प्रदेश वा स्थानीय तहले एकल वा साझा अधिकार प्रयोग गर्दा संघ, प्रदेश तथा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने ख. संघीय कानुन प्रदेश तथा स्थानीय तह संग बांझिन नहुने ग. कुनै विषयको कार्यान्वयन दोहोरो नपर्ने गरि सम्भब भए सम्म स्थानीय तहको भूमिका रहने
	दफा ५	२) प्रदेश वा स्थानीय तहले कानुन बनाउदा वा सो को कार्यान्वयन गर्दा सो बिषयमा संविधान बमोजिम कुनै सर्त वा मापदण्ड पालना गर्नु पर्ने व्यवस्था भएकोमा त्यस्तो शर्त वा मापदण्डको अधिनमा रही र संविधानमा संघले निती बनाउने व्यवस्था भएकोमा त्यस्तो निती वा निती अन्तर्गत बनेको संघीय कानुनको अधिनमा रही कार्यन्वयन गर्नु वा कानुन बनाउनु पर्नेछ (३) संघ, प्रदेश वा स्थानीय तह मध्य एकभन्दा बढी तहको एकल अधिकारमा परेको विषयको कार्यन्वयन गर्दा वा कानुन बनाउँदा प्रदेशले संघीय कानुन प्रतिकुल नहुने गरि र स्थानीय तहले संघीय र प्रदेश कानुन पत्रिकुल नहुने गरि कार्यन्वयन गर्नु वा कानुन बनाउनु पर्नेछ
	दफा २१ को उपदफा (३)	विभाग वा अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्दा कुनै जग्गा वालाले आफ्नो जग्गा उपभोग गर्न नपाएमा वा त्यस्तो जग्गामा रहेको बालि, रुख, वस्तु वा अन्य सम्पति नोक्सानी भएमा गाउँपालिका वा नगरपालिकाको परामर्स लिई प्रचलित दरभाउलाई समेत ध्यानमा राखी सम्बन्धित जग्गा वालालाई क्षेतिपुर्ति दिइनेछ।
फोहरमैला व्यवस्थापन ऐन, २०६८	दफा ४ को उपदफा (१)	हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।
	दफा ५ को उपदफा (१)	कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहोरमैला यथाशक्य कम गर्नु पर्नेछ।
	दफा ५ को उपदफा २	आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैलामात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ।

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३	दफा ३	दुर्लभ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको कारोबार वा व्यापार गर्न वा गराउन नहुनेः (१) कसैले पनि दुर्लभ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सो को नमुना खरिद बिक्री गर्न, आफूसँग राख्न, प्रयोग गर्न, रोप्न, हुर्काउन, नियन्त्रित प्रजनन् गर्न, ओसारपसार गर्न वा निकासी वा पैठारी गर्न वा गराउन हुँदैन।
बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६	दफा ३ को उपदफा १	कसैले पनि चौध वर्ष उमेर पुरा नगरेको बालकलाई श्रमिकको रुपमा काममा लगाउनु हुदैन।
	दफा ६ को उपदफा १	कुनै प्रतिष्ठानले बालकलाई काममा लगाउनु परेमा सम्बन्धित श्रम कार्यालय वा सो को कार्यालयले तोकेको अन्य कुनै निकाय वा अधिकारी र बालकको बाबु आमा वा संरक्षकको स्वीकृति लिनु पर्ने तर नेपाल सरकारबाट स्वीकृति प्राप्त शिक्षण संस्था वा बालकको हक र हितको संरक्षको निमित्त कार्यरत प्रचलित कानुनबमोजिम स्थापित संस्थाद्वारा बालाको बृहत हितको निमित्त आयोजना गरिने काममा वा सांकृतिक कार्यक्रममा लगाउन यस दफा बमोजिम स्वीकृति लिनु पर्ने छैन।
	दफा ६ को उपदफा २	बालकलाई काममा लगाउने स्वीकृति दिंदा श्रम कार्यालयले सम्बन्धित प्रतिष्ठानलाई बालकको शीप र योग्यताको विकास गर्ने तथा शिक्षा प्रदान गर्ने उदेश्यले उपयुक्त शर्तहरु लगाउन सक्नेछ र प्रतिष्ठानले यसको पालना गर्नु पर्नेछ।
विद्युत ऐन , २०४९	दफा ३	अनुमतिपत्र नलिई कसैले पनि विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण गर्न हुँदैन।
	दफा ४ को उपदफा १	विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका विवरणहरु खुलाई तोकिएको अधिकारी समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ। तर विद्युतको सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्त दिंदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्ने छैन।
जलस्रोत ऐन, २०४९	दफा ४	यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन।
	दफा ७	जलस्रोतको उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछः– क. खानेपानी र घरेलु उपयोग, ख. सिंचाइ ग. पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग, घ. जलविद्युत, ङ. घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग, च. जल यातायात, छ. आमोद प्रमोदजन्य उपयोग, ज अन्य उपयोग।
	दफा ९ को उपदफा १	जलविद्युत उत्पादन गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ
राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९	दफा ९	क. प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण र व्यवस्थापन गर्नका लागि राष्ट्रिय प्रकृति संरक्षण कोष स्थापना गर्न वाञ्छनीय भएकोले यो ऐन बनेको हो । ख. कोषको काम र कर्तव्यः कोषको काम र कर्तव्य देहायबमोजि हुनेछ- ग. वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण, संबर्द्धन र व्यवस्थापन गर्ने, घ. राष्ट्रिय निकुञ्ज तथा आरक्षहरूको विकासको निमित्त आवश्यक व्यवस्था गर्ने, ङ. वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको वैज्ञानिक अध्ययन तथा अनुसन्धान गर्ने ।

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
भू तथा जलाधार संरक्षण ऐन, २०३९	दफा १०	जलाधार संरक्षण अधिकृतलाई संरक्षित क्षेत्रभित्र बाँध, पानी निकासको नहर र नहर निर्माण, निजी स्वामित्वमा भएका रुखहरु काट्ने, बालुवा, वातावरण र सामाजिक व्यवस्थापन संरचना गिट्टी, ढुङ्गा र माटो उत्खनन गरी सङ्कलन गर्ने, फोहोरमैला निष्काशन गर्ने, औद्योगिक प्रतिष्ठान वा आवास क्षेत्र स्थापना गर्न स्विकृति दिन सक्ने थप अधिकार पनि दिएको छ ।
जग्गा प्राप्ति ऐन, २०३४	खण्ड ३ र ४ दफा १३	खण्ड ३ र ४ मा विकास निर्माण कार्यका लागि नेपाल सरकारलाई प्राप्त गर्नु पर्ने जग्गाको विवरण जानकारी गराई जग्गा धनिलाई उचित मुवाब्जा दिएर प्राप्त गर्न सकिने प्रावधान छ । मुवाब्जा निर्धारण गर्न मुवाब्जा निर्धारण समितिको व्यवस्था गर्नु पर्ने दफा १३ मा उल्लेख गरिएको छ।
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९	ऐन ६	राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको सर्वोपरी हितको निमित्त नेपाल सरकारले स्वयं वा तोकिए बमोजिमको कार्यविधि अपनाई कसैसित करार गरी होटल, लज, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधाको व्यवस्था गर्न सक्नेछ । कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्र जुनसुकै किसिमको सेवा वा सुविधा संचालन गर्न पाउने छैन ।
	ऐन १०	यस ऐनको अनुसूची १ मा उल्लेखित वन्यजन्तु संरक्षित वन्यजन्तु मानिनेछन् र तिनीहरूको शिकार गर्न निषेध गरिएको छ ।
	दफा ४ को उपदफा १	विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अधययन प्रतिवेदन तथा तोकिए बमोजिमका विवरणहरु खुलाई तोकिएको अधिकारी समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ । तर विद्युतको सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्त दिँदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्ने छैन ।
भुमि सम्बन्धी ऐन २०२१	दफा १२	जग्गा हदबन्दीमा छुट पाउने अवस्थाका बारेमा यस दफामा उल्लेख गरिएको छ।
संक्रामक रोग ऐन,२०२०	दफा २, उपदफा १	मानिसमा कुनै संक्रामक रोग उब्जेमा वा फैलिएमा वा फैलिने सम्भावना देखिएमा नेपाल सरकारले सो रोग निर्मुल गर्न वा रोकथाम गर्न आवश्यक कारवाही गर्न सक्ने।
विष्फोटक पदार्थ ऐन, २०१८	दफा ४ को उपदफा १	विष्फोटक पदार्थ उत्पादन गर्न, राख्न, प्रयोग गर्न, विक्री गर्न, ढुवानी गर्न वा पैठारी गर्नको लागि इजाजतपत्र लिन चाहने व्यक्तिले तोकिएको विवरणहरु सहित आवेदनपत्र प्रमुख जिल्ला अधिकारी समक्ष दिनु पर्छ।
नियमावली		
जग्गा प्राप्ती नियमहरु, २०२६	नियम ४ को उपनियम १	जग्गाको क्षतिपूर्ति कायम गर्दा सो जग्गा प्राप्त गर्दाको मितिमा साँध संधियार सरह त्यस बखतको प्रचलित स्थानीय खरीद बिक्रीको दर समेतलाई विचार गर्नु पर्छ। तर जुनसुकै क्षेत्रको जग्गाको क्षतिपूर्तिको अंक कायम गर्दा नेपाल सरकारले मार्ग दर्शन दिन सक्ने र यस्ता क्षेत्रहरु जतिको जग्गाको क्षतिपूर्ति कायम गर्दा सो मार्ग दर्शनको समेत विचार गरी क्षतिपूर्ति दिनुपर्नेछ।
वन नियमावली ,२०७९	नियम २	(१) "पोल" भन्नाले दस सेन्टिमिटर भन्दा बढी टिस सेन्टिमिटरसम्म व्यास (dbh) भएको खडा बोट सम्झनु पर्छ। (२) "बल्लाबल्ली" भन्नाले दस सेन्टिमिटरसम्म व्यास (dbh) भएको र छ फिट भन्दा बढी लम्बाई भएको गोलिया काठ सम्झनु पर्छ। (३) "रुख" भन्नाले टिस सेन्टिमिटर भन्दा बढी व्यास (dbh) भएको खडा बोट सम्झनु पर्छ।
	नियम ८८	सम्भाव्यता अध्ययनबाट राष्ट्रिय वन क्षेत्र प्रयोग गर्नु पर्ने देखिएमा र वातावरणीय अध्ययन प्रतिवेदनबाट वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा विकास आयोजनाले

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
		देहायका विवरण समावेश गरी राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृतिको लागि सम्बन्धित विषयगत मन्त्रालय वा निकाय मार्फत् मन्त्रालयमा निवेदन दिनु पर्नेछ
	नियम ८९	उपनियम (२) खण्ड (ख) विकास आयोजना कार्यन्वयन गर्दा वन क्षेत्रबाट हटाउनु पर्ने पोल र रुखको अनुसूची ५० बमोजिम ढाँचामा लागत सहितको विवरण
	नियम ९०	राष्ट्रिय वन क्षेत्रको कुनै भाग प्रयोग गर्ने सम्बन्धमा विभागले डिभिजन वन कार्यालयबाट नियम ८९ बमोजी प्राप्त विवरण अध्ययन गरी आवश्यक परेमा स्थलगत अनुगमन समेत गरी आफ्नो राय सहित मन्त्रालयमा पठाउनु पर्नेछ।
	नियम ९१	नियम ९० बमोजिम नेपाल सरकारबाट विकास आयोजना संचालनका लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न दिने निर्णय भएमा विकास आयोजनाले वनको विकास गर्न सकिने भू-बनोट भएको जग्गा उपलब्ध गराउनु पर्नेछ।
	नियम १०२	विभाग र विकास आयोजना बीच भएको सम्झौता प्राप्त भएपछी डिभिजन वन कार्यालयले त्यस्तो आयोजना संचालनका लागि हटाउनु पर्ने रुखको छपान मूल्याङ्कन कार्यका लागि सम्बन्धित निकायले आवश्यक प्राविधिक जनशक्ति उपलब्ध गरउनु पर्नेछ
	नियम १०३	रुख हटाउन स्वीकृत पाएको निकायले आफ्नै खर्चमा रुख, बिरुवा तथा अन्य वन पैदावार कटान, मुछां तथा संकलन गरी डिभिजनल वन अधिकृतले तोकीदिएको स्थानमा घाट गद्दी गर्नु पर्नेछ।
भू-उपयोग नियमावली, २०७९		यस नियमावली अनुसार जग्गालाई १० किसिमबाट वर्गीकरण गरिएको छ। एउटा प्रयोजनमा वर्गीकरण गरिएको जग्गा अर्को प्रयोजनबाट उपयोग गर्न नपाउने व्यवस्था नियमावलीमा रहेको छ । जग्गाको किसिमः कृषी, आवासीय, व्यवसायिक, औद्योगिक, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, नदीनाला तथा सिमसार क्षेत्र, सार्वजनिक उपयोग क्षेत्र, सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र र नेपाल सरकारको आवश्यकता अनुसार तोकिएको ।
		मापदण्ड अनुसार कृषियोग्य जमिनलाई काठमाण्डौ उपत्यकामा ५०० वर्गमिटर (करिब १५आना ३ पैसा) भन्दा सानो हुने गरी टुक्राउन पाइने छैन । तराई र भित्रि मधेशमा ६ सय ७५ वर्गमिटर (करिब २ कट्टा) को सिमा तोकिएको छ। यी दुई ठाउँ बाहेक अन्यत्र एक हजार वर्गमिटर (एक रोपनी १५ आना) को नियम बनाएको छ।
वातावरण संरक्षण नियमावली, २०७७	नियम ३	ऐनको दफा ३को उपदफा १को प्रयोजनको लागि प्रस्तावकले अनुसूची १मा उल्लिखित प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन, अनुसूची २मा उल्लिखित प्रस्तावको हकमा प्रारम्भिक वातावरणीय परीक्षण र अनुसूची ३मा उल्लिखित प्रस्तावको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नपर्नेछ।
	नियम ४ उपनियम १	वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्न अघि क्षेत्र निर्धारण गर्नुपर्नेछ।
	नियम ४ उपनियम २	प्रस्तावकले प्रस्ताव कार्यान्वयन हने स्थानीय तह तथा त्यस क्षेत्रमा रहेका सरोकारवाला निकाय, व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा सात दिनभित्र लिखित सझाव उपलब्ध गराउन अनुसूची ४ बमोजिमको ढाचामा त्यस्तो स्थानीय तहको कार्यालय, सो क्षेत्रको शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा कनै सार्वजनिक स्थलमा सचना टाँस गरी मुचुल्का तयार गन पर्नेछ र सोही बमोजिमको सचना

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
		राष्ट्रियस्तरको कनै एक दैनिक पत्रिका तथा आपनो वेबसाएट भए सोमा समेत प्रकाशन गन पर्नेछ।
	नियम ५ को उपनियम १	प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु अघि कार्यसुचि तयार गर्नु पर्नेछ।
	नियम ६ को उपनियम १	प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कर्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव सङ्कलन गर्नु पर्नेछ।
	नियम ७ को उपनियम १	प्रस्तावकले स्वीकृत क्षेत्र निर्धारण प्रतिवेदन र कर्यासुची तथा सार्वजनिक सुनुवाईबाट प्राप्त सुझाव समेतको आधारमा प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ ।
	नियम ७ को उपनियम ५	वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन अनुसुची १२ बमोजिम तयार गर्नु पर्नेछ।
भूमि सम्बन्धी नियमहरु , २०७७	भाग ३ को नियम २ को उपनियम १	जग्गा सट्टापट्टा वा स्थानान्तरण गर्न निवेदन दिन सक्ने बारेः ऐनको दफा १२ ग. को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (२) बमोजिम कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनि वा संस्थाले भोगचलन गरिरहेको जग्गा सट्टापट्टा वा स्थानान्तरण गरी अन्य स्थानमा त्यस्तो कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनि वा संस्था संचालन गर्न चाहेमा देहायका विवरण तथा कागजात संलग्न गरि अनुसूची-५ बमोजिमको ढाँचामा विभागमा निवेदन दिन सकिन्छ ।
	भाग ३ को नियम २ को उपनियम २	उपनियम (१) मा उल्लिखित विवरण तथा कागजातहरू निवेदनसाथ संलग्न भए वा नभएको विभागले जाँच गर्नुपर्नेछ ।
	भाग ३ को नियम २ को उपनियम ३	उपनियम (२) बमोजिम जाँच गर्दा उपयुक्त नदेखिएमा सात दिन भित्र आवश्यक विवरण तथा कागजातहरू पेश गर्न सम्बन्धित कृषि, फार्म, उद्योग, प्रतिष्ठान, कम्पनि वा संस्थालाई सूचना दिनु पर्नेछ ।
संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६		यस नियमावलीले ऐनले व्यवस्था गरे अनुरुपको अनुमतिपत्रको लागि निवेदनको ढाँचा, वैज्ञानिक निकायले गर्ने सिफारिसको ढाँचा प्रस्तुत गरेकोछ। अनुमतिको शुल्क, समयावधि, नविकरण र खारेजीको सम्बन्धमा पनि नियमावलीले व्यवस्था गरेको छ।
विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६	नियम ९: सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानको दायित्व	उपनियम १: सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले विपद्को घटना हुन नदिन ऐनको दफा २० को उपदफा १ मा उल्लिखित दायित्व निर्वाह गर्नुका साथै प्राधिकरणले समय-समयमा दिएको निर्देशनको समेत पालना गर्नु पर्नेछ । उपनियम २: सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले विपद्पूर्व, विपद्को समयमा र विपद्पश्चात पनि आफ्नो व्यवसायलाई सुचारू गर्न व्यवसाय निरन्तरता योजना बनाई लागू गर्नुपर्ने छ । उपनियम ३: सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्राधिकरणले तोके बमोजिम अग्नि नियन्त्रण लगायतका विपद् न्यूनीकरण जन्य उपकरण जडान गर्नु पर्नेछ। उपनियम ४: सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले ऐन तथा यस नियमावली बमोजिमको जिम्मेवारी पूरा गरेको-नगरेको सम्बन्धमा प्राधिकरण तथा सम्बन्धित विपद् व्यवस्थापन समितिले नियमित अनुगमन गर्नु पर्नेछ।
रोजगारीको हक सम्बन्धी नियमावली, २०७५	परिच्छेद ५ को नियम (१७)	बेरोजगार सहायता सम्बन्धी उल्लिखित कार्यक्रमका अतिरिक्त नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले देहाय बमोजिमका बेरोजगार सहायता कार्यक्रमहरू संचालन गर्न सक्नेछ जस अन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना र संचालन गर्ने, आन्तरिक रोजगारी सिर्जनाका लागि स्थानिय प्रविधि र उत्पादनको उपयोगलाई प्रोत्साहन गर्ने,

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
		रोजगारमूलक तथा सीपमूलक तालिमका लागि अन्य क्षेत्रसँग साझेदारी एवं सहकार्य गर्ने, वैदेशिक रोजगारबाट फर्किएका नागरिकको पूँजी, सीप र अनुभवको उपयोग आदि सम्बन्धी कुरा उल्लेख गरिएको छ ।
	परिच्छेद ६ को नियम (२२) को उपनियम (१)	प्रत्येक रोजगार सेवा केन्द्रले बरोजगार व्यक्ति तथा रोजगारदाताको विवरणको अभिलेख राख्न रोजगार व्यवस्थापन सूचना प्रणालीको प्रयोग गर्नुपर्नेछ।
श्रम नियमावली, २०७५	नियम ३४	रोजगारदाताले कार्यस्थलमा कार्यरत श्रमिक तथा अन्य व्यक्तिको सुरक्षा तथा स्वास्थ्य सम्बन्धी नीति बनाउँदा प्रतिष्ठानको कार्य प्रकृति अनुसार कार्यस्थलमा अपनाउनु पर्ने सुरक्षा सतर्कता, श्रमिकको स्वास्थ्य, कार्यस्थलमा हुनसक्ने सम्भावित दुर्घटना, कार्यस्थलमा मेशिनरी यन्त्र उपकरण संचालन गर्दा अपनाउनु पर्ने सावधानी, स्वास्थ्यका दृष्टिले संवेदनशील मानिने रसायनिक पदार्थको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानी लगायत व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको सुनिश्चितता गर्ने आधारलाई समेटिने गरी बनाउनु पर्नेछ।
	नियम ३६	उत्पादनकर्ता, आयातकर्ता र आपूर्तिकर्ताको कर्तव्यः कार्यस्थलमा प्रयोग हुने रसायनिक पदार्थको सुरक्षित प्रयोग, भण्डारण, प्रयोगमा आउन नसक्ने रसायनिक पदार्थको व्यवस्थापन तथा त्यसको असरबाट बच्ने उपायको बारेमा रोजगारदातालाई समयमै पर्याप्त जानकारी गराउनु सम्बन्धित उत्पादनकर्ता, आयातकर्ता र आपूर्तिकर्ताको कर्तव्य हुनेछ।
	नियम ५	उपभोक्ता हित संरक्षणका लागि आयोगले वितरण गरिएको विद्युतको गुणस्तर निर्धारण, विद्युत वितरणमा आउने रुकावट हतौना गर्नु पर्ने उपाय, विद्युत जडान गर्नमा लग्ने समय र प्रक्रिया सार्वजनिक गर्ने, गुणस्तर सम्बन्धि तोकिएको मापदण्ड उल्लङ्घन गर्ने व्यक्ति वा संस्थालाई क्षतिपूर्ति भराउने जस्ता कुराहरु यसमा उल्लेख छ।
	नियम ८	अनुमति प्राप्त कम्पनी वा संस्थाले सार्वजनिक रुपमा शेयर निश्कासन गर्न वा शेयरको संरचनामा ५ प्रतिशत भन्दा बढी परिवर्तन हुने गरी शेयर बिक्रि गर्न आयोगको पुर्व स्वीकृति लिनु पर्नेछ।
योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५	परिच्छेद २ र ३	यस नियमावलीले सामाजिक सुरक्षा योजनामा सहभागी हुने र रोजगारदाता र श्रमिकलाई सामाजिक सुरक्षा कोषमा सूचीकरण हुने प्रकृयाका साथसाथै कोषको परिचालनका सम्बन्धमा व्यवस्था गरेको छ ।
विद्युत नियमन आयोग नियमावली, २०७५	नियम १०, १७, १८	यस नियममा विद्युत खरिद बिक्रि दर निर्धारण गर्दा प्रयोग गर्न सकिने प्रणाली र आधारहरुको बारेमा उल्लेख गरेको छ । साथै, सेवा सुल्क, उपभोक्ता हित संरक्षण सम्बन्धी व्यवस्थाहरु को बारेमा समेत उल्लेख गरिएको छ ।
फोहोरमैला व्यवस्थापन नियमावली, २०७०	नियम ३ को उपनियम १	स्थानीय निकायले ऐनको दफा ६ बमोजिम कम्तीमा जैविक र अजैविक लगायतका फोहरमैलालाई स्रोतमै छुट्याउने गरी तोक्दा हानिकारक वा रासायनिक फोहरमैलालाई छुट्टाछुट्टै पृथकीकरण तथा व्यवस्थापन गर्ने गरी तोक्नु पर्नेछ। यसरी तोकिएकोमा फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले सोही बमोजिम पृथकीकरण गर्नु पर्नेछ।
	नियम ३ को उपनियम २	पृथकीकरण गरिएको रासायनिक वा हानिकारक फोहरमैला व्यवस्थापन गर्ने दायित्व सम्बन्धित उत्पादकको हुनेछ।

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
	नियम ३ को उपनियम ३	स्थानीय निकायले बमोजिम फोहरमैला स्रोतमै छुट्याउने, फोहरमैलाको उत्पादन स्रोतमै कम गर्ने र व्यवस्थापनको उपयुक्त प्रविधि अवलम्बन गर्ने सम्बन्धमा जनचेतनामूलक कार्यक्रम संचालन गर्नेछ।
	नियम ४ को उपनियम २	नेपाल सरकारले समय समयमा स्थायी भवन, इमारत, पर्खाल आदिको क्षतिपूर्तिको अङ्क कायम गर्ने कुरामा एकरुपता ल्याउन पथ प्रदर्शनको निमित्त अनुसूची १ अनुसारको दर प्रकाशित गरेको छ। नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल सरकारले समय समयमा उक्त अनुसूचीमा आवश्यक फेर बदल गर्न सक्नेछ वा पूरा अनुसूची नै बदल्न सक्नेछ।
विरुवा संरक्षण नियमावली, २०६६	नियम ७	कुनै पनि व्यक्ति वा संस्थाले ऐनको दफा ७ बमोजिम विरुवा, विरुवाजन्य उपज, बायोलोजिकल कन्ट्रोल एजेन्ट, लाभदायक कीरा वा विरुवा हुर्कने माध्यम जस्तै माटो, झ्याउ, पीट आदि नेपालमा पैठारी गर्ने गरी प्रवेश नाकामा ल्याई त्यस्ता वस्तुको क्वारेन्टाइन सम्बन्धी आवश्यक कार्य गरी पाउन र नेपालभित्र प्रवेश गराउन चाहेमा त्यसरी ल्याइएको वस्तु नेपालमा प्रवेश अनुमतिका लागि अनुसूची-८ बमोजिमको ढाँचामा प्रज्ञापनपत्र भरी कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।
संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३	नियम १६	संरक्षण क्षेत्रभित्र निषेधित कार्यहरू प्रमुखबाट लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले संरक्षण क्षेत्रभित्र देहायको कामहरू गर्न पाउने छैनः • वन्यजन्तुको शिकार गर्न, • रुख विरुवा झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, छेक्न, वनपैदावार नास हुने कुनै काम गर्न वा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुऱ्याउन, • खानी खन्न, ढुङ्गा खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, कंक्रिट, माटो वा अन्य यस्तै पदार्थ हटाउन, • वन्यजन्तु, पंक्षी वा सार्वजनिक जग्गालाई क्षति पुऱ्याउन • हातहतियार, खरखजाना वा विष साथमा लैजान वा प्रयोग गर्न, • संरक्षण क्षेत्रभित्र बग्ने नदी, खोला वा पानीको कुनै श्रोतमा विद्युतीय करेण्ट प्रयोग गर्न, • संरक्षण क्षेत्रमा हेलिकोप्टर वा अन्य यस्तै वायुयान अवतरण गर्न, त्यसबाट मानिस वा कुनै वस्तु अवतरण गराउन वा खसाउन।
जलस्रोत नियमावली, २०५०	नियम ८, १२ र १७	प्रत्येक जिल्लामा जलस्रोत समितिको व्यवस्था, जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र, सो अनुमतिपत्र लिन चाहने व्यक्ति वा संस्थाले पुर्याउनु पर्ने प्रक्रिया, वातावरणीय अध्ययनको आवश्यकता आदि को व्यवस्था उल्लेख गरिएको छ ।
विद्युत नियमावली, २०५०	नियम ६८	अनुमतिपत्र प्राप्त व्यक्तिले देहायका सरसामान नेपाली तथा अंग्रेजीमा लेखिएको सावधानी सूचनापाटी राख्नु पर्नेछ क. मोटर, जेनेरेटर, परिवर्तन यन्त्र (ट्रान्सफरमर) र अन्य प्रकारको विद्युत प्रतिष्ठान तथा त्यसलाई संचालन वा नियन्त्रण गर्ने सरसामान, ख. ४०० भोल्टभन्दा माथिल्लो भोल्टको विद्युत लाइनको लट्टामा र एक्सरे बल्ने ट्यूब भएको लाइन बोर्डमा वा त्यस्तो उच्च फ्रिक्वेन्सी भएको प्रतिष्ठानहरु। (२) उपनियम (१) को खण्ड (ख) बमोजिमको सबै विद्युत सामग्री वा प्रतिष्ठानमा सावधानी सूचनापाटी राख्न नसकिने भएमा त्यस्तो सरसामानको नजीकमा वा त्यस्तो सामग्री रहेको ठाउँमा वा प्रवेशद्वारमा राख्नु पर्नेछ।
भू तथा जलाधार संरक्षण नियमावली, २०४२	दफा ४	संरक्षित जलाधार क्षेत्रमा भू तथा जलाधार संरक्षणको लागि ऐन को दफा ४ मा उल्लेख भए बमोजिमका कामहरूको प्रयोजनका लागि संरक्षित जलाधार क्षेत्रभित्रको जग्गालाई

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
		जलाधार संरक्षण अधिकृतले सिमाना, क्षेत्रफल र त्यस्तो जग्गामा गरिने कार्यहरू समेत खुलाई वर्गीकरण गर्नुपर्नेछ ।
	नियम ११ को उपनियम (१)	नियम ११ को उपनियम (१) बमोजिम प्राकृतिक प्रकोप हुने वा हुन सक्ने भनी तोकिदिएको जग्गामा ऐनको दफा १० को खण्ड क, ख, ग, घ, ङ, च, छ र ज बमोजिमका कुनै कार्य गर्नुपर्ने भएमा त्यस्तो कार्य गर्नुपरेको कार्य समेत खोली अनुसूची-४७ बमोजिमको ढाँचामा जलाधार संरक्षण अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।
	नियम ४	जलाधार संरक्षण अधिकृतले ऐनको दफा ४ अन्तर्गतको कुनै काम भएको जग्गामा र त्यस्तो जग्गाको वरपरको जग्गामा भूक्षय वा भूकटान हुन सक्ने कामहरू गर्न नाउने गरी निषेध गर्न सक्नेछ ।
राष्ट्रिय प्रकृति संरक्षण कोष नियमावली, २०४१	नियम ९	कार्य संचालनः ऐनको दफा ९ मा उल्लिखित कोषको काम र कर्तव्य पूरा गर्न कोषले नेपाल सरकारको सम्बन्धित निकाय वा गैरसरकारी संघ, संस्था वा व्यक्तिहरूसँग समन्वय गरी आवश्यकता अनुसार तिनीहरूको स्वीकृति र सहयोग प्राप्त गरी सरकारी वा गैरसरकारी क्षेत्रमा देहाय बमोजिमको काम गर्न गराउन वा सहयोग दिन सक्नेछः (क) वृक्षारोपण गर्न, (ख) भू तथ जलश्रोत संरक्षण सम्बन्धी काम गर्ने, (ग) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यमा प्राविधिक तथा अन्य राय सल्लाह दिने, (घ) प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण गर्ने काममा जाजागृति पैदा गरी जनसहभागिता वृद्धि गर्ने, (ङ) वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको वैज्ञानिक अध्ययन तथा अनुसन्धान गर्ने, (च) प्रकृति तथा प्राकृतिक सम्पदा संरक्षण गर्ने विषयमा समय समयमा सभा, गोष्ठी एवं सम्मेलन गर्ने, (छ) कोषको दीर्घकालीन योजना तर्जुमा गर्ने, (ज) नेपाल सरकारलाई राष्ट्रियस्तरमा प्रकृति तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धी नीति तर्जुमा गर्न आवश्यकता अनुसार राय सल्लाह दिने, (झ) परामर्श सेवा एवं सूचना सेवासम्बन्धी कार्यक्रमहरू संचालन गर्ने, (ञ) प्रकृति तथा प्राकृतिक सम्पदा संरक्षणसम्बन्धी अन्य आवश्यक काम गर्ने ।
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०	नियम २२	बैज्ञानिक अध्ययन अनुसन्धानको लागि कुनै वन्यजन्तु पक्रन वा शिकार गर्न वा अन्य कुनै प्राकृतिक उपज संकलन गर्न चाहेमा प्रमुख समक्ष दरखास्त दिने व्यवस्था गरिएको छ ।
	नियम २३	वन्यजन्तु वा पंक्षी पक्रने दस्तुरको व्यवस्था भएको ।
	नियम २९ (क)	बँदेलको बच्चा पक्रन कुनै नेपाली नागरिकले निवेदन दिएमा सम्बन्धित डिभिजन वन कार्यालय वा प्रमुखले त्यस्तो व्यक्तिबाट प्रति बँदेलको बच्चाको एक सय रुपैंया दस्तुर लिइ अनुमतिपत्र दिन सक्ने र यसरी पक्रेको बँदेल निकासी गर्न नपाईने व्यवस्था गरेको छ ।
खानी तथा खनिज पदार्थ नियमावली, २०५६	नियम ३१ को उपनियम (१)	अनुमतिपत्र प्राप्त व्यक्तिले खनिज कार्य गर्दा न्यूनतम भुमिलाई असर पर्ने गरि र खनिज सम्पदाको अधिकतम उपयोग हुने गरि गर्नु पर्नेछ ।
	नियम ३३	खनिज कार्य गर्ने व्यक्तिले वातावरण संरक्षणका सम्बन्धमा अपनाउनु पर्ने विभिन्न बचाऊका उपायहरु उल्लेख गरेको हुनुपर्ने।
निर्देशिका तथा कार्यविधि		
संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा	दफा ५	वातावरणीय अध्ययन प्रततिदन तयार गर्नुपर्ने; १) दफा ४ बमोजिम सहमति प्राप्त गरी सम्बन्धित मन्त्रालयबाट अनमुति प्राप्त गरेको आयोजना वा नेपाल सरकारले अध्ययनको लागि प्रस्ताव गरेको आयोजनाले त्यस्तो आयोजना

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८०		कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावको सम्बन्धमा प्रचलित कानूनबमोजिम वातावरणीय अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ । २) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन गर्नुअघि आयोजनासँग सम्बन्धित मन्त्रालयले मन्त्रालयमार्फत विभागमा जानकारी गराउन पर्नेछ। ३) यस दफा बमोजिम वातावरणीय अध्ययन गर्दा सम्बन्धित संरक्षित क्षेत्र कार्यालयसँग समन्वय गरी सो कार्यालयको समेत प्रतिनिधित्व गराउनु पर्नेछ ।
	दफा ९	जग्गा उपलब्ध गराउनुपर्नेः (१) दफा ड बमोजिम नेपाल सरकारबाट आयोजना संचालनका लागि संरक्षित क्षेत्रको कुनै जग्गा प्रयोग गर्न दिने निर्णय भएमा उपलब्ध गराइएको जग्गाको क्षेत्रफलमा नघट्ने गरी समान भौगोलिक अवस्था र पारिस्थितिकीय प्रणाली भएको जग्गा सट्टाभर्ना स्वरूप नेपाल सरकारलाई उपलब्ध गराउनु पर्ने ।
	दफा १०	जग्गा प्राप्ति सहजीकरण समितिः (१) दफा ८ बमोजिम नेपाल सरकारले गरेको निर्णय बमोजिम संरक्षित क्षेत्रको जग्गा प्रयोग गर्ने आयोजनाले दफा ९ बमोजिम उपलब्ध गराउनु पर्ने जग्गा प्राप्तिको लागि सहजीकरण गर्न प्रत्येक जिल्लामा देहायबमोजिमको जग्गा प्राप्ति सहजीकरण समिति रहनेछ; (२) दफा ९ को उपदफा (२) बमोजिम सहजीकरणको लागि लेखिआएमा जग्गा प्राप्ति सहजीकरण समितले उपयुक्त स्थानको जग्गा खरिद वा प्राप्तिको लागि आवश्यक सहजीकरण गर्नुपर्नेछ । (३) उपदफा (२) बमोजिम सहजीकरण गर्दा समेत त्यस्तो जग्गा उपलब्ध नभएमा सो समितिले विभागसमक्ष सोही व्यहोराको सिफारिस गर्नु पर्नेछ ।
	दफा ११	रकम जम्मा गर्नुपर्नेः (१) दफा १० को उपदफा (३) बमोजिम जग्गा उपलब्ध नभएको व्यहोराको सिफारिस भएमा विभागले सम्बन्धित आयोजनालाई वन विकासको लागि जग्गा खरिदबापत रकम जम्मा गर्न स्वीकृति दिनु पर्नेछ र त्यसरी स्वीकृति प्राप्त भएमा सम्बन्धित आयोजनाले अनुसूची-२ बमोजिमको रकम दाखिला गर्न पर्नेछ ।
	दफा १८	क्षतिपूरक वृक्षारोपणः (१) यस कार्यविधि बमोजिम संरक्षित क्षेत्रको जग्गा प्रयोग गरी आयोजना संचालन गर्दा हटाइएका रुखको दश गुणा विरुवा संरक्षकले तोकेको स्थानमा आयोजनाले आफ्नै खर्चमा क्षतिपूरक वृक्षारोपण गरी पाँच वर्षसम्म स्याहार सम्भार गरी वृक्षारोपण गरिएका रुख विरुवाहरु हुर्काई संरक्षित क्षेत्र कार्यालयलाई हस्तान्तरण गर्नुपर्नछ । (२) दफा ९ वा ११ बमोजिमको जग्गामा सम्बन्धित आयोजनाले प्रति हेक्टर एक हजार छ सयका दरले वृक्षारोपण गरी पाँच वर्षसम्म स्याहारसम्भार गरी वृक्षारोपण गरिएको रुख विरुवा हुर्काइ संरक्षित क्षेत्र कार्यालयलाई हस्तान्तरण गर्नुपर्नेछ । तर आयोजनाले रुख विरुवासहितको जग्गा उपलब्ध गराएमा त्यस्तो जग्गामा रहेको वनको संवर्धन गरी कम्तीमा प्रति हेक्टर एक हजार छ सय विरुवा कायम गर्न तथा पाँच वर्षभन्दा कम उमेरका विरुवा भएमा पाँच वर्षसम्म हुर्काउन लाग्ने खर्च आयोजनाले उपलब्ध गराउनु पर्नेछ ।
वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशका, २०७८	दफा ३ र ५	संवेदनशील क्षेत्रमा पूर्वाधारको सम्भाव्यता अध्ययन गर्नका लागि सम्बन्धित निकायले मन्त्रालयको पूर्वसहमति लिन पर्नेछ । संवेदनशील क्षेत्र प्रयोग हुने गरी प्रस्ताव गरिएका कुनै पनि पूर्वाधार आयोजनाको अध्ययन गर्दा सुरुवात देखि नै त्यस्तो पूर्वाधारसँग सम्बन्धित सरोकारवाला निकायसँग छलफल तथा समन्वय गर्नु पर्नेछ ।
	दफा १०	पूर्वाधार तथा वन्यजन्तुमैत्री संरचना निर्माण गर्दा गर्न र गराउनु नहुने कार्यहरुमा, • वन्यजन्तुको बासस्थान, जैविक मार्ग र पारिस्थिकीय प्रणालीमा प्रतिकूल प्रभाव पर्ने कार्य • प्रचलित कानुन बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएको स्थान बाहेक

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
		अन्य स्थानमा कामदार शिविर, निर्माण सामग्री भण्डारण स्थल, फोहोर व्यवस्थापन स्थल, निर्माण सामग्री प्रशोधन स्थलको रुपमा प्रयोग गर्न • स्विकृती लिएका बाहेकका रुख विरुवा कटान गर्न, काठ दाउरा संकलन गर्ने • कुनै पनि वन्यजन्तु मार्न, लखेट्न, समात्न, तर्साउन, शिकार खेल्न, माछा मार्न • स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा निषेध गरिएका अनय क्रियाकलाप गर्न ।
विद्युत आयोजना अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५		यस निर्देशिकाले विद्युत उत्पादन, प्रसारण र वितरणको सर्वेक्षण अनुमतिपत्र र विद्युत उत्पादन, प्रसारण र वितरणको अनुमतिपत्रको प्राप्ति, संशोधन, नविकरण एवं रद्द वा स्थगन गर्ने प्रक्रियाहरु लाई विस्तृत रुपमा उल्लेख गरेको छ । त्यस्तै आयोजनाको जडित क्षमता निर्धारण गर्ने प्रकृया पनि वर्णन गरेको छ ।
जग्गाको हदवन्दी छुट दिने सम्बन्धी आदेश, २०७४		कुनै उद्योग वा प्रतिष्ठानलाई आवश्यक परेको अवस्थामा ऐनले तोकेको हद भन्दा बढी जग्गा खरिद गर्न पाउने र सोको लागि रितपूर्वक निवेदन दिनुपर्ने व्यवस्था यस आदेशले गरेको छ । यसले हदबन्धि छुट माग गर्ने प्रक्रियाको वर्णन गर्दै त्यस्ता उद्योग वा प्रतिष्ठानले पालना गर्नु पर्ने शर्त एवं हद भन्दा बढी जग्गा राख्न स्वीकृति दिने र खरिद गर्न पाउने क्षेत्रफलको हद पनि तोकेको छ ।
संरक्षण क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६	बुंदा २२	संरक्षण क्षेत्रभित्रको सरकारी, सार्वजनिक वा एलानी जग्गाको प्रयोग सार्वजनिक वृक्षारोपण गर्ने उद्देश्यको लागिबाहेक अन्य प्रयोजनका लागि संस्थाको पूर्व स्वीकृति बिना प्रयोग पाईनेछैन।
सामुदायिक वनको निर्देशिका, २०५२	दफा १०	वन पैदावारको ओसारपसारको लागि कम्तीमा २४ घणटा अगावै सम्बन्धित वन कार्यालयमा जानकारी दिएर मात्र वन पेदावार ओसार पसार गर्नुपर्छ र सम्बन्धित उपभोक्ता समूहो छाप अनिवार्य रूपमा लगाइएको हुनु पर्छ ।
राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०		यस निर्देशिकाले अध्ययनका क्रममा जनसहभागिता जुटाउने, आवश्यक सुचनाहरुको संकलन गर्ने, विवादका विषयहरूको गम्भिरतापुर्वक मूल्याङ्कन गर्ने र वातावरणीय अध्ययनको लागि ती विषयहरु को प्राथमिकताक्रम निर्धारण गर्ने, अनुगमन योजना तर्जुमा गर्ने आदि उल्लेख गरीएको छ ।
वन क्षेत्रको लागि राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०		निर्देशिकाको मुख्य उद्देश्य सामाजिक-आर्थिक विकास र वन उत्पादनको सम्बन्धमा समुदायलाई आधारभूत आवश्यकता पूर्ति गर्न, वन स्रोतको दिगो उपयोग गर्न सहयोग पुऱ्याउने, आनुवंशिक स्रोत र जैविक विविधता संरक्षण र वातावरणीय न्यूनतम संरक्षण गर्न समाजिक सांस्कृतिक रुपले स्वीकार्य, आर्थिक सम्भाव्य र वातावरणीय मैत्री प्रस्ताव राख्नु हो ।
मापदण्ड		
राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड ,२०७९ राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयन तथा अनुगमन निर्देशिका ,२०७९	-	राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डमा खानेपानीको गुणस्तर जाँच गर्न अनिवार्य परीक्षण गर्नुपर्ने प्यारामिटरहरू (parameters) र त्यसको अधिकतम सांद्रता सीमा (Maximum concentration Limit) तोकिएको छ। साथै जोखिम तथा सान्दर्भिकताको आधारमा थप परीक्षण गर्नुपर्ने प्यारामिटरहरूका बारेमा पनि उल्लेख गरिएको छ । त्यसैगरि निर्देशिकाले पानीको नमुना संकलन गर्न पानीका संरचनाहरू (जस्तै; मुहानहरू, पानी पोखरीहरू, वितरण प्रणाली, पानी पानी प्रसोधन केन्द्र, उपभोगका विन्दुहरू) अनुसार नमुन संकलन गर्ने स्थानका बारेमा उल्लेख गरेको छ। साथै, नमुना संकलन र परीक्षणका लागि ध्यान पुराउनु पर्ने कुराहरूका बारेमा पनि उल्लेख गरिएको छ ।
वायु गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९		यस मापदण्डमा वायुको गुणस्तर सम्बन्धी विभिन्न आधारभूत सुचकहरु को सीमा तोकिएको छ ।
ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९		यस मापदण्डमा विभिन्न क्षेत्रको लागि दिवा र रात्रीको समयको लागि ध्वनिको सीमा तोकेको छ। साथै ,घरेलु उपकरणको पनि अधिकतम ध्वनिको सीमा तोकेको छ।
नेपाल वायु प्रदुषण मापदण्ड, २०६९		यस मापदण्डमा वायुको गुणस्तर सम्बन्धि विभिन्न आधारभूत सुचकहरु को सीमा तोकिएको छ ।

	यस आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि र सम्बन्धीत बुँदा	
	आकर्षित हुने वा हुन सक्ने दफा, नियम, खण्ड आदि	**सम्बन्धित विवरण**
डिजेल जेनेरेटर निष्कासन भई हावामा जाने धुँवाको लागि उत्सर्जन सीमा, २०६९		यस मापदण्डमा डिजेल जेनेरेटर निष्कासन भई हावामा जाने धुँवाको गुणस्तर सम्बन्धी सुचकहरु को सीमा तोकिएको छ ।
नेपाल सवारी प्रदुषण मापदण्ड, २०८२		यस मापदण्डमा विभिन्न किसिमका सवारी साधनहरुबाट निस्किने धुँवाको गुणस्तर सम्बन्धी सुचकहरु को सीमा तोकिएको छ ।
अन्तराष्ट्रिय सन्धि सम्झौता		
जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धि ,१९९२		यस महासन्धिले जलवायु प्रणालीमा हानीकारक मानवीय अवरोध रोकी वायुमण्डलमा हरितगृह ग्याँसको मात्रालाई स्थिर गर्न र पारिस्थितिकिय प्रणालीलाई प्राकृतिक रुपमा अनुकुलित बनाई आर्थिक विकासलाई दिगो रुपमा अगाडी बढाउन यस कार्यलाई निश्चित समयसीमामा गर्नु पर्नेमा जोड दिएको छ।
आई. एल. ओं. महासन्धि, १९८९, नम्बर १६९	धारा ७,१२, १३, १४, १५, १६, २०, २१	यस महासन्धिले आदिवासी जनजातिहरु सँग सरोकार राख्ने विकास निर्माण प्रक्रियामा आत्मनिर्णयको अधिकार गरेको छ र उनीहरुको परम्परागत रुपमा बस्दै आएको क्षेत्रको जमिन लगायत प्राकृतिक स्रोतमा उनीहरुको अधिकारको रक्षा गर्नु पर्ने कुरामा जोड दिएको छ । यदि त्यस्ता क्षेत्रबाट उनीहरु लाई स्थानतरण गर्नु पर्ने भएमा उँहाहरु लाई सुसोचित गरी स्वीकृति लिनुपर्ने प्रावधान उल्लेख गरीएको छ ।
जैविक विविधता सम्बन्धी महासन्धि, १९९२	धारा १४	जैविक विविधतामा उल्लेखनीय प्रतिकूल असर गर्न सक्ने प्रस्तावहरुको सम्बन्धमा वातावरणीय अध्ययन प्रक्रियालाई अवलम्बन गरी त्यस्ता प्रभावहरुको न्यूनीकरण उपाय गर्न र यस प्रक्रियामा जनसहभागिता गराउन यसले पक्ष राष्ट्रहरु लाई निर्देशित गरेको छ ।
दुर्लभ तथा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी सम्मेलन, १९७३	परिच्छेद २	कसैले पनि दुर्लभ तथा संकटापन्ना वन्यजन्तु तथा वनस्पति वा सोको नमुना खरिद विक्री गर्न पाउनेछैन तर अनुपतिपत्र लिई वन्यजन्तुको पालनपोषण गर्न, वनस्पती रोप्न, अध्यन अनुसन्धान वा अन्य कुनै कार्यहरु गर्न पाईनेछ।
बालबालिकाको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, १९८९	धारा ३२	बालबालिकाको शिक्षामा असर पर्ने वा शारीरिक, मानसिक तथा नैतिक विकासमा असर पर्ने गरी हानिकारक खालको कुनै पनि कामबाट संरक्षितहुन पाउने अधिकारलाई मान्यता दिने। बालबालिकाको रोजगारीमा प्रवेश गर्ने न्यूनतम उमेर तोक्ने, कम गर्ने समय र रोजगारीका सर्तहरु सम्बन्धी उपयुक्त नियमको व्यवस्था गर्ने साथै यस धाराको प्रभावकारी कार्यान्वयन का लागि उचित दण्ड सजायको व्यवस्था गर्ने।
आदिवासी र जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय श्रम सम्मेलन (न.१६९), १९८९	धारा ७	यस धारा अन्तर्गत आदिवासी र जनजाती जनताहरुले आफ्नो जिवन, आस्था तथा आध्यात्मिक कल्याण हुनेगरी प्रयोग गरेको भूमिमा प्रभाव पार्ने विकासको प्रक्रियाका लागि आफ्नो प्राथमिकता निर्धारण गर्ने तथा आफ्नो सामाजिक र साँस्कृतिक विकास उपर नियन्त्रण कायम गर्ने अधिकार रहेको छ। यसका साथै निजहरुलाई प्रत्यक्ष रुपमा प्रभाव पर्ने राष्ट्रिय तथा क्षेत्रिय विकास आयोजनाको तर्जुमा, कार्यान्वयन र मुल्यांकनमा निजहरु सहभागी हुने।

अध्याय ५: विद्यमान् वातावरणीय अवस्था

यस अध्ययनमा स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कनमा वर्णन गरिए अनुसार आयोजना क्षेत्रको विद्यमान् वातावरणीय अवस्थाको सारांश प्रस्तुत गरिएको छ । साथै, परिवर्तित आयोजनास्थल तथा सहायक सुविधा स्थलहरुको थप जानकारी समावेश गरि अद्यावधिक गरिएको छ ।

५.१ भौतिक वातावरण

प्रस्तावित जुम खोला जलविद्युत आयोजना समुद्री सतहबाट २००७ मि. देखि २३०० मि. को उचाईमा पर्दछ । आयोजनास्थल उच्च हिमाली श्रृंखलामा पर्दछ र यसले अग्लो भिरालो प्रकृतिको जमीन भएको चारित्रिक विशेषता दर्शाउँछ।

आयोजना क्षेत्र भित्र जुम खोला फराकिलो "भि" ("V") आकारको भिरालो उपत्यकाको रुपमा रहेका छ । यसको दाहिने किनारामा ठाडो भिरालो चट्टान छ भने देब्रे किनारमा बाक्लो बनस्पती युक्त पहाड रहेको छ । आयोजनास्थलमा पाईएका प्रमुख चट्टानका प्रकारहरुमा फेल्ड्सफाइटिक् ब्यान्डेड नाइस (Feldspathic Banded Gneiss), बायोटाईट क्वार्ज फेल्डस्पार ब्यान्डेड नाइस (Biotite-quartz-feldspar banded gneiss) र क्वाटजाइट (Quartzite) रहेका छन् ।

जुम खोलाको मूख्य मुहान स्रोत भनेको हिउँ तथा हिमतालहरु हुन् । यद्यपि यसको जलप्रवाह मौसमी जलवायुमा निर्भर गर्दछ, जसको कारण बर्षातको समयमा उच्च र हिउँदको समयमा न्यून जलप्रवाह हुने गर्दछ । जुम खोलाको अधिकतम मासिक बहाव श्रावण महिनामा १५५.१९ घ.मि./से. र न्युनतम मासिक बहाव फागुण महिनामा ९.३१ घ.मि./से रहेको छ । बहाव अवधि वक्र (Flow Duration Curve) को आधारमा 41.07% Probability of exceedance मा जुम खोलाको डिजाइन डिस्चार्ज २८.५७ घ.मि./से. रहेको छ ।

५.२ जलविज्ञान

आयोजनास्थलबाट नजिकको जल तथा मौसम विज्ञान विभागको स्टेशन नं. ६४७ (तामाकोशी नदी, बुष्टि) को सन् १९७१ देखि २००६ सम्मको तथ्याङ्कका आधारमा यस आयोजनाको लागि डिजाइन डिस्चार्ज ($Q_{41.11\%}$) २५.४५ घ.मि./से. तय गरी अध्ययन गरिएकोमा हाल उक्त स्टेशनको अद्यावधिक (सन् २०१९ सम्मको तथ्याङ्क उपलब्ध भएको) तथ्याङ्कको प्रयोग गरेर जल विज्ञान सम्बन्धी तथ्याङ्कको पुनरावलोकन गरिएको छ जसअनुसार डिजाइन डिस्चार्ज ($Q_{41.07\%}$) २८.५७ घ.मि./से. तय गरिएको छ । पुनरावलोकन पश्चात् जुम खोलाको मासिक बहाव सम्बन्धि विवरण तालिका ५-१ मा प्रस्तुत गरिएको छ ।

तालिका ५-१: जुम खोलाको मासिक बहाव सम्बन्धि विवरण

क्र. सं.	महिना	मासिक बहाव (स्वीकृत EIA अनुसार) (घ.मि./से.)	अद्यावधिक मासिक बहाव (घ.मि./से.)
१	वैशाख	१३.४७	१४.५०
२	जेठ	३५.७८	३७.७७

क्र. सं.	महिना	मासिक बहाव (स्वीकृत EIA अनुसार) (घ.मि./से.)	अद्यावधिक मासिक बहाव (घ.मि./से.)
३	असार	१०३.२८	११२.११
४	श्रावण	१५४.८४	१६८.८६
५	भाद्र	१३६.६८	१४७.९९
६	असोज	७२.३२	७८.०८
७	कात्तिक	२९.६९	३२.१५
८	मंसिर	१५.५९	१७.०५
९	पुष	११.२२	१२.२९
१०	माघ	९.१६	१०.०१
११	फागुन	८.७१	९.५०
१२	चैत्र	८.७२	९.५५

स्रोतः अद्यावधिक संभाव्यता अध्ययन प्रतिवेदन, २०२६

आयोजनाको सुरुवाती अध्ययनका क्रममा तामाकोशी नदीको बुष्टिस्थित DHM स्टेशन नं. ६४७ बाट सन् २००६ सम्मको बहाव तथ्याङ्क प्रयोग गरी बहाव अवधि बक्र (Flow Duration Curve, FDC) तयार गरिएको थियो, जसका आधारमा आयोजनाको डिजाइन गरिएको थियो । हाल क्षमता वृद्धि अध्ययनका लागि सन् २०१९ सम्म अद्यावधिक तथ्याङ्क प्रयोग गरिएको छ, जसबाट नयाँ FDC तयार गरी पुरानो र नयाँ FDC बीच तुलना गरिएको छ।

तालिका ५-२: Probability of Exceedance को तालिका

% Exceedance	डिस्चार्ज (घ.मि./से.) (अद्यावधिक तथ्याङ्क अनुसारको)
१०१%	४.८२
९६%	७.८५
९१%	८.५८
८६%	९.१६
८१%	९.७४
७६%	१०.३६
७१%	११.२८
६६%	१२.४५
६१%	१३.८०
५६%	१५.६९
५१%	१८.३६
४६%	२२.२८

% Exceedance	डिस्चार्ज (घ.मि./से.) (अद्यावधिक तथ्याङ्क अनुसारको)
४१.०७%	२८.५७
३५%	४१.३९
३०%	५८.०३
२५%	८३.२१
२०%	१०९.१२
१५%	१३३.९४
१०%	१५९.८५
५%	१९७.४४
०%	४७८.१०

तालिका ५-३: डिजाइन डिस्चार्ज सम्बन्धि विवरण

विवरण	डिस्चार्ज (घ.मि./से.)	Corresponding % exceedance सन् २०१९ सम्मको अद्यावधिक तथ्याङ्कका आधारमा
डिजाइन डिस्चार्ज (५६ मे.वा.)	२५.४५	४२.१२%
डिजाइन डिस्चार्ज (७० मे.वा.)	२८.५७	४१.०७%

स्थापित क्षमता २५% बढाएर ७० मेगावाट पुऱ्याउन डिजाइन डिस्चार्ज पुनः निर्धारण गरिएको छ। अद्यावधिक FDC अनुसार २८.५७ घ.मि./से. बहाव (४१.०७% exceedance) उपयुक्त देखिएको छ, जुन पहिलेको २५.४५ घ.मि./से. (करिब ४२.१२% exceedance) भन्दा केही फरक हो। यस अद्यावधिक विश्लेषणले नयाँ डिजाइनका लागि बढी विश्वसनीय आधार प्रदान गर्दछ।



चित्र ५-१: अद्यावधिक तथ्याङ्क प्रयोग गरि तयार पारिएको बहाव अवधि वक्र (Updated FDC)

५.३ विद्युत उत्पादनका लागि उपलब्ध प्रवाह (Available flow for power generation)

प्रस्तावित आयोजनाको बाँध क्षेत्र देखि टेलरेस क्षेत्र सम्म पर्ने सुख्खा क्षेत्र (Dewatered stretch) मा जुम तथा तामाकोशी नदीको पानी कुनै पनि उपभोग्य वा गैर उपभोग्य प्रयोजनका लागि प्रयोग गरिएको छैन । यद्दपी, वातावरणीय प्रवाहको प्रावधान अनुरूप उच्च सुख्खा मौसम अवधि (ड्राई पिक पिरियड) को न्यूनतम जल प्रवाहको १५ प्रतिशत पानी बाँधको तल्लो तटीय क्षेत्रमा वर्षभरी कायम गरिनेछ । प्रचलित नियम कानुन तथा पारिस्थितिक प्रणालीलाई मध्यनजर गर्दै वर्षभरी न्यूनतम बहाव कायम गरिनेछ । जुम खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनका लागि उपलब्ध बहाव तालिका ५-४ मा प्रस्तुत गरिएको छ ।

तालिका ५-४: विद्युत उत्पादनका लागि उपलब्ध बहाव

महिना	खोलाको प्रवाह (घ.मि./से.)	विद्युत उत्पादनका लागि उपयोग हुने प्रवाह (घ.मि./से.)	पूरक EIA अनुसार वातावरणीय प्रवाह (घ.मि./से.)	स्वीकृत EIA अनुसार वातावरणीय प्रवाह (घ.मि./से.)
वैशाख	१४.५०	१३.०८	१.४२	१.३३१
जेठ	३७.७७	२८.५७	९.२०	९.५६
असार	११२.११	२८.५७	८३.५४	७७.१
श्रावण	१६८.८६	२८.५७	१४०.२९	१२९.७
भाद्र	१४७.९९	२८.५७	११९.४२	१०९.५८

महिना	खोलाको प्रवाह (घ.मि./से.)	विद्युत उत्पादनका लागि उपयोग हुने प्रवाह (घ.मि./से.)	पूरक EIA अनुसार वातावरणीय प्रवाह (घ.मि./से.)	स्वीकृत EIA अनुसार वातावरणीय प्रवाह (घ.मि./से.)
असोज	७८.०८	२८.५७	४९.५१	४५.३५
कात्तिक	३२.१५	२८.५७	३.५८	३.९५
मंसिर	१७.०५	१५.६२	१.४२	१.५३१
पुष	१२.२९	१०.८७	१.४२	१.१२२
माघ	१०.०१	८.५८	१.४२	०.८८
फागुन	९.५०	८.०८	१.४२	०.८२७
चैत्र	९.५५	८.१३	१.४२	०.८५९

५.४ भूगर्भ विज्ञान

५.४.१ क्षेत्रीय भूविज्ञान (Regional Geology)

आयोजना क्षेत्र उच्च हिमालय क्षेत्र (Higher Himalaya Zone - HHZ) मा अवस्थित छ। उच्च हिमालय क्षेत्रमा gneiss, hornblende-schist, quartzite आदि जस्ता उच्च श्रेणीका high-grade metamorphic rocks पाइन्छन् । उच्च हिमालय क्षेत्र उत्तरमा Southern Tibetan Detatchment System (STDS) र दक्षिणमा Main Central Thrust (MCT) को बीचमा रहेको छ। MCT हिमालयको प्रमुख क्षेत्रीय थ्रस्ट हो, जुन आयोजना स्थलबाट करिब १५ किलोमिटर दक्षिणमा पर्दछ। यस क्षेत्रमा मुख्यतया kyanite-sillimanite bearing gneiss, schist, quartzite, pegmatite र migmatite जस्ता high-grade metamorphic चट्टानहरू पाइन्छन्।

५.४.२ आयोजना क्षेत्रको भूगर्भ (Geology of the Project Area)

आयोजना क्षेत्रमा देखिएका प्रमुख चट्टानका प्रकारहरूलाई feldspathic banded gneiss, biotite-quartz banded gneiss (biotitic gneiss), quartzite, schistose gneiss or schist, pegmatite/ augen gneiss र migmatite मा वर्गीकरण गर्न सकिन्छ। Foliation plane को बनोट सामान्यतया उत्तर-पूर्व तर्फ ढल्केको छ र यसको झुकाव मध्यम छ । विद्युतगृह क्षेत्रमा feldspathic gneiss र biotitic gneiss को alternative band का साथै केही स्थानमा schistose gneiss का तहहरू पनि देखिन्छन् । त्यसैगरी, देउराली पहिरोको दक्षिणमा रहेको टेलरेस क्षेत्रमा quartzite का बाक्ला तहहरू देखिन्छन् ।

५.४.३ देउराली स्थित पहिरो र पहिरोले नदी थुनिन सक्ने सम्भावित जोखिम

जुम खोला जलविद्युत आयोजनाको पहुँच मार्गमा अवस्थित देउराली भन्ने स्थानमा गएको पहिरो क्षेत्र उच्च हिमाली क्षेत्र (Higher Himalayan Zone - HHZ) मा पर्दछ। यस क्षेत्रमा मुख्यतया banded gneiss, hornblende schist र quartzite जस्ता उच्च-श्रेणीका metamorphic चट्टानहरू पाइन्छन् ।

पहिरो गएको भिरालो जमिन करिब ४०-६० मिटर लामो, १०० मिटर अग्लो र १०-१५ मिटर गहिरो रहेको छ। यसमा मध्यमदेखि अत्यधिक रुपमा weathered, मध्यमदेखि खस्रो दानायुक्त ब्यान्डयुक्त Gneiss चट्टानहरू

रहेका छन् जसमा foliation plane मा micaceous schist पनि पाइन्छ। Pervasive jointing, local faulting, folding र unfavorable discontinuities का कारण यो चट्टान संरचनात्मक रूपमा कमजोर रहेको छ । यसको Geological Strength Index (GSI) ३०—४० (औसत ३५) रहेको छ, जसले मध्यमदेखि कमजोर सतहको अवस्था भएको खण्डित (blocky) देखि disturbed/ seamy rock mass भएको इङ्गित गर्छ। यी भूवैज्ञानिक तथा संरचनात्मक विशेषताहरूले भविष्यमा थप भूक्षय वा पहिरो जान सक्ने कमजोर र अस्थिर भिरालो जमिनलाई संकेत गर्दछ।

भिरालो जमिनको यसै अस्थिर प्रकृतिका कारण, थप पहिरो जाँदा ठूलो मात्रामा गेग्रान तथा लेदो खस्न सक्छ र यसले तल रहेको साँघुरो नदीको बहावलाई थुनेर अस्थायी रूपमा landslide dam निर्माण गर्न सक्छ।



चित्र ५-२: आयोजनाको टेलरेस आउटलेट भन्दा तल्लो तटीय क्षेत्र देउराली भन्ने स्थानमा गएको सुख्खा पहिरोको दृष्य ।

५.४.४ च्यादु खोलाबाट उत्पन्न हुन सक्ने जोखिम

च्यादु खोला जलाधारको क्षेत्रफल करिब ६७.४ वर्ग कि.मि. रहेको छ। उक्त जलाधारको भू-आकृति अत्यन्त भिरालो रहेको र खोलाको औसत ढलान (slope) करिब १:७ रहेको छ। यस क्षेत्रमा वार्षिक औसत वर्षा करिब

२,२०० मि.मि. रहेको पाइन्छ। स्थलगत अवलोकनका क्रममा च्यादु खोला र तामाकोशी नदीको संगमस्थलमा करिब ५-१० मिटर उचाइको गेग्रान (debris) को थुप्रो रहेको पाइएको छ। साथै, उक्त स्थानको माथिल्लो भागमा करिब १ कि.मि. सम्म water pool देखिएको हुँदा भविष्यमा पहिरो तथा debris का कारण नदीको प्रवाहमा अवरोध उत्पन्न हुन सक्ने सम्भावना देखिन्छ।

च्यादु खोला जलाधारमा गरिएको Landslide susceptibility mapping अध्ययनले समेत मध्यमदेखि उच्च जोखिमयुक्त क्षेत्रहरू रहेको देखाएको छ। यसका अतिरिक्त, च्यादु खोलाको विपरीततर्फको भिरालो क्षेत्रमा (देउराली भन्ने स्थान) गएको पहिरोको debris भविष्यमा वर्षातका समयमा खोलामा पुग्न सक्ने र यसले सो क्षेत्रमा debris को मात्रा वृद्धि गर्ने देखिन्छ। यस अवस्थाले च्यादु खोला-तामाकोशी नदीको संगम क्षेत्रमा गेग्रान जम्मा भई नदीको प्रवाहमा अवरोध सिर्जना हुन सक्ने सम्भावनालाई थप बढाएको छ।

अत्यधिक वर्षाका समयमा च्यादु खोला जलाधार तथा आसपासका पहिरोबाट उत्पन्न हुने गेग्रान च्यादु खोला-तामाकोशी नदीको संगमस्थलमा जम्मा भई तामाकोशी नदीको प्रवाहमा आंशिक वा अस्थायी अवरोध सिर्जना गर्न सक्ने सम्भावना रहन्छ। संगमस्थलको माथिल्लो भागमा रहेको साँघुरो खोँचका कारण यस्तो अवरोधको अवस्थामा माथिल्लो तटीय क्षेत्रमा पानीको सतह थप बढ्न सक्ने तथा त्यसबाट उत्पन्न हुने backwater प्रभावका कारण पहिले प्रस्ताव गरिएको टेलरेस पोर्टल क्षेत्र डुबानमा पर्न सक्ने सम्भावना रहेको छ ।

उक्त सम्भावित जोखिमलाई न्यूनीकरण गर्न टेलरेस पोर्टललाई च्यादु खोला—तामाकोशी नदीको संगमस्थलभन्दा तलतर्फ (downstream) स्थानान्तरण गरिएको छ ।

५.४.५ टेलरेस आउटलेट पोर्टलको स्थानान्तरण (Relocation of the Tailrace Outlet Portal)

टेलरेस आउटलेट पोर्टलका लागि सुरुमा प्रस्ताव गरिएको स्थान प्रतिकूल भूगर्भिक र भू-आकृतिक अवस्थाका कारण अनुपयुक्त पाइएको छ । सो स्थान तल्लो तटीय क्षेत्रमा रहेको सक्रिय देउराली पहिरो, तामाकोशी नदीको गहिरो र साँघुरो खोँच तथा भिरालो च्यादु खोलाको दोभानबाट प्रभावित उच्च जोखिमयुक्त क्षेत्रमा पर्दछ।

विशेष गरी वर्षायाममा च्यादु खोलाबाट आउने लेदो र गेग्रानका कारण यस दोभान क्षेत्रमा ठूलो मात्रामा थिग्रिने जोखिम छ, जसले गर्दा अस्थायी रूपमा नदी थुनिन सक्ने उच्च सम्भावना छ । यस्ता घटनाले तामाकोशी नदीको बहावलाई अवरोध पुऱ्याउन सक्छ र यसको ठीक माथिल्लो तटीय क्षेत्रमा रहेको टेलरेस आउटलेटलाई प्रत्यक्ष असर पार्न सक्छ। यसका अतिरिक्त, साँघुरो खोँचका कारण बाढीको समयमा hydraulic constraint उत्पन्न हुन सक्छ, जहाँ ठूला ढुङ्गाहरू थुप्रिएर संरचनामा क्षति पुग्ने जोखिम बढ्छ । साथै, च्यादु दोभान नजिकै रहेको सक्रिय देउराली पहिरो एक निरन्तर र गम्भीर भूगर्भिक खतरा हो। यसको अस्थिरताले उक्त क्षेत्रको प्रभावभित्र रहेका जुनसुकै संरचनाको सुरक्षामा दीर्घकालीन खतरा निम्त्याउँछ।

यी जोखिमहरूलाई मध्यनजर गर्दै, टेलरेस आउटलेट पोर्टललाई स्थानान्तरण गरिएको छ । प्रस्तावित नयाँ स्थान माथिल्लो तामाकोशी जलविद्युत आयोजना (४५६ मेगावाट) बाट करिब १५०० मिटर माथिल्लो तटीय क्षेत्रमा, करिब २०१० मिटरको उचाइमा र माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको क्रेस्ट एलिभेसन (Crest Elevation) बाट करिब २१ मिटर माथि अवस्थित छ । यो वैकल्पिक स्थानले पहिचान गरिएका खतराहरूलाई प्रभावकारी रूपमा टार्नेछ र आयोजनाको समग्र सुरक्षा र दिगोपनलाई अभिवृद्धि गर्नेछ ।

५.४.६ स्थानान्तरण गरिएको टेलरेस आउटलेट पोर्टल क्षेत्रको भू-प्राविधिक अवस्था

प्रस्तावित टेलरेस पोर्टल तामाकोशी नदीको बायाँ किनारमा अवस्थित रहेको छ। यस क्षेत्रमा पाइने चट्टानी संरचना मुख्यतः Gneiss intercalated with thick bands of Quartzite बाट बनेको छ। उक्त क्षेत्रको चट्टान fresh देखि highly weathered अवस्थासम्म रहेको पाइन्छ। चट्टानको रङ गाढा खैरो (dark grey), बनावट मध्यमदेखि मोटो दानादार (medium to coarse grained) तथा संरचना मध्यमदेखि massive रहेको छ। चट्टानको ब्लकको आकार सामान्यतः १० से.मि. देखि २०० से.मि. सम्म रहेको र चट्टान बलियो देखि अति बलियो (strong to very strong), अर्थात् >६० MPa रहेको छ।

उक्त क्षेत्रमा चट्टानमा तीन प्रमुख joint sets पहिचान गरिएका छन्। यस स्थानमा foliation को attitude ०२५°/४५° रहेको छ भने प्रमुख joint sets मध्ये J2 = २६९°/६४° र J3 = २९०°/७०° रहेका छन्। यी discontinuities को attitude तथा चट्टानी संरचनासँगको सम्बन्धले पोर्टल क्षेत्रको चट्टानको स्थायित्व तथा उत्खननका क्रममा आवश्यक पर्ने slope/rock support व्यवस्थाको मूल्याङ्कनमा महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ।

५.४.७ भू-उपयोग

भू-उपयोगको दृष्टिकोणले हेर्दा आयोजना क्षेत्रमा मूख्यतया वन जंगल, झाडी, बाँझो जमिन, खोलाको किनार, खोलाको वगर रहेको पाईन्छ । आयोजना निर्माणका लागि कूल १५.९७२ हे. जग्गा आवश्यक रहेको छ, जसमध्ये स्थायी रुपमा ८.०३६ हे. तथा ७.९३६ हे. अस्थायी प्रयोजनाका लागि आवश्यक रहेको छ । आयोजनाको लागि आवश्यक कूल स्थायी तथा अस्थायी जग्गा मध्ये १५.१७२ हे. जग्गा गौरीशंकर संरक्षण क्षेत्र अन्तर्गत पर्दछ जसमा ८.०३६ हे. स्थायी र ७.१३६ हे. अस्थायी प्रयोजनका लागि आवश्यक रहेको छ । आयोजनाको टेलरेस आउटलेट पोर्टल संरचना रहने स्थान गौरीशंकर संरक्षण क्षेत्र भित्र बाँझो जमिन भित्र पर्दछ (चित्र ५-३)।



चित्र ५-३: आयोजना क्षेत्रको भू-उपयोग सम्बन्धी नक्शा

५.४.८ हिमताल फुटेर आउने बाढी (Glacial Lake Outburst Flood - GLOF)

जुम खोला हिउँ र हिमनदीद्वारा पोषित नदी हो। यस आयोजनाको ९९२ वर्ग किलोमिटर जलाधार क्षेत्रमध्ये करिब ९८% भूभाग तिब्बत, चीनमा अवस्थित छ। यस जलाधार क्षेत्रको करिब ६०% भूभाग समुद्री सतहबाट ५,००० मिटरभन्दा माथि पर्दछ । अघिल्ला अध्ययनहरूले पोइकु-रोङ्क्सर (Poiqu–Rongxer) बेसिनमा १९ वटा सम्भावित खतरनाक हिमनदी तालहरू पहिचान गरेका छन्, जसमा जुम खोलाको जलाधार क्षेत्रभित्र पर्ने ९ वटा तालहरू पनि समावेश छन्। यीमध्ये, मानलुङ छु (Manlung Chhu) बेसिनमा रहेको 'b32' हिमताल प्रमुख जोखिमको रूपमा रहेको छ। उपग्रहबाट प्राप्त तस्बिरहरूले २००५ देखि २०१७ को बीचमा यस तालको आकारमा उल्लेखनीय वृद्धि भएको देखाएको छ।

उक्त b32 हिमताल फुटेर आउने बाढीबाट करिब १ करोड ६० लाख घनमिटर पानी निष्कासन हुन सक्नेछ र यसको अनुमानित अधिकतम बहाव दर प्रतिसेकेन्ड ५,००० घनमिटर हुन सक्नेछ। आयोजनाका लागि गरिएको 'HEC-RAS' modeling ले बाढीको पानीको सतह समुद्री सतहबाट करिब २,०७६ मिटर उचाइमा पुग्ने देखाएको छ।

GLOF को समयमा आउने उच्च बहाव र गेग्रानसहितको बाढीले हेडवर्क्सस्थित सतही संरचनाहरूमा क्षति पुऱ्याउन सक्छ। यद्यपि, विद्युतगृहको मुख्य पहुँच सुरुङको आउटलेट (Main Access Tunnel Outlet) समुद्री सतहबाट करिब २,०९२ मिटर उचाइमा, अर्थात् 'HEC-RAS' modeling द्वारा गरिएको बाढीको सतहभन्दा करिब १६ मिटर माथि अवस्थित छ। त्यस्तै, प्रस्तावित टेलरेस आउटलेट पोर्टल समुद्री सतहबाट २०१० मि. मा अवस्थित छ जुन GLOF को बाढी सतह भन्दा तल पर्दछ । यद्यपी, टेलरेस सुरुङ्गको लम्बाई करिब २०२५ मिटर रहेको र anti- flow direction मा रहेको हुँदा बाढीको पानी टेलरेस सुरुङ्ग मार्फत विद्युतगृह सम्म प्रवेश गर्ने सम्भावना न्यून रहने देखिन्छ ।

यसका अतिरिक्त, बाढीको पानी सुरुङभित्र प्रवेश गर्न सक्ने सम्भावित अवस्थालाई नियन्त्रण गर्न निकास सुरुङमा स्वचालित ढोकाको व्यवस्था गरिएको छ। साथै, GLOF वा बाढीको सम्भावित अवस्थाबारे पूर्वसूचना प्राप्त गरी विद्युतगृहका सञ्चालन तथा सम्बन्धित कर्मचारीलाई समयमै सचेत गराउन साइरन तथा पूर्वसूचना प्रणालीको व्यवस्था गरिएको छ।

५.५ जैविक वातावरण

जुम खोला जलविद्युत आयोजनाको प्राविधिक डिजाइन, हेड र टेलरेस संरचनामा संशोधन गरिएको भए तापनि आयोजनास्थल वरपरको पारिस्थितिक अवस्था र जैविक संरचनामा कुनै गुणात्मक परिवर्तन आएको छैन। प्रस्तावित आयोजनाका सम्पूर्ण संरचनाहरू गौरीशंकर संरक्षण क्षेत्र भित्र पर्दछ । नयाँ प्रस्तावित टेलरेस आउटलेट संरचना निर्माण हुने तामाकोशी नदी किनारको भाग समेत सोही संरक्षण क्षेत्रभित्रको बाँझो र चट्टानी जमिनमा अवस्थित छ। टेलरेस आउटलेट पोर्टलको स्थान परिवर्तन भए तापनि उक्त संरचनाले ओगट्ने क्षेत्रफलमा कुनै फेरबदल नभएकाले आयोजनाले उपयोग गर्ने कुल जग्गाको क्षेत्रफल पूर्व स्वीकृत वातावरणीय प्रभाव प्रतिवेदन अनुसार नै यथावत रहनेछ, जस अन्तर्गत आयोजनाले कुल १५.१७२ हेक्टर वन क्षेत्र प्रयोग गर्नेछ ।

आयोजनाको टेलरेस आउटलेट पोर्टल संरचना रहने प्रस्तावित क्षेत्रमा कुनै पनि रुख तथा पोलजन्य प्रजातीहरु रहेको पाइएन । तसर्थ, आयोजनाको पुर्व स्वीकृत परिमार्जित वातावरणीय व्यवस्थापन योजनामा उल्लेख गरिएका रुख संख्या भन्दा थप घट नरहेको हुँदा वन तथा वन स्रोतमा थप हानि नोक्सानी नहुने देखिन्छ ।

आयोजना निर्माणको लागि आवश्यक पर्ने वन क्षेत्रको १५.१७२ हे. जग्गा (स्थायी- ८.०३६ हे. र अस्थायी- ७.१३६ हे.) को भोगाधिकार र ८५१ गोटा रुखहरु हटाउने सम्बन्धी नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र सानिमा जुम हाइड्रोपावर लिमिटेड बिच मिति २०८०/०७/२४ मा द्विपक्षीय सम्झौता भएको थियो । सोही बमोजिम, श्री गौरीशंकर संरक्षण क्षेत्र आयोजना, प्रधान कार्यालय, सिंगटीबाट कटान आदेश प्राप्त भएपश्चात् आवश्यक रुख तथा पोलहरू कटान गरि बजार माग बमोजिमका गोलिया काठहरु उत्पादन गरि सुरक्षित तवरले घाटगद्दी गरि हस्तान्तरण गर्ने प्रकृया अगाडि बढाइएको छ ।

५.६ सामाजिक- आर्थिक तथा सांस्कृतिक वातावरण

आयोजना निर्माणस्थलबाट निकटता र आयोजना कार्यान्वयनले गर्दा पर्ने प्रभावहरूको गहनताका आधारमा आयोजना प्रभावित क्षेत्रलाई प्रत्यक्ष प्रभावित क्षेत्र, अप्रत्यक्ष प्रभावित क्षेत्र र वरपरको क्षेत्र गरि छुट्याइएको छ । यस आयोजनाको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावित क्षेत्रमा कुनै पनि मानव वस्ति रहेको छैन भने वरपरको क्षेत्रमा बिगु गाउँपालिका वडा नं. १ को लामाबगर, छेतछेत, गंगोर, पचते, स्यालु, ठाडी गाउँहरू रहेका छन् । वि. सं. २०६८ सालको जनगणना अनुसार बिगु गा. पा. को वडा नं. १ मा जम्मा ५३६ घरधुरी रहेका छन् । जसको कूल जनसंख्या २,०९८ छ जस्मा पुरुष १,०४० र महिला १,०५८ रहेका छन्। परिणामतः प्रत्येक घरधुरीमा औसत परिवार संख्या ४ जना रहेको देखिन्छ ।

यस क्षेत्रमा मूख्यतया कृषि बालीनालीमा मकै, कोदो, र आलु लगाइन्छ । यस क्षेत्रमा करिब ४ प्रतिशत घरधुरीलाई मात्र उत्पादन गरिएको खाद्यान्न वर्षभरि पर्याप्त रहेको पाइयो । त्यसैगरी ९६ प्रतिशत घरधुरीलाई उत्पादित खाद्यान्न वर्षभरि अपुग रहेको पाइयो ।

सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण सम्बन्धी विस्तृत जानकारीहरू स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको खण्ड ५.३ तथा उपखण्डहरू अनुरूप नै रहेको छ ।

अध्याय ६: वैकल्पिक विश्लेषण

आयोजनाको विकल्प विश्लेषण गर्दा मुख्यतया आयोजनाको प्राविधिक सम्भाव्यता, आर्थिक रुपले सक्षम र वातावरणीय स्वीकार्यता आदि का आधारमा गरिन्छ। प्राविधिक सम्भाव्यता आयोजना क्षेत्रको भु-धरातल, भौगर्भिक अवस्था, भौगोलिक अवस्था आदिमा निर्भर हुन्छ भने आयोजनाले दिन सक्ने नाफाका आधारमा आयोजना कार्यान्वयन गर्ने/नगर्ने विकल्प हेरिन्छ। त्यस्तै आयोजनाले भौतिक, जैविक, सामाजिक सांस्कृतिक वातावरणीय पक्षहरुमा पार्न सक्ने प्रभावका आधारमा समेत आयोजनाको विकल्प निर्क्योल गरिन्छ । आयोजनाको विकल्प विश्लेषण गर्दा मुख्यतया दुईवटा विकल्पहरु हेरिन्छः

१. आयोजना कार्यान्वयन गर्ने

२. आयोजना कार्यान्वयन नगर्ने

६.१ आयोजना कार्यान्वयन गर्दाको विकल्पहरुको विश्लेषण

वातावरण संरक्षण नियमावली २०७७ अनुरुप आयोजनाको डिजाइन, आयोजना स्थल, प्रक्रिया, समय-तालिका, प्रयोग हुने कच्चा पदार्थ आदिका आधारमा विकल्पको विश्लेषण गर्नु पर्ने हुन्छ। वैल्पिक आयोजना स्थल, वैकल्पिक डिजाइन र निर्माण प्रक्रियाका सम्बन्धमा निम्न अनुसार विश्लेषण गरिएको छ ।

६.१.१ वैकल्पिक आयोजना स्थल

१. टेलरेस आउटलेट पोर्टल संरचना रहने स्थलको वैकल्पिक विश्लेषण			
क्र.सं.	**आयोजनाको अवयव**	**विकल्प १**	**विकल्प २**
क)	टेलरेस आउटलेट पोर्टल	पुर्व स्विकृत EIA को वैकल्पिक विश्लेषण अनुसार Option I को विकल्प २ बमोजिम आयोजनाको टेलरेस आउटलेट पोर्टल प्रस्ताव गरिएको स्थल ।	तामाकोशी नदी र च्यादु खोलाको संगम देखि तल्लो तटीय क्षेत्रमा प्रस्तावित नयाँ स्थल ।
		विकल्प १ को तुलनामा विकल्प २ अनुसार टेलरेस सुरुङ्गको लम्बाई वृद्धि भए तापनि भविष्यमा तामाकोशी नदी थुनिन गई विद्युतगृहको संचालनमा पर्न सक्ने जोखिम न्यून हुने देखिएकोले विकल्प २ उपयुक्त देखिन्छ । दुवै वैकल्पिक स्थलहरुमा कुनै पनि रुख विरुवाहरु नरहेको र संरचनाले ओगट्ने वन क्षेत्रको जग्गामा समेत कुनै परिवर्तन नभएको ।	

६.१.२ डिजाइनको विकल्प

आयोजनाको डिजाइनका सम्बन्धमा स्वीकृत EIA मा निर्धारण गरिएको विकल्प अनुसार नै रहने छ ।

६.१.३ वैकल्पिक प्रविधिहरु, कार्यान्वयनका प्रकृयाहरु, समय तालिका र प्रयोग हुने कच्चा पदार्थहरु

आयोजनाको निर्माण र संचालनका लागि आवश्यक प्रविधि, संचालन प्रकृया, समय तालिका, कच्चा पदार्थका विभिन्न विकल्पहरूका बारेमा अध्ययन गरिएको छ। सामान्यतया आर्थिक रुपले सक्षम, श्रमको प्रयोग, सके सम्म

कम वातावरणीय क्षति हुने विकल्पको विश्लेषण गरी त्यसै अनुसारको प्रविधि, समय तालिका र कच्चा पदार्थको प्रयोगको लागि यस अध्ययनले सिफारिस गरेको छ।

आयोजना निर्माणको लागि मेशिनरी लगायत म्यानुअल विधि दुवैको प्रयोग गरिन्छ। वातावरणमा हुने क्षति न्युनिकरण गर्नका लागि भने मेशिनरी सामानहरू समय समयमा मर्मत संभार गरी सुदृढ अवस्थामा राखिने छ । समय तालिकाको विचार गर्दा सुख्खा मौसममा बाँधको काम सम्पन्न गरिनेछ र बाँध क्षेत्रमा काम गर्दा खोलालाई एकतर्फ मोड्ने र अर्को तर्फबाट काम संचालन गरिदै लगिनेछ। आयोजना निर्माणका लागि आवश्यक पर्ने कच्चा पदार्थहरू जस्तै ढुङ्गा, गिट्टी, बालुवा, आदि आयोजना क्षेत्र भित्र नै स्रोतहरू पहिचान गरी प्रयोग गरिने छ । अन्य कच्चा पदार्थहरू उपलब्ध भएसम्म नजिकैको बजारबाट खरिद गरिनेछ भने उपलब्ध हुन नसक्ने कच्चा पदार्थहरू छिमेकी राष्ट्रहरूबाट खरिद गरिनेछ ।

६.२ वन क्षेत्र प्रयोग नहुने गरी आयोजना कार्यान्वयन गर्ने विकल्पको विश्लेषण

यस अध्ययनका क्रममा वन क्षेत्रबिना विकल्पको सम्भावनासमेत अध्ययन गरिएको थियो। तर आयोजनाको प्राविधिक पक्ष तथा आयोजनास्थलमा रहेको वन क्षेत्रलाई हेर्दा वन क्षेत्र प्रयोग नहुने गरी आयोजना कार्यान्वयन गर्न नसकिने देखिन्छ । यद्यपी, नयाँ प्रस्तावित टेलरेस आउटलेट पोर्टल रहने स्थलमा कुनै पनि रुख तथा पोलजन्य प्रजातिहरु रहेको छैन ।

अध्याय ७: वातावरणीय प्रभावहरु

प्रस्तावित जुम खोला जलविद्युत आयोजना निर्माण तथा सञ्चालनको अवधिमा उठ्ने सबै खाले उचित वातावरणीय प्रभावहरूलाई वातावरण संरक्षण ऐन तथा वातावरण संरक्षण नियमावलीले निर्दिष्ट गरे अनुसार भौतिक, जैविक र सामाजिक-आर्थिक तथा सांस्कृतिक पक्षहरूमा वर्गीकरण गरेर सबै प्रभावहरूको मूल्याङ्कन गरी स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा समावेश गरिएको छ ।जम्मा ७३ वटा सवालहरू (निर्माण अवधिमा भौतिक, जैविक र सामाजिक आर्थिक तथा सांस्कृतिक पक्षहरूमा आधारित क्रमशः १४, ९ र २४ वटा सवालहरू र सञ्चालन अवधिमा तीनै पक्षहरूमा क्रमशः १०, ६ र १० वटा सवालहरू) पहिचान गरिएको थियो। वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको क्रममा थप ५ वटा सवालहरू पनि पहिचान गरि व्यवस्थापनका उपायहरू प्रस्ताव गरिएको थियो ।

यस अध्ययनका क्रममा दुईवटा नयाँ वातावरणीय सवालहरू पहिचान भएका छन्। आयोजनाको क्षमता वृद्धिसँगै विद्युत उत्पादनमा हुने वृद्धि तथा थप विद्युत ऊर्जा उपलब्ध हुने विषयलाई सकारात्मक सवालका रूपमा पहिचान गरिएको छ। त्यसैगरी, आयोजनाको निर्माणका क्रममा उत्पन्न हुने मक व्यवस्थापन उचित रूपमा हुन नसकेमा तल्लो तटीय क्षेत्रमा अवस्थित माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको जलाशयमा मक थुप्रिने सम्भावनालाई नकारात्मक प्रभावका रूपमा पहिचान गरिएको छ।

यस बाहेक अन्य नयाँ सवालहरू पहिचान नभए पनि आयोजनाको संरचना स्थानान्तरणका कारण सुख्खा क्षेत्र वृद्धि भएको, सुरुङ्गको लम्बाई बढ्दा उत्सर्जन हुने मक व्यवस्थापन सम्बन्धी चुनौतीहरु, डिजाइन डिस्चार्ज वृद्धि हुँदा वातावरणीय प्रभावहमा भएको परिवर्तन, तथा पहिरो र भिरालो जमिनको स्थायित्व सम्बन्धि विषयहरुमा अध्ययन गरि अद्यावधिक गरिएको छ । साथै, आयोजनाको क्षमता वृद्धि भए सँगै प्रवर्धक कम्पनीले तिर्ने राजस्वमा समेत वृद्धि हुने सकारात्मक प्रभाव पनि रहेको छ ।

७.१ सकारात्मक प्रभावको विश्लेषण

आयोजना निर्माण तथा संचालनमा सृजना हुने सकारात्मक प्रभावहरुको बारेमा स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनमा चर्चा गरिएको छ, जसमध्ये सकारात्मक प्रभावहरु (खण्ड ६.२) अन्तर्गत बुंदा नं. ३ मा उल्लेख गरिएको सरकारलाई तिर्ने राजस्वमा वृद्धि (सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण, संचालन चरण) सम्बन्धी सवालको सम्बन्धमा प्रस्तावित आयोजनाको क्षमता वृद्धि भएसँगै अतिरिक्त उर्जा विक्रि बापत प्रवर्धक कम्पनीले तिर्ने राजस्वमा समेत वृद्धि हुने देखिन्छ ।

तालिका ७-१: अनुकूल प्रभावको विश्लेषण

वातावरणीय प्रभाव	स्वीकृत वातावरणीय प्रभाव मूलयाङ्कनमा पहिचान गरिएको प्रभाव	पूरक वातावरणीय प्रभाव मूल्याङ्कनमा पहिचान गरिएको प्रभाव	प्रभावको प्रकृति (प्रत्यक्ष वा अप्रत्यक्ष, पहिचान वा अनुमान गरिएको)	प्रभावको परिमाण	प्रभावको सिमा	प्रभावको समयावधि
सामाजिक- आर्थिक तथा सांस्कृतिक वातावरण (संचालन चरण)						
उत्पादन हुने	-	आयोजना सञ्चालनबाट राष्ट्रिय प्रणालीमा ८१.७९ गिगावाट	प्रत्यक्ष र पहिचान गरिएको	उच्च (६०)	क्षेत्रिय (६०)	दीर्घकालीन (२०)

वातावरणीय प्रभाव	स्वीकृत वातावरणीय प्रभाव मूलयाङ्कनमा पहिचान गरिएको प्रभाव	पूरक वातावरणीय प्रभाव मूल्याङ्कनमा पहिचान गरिएको प्रभाव	प्रभावको प्रकृति (प्रत्यक्ष वा अप्रत्यक्ष, पहिचान वा अनुमान गरिएको)	प्रभावको परिमाण	प्रभावको सिमा	प्रभावको समयावधि
विद्युतिय ऊर्जामा वृद्धि (थप प्रभाव पहिचान गरिएको)		घण्टा प्रति वर्ष थप विद्युत आपूर्ति हुनेछ ।				
राजस्वमा वृद्धि (स्वीकृत EIA अनुसार प्रभाव क्र.सं. ३)	आयोजनाले सञ्चालनमा आएपछि वार्षिक रूपमा नेपाल सरकारलाई राजस्व तिर्ने छ । आयोजनाले सञ्चालन चरणको पहिलो पन्ध्र वर्ष सम्म वार्षिक कुल ने.रू. ४३,७९०,१५३/- (५,६००,०००/- जडित क्षमताको लागि + ३८,१९०,१५३/- उर्जा विक्रिको लागि) राजस्व तिर्ने छ । त्यसैगरी, सञ्चालनको पन्ध्र वर्ष पछि भने वार्षिक रूपमा कुल ने.रू. २४६,९५०,७६८/- (५६,०००,०००/- जडित क्षमताको लागि + १९०,९५०,७६८/- उर्जा विक्रिको लागि) राजस्व तिर्ने छ ।	आयोजनाले सञ्चालनमा आएपछि वार्षिक रूपमा नेपाल सरकारलाई राजस्व तिर्ने छ । आयोजनाले सञ्चालन चरणको पहिलो पन्ध्र वर्ष सम्म वार्षिक कुल ने.रू. ५४,६८०,३५९/- (७,०००,०००/- जडित क्षमताको लागि + ४७,६८०,३५९/- उर्जा विक्रिको लागि) राजस्व तिर्ने छ । त्यसैगरी, सञ्चालनको पन्ध्र वर्ष पछि भने वार्षिक रूपमा कुल ने.रू. ३०८,४०१,७९८/- (७०,०००,०००/- जडित क्षमताको लागि + २३८,४०१,७९८/- उर्जा विक्रिको लागि) राजस्व तिर्ने छ ।	प्रत्यक्ष र पहिचान गरिएको	उच्च (६०)	क्षेत्रिय (६०)	दीर्घकालीन (२०)

७.२ नकारात्मक प्रभावको विश्लेषण

आयोजना निर्माण तथा सञ्चालनबाट वातावरणमा पर्न सक्ने सम्भावित नकारात्मक प्रभावहरूबारे पुर्व स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा विस्तृत रुपमा चर्चा गरिएको छ। यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) अध्ययनले भने आयोजनाको डिजाइन र संरचना स्थानान्तरणबाट सिर्जना हुन सक्ने प्रभावहरूलाई पहिचान गरि स्वीकृत प्रतिवेदनका सम्बन्धित बुँदाहरूसँग तुलना गरी स्पष्टताका लागि तालिका ७-२ मा प्रस्तुत गरिएको छ ।

तालिका ७-२: नकारात्मक प्रभावहरुको विश्लेषण

वातावरणीय प्रभाव	स्वीकृत वातावरणीय प्रभाव मूलयाङ्कनमा पहिचान गरिएको प्रभाव	पूरक वातावरणीय प्रभाव मूल्याङ्कनमा पहिचान गरिएको प्रभाव	प्रभावको प्रकृति (प्रत्यक्ष वा अप्रत्यक्ष, पहिचान वा अनुमान गरिएको)	प्रभावको परिमाण	प्रभावको सिमा	प्रभावको समयावधि
भौतिक वातावरण (निर्माण चरण)						
जमिनको उपयोगमा परिवर्तन (स्वीकृत EIA अनुसार प्रभाव क्र.सं. ७)	आयोजना निर्माणबाट करिब २७३,६६८ घन मिटर मक उत्पादन हुनेछ, जसको व्यसवस्थापनका लागि ५.०८० हे. जग्गा छुट्याइएको छ । मक व्यवस्थापनको विषयमा मुख्य वातावरणीय चासोका विषयहरूमा जमिनको उपयोगमा परिवर्तन, वनस्पति विनाश, प्राकृतिक निकासमा अवरोध, भू-क्षय र थेग्रान (sedimentation) मा वृद्धि, भिरालो जमिनको अस्थिरता, र प्राकृतिक दृश्यमा आउने परिवर्तनहरू रहेका छन्। निर्माण चरणमा हुने जग्गा उपयोगको परिवर्तनले अस्थायी र स्थायी दुवै प्रकारका प्रभावहरू पार्नेछन्।	आयोजनाको टेलरेस सुरुङ्गको लम्बाइ बढे सँगै उत्पादन हुने मकमा पनि वृद्धि भएको छ । आयोजना निर्माणबाट करिब ३३१,३१७ घन मिटर मक उत्पादन हुनेछ । स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कनमा उल्लेख गरिएको मक डिस्पोजल क्षेत्रहरु (Muck Disposal 1 and Muck Disposal 2) मा सिभिल संरचना (Gabion wall) को उचाई बढाएर अतिरिक्त मक समेत व्यवस्थापन गर्न सकिन्छ ।	प्रत्यक्ष र पहिचान गरिएको	उच्च (६०)	स्थलगत (१०)	दीर्घकालीन (२०)
सुरुङ निर्माणले जमिनमुनिको पानीको गतिशीलता (groundwater dynamics) मा ल्याउने परिवर्तनका कारण मुहानहरूको क्षयीकरण (स्वीकृत EIA अनुसार प्रभाव क्र.सं. १४)	सुरुङ्ग निर्माणका गतिविधिहरूले पानीको प्राकृतिक हाइड्रोजियोलोजिकल प्रवाह प्रणाली (Natural Hydrological Flow System) लाई असर गर्ने हुन्छ र फलस्वरूप सतही खोल्सीहरूमा प्रभाव पर्ने हुन्छ। खोल्सीहरूको पानी सुरुङ्गभित्र पस्दा जमिनमुनी पानीको प्रकृतिमा परिवर्तन हुने देखिन्छ। साथै, water table घट्न गई gaining streams हरू loosing streams मा परिणत भई अन्ततः सुक्न समेत सक्दछ।	आयोजनाको पूर्व-निर्धारित टेलरेस आउटलेट पोर्टल र हाल प्रस्तावित नयाँ स्थानको बीचमा खोल्सी (देउराली खोल्सी) पर्ने भएकाले, सुरुङभित्र बाह्य पानी प्रवेश गर्ने (water ingress) जोखिम बढेको देखिन्छ। यद्यपि, सुरुङ निर्माणका कारण भू-गर्भीय जलप्रणाली (groundwater dynamics) मा आउने परिवर्तन र मुहानहरूमा पर्न सक्ने प्रभावहरू भने स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन	प्रत्यक्ष र प्रभाव पहिचान गरिएको	न्यून (१०)	स्थलगत (१०)	दीर्घकालीन (२०)

वातावरणीय प्रभाव	स्वीकृत वातावरणीय प्रभाव मूलयाङ्कनमा पहिचान गरिएको प्रभाव	पूरक वातावरणीय प्रभाव मूल्याङ्कनमा पहिचान गरिएको प्रभाव	प्रभावको प्रकृति (प्रत्यक्ष वा अप्रत्यक्ष, पहिचान वा अनुमान गरिएको)	प्रभावको परिमाण	प्रभावको सिमा	प्रभावको समयावधि
		प्रतिवेदनमा उल्लेख भए बमोजिम नै रहनेछन्।				
आयोजनाबाट उत्पादन हुने मकका कारण माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको जलाशयको भण्डारण क्षमता घट्न सक्ने सम्भावना (थप प्रभाव पहिचान गरिएको)	-	आयोजना निर्माणका क्रममा उत्पादन हुने करिब ३३१,३१७ घन मिटर मकको उचित व्यवस्थापन हुन नसक्दा, बाढीको समयमा ती मक नदीमार्फत बगेर माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको बाँध क्षेत्रमा थुप्रिन सक्ने देखिन्छ।	प्रत्यक्ष र प्रभाव पहिचान गरिएको	मध्यम (२०)	स्थलगत (१०)	दीर्घकालीन (२०)
भौतिक वातावरण (संचालन चरण)						
जुम खोलाको कटान ढाँचा र नदीको स्वरुपमा परिवर्तन (स्वीकृत EIA अनुसार प्रभाव क्र.सं. १)	हेडवर्क्सबाट पानीको बहाव डाइभर्ट गर्दा हेडवर्क्स देखि टेलरेस क्षेत्रसम्म करिब १ किलोमिटर लामो खण्डमा पानीको मात्रा कम (dewatered stretch) हुनेछ। सुख्खायाममा यस क्षेत्रको बहाव न्यून रहनेछ र पानी साँघुरा एवं थोरै गहिराइ भएका च्यानलहरूमा मात्र सीमित हुनेछ। त्यसैगरी, बगर क्षेत्रमा माटो र ढुङ्गा (muck) व्यवस्थापन गर्दा नदीको च्यानल साँघुरो हुन सक्छ, जसले नदीको स्वरूप (morphology) परिवर्तन गर्ने सम्भावना रहन्छ। यद्यपि, नदी braided किसिमको नभएको र दाहिने किनारमा रहेका चट्टानहरूले गर्दा नदीको मार्गमा ठूलो परिवर्तन आउने अपेक्षा गरिएको छैन।	बाँध स्थलबाट पानीको बहाव डाइभर्ट गर्दा बाँध स्थलदेखि टेलरेस क्षेत्रसम्म करिब ३.५ किलोमिटर लामो खण्डमा पानीको मात्रा कम (dewatered stretch) हुनेछ। सुख्खायाममा यस क्षेत्रको बहाव न्यून रहनेछ र पानी साँघुरा एवं थोरै गहिराइ भएका च्यानलहरूमा मात्र सीमित हुनेछ। तथापि, बाँध स्थल देखि करिब १.५ कि.मि. तल्लो तटीय क्षेत्रमा रहेको लप्ची खोलाको बहाव समेत थपिदा यि दुई खोलाको संगम देखि तल पानीको मात्रा थप हुनाले Dewatered zone भित्र पानी पर्याप्त हुने देखिन्छ ।	प्रत्यक्ष र पहिचान गरिएको	न्यून (१०)	स्थलगत (१०)	दीर्घकालीन (२०)

वातावरणीय प्रभाव	स्वीकृत वातावरणीय प्रभाव मूलयाङ्कनमा पहिचान गरिएको प्रभाव	पूरक वातावरणीय प्रभाव मूल्याङ्कनमा पहिचान गरिएको प्रभाव	प्रभावको प्रकृति (प्रत्यक्ष वा अप्रत्यक्ष, पहिचान वा अनुमान गरिएको)	प्रभावको परिमाण	प्रभावको सिमा	प्रभावको समयावधि
		त्यसैगरी, बगर क्षेत्रमा माटो र ढुङ्गा (muck) व्यवस्थापन गर्दा नदीको च्यानल साँघुरो हुन सक्छ, जसले नदीको स्वरूप (morphology) परिवर्तन गर्ने सम्भावना रहन्छ। यद्यपि, नदी braided किसिमको नभएको र दाहिने किनारमा रहेका चट्टानहरूले गर्दा नदीको मार्गमा ठूलो परिवर्तन आउने अपेक्षा गरिएको छैन।				
पानीको बहावमा कमी र dewatered stretch मा सूक्ष्म जलवायु (microclimate) को सम्भावित निर्माण (स्वीकृत EIA अनुसार प्रभाव क्र.सं. २)	२५.४५ घ.मि./से. को डिजाइन डिस्चार्ज (design flow) बाँध स्थलबाट डाइभर्ट गरिएपछि, सुख्खायाममा पानी न्यून हुने क्षेत्र (dewatered stretch) मा बहाव कम हुनेछ। पानीको कम मात्राले गर्दा उक्त क्षेत्रको तापक्रम बढ्न सक्ने सम्भावना रहन्छ।	जुम खोलाको पानीलाई बाँध स्थलबाट डाइभर्ट गरिएपछि, सुख्खायाममा पानी न्यून हुने क्षेत्र (dewatered stretch) मा बहाव कम हुनेछ। खोलामा पानी कम हुँदा वरपरको जमिन र हावा छिटो तात्न सक्छ, जसले गर्दा उक्त क्षेत्रको स्थानीय तापक्रम बढ्न जान्छ । यस्तै प्रकृतिका अन्य जलविद्युत आयोजनाहरूको अनुभवले के देखाएको छ भने तापक्रम करिब ०.५°C सम्मले बढ्न सक्छ। यद्यपि यो प्रक्रिया अपरिवर्तनीय (irreversible) छ, तल्लो तटीय क्षेत्रमा हाल भइरहेको पानीको प्रयोग र विभिन्न सहायक नदीहरूबाट हुने थप बहावका कारण यसको प्रभाव न्यून रहने अनुमान गरिएको छ।	अप्रत्यक्ष र अनुमान गरिएको	न्यून (१०)	स्थलगत (१०)	दीर्घकालीन (२०)
GLOF को प्रभाव (स्वीकृत	GLOF को समयमा तामाकोशी नदीको पानीको सतह समुद्री	GLOF को समयमा तामाकोशी नदीको पानीको सतह समुद्री	अप्रत्यक्ष र प्रभाव	मध्ययम (२०)	स्थलगत (१०)	दीर्घकालीन (२०)

वातावरणीय प्रभाव	स्वीकृत वातावरणीय प्रभाव मूलयाङ्कनमा पहिचान गरिएको प्रभाव	पूरक वातावरणीय प्रभाव मूल्याङ्कनमा पहिचान गरिएको प्रभाव	प्रभावको प्रकृति (प्रत्यक्ष वा अप्रत्यक्ष, पहिचान वा अनुमान गरिएको)	प्रभावको परिमाण	प्रभावको सिमा	प्रभावको समयावधि
EIA अनुसार प्रभाव क्र.सं. ७)	सतहबाट २०७६ मिटरसम्म पुग्ने अनुमान गरिएको छ। Turbine axis र टेलरेस सुरुङको निकास (outlet portal) को तह क्रमशः २०४४.०७ मिटर र २०४४.५८ मिटर मा प्रस्ताव गरिएको छ, जुन GLOF को समयमा तामाकोशी नदीको उच्च बाढी सतह (High Flood Level - HFL) भन्दा तल पर्दछ। तसर्थ, तामाकोशी नदीको पानी टेलरेस सुरुङको निकास हुँदै पावरहाउसभित्र पस्ने जोखिम देखिन्छ। हेडवर्क्स क्षेत्रमा भने बाढीलाई अन्डरस्लुइस गेट (undersluice gates) र बाँधको माथिल्लो भाग (weir) बाट निकास दिइने हुनाले यसको प्रभाव न्यून रहनेछ। यद्यपि, यस्तो बाढीले बगाएर ल्याउने थेग्रान (sediment) र ठूला ढुङ्गाहरू (boulders) ले सबैभन्दा ठूलो प्रभाव पार्न सक्छन्। बालुवा र थेग्रानहरू बाँधभन्दा पछाडि थुप्रिनेछन् भने बाढीले ल्याउने ठूला ढुङ्गाहरूले बाँध र हेडवर्क्सका अन्य संरचनाहरूमा ठूलो क्षति पुऱ्याउन सक्ने जोखिम रहन्छ।	सतहबाट १९९७ मिटरसम्म पुग्ने अनुमान गरिएको छ (स्रोतः Upper Tamakoshi Hydroelectric Project, Detailed Design Report Vol-1, Main Report, November 2008)। Turbine axis level समुद्री सतहबाट २००९.९० मि. र टेलरेस सुरुङको निकास (Outlet portal) २००८ मि. मा प्रस्ताव गरिएको छ जुन GLOF को समयमा तामाकोशी नदीको उच्च बाढी सतह (High Flood Level - HFL) भन्दा माथि पर्दछ। तसर्थ, GLOF को समयमा विद्युतगृह संचालनमा प्रभाव नपर्ने देखिन्छ ।	अनुमान गरिएको			

[*स्वीकृत EIA प्रतिवेदनमा GLOF सम्बन्धमा गरिएको अध्ययन तथा यसको सम्भावित प्रभावहरूको विश्लेषण यस SEIA का लागि समेत सान्दर्भिक रहेको छ। यसका अतिरिक्त, विपद् व्यवस्थापन तथा बाढीजन्य जोखिम न्यूनीकरणका लागि प्रस्तावक कम्पनीद्वारा तयार गरिएका Safety Policy, Safety Plan लगायतका सम्बन्धित योजना तथा व्यवस्थापनका उपायहरू यस प्रतिवेदनको अनुसूची ६ मा समावेश गरिएको छ।]

अध्याय ८: अनुकूल प्रभाव अभिवृद्धि गर्ने तथा प्रतिकूल प्रभाव न्यून गर्ने उपाय

प्रस्तावित जुम खोला जलविद्युत आयोजनाको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तथा परिमार्जित वातावरणीय व्यवस्थापन योजना प्रतिवेदनमा प्रस्ताव गरिएका सम्पूर्ण अभिवृद्धि तथा न्यूनीकरणका उपायहरू प्रस्तावकले आफ्नै खर्चमा अवलम्बन गर्नेछ । यस प्रतिवेदनमा नसमेटिएका कुनै पनि अनुकूल वा प्रतिकूल प्रभावहरू आयोजनाको निर्माण तथा संचालनका समयमा उत्पन्न भएमा सोको अभिवृद्धि तथा न्यूनीकरणका उपायहरू समेत प्रस्तावकले अवलम्बन गर्नेछ । आयोजनाले सामाजिक सहयोग कार्यक्रमहरू संचालन गर्न तथा स्थानीयहरू सँग सुमधुर सम्बन्ध कायम राख्न स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा प्रस्ताव गरिए बमोजिम सानिमा जुम सहयोग तथा साझेदारी कार्यक्रम मार्फत गर्नेछ।

अध्याय ५ मा उल्लेख गरिए अनुसारको वातावरणीय प्रभावहरुको अभिवृद्धि तथा न्यूनिकरणका उपायहरु स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन र यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनमा प्रस्ताव गरिएको उपायहरुको तुलनात्मक रुपमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

अन्य अभिवृद्धि तथा न्यूनिकरणका उपायहरू स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा प्रस्ताव गरिए अनुसारनै हुनेछ ।

तालिका ८-१: वातावरणीय प्रभाव न्यूनिकरण तथा अभिवृद्धिका उपायहरुको तुलनात्मक तालिका

प्रतिकुल वातावरणीय प्रभावहरु	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार न्युनिकरणका उपायहरु (के के गर्ने र कसरी गर्ने)	पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार न्युनिकरणका उपायहरु (के के गर्ने र कसरी गर्ने)	कहाँ गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति,बजेट, समय	अनुगमन तथा मूल्याङ्कन	टिप्पणी
भौतिक वातावरण (निर्माण चरण)								
जमिनको उपयोगमा परिवर्तन	JKHP will take following corrective actions for the proper management of muck. 1. Muck generated from all the construction works will be collected and deposited at the identified muck disposal areas. Altogether, two sites for muck disposal are identified with a total area of 5.079 ha. 2. Excavated muck will be used in compact fills as far as possible only remaining muck will be disposed off in identified/approved dumping areas. Of the total muck generated, nearly 50% of the spoil material is expected to be used as aggregate for the construction of project structural components. 3. In order to confine the muck and prevent down slope erosion on the event of rainfall or by river scouring following measures will be implemented. i. Retaining walls will be constructed on the down slope side prior to the placement of the muck. The muck generated will be disposed only in the above designated sites. ii. The muck will be backfilled maintaining the stable slope. iii. The entire muck deposited area will be provided with ditch drainage to drain the rainwater. 4. The top surface of the muck will be covered with adequate top soil collected and stored after excavation. 5. The disposal sites have been carefully selected so that the disturbances created and possible future adverse impact will be such that they would not obstruct the river flow. 6. Muck disposal site will be rehabilitated to land use similar to or better than the original status.	आयोजनाले निम्न न्युनिकरणका उपायहरु अवलम्बन गर्नेछ: १) स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा निर्धारण गरिएको मक डिस्पोजल क्षेत्रहरु भित्रनै अतिरिक्त मक व्यवस्थापनका लागि सिभिल संरचना (Gabion wall) को उचाई थप २ देखि २.५ मि. बढाएर व्यवस्थापन गरिनेछ । २) उत्सर्जित ढुंगा माटोको विसर्जन गर्दा उचित आद्रताका साथ खाँदिनेछ (compaction), जसले यसलाई स्थिर गराई धुलो उड्न कम गराउँछ र वर्षाको समयमा बग्नबाट बचाउँछ । ३) सिभिल संरचना (Retaining wall) र विसर्जित क्षेत्रमा उचित निकासको व्यवस्था गरी बर्षा याममा पानीले विसर्जित ढुङ्गा माटो बगाउन सक्ने जोखिमलाई न्यूनीकरण गरिने छ । ४) उत्सर्जित ढुंगा माटो-विसर्जित क्षेत्रको माथिल्लो सतहमा प्रशस्त मात्रामा जमिनको माथिल्लो सतहको माटो (top soil) ले भरिने छ । ५) विसर्जित क्षेत्रलाई वरपरको प्रकृतिसँग सुहाउँदो बनाउन जैविक इन्जिनियरिङ्ग (Bio-engineering) प्रविधि प्रयोग गरी स्थानीय प्रजातिका रुखहरु लगाई निश्चित आकार दिइनेछ, जसले प्राकृतिक सौन्दर्यलाई कायम राखेछ ।	मक डिस्पोजल क्षेत्रहरु	आयोजना निर्माणको चरणमा	प्रस्तावक/ निर्माण व्यवसायी	५,०२३,६८९.००/- (स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार)	प्रस्तावक, स्थानिय तह	
सुरुङ निर्माणले जमिनमुनिको पानीको गतिशीलता (groundwater dynamics) मा ल्याउने परिवर्तनका कारण मुहानहरूको क्षयीकरण	Tunnel will be shield immediately after construction (through shotcrete) so that seepage of water into the tunnel is minimum.	टनेल निर्माण गर्ने क्रममा सटक्रिट (shotcrete) मार्फत shield गरिनेछ ताकि टनेल भित्र पानीको चुहावट कम से कम होस्। यसले गर्दा पानीको मुहानहरुको क्षयीकरण हुन बाट जोगाउनेछ ।	टनेल भित्र	आयोजना निर्माणको चरणमा	निर्माण व्यवसायी कम्पनी	निर्माण ठेक्का सम्झौतामा समावेश गरिएको	प्रस्तावक	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा जस्तै
आयोजनाबाट उत्पादन हुने मकका कारण माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको जलाशयको भण्डारण क्षमता घट्न सक्ने		• आयोजनाबाट उत्पादन हुने करिब ३३१,३१७ घन मिटर मकको व्यवस्थापनका लागि पूर्व स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा तोकिएका स्थानहरूमा ग्याबियन पर्खाल (Gabion wall) तथा रिटेनिङ संरचना (Retaining wall) जस्ता सिभिल संरचनाहरू निर्माण गरिनेछ । यसबाट मक	आयोजना स्थल	आयोजना निर्माणको चरणमा	निर्माण व्यवसायी कम्पनी/ प्रस्तावक	थप रकम आवश्यक नरहेको	प्रस्तावक, माथिल्लो तामाकोशी जलविद्युत आयोजना	

प्रतिकुल वातावरणीय प्रभावहरु	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार न्युनिकरणका उपायहरु (के के गर्ने र कसरी गर्ने)	पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार न्युनिकरणका उपायहरु (के के गर्ने र कसरी गर्ने)	कहाँ गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति,बजेट, समय	अनुगमन तथा मूल्याङ्कन	टिप्पणी
सम्भावना (थप प्रभाव पहिचान गरिएको)		नदीमार्फत बगेर तामाकोशी जलविद्युत आयोजनाको जलाशयमा थुप्रिने छैन ।						
भौतिक वातावरण (संचालन चरण)								
जुम खोलाको कटान ढाँचा र नदीको स्वरुपमा परिवर्तन	JKHP will take following preventive/corrective measures for erosion abatement and the management of the river channel. 1. Bank protection works (gabion spurs and/or revetment) will be undertaken to prevent erosion near the major project structures. 2. The muck disposal site will be protected as required against erosion and failure using civil structures and bio-engineering techniques. 3. Longitudinal and cross sections of affected portion of river will be studied after every rainy season and civil and bio-engineering techniques will be applied as required.	निर्माण सामग्री जस्तै गिट्टी, बालुवा, ढुङ्गा आदि तोकिएको क्षेत्रमा मात्र उत्खनन् कार्य गरिनेछ । त्यसैगरी, बाँध निर्माण गर्दा फर्काइएको पानीको बहावले गर्दा हुनसक्ने नदी कटान सकेसम्म हुन दिने छैन । साथसाथै उत्सर्जित ढुंगा माटो विसर्जिन गर्ने क्षेत्रलाई सिभिल तथा बायो-ईन्जिनियरिङ्गको माध्यमबाट सुरक्षित बनाइनेछ ।	जुम खोलाको किनार तथा मक डिस्पोजल क्षेत्रहरु	आयोजना निर्माण तथा संचालन चरणमा	निर्माण व्यवसायी कम्पनी र प्रस्तावक	१,५१२,४०५.००/- (स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार)	प्रस्तावक, स्थानिय तह	
पानीको बहावमा कमी र पानी न्यून भएको क्षेत्र (dewatered stretch) मा सूक्ष्म जलवायु (microclimate) को सम्भावित निर्माण	Ten percentage of each mean month flow will be released from the dam site. This flow would be augmented downstream from the flow from the tributaries of Jum Khola located between the weir and tailrace area. Lapche Khola, located about 1300 m downstream from the proposed weir contribute significant flow to Tamakoshi Nadi (located within dewatered stretch).	उच्च सुख्खा मौसम अवधि (ड्राइ पिक पिरियड) भर आयोजनाको बाँधस्थल देखि न्यूनतम जल प्रवाहको कम्तिमा १५ प्रतिशत पानी खोलामा छोड्ने व्यवस्था मिलाइनेछ ।साथै, बाँधस्थलबाट करिब १३०० मि. तल लप्ची खोलाबाट पानी थपिने हुँदा खोलाको पारिस्थितिकीय प्रणालीमा पर्ने प्रतिकूल प्रभाव पनि कम हुने देखिन्छ ।	बाँध स्थल	आयोजना संचालनको चरणमा	प्रस्तावक	थप रकम आवश्यक नरहेको	प्रस्तावक, विद्युत विकास विभाग, ऊर्जा जलश्रोत तथा सिंचाइ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय	
GLOF को प्रभाव	JKHP will employ following GLOF management plan to minimize the impact of probable GLOF event during operation phase. 1. The b32 glacier lake and other glacier lakes will be continuously monitored through the use of satellite imagery. 2. If the water level at these lakes exceeds the threshold level, provisions for draining out the water from the lakes will be initiated in collaboration with GoN. 3. The sediments brought by GLOF and deposited beyond the weir will be drained out to the downstream through undersluice structure. 4. Early warning system (siren) will be installed to aware powerhouse operators about the probable flood event. 5. Automatic gate will be installed at the tailrace tunnel outlet portal so that the powerhouse operators could immediately close the gate (as soon as they receive the warning signals) and prevent the entry of water into the powerhouse (through tailrace tunnel). 6. After shutting down the tailrace tunnel gate, powerhouse operators can escape through access tunnel whose portal is proposed at 2092 m amsl that is well above the HFL (2076 m amsl) during GLOF.	आयोजनाले निम्न न्यूनिकरणका उपायहरु अवलम्बन गर्नेछ : १) B32 भनिने हिमताल र अन्य हिमतालहरुलाई स्याटेलाईट फोटोको माध्यमबाट संचालनको समयमा पनि निरन्तर निगरानी गरिनेछ । २) हिमतालमा पानीको मात्रा जोखिमस्तर भन्दा माथि पुगेमा निर्माण कार्यहरु shift गरिनेछ । ३) GLOF ले ल्याएको थेग्रोलाई अण्डरस्लुसको माध्यमबाट निष्काशन गरिनेछ । ४) बाढीको बारे पूर्वसूचना गरी विद्युतगृहको संचालकहरुलाई सचेत गर्न siren को व्यवस्था गरिनेछ । ५) निकास सुरुङ्गमा स्वचालित ढोकाको व्यवस्था गरिनेछ । नदीमा पानीको बहाव बढी भई निकास सुरुङ्गको level भन्दा माथि जान सक्ने सम्भावना रहेको खण्डमा, विद्युतगृह अपरेटरले विद्युतगृहबाट नै सो ढोका बन्द गर्नेछन् ताकि नदीको पानी सुरुङ्ग भित्र आउन नसकोस्। ६) विद्युतगृह छिर्ने access tunnel portal २०९२ मि. मा रहनेछ जुन GLOF को समयमा पुग्ने HFL भन्दा माथि रहेकोछ । तसर्थ, निकास सुरुङ्गमा रहने स्वचालित ढोका	आयोजनको बाँध लगायत टेलरेस संरचना	आयोजना निर्माण तथा संचालन चरण	प्रस्तावक	१,०१२,८९४.००/- (स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार)	प्रस्तावक	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा जस्तै

प्रतिकुल वातावरणीय प्रभावहरु	**स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार न्युनिकरणका उपायहरु (के के गर्ने र कसरी गर्ने)**	**पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार न्युनिकरणका उपायहरु (के के गर्ने र कसरी गर्ने)**	**कहाँ गर्ने**	**कहिले गर्ने**	**कसले गर्ने**	**अनुमानित जनशक्ति,बजेट, समय**	**अनुगमन तथा मूल्याङ्कन**	**टिप्पणी**
		बन्द गरिसकेपछि विद्युतगृहका अपरेटरहरु सुरक्षित ठाँउमा जानसक्नेछन् ।						
अनुकूल वातावरणीय प्रभावह	**स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार अभिवृद्धिका उपायहरु (के के गर्ने र कसरी गर्ने)**	**पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार अभिवृद्धिका उपायहरु (के के गर्ने र कसरी गर्ने)**	**कहाँ गर्ने**	**कहिले गर्ने**	**कसले गर्ने**	**अनुमानित जनशक्ति,बजेट, समय**	**अनुगमन तथा मूल्याङ्कन**	**टिप्पणी**
उत्पादन हुने विद्युतिय ऊर्जामा वृद्धि (थप प्रभाव पहिचान गरिएको)	-	आयोजनाबाट उत्पादन हुने विद्युतिय ऊर्जालाई राष्ट्रिय प्रणालीमा थप हुँदा समग्र प्रणालीलाई सुदृढ बनाउनेछ र विद्युत आपूर्ति र मागको अन्तरलाई केही हदसम्म कम गर्न योगदान दिनेछ ।	-	-	-	-	-	-
राजस्वमा वृद्धि	In order to maximize the benefits of the increase in revenue, following actions will be implemented: 1. Some fund will be allocated during the first two years of project operation for enhancement of training program to utilize the royalty. 2. Practical guidelines will be developed in coordination with RMs for rational and effective use of the hydropower royalty. 3. Programs for capacity building of concerned people of the RMs will be organized.	राजस्वमा हुने वृद्धिको लाभलाई अधिकतम बनाउनका लागि निम्न कार्यहरू कार्यान्वयन गरिनेछन्: १) रोयल्टी (रोयल्टी) को सदुपयोग गर्नका लागि तालिम कार्यक्रमहरूको सुदृढीकरण गर्न आयोजना सञ्चालनको पहिलो दुई वर्षको अवधिमा केही बजेट विनियोजन गरिनेछ। २) जलविद्युत रोयल्टीको तर्कसंगत र प्रभावकारी प्रयोगका लागि गाउँपालिकाहरूसँगको समन्वयमा व्यावहारिक मार्गदर्शनहरू तयार गरिनेछन्। ३) सम्बन्धित गाउँपालिकाका सरोकारवाला व्यक्तिहरूको क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरू आयोजना गरिनेछन्।	आयोजना क्षेत्र	संचालनको चरणमा	प्रस्तावक	४९९,०००.००/- (स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार)	स्थानिय तह	स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा जस्तै

८.१ वातावरणीय व्यवस्थापनको लागत

यस आयोजनाको भौतिक संरचना स्थानान्तरण तथा डिजाइनमा गरिएका परिवर्तनका कारण समग्र आयोजना लागतमा वृद्धि भएको छ। तथापि, वातावरणीय प्रभाव न्यूनीकरण तथा अभिवृद्धि सम्बन्धी कार्यहरूको लागतमा भने कुनै वृद्धि गरिएको छैन। टेलरेस टनेलको लम्बाई वृद्धि भएसँगै निस्कने अतिरिक्त मकको व्यवस्थापनको लागि आवश्यक पर्ने सिभिल संरचनाहरु, जस्तै Gabion तथा Retaining wall निर्माणको लागत आयोजना निर्माण सम्बन्धी सिभिल ठेक्का सम्झौतामानै समावेश गरिएको हुँदा वातावरणीय लागतमा कुनै थप परिवर्तन गरिएको छैन ।

आयोजना निर्माण लागत वृद्धि भएसँगै सामुदायिक सहयोग कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेटमा समेत आवश्यक समायोजन गरिएको छ। यसरी अद्यावधिक गरिएको वातावरणीय व्यवस्थापन लागतको विवरण तालिका ८-२ मा प्रस्तुत गरिएको छ।

तालिका ८-२: वातावरणीय लागत

क्र.सं.	गतिविधिहरू	लागत (ने.रू.)	कैफियत
१	**वातावरणीय संरक्षण**		
१.१	वातावरणीय नकारात्मक प्रभावको क्षतिपूर्ति	८९,५९९,९७४	
१.२	सामाजिक सहयोग कार्यक्रम	८५,६५९,४३८	
१.३	सकारात्मक प्रभावलाई अभिवृद्धि गर्न	२,५००,०००	
कूलः १७७,७५९,४१२			
२	**वातावरणीय अनुगमन**		
२.१	नियमपालन अनुगमन	४,२००,०००	
२.२	प्रभाव अनुगमन	९,८००,०००	
कूलः १४,०००,०००			
३	**वातावरणीय परीक्षण**	५,०००,०००	
कूलः ५,०००,०००			
जम्माः १९२,२५९,४१२			
आयोजनाको लागतमा वातावरणीय लागतको प्रतिशतः **१.६८**			

अध्याय ९: वातावरणीय अनुगमन

वातावरणीय प्रभावहरूको न्यूनिकरणका उपायहरू कार्यान्वयन भए/नभएको र कार्यान्वयन गरिएका उपायहरू को प्रभावकारिता अनुगमन देहायका अवस्थामा निम्न प्रकारले गरिने छ ।

क. प्रारम्भिक अवस्थाको अनुगमन (Baseline Monitoring): यो आयोजना निर्माण गर्नु पुर्व निर्माण स्थल र वरपरका आधारभूत वातावरणीय पक्षको सर्वेक्षण गरी प्रारम्भिक अवस्थाको तुलनामा वातावरणीय पक्षमा भएको परिवर्तन बारेमा अनुगमन गर्नु पर्ने हुन्छ । यो मुख्य रूपमा आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको स्वीकृति र आयोजना कार्यान्वयन बिच धेरै समयको अन्तर भएमा मात्र गरिन्छ । प्रस्तावकले आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन पुर्ण रूपले परिमार्जित गर्नेछ अथवा आधारभूत तथ्याङ्कहरू मात्र परिमार्जित गर्न सक्नेछ ।

ख. प्रभाव अनुगमन (Impact Monitoring): आयोजना कार्यान्वयनबाट भएका वातावरणीय परिवर्तन पत्ता लगाउन आयोजना निर्माण तथा संचालनका क्रममा त्यस क्षेत्रको पर्यावणीय, जनस्वास्थ्य, सामाजिक आर्थिक अवस्थाका सूचकको मूल्याङ्कन गरिनेछ ।

ग. नियमपालन अनुगमन (Compliance Monitoring): आयोजना कार्यान्वयन गर्दा निर्धारित मापदण्ड, नीति नियम आदि पालना गरे/ नगरेको सुनिश्चित गर्न अनुगमन गरिनेछ ।

सानिमा जुम हाइड्रोपावर लिमिटेडले वातावरणीय अनुगमन गर्न आयोजना क्षेत्रमा नै वातावरण तथा सामाजिक व्यवस्थापन ईकाइको स्थापना गर्नेछ ।

वातावरणीय अनुगमनको सूचक, अनुगमनको विधि, समय तालिका र अनुगमन गर्ने निकाय जुम खोला जलविद्युत आयोजनाको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा (अध्याय १०, खण्ड १०.१.२.२) प्रस्ताव गरिए बमोजिम नै हुनेछ । त्यसैगरि, न्यूनिकरण तथा अभिवृद्धिका उपायहरूमा समेत उल्लेखनीय फरक नभएको कारण आयोजनाको प्रभाव तथा नियमपालन अनुगमनको योजनामा पनि केही परिवर्तन भएको छैन । आयोजनाको वातावरणीय अनुगमन योजना कार्यान्वयन गर्नका लागि प्रस्ताव गरिएको संगठानिक संरचना र आवश्यक बजेट स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुरूप नै हुनेछ ।

अध्याय १०: वातावरणीय परीक्षण

वातावरणीय परीक्षणको मुख्य उद्देश्य भनेको वातावरणीय प्रभावहरूको न्यूनिकरणका उपायहरू तथा अनुगमनको प्रभावकारिता परीक्षण गरी आयोजना निर्माण गर्नु अघि र आयोजना कार्यान्वयन भए पश्चात् आयोजना स्थलको वातावरणीय गुणस्तरमा आएको परिवर्तनको तुलना गर्नु रहेको छ ।

राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, १९९३ ले वातावरणीय प्रभाव मूल्याङ्कनको प्रभावकारिता जाँच्न विभिन्न प्रकारका वातावरणीय परीक्षणहरू पहिचान गरेको छ । जसमध्ये प्रभावको परीक्षण (Impact Auditing) ले वातावरणीय प्रभाव मूल्याङ्कनमा अनुमान गरिएको वातावरणीय प्रभावहरू तथा सोको न्यूनिकरणका उपायहरूको प्रभावकारिताको अध्ययन गर्न उत्तम मानिएको छ । सामान्यतया वातावरणीय परीक्षण कुनै पनि आयोजना संचालनको समयमा गरिन्छ । वातावरण संरक्षण ऐन, २०७६ अनुसार, वन तथा वातावरण मन्त्रालय वा अन्य सम्बन्धित निकायले वातावरणीय परीक्षण आयोजना संचालनमा आएको २ वर्ष पश्चात् ६ महिना भित्र गरि सक्नु पर्ने व्यवस्था रहेको छ ।

प्रस्तावित जुम खोला जलविद्युत आयोजनाको वातावरणीय परीक्षण उक्त आयोजनाको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्क प्रतिवेदनमा प्रस्ताव गरिएको परीक्षणको खाकालाई नै अवलम्बन गरिनेछ ।

अध्याय ११: निष्कर्ष

प्रस्तावित जुम खोला जलविद्युत आयोजना (७० मे.वा.) सम्बन्धी यो पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रतिवेदन वातावरण संरक्षण ऐन, २०७६ अनुसार तयार पारिएको हो। आयोजनाको टेलरेस संरचना स्थानान्तरण, डिजाइन डिस्चार्ज तथा उपयोग हुने हेडमा भएको वृद्धिका कारण आयोजनाको कुल क्षमता बढेको छ। यी परिवर्तनसँगै आयोजना क्षेत्रको भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्न सक्ने सम्भावित प्रभावहरूको पहिचान गरी तिनका न्यूनीकरण तथा अभिवृद्धिका उपायहरू प्रस्ताव गरिएको छन्। संरचना स्थानान्तरण गरिए पनि आयोजनाले प्रयोग गर्ने वन क्षेत्रको क्षेत्रफलमा वृद्धि नहुने तथा थप रुख-बिरुवा हटाउन नपर्ने निष्कर्ष यस अध्ययनले देखाएको छ ।

पूर्व स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनभन्दा अतिरिक्त यस अध्ययनले दुईवटा नयाँ सवालहरु पहिचान गरिएको छ । पहिलो, आयोजनाको क्षमता वृद्धिसँगै विद्युत उत्पादनमा हुने वृद्धि तथा थप विद्युतिय ऊर्जा उपलब्ध हुने विषयलाई सकारात्मक सवालका रूपमा पहिचान गरिएको छ। आयोजनाको निर्माणका क्रममा उत्पन्न हुने मक व्यवस्थापन उचित रूपमा हुन नसकेमा तल्लो तटीय क्षेत्रमा अवस्थित माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको जलाशयमा मक थुप्रिन सक्ने सम्भावनालाई नकारात्मक प्रभावका रूपमा पहिचान गरिएको छ।

निर्माणका क्रममा उत्पादन हुने मकको व्यवस्थापनका लागि पूर्व स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा निर्धारण गरिएका स्थलहरुमा नै आवश्यकता अनुसार सिभिल संरचनाहरुको उचाई वृद्धि गरि उपलब्ध जग्गा भित्रै सुरक्षित रुपमा गर्न सकिने देखाएको छ । यसैगरी, आयोजनाको क्षमता वृद्धि भएसँगै सञ्चालन चरणमा नेपाल सरकारलाई तिर्ने राजस्वमा वृद्धि हुने अपेक्षा गरिएको छ, जसले समग्र राष्ट्रिय आर्थिक विकासमा सकारात्मक योगदान पुऱ्याउनेछ ।

अन्ततः पूर्व स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन तथा परिमार्जित वातावरणीय व्यवस्थापन योजनामा उल्लेखित वातावरणीय प्रभावहरु, तिनका न्यूनीकरण तथा अभिवृद्धिका उपायहरु यस अध्ययनका लागि पनि उत्तिकै सान्दर्भिक रहेका छन् । स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित सबै सर्तहरु तथा पालना गर्नुपर्ने प्रावधानहरु यस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अभिन्न अङ्गको रुपमा लागू हुनेछन् ।

अनुसूची १

अनुमति पत्रहरु

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
(वातावरण तथा जैविक विविधता महाशाखा)
पो.व.नं.: ३९८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्या :- ०८२।८३
चलानी नं. :- ६९१

मितिः- २०८२/१२/२५
नेपाल संवत्:११४६

श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

बिषयः-पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्न सहमति प्रदान गरिएको बारे ।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयको मिति २०८२/१२/१५ पत्रसाथ प्राप्त श्री सानिमा जुम हाईड्रोपावर लिमिटेड प्रस्तावक रहेको जुमखोला जलविद्युत (५६ मे.वा.) आयोजनाको क्षमता ७० मे.वा. र आयोजनाको डिजाईन तथा संरचनामा परिवर्तन गर्ने विषयमा कारबाही हुँदा वातावरण संरक्षण ऐन, २०७६ को दफा ११ को उपदफा (३) अनुसार पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्न देहायका सर्तसहित अनुमति प्रदान गरिएको व्यहोरा वन तथा वातावरण (नि.सचिवस्तर) को मिति २०८२/१२/२४ को निर्णायानुसार अनुरोध छ।

२५/१२/८२

अमर बहादुर ओली
समाजशास्त्री

सर्तहरुः-

१.प्रस्तावकले पुर्व स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदनमा उल्लेख भएको वातावरणीय व्यवस्थापन योजनाको कार्यान्वयनको प्रगति समेत पूरक प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।

२.सर्वोच्च अदालतको मिति २०८१/१०/०२ को आदेशको पूर्णपाठ आएमा सो समेत पालना गर्नु पर्नेछ।

३. पूरक अनुमति प्राप्त गरिसकेपछी प्रस्तावकले वातावरण संरक्षण नियमावली, २०७७ को नियम ८ को उपनियम (११) बमोजिमको समयभित्रै प्रतिवेदन स्वीकृत गर्ने निकाय समक्ष पेश गर्नुपर्नेछ।

बोधार्थः-
श्री सानिमा जुम हाईड्रोपावर लिमिटेड, काठमाडौं।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

ऊर्जा, नेपाल सरकार, जलस्रोत तथा सिंचाइ मन्त्रालय २०७४

☎ | १७७-१-४२११५१६
१७७-१-४२११५३१
फ्याक्स : १७७-१-४२११५१०

प.सं.: ०८२।८३
च.नं.: ६०१६

मिति: २०८२/१०/१७ गते

श्री वन तथा वातावरण मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः <u>जुम खोला जलविद्युत आयोजना (५६ मे.वा.) थप अध्ययन सहमति सम्बन्धमा।</u>

उपरोक्त विषयमा श्री सानिमा जुम हाइड्रोपावर लिमिटेड, काठमाडौं द्वारा दोलखा जिल्लामा प्रस्तावित जुम खोला जलविद्युत आयोजना (५६ मे.वा.) को वातावरणीय प्रभाव मूल्यांकन (EIA) तत्कालिन नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७७/०६/२७ को निर्णयानुसार स्वीकृत भएको र तत्पश्चात प्रस्तावित आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र (वि.उ. ३४२) संशोधनको लागि श्री विद्युत विकास विभागमा प्रस्तावकद्वारा पेश भएको दरखास्त उपर कारबाही हुँदा आयोजनाको जडित क्षमता ५६ मे.वा. बाट ७० मे.वा. मा हुने गरी र आयोजनाको संरचनाहरुको डिजाइन परिवर्तनको लागि थप अध्ययन गर्न श्री विद्युत विकास विभागको मिति २०८२/०५/०६ निर्णयानुसार सैद्दान्तिक सहमति प्राप्त भएको साथै आयोजनाको दक्षिण तर्फको क्षेत्र २७°५६'२०"N हुने गरी, जडित क्षमता ७० मे.वा. हुने साथै आयोजनाको संरचनाहरुको डिजाइन परिवर्तन एवं स्थानान्तरण हुने गरी थप अध्ययन कार्य गर्न श्री विद्युत विकास विभागको मिति २०८२/११/१७ निर्णयानुसार सैद्दान्तिक सहमति प्राप्त भएकोले सोहिबमोजिम प्रस्तावकबाट माग तथा श्री विद्युत विकास विभागबाट सिफारिस साथै वातावरण संरक्षण ऐन २०७६ को दफा (११) भएबमोजिम प्रस्तावित आयोजनाको पूरक वातावरणीय प्रभाव मुल्याङ्कन अध्ययन सहमतिको लागि यस मन्त्रालयको मिति–२०८२/१२/१० को सचिवस्तरीय निर्णयानुसार सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

उक्त आयोजनाको सम्बन्धमा पेश भएको कागजातहरु बमोजिम आयोजनाको लागि आवश्यक वन क्षेत्रको जग्गा र उक्त क्षेत्रबाट हटाउनु पर्ने रुखको सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९/१२/२८ मा निर्णय भई राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग र प्रस्ताव बिच मिति २०८०/०७/२४ मा सम्झौता समेत भईसकेको देखिंदा, यस मन्त्रालयको मिति २०८१/०८/२७ को मा.मन्त्रिस्तरीय निर्णय बमोजिमको बुंदा (क) र (ख) लाई आधार मान्दा प्रस्तावित आयोजनाको प्रस्ताव कार्यान्वयन भएको मान्न सकिने व्यहोरा अनुरोध छ।

<u>संलग्नः</u>

१) स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन १ प्रति।
२) परिवर्तित हुने संरचना सहितको Comparative Sheet र layout सहितको नक्शा १ प्रति।
३) विभाग र प्रस्ताव बिच मिति २०८०/०७/२४ को सम्झौता १ प्रति।

(तेजेन्द्र रेग्मी)
वातावरण निरीक्षक

<u>बोधार्थः</u>

श्री विद्युत विकास विभाग, सानो गौचरण, काठमाडौं।
श्री सानिमा जुम हाइड्रोपावर लिमिटेड, काठमाडौं।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४११९
४५११५३७
४५१९५०१

फ्याक्स (९७७-१)-४५३९९०
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल

पत्र संख्या :- ०८२/८३
च. नं. :- ९४६२

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
२०५०

मितिः २०८२/११/१९

विषय : जानकारी गराइएको सम्बन्धमा।

श्री सानिमा जुम हाइड्रोपावर लिमिटेड,
का.म.न.पा.-०४,धुम्बाराही,काठमाडौं ।
फोन नः ०१-४३७३०३०,४३७२८२८।

प्रस्तुत विषयमा तहाँबाट प्रवर्द्धित जुमखोला जलविद्युत आयोजना (वि.वि.वि. ०७७/७८,वि.उ.३४२) को सैद्धान्तिक सहमति सम्बन्धमा पेश भएको दरखास्त माथि कारवाही हुँदा निम्न बमोजिमका शर्तहरु सहित प्रस्तुत आयोजनाको दक्षिण तर्फको क्षेत्र २७०५६'२०"N हुने गरी, जडित क्षमता ७० मे.वा. हुने गरी थप अध्ययन कार्यको लागि विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका,२०७५को दफा १६(५) र आयोजनाको संरचनाहरुको डिजाइन परिवर्तन एवं स्थानान्तरण हुने गरी समेत थप अध्ययन कार्य गर्न विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका,२०७५को दफा १६(२) बमोजिम सैद्धान्तिक सहमति प्रदान गरिएको व्यहोरा यस विभागको मिति २०८२/११/१७ को निर्णयानुसार अनुरोध छ।

शर्त :

१.भविष्यमा माथिल्लो तामाकोशी जलविद्युत अयोजनाको Dam Crest level बढाएका कारण जुम खोला जलविद्युत आयोजनाको टेलरेस लगायतका अन्य संरचनामा कुनै हानि नोक्सानी भई क्षति पुगेमा वा यस आयोजनाबाट उत्पादन हुने विद्युतीय उर्जामा कुनै पनि थपघट भएको खण्डमा सो उपर कुनै उजुर, दाबी वा क्षतिपूर्ती माग गर्न पाइनेछैन।

२.जुम खोला जलविद्युत आयोजनाको टेलरेस संरचनाको निर्माणको वखत सोबाट उत्पन्न हुने Muck लाई माथिल्लो तामाकोशी जलविद्युत अयोजनालाई र सोको जलाशयको भण्डारण क्षमतालाई प्रतिकूल असर नपर्ने गरी उचित व्यवस्थापन गर्नुपर्नेछ।

(पुनम पाण्डे)
इन्जिनियर

बोधार्थ :

श्री अपर तामाकोशी हाइड्रोपावर लिमिटेड, ज्ञानेश्वर, काठमाण्डौ ।

Scanned with CamScanner

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(.....)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०७७।७८
चलनी नं.:- चलानी: ९३

मिति: २०७८/०४/०४

विषय:-

जुम खोला जलविद्युत आयोजना (५६ मे. वा.)

को विद्युत उत्पादनको अनुमतिपत्र बारे ।

श्री सानिमा जुम हाइड्रोपावर लिमिटेड
का.म.न.पा.४, धुम्बाराही, काठमाण्डौ
पो.ब.नं. : १९७३७
फोन नं. : ०१-४३७२८२८/४३७३०३०
फ्याक्स नं. : ०१-४०१५७९९
Email : sanima@sanimahydro.com

प्रस्तुत विषयमा त्यस कम्पनी.ले **जुम खोला जलविद्युत आयोजना (५६ मे. वा.)** को विद्युत उत्पादनको अनुमतिपत्र पाउन मिति २०७८/०२/१८ मा दिएको दरखास्त अनुसार विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा २ र विद्युत नियमावली, २०५० को नियम १७ बमोजिम नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभाग (महानिर्देशकस्तर) को मिति २०७८/०३/२७ को निर्णयानुसार मिति २११३/०३/२६ सम्म बहाल रहने गरी जारी भएका ५६ मे. वा. क्षमताको विद्युत उत्पादनको अनुमतिपत्र संख्या **वि.वि.वि. ०७७/७८ वि.उ. ३४२** यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

संलग्न: विद्युत उत्पादनको अनुमतिपत्र संख्या वि.वि.वि. ०७७/७८ वि.उ. ३४२ ।

.....
(निरुपम मिश्र)
इन्जिनियर

बोधार्थ:
श्री ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरवार ।
श्री विद्युत नियमन आयोग, सानोगौचरण ।
श्री विद्युत विकास विभाग ।
- आयोजना अध्ययन महाशाखा ।
- निरीक्षण, अनुगमन तथा सुविधा सिफारिस महाशाखा ।
- योजना, वातावरण तथा आयोजना विकास सम्झौता महाशाखा ।
- आर्थिक प्रशासन शाखा : *मिति २०७७/०८/२९ मा आ.र.नं. १७०, ने.रा.वै. ध.भौ.नं. ५२८१२६ बाट अनुमतिपत्र दस्तुर बापत रू ३०,००,०००।०० अक्षेरूपी रू तीस लाख मात्र राजश्व खातामा जम्मा हुन ।*

श्री बिगु गाउँपालिका, दोलखा ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
व्यवस्थापन शाखा)

फोन नं. : ४२२०८५०
: ४२२०९१२
: ४२२७९२६
फ्याक्स नं. : ४२२७६७५

पो.ब. नं. - ८६०
बबरमहल, काठमाडौं
Email : info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

पत्र संख्या : २०८०/०८१-व्य/२२०
चलानी नं. : -१०८०

मिति: २०८०/०८/०४

विषय :सम्झौता पत्र पठाईएको सम्बन्धमा।

श्री सानिमा जुम हाईड्रोपावर लिमिटेड,
काठमाण्डौं ।

प्रस्तुत विषयमा नेपाल सरकार, मन्त्रीपरिषद्को निर्णय मिति २०७९/१२/२८ बमोजिम नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र सानिमा जुम हाईड्रोपावर लिमिटेड बिच मिति २०८०/०७/२४ गतेको द्विपक्षीय सम्झौता अनुसार जुमखोला जलविद्युत आयोजना (५६ मे.वा) निर्माण तथा संचालनको लागि गौरीशंकर संरक्षण क्षेत्र भित्र परेको सरकारी वन क्षेत्रको १५.१७२ (पन्ध्र दशमलव एक सात दुई) हेक्टर जग्गा प्रयोग गर्न दिने र सो वन क्षेत्रमा रहेका ८५१ (आठ सय एकाउन्न) वटा रुखहरु हटाउन स्वीकृती दिने सम्बन्धमा सम्झौतामा उल्लेख भएका बुँदाहरु कार्यान्वयन गर्न गराउन सम्झौता पत्र पाना ८ (आठ) यसै साथ संलग्न राखि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०८०/८/४
(नुरेन्द्र अर्याल)
व्यवस्थापन अधिकृत

बोधार्थ
श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री राष्ट्रिय प्रकृति संरक्षण कोष, खुमलटार, ललितपुर: सो सम्बन्धि सम्झौताको प्रतिलिपि यसै साथ संलग्न रहेको छ । सम्झौतामा उल्लेखित शर्तहरु पालना हुने व्यवस्थाको लागि अनुरोध छ ।
श्री गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालय, दोलखा: सो सम्बन्धि सम्झौताको प्रतिलिपि यसै साथ संलग्न रहेको छ । सम्झौतामा उल्लेखित शर्तहरु पालना हुने व्यवस्थाको लागि अनुरोध छ ।

सानिमा जुम हाईड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको जुम खोला जलविद्युत आयोजना (५६ मे.वा.) निर्माण तथा संचालनको लागि वन क्षेत्र प्रयोग गर्न दिने सम्बन्धमा

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग,

र

सानिमा जुम हाईड्रोपावर लिमिटेड बीच भएको

सम्झौता-पत्र

२०८०

जुम खोला जलविद्युत आयोजना (५६ मे.वा.) को निर्माण तथा संचालनको लागि गौरीशंकर संरक्षण क्षेत्रभित्र परेको सरकारी वन क्षेत्रको १५.१७२ (पन्ध्र दशमलव एक सात दुई) हेक्टर जग्गा २५(पच्चिस) वर्षसम्मको लागि प्रयोग गर्न दिने र सो स्थानमा रहेका ८५१ (आठ सय एकाउन्न) वटा रुखहरु हटाउन स्वीकृति दिने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९/१२/२८ को निर्णय बमोजिम भएको सम्झौता पत्र

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

जैविक विविधता तथा वातावरण महाशाखा

वातावरण शाखा

EX: पो ब न. : ३९८७
सिंहदरबार काठमाण्डौ

पत्र संख्या :- २०७२/०७३ वाता
चलानी नं :- ९९५

मिति: २०७२/१०/२४

प्राप्त पत्र संख्या र मिति:

विषय : वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सहमति सम्बन्धमा ।

श्री सानीमा हाईड्रोपावर लिमिटेड
अलकापुरी कम्पेल्कस्, नारायणचौर, नक्साल, काठमाडौं ।

प्रस्तुत सम्बन्धमा श्री सानीमा हाईड्रोपावर लिमिटेड प्रस्तावक रहेको दोलखा जिल्ला लामाबगर गा. वि. स. मा अवस्थित जुम खोलामा ६२ मेगावाट क्षमताको जलविध्युत आयोजनाको सम्भाव्यता तथा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन कार्य प्रारम्भ गर्न अनुमति पत्र उपलब्ध गराइदिने भनि दिनु भएको निवेदनमा कारवाही हुँदा "श्री सानीमा हाईड्रोपावर लिमिटेड प्रस्तावक रहेको दोलखा जिल्ला लामाबगर गा. वि. स. मा अवस्थित जुम खोलामा ६२ मेगावाट क्षमताको जलविध्युत आयोजनाको सम्भाव्यता तथा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्न तपसीलमा उल्लेख भएका शर्तहरुको पालना गर्ने गरी सहमती उपलब्ध गराउने" भनि नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय (सचिवस्तर) को मिति २०७२/१०/२० को निर्णयानुसार अनुरोध छ ।

शर्तहरु:-

१.वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनकार्यमा श्री गौरीशंकर संरक्षण क्षेत्र आयोजना कार्यालयका प्राविधिक कर्मचारीको अनिवार्य संग्लनतामा गर्ने।

२. अध्ययन टोलिमा वन्यजन्तु/जैविक विविधता विज्ञ/वातावरण विज्ञ अनिवार्य गराउने।

३. श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सुझाव संकलन गरी उक्त सुझावहरुको पालना गर्ने।

४. जैविक विविधता र वातावरणमा कम हानी पुग्ने र कम वन क्षेत्र नोक्सान हुनेगरि अध्ययन गर्ने।

५. दुर्लभ वन्य जन्तु र वनस्पतिको संरक्षणको लागि विशेष कार्यक्रम EMPमा समाबेश गर्ने।

६. अध्ययन कार्य सञ्चालनगर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६, संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण एवं सम्बन्धि कार्यनीति, २०६५, संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३, वन ऐन, २०४९, वन नियमावली, २०५१, वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०६३ तथा वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ को पालना गर्ने।

७. वनस्पति तथा जैविक विविधतामा पुग्ने हानीको आर्थिक मूल्याङ्कन गरी सोही बमोजिम वातावरणीय सुधारका क्रियाकलापहरु प्रस्ताव गर्ने ।

८. वातावरणीय व्यवस्थापन योजनामा भएको अनिवार्य वृक्षारोपण कार्य कहिले, कस्ले, कसरी र कुन प्रजातीका विरुवाहरु रोपण गर्ने कार्ययोजना सहित पेश गर्ने ।

९. वातावरणीय अध्ययन कार्यको क्रममा वन/संरक्षण क्षेत्रको मूल्याङ्कन गर्ने क्रममा श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा भू-संरक्षण मन्त्रालयका प्राविधिक कर्मचारीहरुलाई समेत सहभागी गराउने ।

२०७२।१०।२४

बोधार्थ :

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाडौं ।

(सुभाष कुमार शर्मा)
सहायक वातावरण अधिकृत

SANIMA HYDROPOWER LIMITED
KATHMANDU, NEPAL

अनुसूची २

स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

स्वीकृत परिमार्जित वातावरणीय व्यवस्थापन योजना

वातावरण व्यवस्थापन तथा स्वःअनुगमन प्रतिवेदन

ऊर्जा तालिका

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

(वातावरण तथा जैविक विविधता महाशाखा)

EX: पो. ब. नं. : ३९८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्या :-
चलानी नं. :२६९
प्राप्त पत्र संख्या र मिति :-

मितिः २०७७/०६/३०

श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।

विषयः-जुमखोला जलविद्युत (५६ मे.वा.) आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरिएको बारे ।

तहाँ मन्त्रालयको प.सं. ०७६/०७७ च.नं. ११४६ मिति २०७७/०१/३० को पत्रसाथ प्राप्त श्री सानिमा हाइड्रोपावर लिमिटेड प्रस्तावक रहेको जुमखोला जलविद्युत (५६ मे.वा.) आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन उपर कारवाही हुँदा प्रस्तावकवाट प्राप्त परिमार्जित वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (October, 2020) वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ तथा प्रचलित कानूनको विपरित हुनेगरी कुनै पनि गतिविधि गर्न नपाईने तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा कार्यान्वयन र पालना गर्ने भनी प्रतिवद्धता जनाइएका विषयहरुको प्रस्तावकले पुर्ण कार्यान्वयन गर्नेगरी तपसिलका सर्तसहित वातावरण संरक्षण ऐन, २०७६ को दफा ७ (५) र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ (८) बमोजिम नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिती २०७७/०६/२७ को निर्णयानुसार स्वीकृत गरिएको व्यहोरा अनुरोध छ ।

सर्तहरु-:

१. प्रस्ताव कार्यान्वयनको क्रममा थप/नयाँ वातावरणीय प्रभावहरु देखिएमा प्रस्तावकको आफ्नै खर्चमा न्यूनीकरण/निराकरण गर्नु पर्नेछ ।
२. प्रस्ताव कार्यान्वयन तथा संचालनको सन्दर्भमा वातावरण तथा आयोजनासँग सम्वन्धित निकायवाट जारी ऐन,नियम,निर्देशिका, मापदण्ड तथा परिपत्रको पुर्ण पालना गर्नु पर्नेछ ।
३. प्रस्ताव कार्यान्वयनको सिलसिलामा प्रस्तावकले वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४५(१) अनुसार नियमित अनुगमनको व्यवस्था गर्नु पर्नेछ र अनुगमनको प्रतिवेदन तयार गरी यस मन्त्रालय लगायत सरोकारवाला निकायलाई नियमति बुझाउनुपर्नेछ।
४. वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए अनुसार आयोजना कार्यान्वयन क्षेत्रमा वासस्थान रहेका स्थलीय एवं जलीय जीवजन्तु तथा वनस्पतीको वासस्थान र पारिस्थिकिय प्रणालीमा कम भन्दा कम असर पर्नेगरी निर्माण कार्य गर्नु पर्नेछ ।
५. आयोजना कार्यान्वयन गर्दा निस्कने फोहर पदार्थहरुको विर्सजन भविष्यमा नकारात्मक प्रभाव नदेखिनेगरी गर्नु पर्नेछ ।

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

EX: पो. ब. नं. : ३९८७
सिंहदरबार, काठमाण्डौं

(वातावरण तथा जैविक विविधता महाशाखा)

पत्र संख्या :-
चलानी नं.:- २६९

प्राप्त पत्र संख्या र मिति

६. आयोजना निर्माण सम्पन्न भएको जानकारी यस मन्त्रालय र अन्य सरोकारवाला निकायलाई जानकारी गराउनु पर्नेछ ।

७. आयोजनाको सार्वजनिक सुनुवाइको क्रममा उठेका सवालहरुलाई प्रस्तावकले आफ्नै लागतमा कार्यान्वयन गर्नु पर्नेछ ।

८. आयोजना निर्माणको क्रममा तल्लो तटीय क्षेत्रमा पर्ने असरहरुको निराकरणका लागी गरिने कार्यहरुको कार्यान्वयन गर्दा सरोकारवालाहरुसँगको समन्वयमा गर्नु पर्नेछ ।

९. प्रस्तावकले सरकारी वन क्षेत्रको जग्गा प्रयोग गर्नुपर्दा प्रचलित ऐन नियमावली मापदण्ड तथा कार्यविधि बमोजिमको प्रक्रिया पुरा गर्नु पर्नेछ

१०. आयोजना कार्यान्वयन गर्दा सरोकारवाला निकायहरुसँग गर्नुपर्ने आवश्यक समन्वय प्रस्तावकले गर्नु पर्नेछ।

६।८०

अमर बहादुर ओली
समाजशास्त्री

बोधार्थः-
श्री वातावरण विभाग, बबरमहल, काठमाण्डौं ।
श्री सानिमा हाइड्रोपावर लिमिटेड धुम्वराही, काठमाण्डौं ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
(वातावरण तथा जैविक विविधता महाशाखा)

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्या :-

चलानी नं. :- ९६८

प्राप्त पत्र संख्या र मिति :-

मितिः-२०७९/०५/०७

श्री ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

विषयः- परिमार्जित वातावरणीय व्यवस्थापन योजना स्वीकृत भएको सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयको मिति २०७९/०२/०५ च. नं. १२४१ को पत्रसाथ प्राप्त श्री सानिमा जुम हाईड्रोपावर लिमिटेड, प्रस्तावक रहेको जुमखोला जलविद्युत (५६ मे.वा.) आयोजनाको पूर्व स्वीकृत EIA प्रतिवेदनको EMP मा परिमार्जित भएकोले परिमार्जित Environmental Management Plan (EMP) स्वीकृतिको लागि प्राप्त भएकोमा प्राप्त परिमार्जित Environmental Management Plan (EMP) प्रचलित कानूनको बर्खिलाप नहुने गरी स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा र परिमार्जित वातावरणीय व्यवस्थापन योजनामा पालना र कार्यान्वयन गर्ने भनि प्रतिबद्धता जनाईएका विषयहरुको हुबहु पालना गर्ने गरी देहायमा उल्लेखित सर्तसहित वातावरण संरक्षण नियमावली, २०७७ को नियम ११ उपनियम (६) अनुसार नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७९/०५/०२ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा अनुरोध छ।

शर्तहरुः-

१. प्रस्तावकले वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको सम्वन्धमा प्रतिकुल प्रभाव न्यूनिकरणका उपाय अवलम्वन गर्दा वातावरण संरक्षण ऐन, २०७६ को दफा १० को उपदफा (५) बमोजिम प्रस्ताव कार्यान्वयनवाट प्रभावित हुने स्थानीय समुदाय मार्फत कार्यक्रम सञ्चालन गर्ने कुरालाई प्राथमिकता दिनुपर्ने ।
२. पूर्व स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित शर्तहरु समेतको अधिनमा रही आयोजना कार्यान्वयन गर्नु पर्नेछ ।
३. वन क्षेत्रको जग्गाको भोगाधिकार, क्षतिपूर्ती वृक्षारोपण लगायतका विषयमा प्रस्तावकले वन ऐन, २०७६ अन्य प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ।

अमर बहादुर ओली
समाजशास्त्री

बोधार्थः

श्री सानिमा जुम हाईड्रोपावर लिमिटेड, धुम्बराही, काठमाडौं।
श्री वातावरण विभाग, बबरमहल, काठमाडौं।

O/C

Govt. Regd. No. 253402/077/078

Sanima Jum Hydropower Ltd.

SANIMA JUM HYDROPOWER LIMITED

चन:०८४-०८३/८४

मिति : २०८३/०५/०९

श्रीमान् महानिर्देशकज्यू
वातावरण विभाग,
बबरमहल, काठमाण्डौ ।

विषय : वातावरण व्यवस्थापन तथा स्वःअनुगमन प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा, यस कम्पनीद्वारा दोलखा जिल्ला, विगु गाउँपालिका वडा नं. १ भएर बग्ने जुम खोलाको बहाव सदुपयोग गरी प्रवर्द्धित जुम खोला जलविद्युत आयोजना (५६ मे.वा.) हाल निर्माण चरणमा रहेको व्यहोरा तहाँमा अवगत नै छ ।

यसै सन्दर्भमा, वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४५(१) को व्यवस्था बमोजिम यस आयोजनाको निर्माणका क्रममा वातावरणमा पर्न सक्ने प्रभाव तथा सोको न्यूनीकरणका लागि भए गरिएका प्रयासहरूका सम्बन्धमा स्वःअनुगमन गरी तयार पारिएको "वातावरण व्यवस्थापन तथा स्वःअनुगमन प्रतिवेदन, २०८३" यसै पत्र साथ संलग्न गरी पेश गरिएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछौं ।

भवदीय,

सकुन्द ओझा
महाप्रबन्धक

संलग्न कागजातः

१. जुम खोला जलविद्युत आयोजना (५६ मे.वा), वातावरण व्यवस्थापन तथा स्व-अनुगमन प्रतिवेदन, २०८३ - थान १

बोधार्थ :

१. श्री नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
२. श्री बागमती प्रदेश सरकार, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, हेटौडा ।
३. श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल काठमाण्डौ ।
४. श्री राष्ट्रिय प्रकृति संरक्षण कोष, खुमल्टार, ललितपुर, काठमाण्डौ ।
५. जिल्ला प्रशासन कार्यालय, दोलखा ।
६. जिल्ला समन्वय समितिको कार्यालय, दोलखा ।
७. गौरीशंकर संरक्षण क्षेत्र कार्यालय, चरिकोट, दोलखा ।
८. गौरीशंकर संरक्षण क्षेत्र आयोजना, प्रधान कार्यालय, सिंगटी, दोलखा ।
९. गाउँ कार्यपालिकाको कार्यालय, बिगु गाउँपालिका, दोलखा ।
१०. बिगु गाउँपालिका वडा नं. १, लामाबगर ।

P. O. Box: 19737, KMC-4, Dhumbarahi, Kathmandu, Tel. (977-1) 4373030, 4372828, 4015788

Scanned with CamScanner

Recieved

20/8/26

२०८३।४।२६

२०८३

०८/२८

सानिमा जुम हाइड्रोपावर लिमिटेड

जुम खोला जलविद्युत आयोजना (५६ मे.वा.)



वातावरण व्यवस्थापन तथा स्व-अनुगमन प्रतिवेदन, २०८३

पेश गरिएको निकाय
वातावरण विभाग
नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
बबरमहल, काठमाण्डौ ।

तयार पार्ने तथा पेश गर्ने
सानिमा जुम हाइड्रोपावर लिमिटेड
वातावरण तथा सामाजिक शाखा
आयोजनास्थल कार्यालय
विगु गाउँपालिका १, लामाबगर, दोलखा

ENERGY TABLE - DETAILED ENGINEERING DESIGN
JUM KHOLA HYDROPOWER PROJECT

PPA Capacity, kW	**55,615**			
Calculated capacity, kW	**70,001**		**Rated Eff.**	
Design Discharge, m3/s	**28.57** Q41.07%		Turbine, nt	92%
Outage + Losses, %	4%		Generator, ng	97%
Gross Head,m	**287.00**		Transformer,ntr	99%
Minimum Release, m3/s	**15% of min monthly flow =1.43 m3/s**		**Combined Eff., nc**	**88.35%**

Month	No. of Days	Discharge River, m3/s	Plant Flow, m3/s	Net Head m	Av. Power kW	Energy kWh	Outage kWh	70 MW Energy, kWh
	A	B	C= B- Min release	D	E= 9.81*C*D*nt*ng	F= 24*A*E*ntr	G=0.04*F	H=F-G
Baisakh	**31**	**14.50**	**13.08**	**285.61**	**32,702**	**24,086,730**	**963,469**	**23,123,261**
Jestha	**31**	**37.77**	**28.57**	**279.87**	**70,001**	**51,559,585**	**2,062,383**	**49,497,201**
up to 15th	15							23,950,259
16th onwards	16							25,546,943
Asadh	**32**	**112.11**	**28.57**	**279.87**	**70,001**	**53,222,797**	**2,128,912**	**51,093,885**
Shrawan	**31**	**168.86**	**28.57**	**279.87**	**70,001**	**51,559,585**	**2,062,383**	**49,497,201**
Bhadra	**31**	**147.99**	**28.57**	**279.87**	**70,001**	**51,559,585**	**2,062,383**	**49,497,201**
Aswin	**31**	**78.08**	**28.57**	**279.87**	**70,001**	**51,559,585**	**2,062,383**	**49,497,201**
Kartik	**30**	**32.15**	**28.57**	**279.87**	**70,001**	**49,896,372**	**1,995,855**	**47,900,517**
Mangsir	**29**	**17.05**	**15.62**	**284.91**	**38,970**	**26,851,898**	**1,074,076**	**25,777,822**
up to 15th	15							13,333,356
16th onwards	14							12,444,466
Poush	**30**	**12.29**	**10.87**	**285.99**	**27,210**	**19,395,495**	**775,820**	**18,619,675**
Magh	**29**	**10.01**	**8.58**	**286.37**	**21,515**	**14,824,959**	**592,998**	**14,231,960**
Falgun	**30**	**9.50**	**8.08**	**286.44**	**20,253**	**14,436,438**	**577,458**	**13,858,980**
Chaitra	**30**	**9.55**	**8.13**	**286.44**	**20,379**	**14,526,225**	**581,049**	**13,945,176**
	365					**423,479,251**	**16,939,170**	**406,540,081**
							Dry Energy	**120,173,776**
							Wet Season	**286,366,305**

अनुसूची ३

गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालयका प्रतिनिधिको संलग्नतामा गरिएको फिल्ड भ्रमणबाट तयार पारिएको प्रतिवेदन

पूरक वातावरणीय प्रभाव मूल्याङ्कनका शिलशिलामा सरोकारवालासँग राय-सुझाव संकलन गरिएको माइन्युट

मिति २०८३/०२/२४

विषय : स्थलगत प्रतिवेदन पेश गरेको सम्बन्धमा ।

पृष्ठभूमि

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागको प.स. २०८२/०८३ व्य ४५४, च.न.२२९० मिति २०८३/०१/२१ गतेको पत्र र गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालयको च.न. ३१७ मिति २०८३/०२/१९ गतेको पात्रानुसार सानिमा जुम हाइड्रोपावर लिमिटेडद्वारा गौरीशंकर संरक्षण क्षेत्र भित्र निर्माणाधीन जुम खोला जलविद्युत आयोजनाको जडित क्षमता ५६ मे.वा. वाट ७० मे.वा. वृद्धि गर्न पुरक वातावरणीय प्रभाव मुल्यांकन (SEIA) अध्ययनको सन्दर्भमा, आयोजना प्रभावित क्षेत्रको जैविक वातावरणको अवस्था तथा आयोजना कार्यान्वयनबाट जैविक वातावरणमा पर्न सक्ने प्रभावहरुको अध्ययन गरि स्थलगत निरिक्षण गरि प्रतिबेदन पेश गर्नुहुन अनुरोध भएको ।

जलबिद्युत आयोजनको जानकारी

दोलखा जिल्ला विगु गाउँपालिका वडा नं. १ मा निर्माणाधीन जुम खोला जलविद्युत आयोजना गौरीशंकर संरक्षण क्षेत्र भित्र पर्दछ । उक्त आयोजनाको निर्माणको लागि गौरीशंकर संरक्षण क्षेत्रभित्र पर्ने वन क्षेत्रको जग्गा प्रयोग गर्न तथा रुखहरु हटाउन स्वीकृति प्रदान गर्ने सम्बन्धमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र प्रस्तावक बिच मिति २०८०/०७/२४ मा सम्झौता भएको र सोही सम्झौता बमोजिम स्विकृति प्राप्त ८५१ वटा रुख तथा पोलहरु हटाई हाल उक्त आयोजनाको निर्माण कार्यहरु भइरहेको छ ।

आयोजना निर्माणको क्रममा मिति २०८१/२/२३ र मिति २०८२/६/२१ मा आयोजनाको टेलरेस आउटलेट पोर्टल रहने स्थान देउराली भन्ने ठाउँमा ठूलो सुख्खा पहिरो गई काबु बाहिरको परिस्थिति सृजना भएको हुँदा उक्त टेलरेस आउटलेट पोर्टललाई उक्त पहिरो भन्दा तल्लो तटीय क्षेत्रमा सुरक्षित स्थान छनोट गरी स्थानान्तरण गर्न प्रस्ताव गरिएको छ ।

यसरी टेलरेस आउटलेट पोर्टलको स्थानान्तरण भए सँगै आयोजनाको क्षमता वृद्धि भएको हुँदा आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) गर्नुपरेको छ, जसको लागि तत्कालीन वन तथा वातावरण मन्त्रालयबाट मिति २०८२/१२/२४ मा स्वीकृति प्रदान गरिएको छ ।

उद्देश्य

स्थलगत प्रतिवेदनमा देहायका विवरण खुलाई पेश गर्नु पर्ने :
निर्माणाधीन जुम खोला जलविद्युत आयोजनाको क्षमता अभिवृद्धि तथा टेलरेस आउटलेट पोर्टल संरचनाको स्थानान्तरणका कारण त्यस क्षेत्रको जैविक वातावरणमा पर्न सक्ने थप प्रभावहरु, आयोजना गतिविधिबाट उत्पन्न हुने सम्भावित असरहरु पहिचान गर्ने ।

अध्ययनको विधि

स्थलगत प्रतिवेदन तयार गर्दा स्वीकृत प्रतिवेदनहरु लगायतका कागजातहरुको अध्ययन र स्थलगत निरिक्षण विधि प्रयोग गरिएको ।

अध्ययनको मिति

गौरीशंकर संरक्षण क्षेत्रभित्र निर्माणाधीन जुम खोला जलविद्युत आयोजनाको क्षमता अभिवृद्धि तथा संरचना स्थानान्तरणबाट जैविक वातावरणमा पर्न सक्ने प्रभावहरूको सम्बन्धमा मिति २०८३/०३/२० गते आयोजना क्षेत्रको स्थलगत अध्ययन गरी आवश्यक जानकारी सङ्कलन गरिएको छ।



स्थलगत अध्ययन टोली

रेन्जर प्रमिला न्यौपाने र रेन्जर अनिष के. सी, (गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालय)
प्रा.श्रो.स.सा. मनोज कुमार न्यौपाने (गौरीशंकर संरक्षण क्षेत्र आयोजना)
श्री पहलमान तामाङ (अध्यक्ष-संरक्षण व्यवस्थापन समिति लामाबगर)
श्री सुमन प्रजापति (सानिमा जुम हाइड्रोपावर लिमिटेड)

अध्ययनबाट प्राप्त नतिजा/विवरण

१. प्रस्तावित आयोजनाका भौतिक संरचनाहरू निर्माण गर्दा आवश्यक वन क्षेत्रको जग्गा सम्बन्धी विवरण

आयोजनाको स्वीकृत चारकिल्ला २७° ५६' २०" देखि २७° ५८' २३" उत्तरी अक्षांश तथा ८६° १२' ४७" देखि ८६° १५' ००" पूर्वी देशान्तरभित्र पर्दछ। यस क्षेत्रभित्र बाँध, मुख्य सुरुङ पोर्टल, क्याम्प सुविधा, बङ्कर घर, अडिट पोर्टल, टेलरेस आउटलेट पोर्टल लगायतका भौतिक संरचनाहरू अवस्थित छन्।

स्विकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा प्रस्तावित टेलरेस आउटलेट पोर्टल रहने स्थान नजिकै भीषण पहिरो गएको कारण काबु बाहिरको परिस्थिति सृजना भएको हुँदा उक्त संरचनालाई पहिरो भन्दा तल्लो तटीय क्षेत्रमा स्थानान्तरण गर्न प्रस्ताव गरिएको छ। यद्दपी, उक्त संरचनाले ओगट्ने क्षेत्रफलमा भने कुनै परिवर्तन भएको छैन। आयोजनाका अन्य संरचनाहरु यथावत् रहेको र कुनै परिवर्तन नगरिएको कारण विभाग र प्रस्तावक विच भएको सम्झौतामा उल्लेख भएबमोजिम स्विकृति प्राप्त वन क्षेत्रको जग्गा (१५.१७२ हे.) भित्रै निर्माण कार्यहरु गर्दै आएको छ।

भौतिक संरचना	भौगोलिक कोर्डिनेट्स (Geological Coordinates)		संरचनाले ओगट्ने क्षेत्रफल	रुख संख्या	टिप्पणी
	Northing	Easting			
स्वीकृत EIA अनुसारको टेलरेस आउटलेट पोर्टल	3092690.00	423123.00	0.065 हे.	०	आयोजनाको टेलरेस आउटलेट पोर्टल बाहेक अन्य सम्पूर्ण संरचनाहरु स्विकृत EIA अनुसार यथावत् रहेको छ। उक्त टेलरेस आउटलेट पोर्टलले ओगट्ने क्षेत्रफलमा परिवर्तन नभए सँगै आयोजनाले उपयोग गर्ने वन क्षेत्रको जग्गा विभाग र प्रस्तावक विच भएको सम्झौता बमोजिम नै रहेको। साथै, नयाँ प्रस्तावित क्षेत्रमा कुनै पनि रुखहरु नरहेको।
SEIA अनुसारको टेलरेस आउटलेट पोर्टल	3091509.978	449348.638	0.065 हे.	०	

आयोजनाले गौरीशंकर संरक्षण क्षेत्रअन्तर्गत संरक्षण क्षेत्र व्यवस्थापन समिति, लामाबगर अन्तर्गत सेतीदेवी संरक्षण वन उपसमिति भित्रको सरकारी जग्गा प्रयोग गरेको छ। निर्माण सामग्रीको नियमित ढुवानीका कारण सवारी साधनको चाप वृद्धि हुने, वायु तथा ध्वनि प्रदूषण बढ्ने तथा उत्खनन कार्यले भू-स्थायित्वमा असर पार्न सक्ने देखिएकाले आवश्यक न्यूनीकरणका उपायहरू अवलम्बन गर्दै निर्माण कार्य अगाडि बढाउनुपर्ने देखिन्छ।

नेपाल सरकार वन मन्त्रालय वन तथा वातावरण महाशाखा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालय चरिकोट, दोलखा

जुम खोला जलविद्युत आयोजनाको चारकिल्ला

पूर्व : होम डाँडा
पश्चिम : लप्ची खोला
उत्तर : महादेव खोल्सी
दक्षिण : तामाकोशी नदी

२. आयोजना निर्माणबाट वन्यजन्तु, वनस्पति, जैविक विविधता तथा पारिस्थितिकीय प्रणालीमा पर्न सक्ने प्रभावहरू

प्रस्तावक तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबीच भएको सम्झौताबमोजिम कटान अनुमति प्राप्त ८५१ वटा रुख तथा पोलहरूबाट प्राप्त गोलिया काठलाई लामाबगर क्षेत्रमा सुरक्षित रूपमा घाटगद्दी गरी व्यवस्थापन गरिएको छ।

नयाँ प्रस्तावित टेलरेस आउटलेट संरचना निर्माण हुने स्थान तामाकोशी नदी किनारस्थित बाँझो तथा चट्टानी भू-भागमा रहेको पाइयो। उक्त स्थानमा कुनै पनि रुखका प्रजातिहरू नरहेको तथापि, आयोजना निर्माणका गतिविधिहरू, विशेषगरी ब्लास्टिङ, सवारी साधनको आवागमन, ध्वनि तथा धुलोधुँवा, तेल तथा ग्रीस चुहावट आदिका कारण वन, वातावरण तथा जैविक विविधतामा प्रभाव पर्न सक्ने देखिन्छ।

सम्भावित नकारात्मक प्रभावहरू

- भू-उपयोगमा परिवर्तन
- धुलो, धुँवाका कारण वायूको गुणस्तरमा ह्रास
- फोहोरमैला व्यवस्थापनमा चुनौती
- भूक्षय तथा पहिरोको सम्भावना
- ध्वनि तथा कम्पनका प्रभावहरु
- पानीको गुणस्तरमा ह्रास
- वन्यजन्तुको वासस्थानमा क्षति तथा मानव-वन्यजन्तु द्वन्द्वको सम्भावना
- गैरकानुनी शिकार तथा वन्यजन्तु तस्करी

उल्लेखित प्रभावहरूको न्यूनीकरण तथा व्यवस्थापनका लागि उपयुक्त वातावरणीय व्यवस्थापन उपायहरू कार्यान्वयन गर्न आवश्यक देखिन्छ।

३. मक व्यवस्थापन सम्बन्धी

टेलरेस सुरुङको लम्बाइ वृद्धि भएसँगै उत्खननबाट निस्कने अतिरिक्त मकको उचित व्यवस्थापन आवश्यक देखिन्छ। निर्धारित मक व्यवस्थापन क्षेत्रमा उपयुक्त चेक ग्याबियन संरचनाहरू निर्माण गरी मक व्यवस्थापन गर्नुपर्दछ, जसबाट मक नदी तथा तल्लो तटीय क्षेत्रमा रहेका जलविद्युत आयोजनाहरूका जलाशयसम्म पुग्न नपाओस्।

४. प्रस्तावित टेलरेस आउटलेट पोर्टल संरचनाको नयाँ स्थानको GPS विवरण

निर्माणाधीन जलविद्युत आयोजनाको हेडवर्क्स, विद्युतगृह तथा अन्य मुख्य संरचनाहरूको स्थानमा कुनै परिवर्तन भएको छैन। तथापि, टेलरेस आउटलेट पोर्टलको स्थान परिवर्तन भएको हुँदा उक्त संरचनाको नयाँ GPS Location निम्नानुसार रहेको छः

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वन तथा वातावरण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालय, गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालय, घरिकोट, दोलखा

आयोजनाको संरचना	Northing	Easting
टेलरेस आउटलेट पोर्टल	3091509.978	449348.638

निष्कर्ष :

निर्माणाधीन जुम खोला जलविद्युत आयोजनाको क्षमता वृद्धि, संरचनाहरूको स्थानान्तरण तथा अन्य भौतिक संरचनाहरूको निर्माणबाट आयोजना क्षेत्रको जैविक वातावरणमा प्रत्यक्ष असर नपर्ने, थप रुख बिरुवा कटान नहुने र थप वन क्षेत्रको जग्गा समेत प्रयोग नहुने देखिएकोले उक्त आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रक्रिया अगाडी बढाउन मनासिव देखीएको व्यहोरा अनुरोध छ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन, वातावरण तथा वन्यजन्तु संरक्षण विभाग
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालय
भेरीमालिकर संरक्षण क्षेत्र सम्पर्क कार्यालय
घरिकोट, दोलखा

प्रतिबेदक

रेन्जर प्रमिला न्यौपाने

लिखितम् हामी तपसिलमा उल्लेखित साक्षी प्रतिनिधीहरु आगे जिल्ला दोलखा बिगु गाउँपालिका वडा नं १ मा रहेको श्री सानिमा जुम हाइड्रोपावर लिमिटेड, काठमाडौं प्रस्तावक रहेको जुम खोला जलविधुत आयोजनाको पुरक वातावारण प्रभाब मुल्यांकन गर्न आयोजनाको जडित क्षमता ५६ मे.वा. वाट ७० मे.वा.मा वृद्धि गर्न पुरक वातावरणीय प्रभाव मुल्यांकन (SEIA) अध्ययनको सन्दर्भमा, आयोजना प्रभावित क्षेत्रको जैविक वातावरणको अवस्था तथा आयोजना कार्यान्वयनबाट जैविक वातावरणमा पर्न सक्ने प्रभावहरुको अध्ययन गर्ने सम्बन्धमा तपसिल बमोजिम विवरण ठीक साँचो हो, फरक छैन फरक परे कानुन बमोजिम सहुला बुझाउला भनि स्थलगत निरिक्षण गर्न खटि आएका डोर कर्मचारी मार्फत यो मुचुल्का लेखी लेखाइ सहीछाप गरि नेपाल सरकारमा चढायौं.....।

तपसिल

१. प्रस्तावित क्रियाकलाप स्थलमा उनै प्रयोजनको लागि/विरुवा नपर्ने

२. थप जग्गा (खार्नपर्ने) आवश्यक नपर्ने

साक्षी

जिल्ला...दोलखा....., ...विगु.....गा.पा/न.पा वडा नं..१...., उमेर वर्ष ३८.....का श्री ...लाछेरे लामा...

जिल्ला...दोलखा....., ...विगु.....गा.पा/न.पा वडा नं..१...., उमेर वर्ष ३८.....का श्री ...दिरा लामा...

जिल्ला...दोलखा....., ...विगु.....गा.पा/न.पा वडा नं..१...., उमेर वर्ष ३४.....का श्री ...पार्वती लामा...

रोहबर: माथि उल्लिखित विवरण ठिक साचो हो भनि सहिछाप गर्ने :

श्री गौरीशंकर संरक्षण क्षेत्र आयोजना,प्रधान कार्यालय, सिंगटी दोलखाका प्रतिनिधि श्री....सन्तोष कुमार न्यौपाने

श्री संरक्षण व्यवस्थापन समिति,लामाबगर,दोलखाका प्रतिनिधि श्री...पस्तेराम लामा.....

श्री सानिमा जुम हाइड्रोपावर लि, काठमाडौंका प्रतिनिधि श्री ...सुमन प्रजापती.....

काम तामेल गर्ने

श्री गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालय, चरिकोट दोलखाका रेन्जर श्री अनिष के.सी. .....

रे. कार्यालयका रेन्जर श्री अनिता न्यौपाने

इति सम्बत २०८३ साल जेठ महिनाको २० गते रोज ४ मा शुभम्।

आज मिति २०८३/०४/२३ गतेका दिन यस गाउँपालिका वडा नं०७ का वडा अध्यक्ष श्री मेम वहादुर तमाङ ज्यूको अध्यक्षतामा बैठक बसी सोनिमा जुम हाइड्रोपावर लि.द्वारा प्रवर्द्धित जुम ५ खोला जलविद्युत आयोजना आयोजना (६०मे.वा.) को वृक्ष वातावरण प्रभाव मुल्याङ्कन (SEIA) अध्ययनका क्रममा आयोजना निर्माण तथा सञ्चालनका क्रममा पर्न सक्ने प्रभावहरुका बारेमा छलफल गरि राय सुझाव संकलन गरियो।

उपस्थिती

१. मेम वहादुर तमाङ	वडा अध्यक्ष	
२. शिरोमणि शर्मा	वडा अध्यक्ष (गोरखा-७)	
३. बाबुलाल तमाङ	वडा सदस्य	बाबुलाल
४. धन कुमारी किरण	वडा सदस्य	धनकुमारी
५. रत्न बहादुर तमाङ		
६. पिमला ओली	स्थानिय	
७. छिरिङ शेर्पा	स्थानिय	
८ कमल प्रसाद खनाल	सोनिमा जुम हाइड्रोपावर लि.	
९ सुमन तजाखोली	खानेला जुम हाइड्रोपावर लि.	
१०. सोनाम शेर्पा	स्थानिय	
११. जीवन मगर	स्थानिय	
१२. विरेन्द्र म.ले.	वडासचिव	

राय तथा सुझावहरु :-

१. आयोजनाको डेलिवल संरचना राख्ने स्थानमा करुवा, विरुवा पर्ने क्रममा गोरेशंकर संरक्षण क्षेत्र संग सम्बन्धित आवश्यक प्रक्रिया पुरा गर्नुपर्ने,

२. स्थानिय निर्माण व्यवसायीहरुलाई आयोजनाले प्राथमिकता दिनुपर्ने,

३. डेलिवल संरचनाको लम्बाई क्षेत्रफल उपलब्ध हुने अनुमानित मक लाई, तत्काल तत्यांश हुनेगरी खोला जलविद्युत आयोजनालाई दाति नछुने गरि उक्त मकको उचित सदुपयोग गर्ने.

४. आयोजना निर्माण गर्दै गर्दा Safety का प्रावधानहरु अवलम्बन गरी मानविय तथा वातावरणीय क्षति नहुने सुनिश्चित गर्नुपर्ने।

५. निर्माण कार्यपश्चात निस्कने फोहर पानीलाई नियन्त्रण मात्र नदी/खोलामा मिसाउनु पर्ने।

६. निर्माण कार्यमा संलग्न कर्मचारी, कामदार/श्रमीक वन्यजन्तु तथा जिवजन्तु ओसार-पोसार, चोरी निकासी जस्ता असामाजिक कार्महरु अपराधी कार्य हो भन्ने सचेतना दिनुपर्ने।

७. फोहरमैला व्यवस्थापनका उपायहरु अवलम्बन गरि निर्माण कार्य अगाडि बढाउनु पर्ने।

८. आयोजनाको क्षमता वृद्धि लगी नेपाल सरकार-लाई वान्छनिय हुने वा नहुने पक्षमा अध्ययन।

९. वनडेलो नियन्त्रणका उपायहरु आयोजनामा अवलम्बन गर्नुपर्ने।

१०. पर्यटन प्रवर्द्धनका लागि आयोजनाले लामाडाँडा (विरुवा-०१) मा सांस्कृतिक निर्माण गर्न सहयोग गर्ने।

११. सामुदायिक सहयोग कार्यक्रमको संचालन गर्नका लागि विनियोजन गरिएको बजेट स्थानिय निकायको समन्वयमा खर्च गर्ने।

१२. स्थानिय प्रभावित क्षेत्रका स्थानीय युवाहरुलाई दक्षता, सिप र प्रतिस्पर्धाका आधारमा रोजगारमा प्राथमिकता दिने।

१३. विपद व्यवस्थापनको योजनाहरु बनाई पुर्व तयारि गर्नुपर्ने।

धनकुमारी

Navneet
Date
Page

आज मिति २०८३।०२।२९ गते विहिवारका दिन वि.स.-१, लामावगरमा सेती देवि ~~[illegible]~~ स्नरक्षण वन उपसमितिका अध्यक्ष सोनाम वेर्जी शेर्पाको अध्यक्षमा बैठक बसि सनिमा ग्रुप हाइड्रोपावर लि. द्वारा प्रवर्द्धित ग्रुप खोला जलविद्युत आयोजना (६० मे.वा) को प्रस्तावित वातावरण प्रभाव मूल्यांकन (EIA) अध्ययन का क्रममा आयोजना निर्माण तथा सन्चालन का क्रममा पर्न सक्ने वातावरणीय प्रभावहरु बारे छलफल गरि राय सुझाव संकलन गरियो।

उपस्थिती

	नाम	पद	सहि
①	सोनाम वेर्जी शेर्पा	अध्यक्ष (सेती देवि स.व.उ.स)	
②	पेम्बा छिरिङ शेर्पा	सदस्य (सं.ई.को.ल)	
③	सरीता ङौत्री शेर्पी	उप-अध्यक्ष (सेती देवि स.व.उ.स)	सरिता
④	डोमा गुरुङ तमाङ	सदस्य	डोमा
⑤	छिरिङ शेर्पी	उपभोक्त	
⑥	साङो तमाङ	उपभोक्ता	साङो
⑦	सुजन प्रजापती	सनिमा ग्रुप हाइड्रोपावर लि.	
⑧	कमल प्रसाद कुर्कुरल	सनिमा ग्रुप हाइड्रोपावर लि.	

राय तथा सुझावहरु:

① सुरुङ निर्माण ग्रदा निस्कने मलको उचितव्यवस्था पन गर्नु पर्ने।

② वन्यजन्तुको चोरि शिकारी हुन नदिनआयोजनामा कार्यरत कार्मिकी तथा स्थानिय कामदार कर्मचारीहरुलाई सचेतना मुलक कार्यक्रमहरु सन्चालन गर्नु पर्ने।

③ पहुँच सडकको विस्तारले वन्यजन्तु, पाहा, जडिबुटे लगायत गहि काठ वन पैदावार ओसार पसार हुन सक्ने भएको हुदा

कर्मचारी तथा कामदारहरुलाई कडाइका साथ आचार संहिता बनाई लागु गर्नु पर्ने।

(४) खाना पकाउने प्रयोजनको लागि काठ दाउराको विकल्प LPG Gas, मट्टितेल प्रयोग गरी संरक्षणमा सहयोग पुऱ्याउनु पर्ने।

(५) वन डढेलो हुन नदिन कामदारहरुलाई आगो को जोखिमका बारेमा सचेत गराउनु पर्ने।

(६) आयोजनाले इतिपरक पुनर्स्थापनाका कार्यहरु यथा उपस्थितिको समन्वयमा गर्नुपर्ने।

(७) आयोजनाले निर्माणानुसार बाँध क्षेत्रमा देखिने तल तथ्य क्षेत्रमा छोड्नु पर्ने पानी वर्षभरि कायम राख्नु पर्ने।

(८) कुहिने र नकुहिने फोहर छुट्याई उचित व्यवस्थापन गर्नुपर्ने।

(९) बाढीको पूर्व सूचना गर्ने साधन को व्यवस्था गर्नुपर्ने।

अनुसूची ४

सार्वजनिक सुनुवाई

- सार्वजनिक सुनुवाई आव्हान गरिएको सूचना
- रेडियो सूचना
- सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितिका लागि पेश गरिएको पत्र
- सूचना टाँस गरिएको पत्र
- सूचना टाँसको मुचुल्का
- सार्वजनिक सुनुवाई सम्बन्धि प्रतिवेदन
- कार्यक्रममा संकलन गरिएको लिखित राय-सुझावहरु
- सार्वजनिक सुनुवाई कार्यक्रमको माइन्युट
- सार्वजनिक सुनुवाई कार्यक्रमको फोटोहरु

सामाजिक सुरक्षा कोषमा एक खर्ब ११ अर्ब सङ्कलन

काठमाडौं, (रासस): जलविद्युत् परियोजना, विद्युत् प्रसारण लाइन, सौर्य तथा नवीकरणीय ऊर्जा उत्पादन गर्ने उद्योगमा लगानी गर्ने गरी सामाजिक सुरक्षा कोषले कर्जा वा सहवित्तीयकरणमा लगानी गर्ने गरी प्राथमिकताका क्षेत्र निर्धारण गरेको छ। कोषमा यही जेठ २० गतेसम्म रू एक खर्ब ११ अर्ब सात करोड पाँच लाख ८५ हजार बराबरको योगदान रकम जम्मा भएको छ।

दैनिक रुपमा रकम थपिँदै गएकाले लगानीको दायरा विस्तार गर्नुपर्ने निष्कर्षमा कोष पुगेको छ। सोही आधारमा कोषले सरकारी स्वामित्वका कम्पनीसँग मिलेर जलविद्युत् तथा नवीकरणीय ऊर्जा परियोजनामा लगानी गर्ने नीति अख्तियार गरेको छ। कोषका चार वटा प्रस्ताव आएकामा दुई वटा प्रस्तावमाथि छलफल भइरहेको छ।

मुलुकको ऊर्जा क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ कोषमा सङ्कलन भएको प्रस्तावलाई अगाडि बढाउन लागिएको छ। कोषका निर्देशक रोहित रेग्मीले लगानी विविधिकरणका लागि प्रयास भइरहेको जानकारी दिनुभयो। कोषमा जम्मा हुने रकम बैङ्क तथा वित्तीय संस्थामा राख्दा आर्थिक विकास र समृद्धिमा योगदान हुन नसक्ने भएकाले थप क्षेत्रको खोजी गरिएको उहाँको भनाइ छ। आगामी आर्थिक वर्षको बजेटले विभिन्न कोषमा रहेको रकमलाई उपयोग गर्ने नीति अख्तियार गरेको छ।खानीजन्य क्षेत्रअन्तर्गत स्वदेशमा क्लिङ्कर उत्पादन गरी सिमेन्ट उत्पादन गर्ने परियोजनामा पनि कोषले लगानी गर्ने नीति लिएको निर्देशक रेग्मीले उल्लेख गर्नुभयो। उहाँका अनुसार कोषमा हालसम्म २३ हजार ४७६ रोजगारदाता र २९ लाख ५८ हजार ४२९ योगदानकर्ता सूचीकृत भएका छन्। कोषले कुल दावी भुक्तानी रू २० अर्ब ४५ करोड २६ लाख १० हजार ७३८ गरेको छ। औषधि उपचार, स्वास्थ्य तथा मातृत्व दाबी रकम रू तीन अर्ब २३ करोड ५१ लाख दुई हजार ९११ बराबर रहेको छ।दुर्घटना तथा अशक्तता सुरक्षातर्फ रकम रू २८ करोड ४४ लाख ३० हजार १८८, आश्रित परिवार सुरक्षा दाबी रकम रू ३४ करोड ९५ लाख ७३ हजार ३९८ र अवकाश दाबी रकम रू १६ करोड ५८ लाख ३५ लाख चार हजार २४१ बराबर रहेको कोषका निर्देशक रेग्मीले जानकारी दिनुभयो। संस्थागत वा सहवित्तीयकरण कर्जामा पर्यटन क्षेत्र, निर्माण क्षेत्र, सूचना तथा प्रविधि क्षेत्र, सेवामूलक क्षेत्र, कृषि क्षेत्रमा लगानी गर्न सकिने व्यवस्था गरेको छ। सञ्चालक समितिले उपयुक्त ठानेको क्षेत्रमा पर्याप्त धितो वा जमानी लिई संस्थागत कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरिएको छ। कर्जा प्रवाह गर्दा तिर्ने क्षमता भएको कम्पनीलाई परियोजना स्थापना र सञ्चालनको लागि स्थिर पूँजी कर्जा, चालु पूँजी कर्जा वा चक्र कर्जा समेत प्रवाह गर्न सकिने व्यवस्था छ।कोषले २० मेगावाटभन्दा कम क्षमताको विद्युत् परियोजनामा भने कोषले लगानी नगर्ने नीति लिएको निर्देशक रेग्मीले बताउनुभयो। विद्युत् खरिदसम्बन्धी शर्त तथा बन्देज वा कुनै समयमा प्राधिकरणले विद्युत् खरिद नगर्ने शर्त भएमा, कनेक्सन सम्झौताबमोजिमको सबस्टेसन तयार भई नसकेको परियोजनामा लगानी नगर्ने नीति रहेको उहाँले उल्लेख गर्नुभयो। उहाँका अनुसार कम्तीमा ३० प्रतिशत स्वपुँजी नभएको परियोजना, निजी कम्पनीबाट सञ्चालित परियोजना र कोषको प्राथमिकतामा नपरेको परियोजनामा पनि लगानी नगर्ने नीति छ।

एक्लेपाखा सामुदायिक वन उपभोक्ता समुह, भिमेश्वर न.पा. ९, दोलखाको गोलिया काठ लिलाम गर्ने बारको सूचना ।

प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०२/२४ गते

प्रस्तुत विषयमा, आ.ब. २०८२/०८३ मा समुहको स्वीकृत वन कार्ययोजना अनुसार तयार गरिएको थिनिङ कार्ययोजना, २०८२ र अग्निरेखामा परेका रुखहरु समुहले संकलन गरि तपसिलको स्थानमा घाटगद्दी गरी राखेको देहायको लट, जात, थान र परिमाणको गोलिया काठ, जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को दफा १२८ बमोजिम सुचिकृत भएका इच्छुक काठ दाउरामा आधारित उद्योगले यो सूचना पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिन कार्यालय समय भित्र बोलपत्र खरिद गरि तोकिएको समय भित्र सिलवन्दी बोलपत्र दाखिला गर्नुहुन सम्बन्धित सबैलाइ आमन्त्रित गरिन्छ । बोलपत्र समुहको कार्यालय र डिभिजन वन कार्यालय दोलखाबाट खरिद गरि समुहको कार्यालयमा मात्र दाखिला गर्न सकिनेछ ।

तपसिल

१. वन पैदावरको विवरण :

लट नं.	प्रजाती	किसिम	ग्रेड	गो. थान	काठ (क्युफिट)	न्युनतम मुल्य रु
१-२०८२/०८३	गोब्रे/पाटेसल्ला	गोलिया	बी	२०००	५२८३.१९	५२८३१९
२-२०८२/०८३	गोब्रे/पाटेसल्ला	गोलिया	बी	९९७	२४२२.७०	२४२२७०
३-२०८२/०८३	गोब्रे/पाटेसल्ला	गोलिया	बी	१०००	२८११.२८	२८११२८

थप विवरणको लागि वन तथा वातावरण मन्त्रालय, हेटौडा र डिभिजन वन कार्यालय, दोलखाको वेवसाइट तथा विभिन्न सरकारी कार्यालयहरुमा टाँस गरिएको विस्तृत सुचना हेर्न सक्नुहुनेछ ।

जुम खोला जलविद्युत आयोजना (७० मेगावाट) को पूरक वातावरणीय प्रभाव मुल्यांकनको (SEIA) सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३/०२/२४)

सानिमा जुम हाइड्रोपावर लिमिटेडद्वारा बागमती प्रदेश, दोलखा जिल्लाको विगु गाउँपालिका वडा नं. १ भएर बग्ने जुम खोलामा ७० मेगावाट क्षमताको जुम खोला जलविद्युत आयोजना प्रस्ताव गरिएको छ। विद्युत उत्पादनका लागि जुम खोलाको पानीलाई जुम खोला र लप्ची खोलाको संगम देखि करिब १.५ कि.मि. माथिल्लो तटीय क्षेत्रमा ३६ मि. लम्बाई र १० मि. उचाईको बाँध निर्माण गरी साइड इन्टेक मार्फत् जुम खोलाको अधिकतम २८.६८ घ.मि./से. बहावलाई ६८ मि. लम्बाई १२ मि. चौडाई र ७.६२ मि. उचाईको २ वटा च्याम्बर भएको भूमिगत बालुवा थिग्राउने पोखरीमा (Settling basin) पुऱ्याइने छ, जसको Trapping capacity ९३ प्रतिशत रहेको छ । बालुवा थिग्राउने पोखरीमा जम्मा भएको बालुवा तथा लेदोलाई बालुवा तथा लेदो फाल्नेटनेल (Sediment flushing tunnel) बाट खोलामै फालिनेछ भने सफा पानीलाई करिब १४२० मि. लामो सुरुङ्गमार्ग तर्फ पठाइनेछ । तत्पश्चात्, करिब ४५ मि. उचाई र १० मि. व्यासको सर्ज साफ्ट (Surge shaft) हुँदै २५२ मि. ठाडो पेनस्टक साफ्ट र १५६ मि. लामो तेर्सो पेनस्टक साफ्ट मार्फत भूमिगत विद्युतगृहमा २३.३३ मे.वा. क्षमताका ३ वटा टर्बाइनमा खसाली ३ वटा जेनेरेटिङ्ग युनिट मार्फत ७० मे.वा. विद्युतीय उर्जा उत्पादन गरिनेछ । तत्पश्चात् निस्किएको पानीलाई करिब २०२५ मि. लामो टेलरेस टनेल (Tailrace tunnel) मार्फत तामाकोशी नदीमा पुनः मिसाइने छ।

यस आयोजनाको वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन वि.सं २०७७/०६/२७ मा तत्कालीन वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको थियो। प्रस्तावित आयोजना निर्माणाधीन अवस्थामा रहेको र मिति २०८१/०२/१८ र मिति २०८२/०६/२१ मा आयोजनाको हालको टेलरेस आउटलेट पोर्टल रहने स्थान भन्दा केही मिटर तल देउराली भन्ने ठाउँमा भिषण पहिरो गई काबु बाहिरको परिस्थिति सृजना भएको हुँदा उक्त टेलरेस आउटलेट पोर्टललाई पहिरो देखि तल्लो तटीय क्षेत्रमा स्थानान्तरण गर्नुपर्ने विकल्पको बारेमा प्राविधिक टोलीले सिफारिस गरेको थियो ।सोही अनुरूप टेलरेस आउटलेट पोर्टल रहने स्थान परिवर्तन गरेसँगै आयोजनाले प्रयोग गर्ने कूल हेड बढेको तथा डिजाइन डिस्चार्ज समेत बढाइएकोले यस आयोजनाको क्षमता ५६ मे.वा. बाट ७० मे.वा. हुने भएको हुँदा वातावरण संरक्षणऐन, २०७६ को दफा ११ को उपदफा १ र मिति २०८२/१२/२४ मा तत्कालीन वन तथा वातावरण मन्त्रालयबाट प्राप्त सहमति पत्र अनुरुप पूरक वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन तयार गरिएको हो।

वातावरण संरक्षण नियमावली २०७७ को नियम ६ बमोजिम यस आयोजनाबाट प्रभावित हुने क्षेत्रमा आयोजनाको बारेमा राय सुझाव संकलन गर्न निम्न स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको यसै सूचनाद्वारा जानकारी गराइन्छ। सार्वजनिक सुनुवाईमा उठेका वातावरणसँग सम्बन्धित विषयहरु पूरक वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनमा समावेश गरिने हुँदा उक्त कार्यक्रममा उपस्थिति भई आफ्नो राय सुझाव दिनुहुनका लागि स्थानीय बुद्धिजीवी, भाद्रभलाद्मी, शिक्षक र स्थानीय सरोकारवाला संघ/संस्थाका प्रतिनिधि र सर्वसाधारण सबैलाई हार्दिक आमन्त्रण गर्दछौं।

सार्वजनिक सुनुवाई हुने मिति समय र स्थानः

मिति : २०८३ साल जेठ ३१ गते, आइतबार ।

समय : बिहान ११:०० बजे।

स्थान : श्री गौरीशंकर प्राथमिक विद्यालय, लामाबगर, विगु गा.पा. वडा नं १।

पत्राचार गर्ने ठेगानाः

प्रस्तावकको नाम र ठेगाना	परामर्शदाताको नाम र ठेगाना
सानिमा जुम हाइड्रोपावर लि. धुम्बाराही, काठमाण्डौ, नेपाल सम्पर्क नं.: (९७७-१) ४३७२८२८, ४३७३०३० इमेलः sanimajum@sanimahydro.com	**सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि.** धुम्बाराही, काठमाण्डौ, नेपाल सम्पर्क नं.: (९७७-१) ४३७२८२८, ४३७३०३० इमेलः engineering@sanimahydro.com

खैरो हेरोइन कारोबारमा दोलखाका एकसहित १० जना पक्राउ

चरिकोट (दीस) : खैरो हेरोइन कारोबारमा सलग्न रहेको आरोपमा दोलखाका एक युवकसहित १० जनालाई प्रहरीले काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट पक्राउ गरेको छ।

पक्राउ पर्नेमा दोलखाको कालिन्चोक गाउँपालिका-७ का २१ वर्षीय सागर शिवाकोटी, काठमाडौं महानगरपालिका-१६ का ३० वर्षीय आयुष श्रेष्ठ, ४० वर्षीय सनि श्रेष्ठ र ३५ वर्षीया किभा श्रेष्ठ, काठमाडौं महानगरपालिका-१९ का ३७ वर्षीय सुरेश शाही खड्गीलगायत रहेका छन्। साथै भक्तपुरको मध्यपुर थिमि नगरपालिका-२ का ३५ वर्षीय भगवान थापामगर पनि पक्राउ परेका छन्।

शुक्रबार नेपाल प्रहरीको लागुऔषध नियन्त्रण ब्यूरोले जारी गरेको प्रेस विज्ञप्तिअनुसार विशेष अभियान सञ्चालन गरी उनीहरुलाई पक्राउ गरिएको हो। विज्ञप्ती अनुसार पक्राउ परेकाहरुको साथबाट ३०० ग्राम खैरो हेरोइन बरामद गरिएको छ।

पक्राउ परेकामाथि लागुऔषध नियन्त्रण ऐन, २०३३ बमोजिम थप अनुसन्धान भइरहेको लागुऔषध नियन्त्रण ब्यूरोले जनाएको छ।

दुईदिने क्षमता विकास तालिम सुरू

चरिकोट (दीस) - दोलखाको विगु गाउँपालिकामा शिक्षण सिकाइ प्रक्रियालाई प्रविधिमैत्री र प्रभावकारी बनाउने उद्देश्यले शिक्षकहरुका लागि सूचना तथा सञ्चार प्रविधि (आईसीटी) सम्बन्धी दुईदिने क्षमता विकास तालिम सुरू भएको छ। विगु गाउँपालिकाको शिक्षा तथा खेलकुद शाखाको आयोजनामा सञ्चालन भएको उक्त तालिम शनिबारदेखि सुरू भई आइतबारसम्म सञ्चालन हुने जनाइएको छ। तालिममा सहभागी शिक्षकहरुलाई कक्षाकोठामा सूचना प्रविधिको प्रभावकारी प्रयोग, डिजिटल शैक्षिक सामग्री निर्माण, प्रविधिमा आधारित शिक्षण विधि तथा आईसीटीको माध्यमबाट सिकाइ उपलब्धि अभिवृद्धि गर्ने विषयमा प्रशिक्षण प्रदान गरिनेछ।शिक्षण सिकाइ प्रक्रियामा आधुनिक प्रविधिको उपयोग बढाउँदै विद्यालय शिक्षाको गुणस्तर सुधार गर्ने तथा शिक्षकहरुको डिजिटल क्षमता विकास गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको गाउँपालिकाले जनाएको छ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी ,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमी प्रशासन कार्यालय दोलखा

सूचना । सूचना सूचना ।।।
सूचना प्रकासित मिति -२०८३/०३/०७

दोलखा जिल्ला सावित जिरी गा.वि.स.वडा नं.८ बस्ने फुर्वाको नाती डेण्डीको छोरा फुर्डिमा शेर्पाका नाममा नापनक्सा भएको तपशिलमा उल्लिखित जग्गा दर्ता छुट भएकोले जिरी नगरपालिका ६ नं. वडा कार्यालयको चलानी नम्बर २८ मिति २०८१/०४/१४ को सिफारिस समेतका आधारमा आफ्नो नाममा जग्गादर्ता गरि पाउँ भनी फुर्डिमा शेर्पाले निवेदन पेश गरेको हुँदा उक्त जग्गाका वास्तविक जग्गाधनी को हुन ? उक्त कित्ता जग्गा सरकारी, सार्वजनिक, विर्ता वा गुठी अन्तर्गतको हो, होईन ? निवेदकहरू बाहेक अन्य हकदारहरू छन, छैनन् ? निवेदकका नाममा रैकर तर्फ छुट जग्गा दर्ता नहुनु पर्ने भए वा निवेदक बाहेक अरूको समेत हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

क्षेत्र	वडा. नं.	कि.न.	क्षे.फ.	मोही	जग्गावालाको नाम ,थर	विरह/प्रमाण संकेत	कैफियत
जिरी	८	१३३	०२९१० व.मी.		फुर्डिमा शेर्पा गा.वि.स. जिरी वडा नं. ८ बाबु :- डेण्डी बाजेः फुर्वा	बाँझो / चाहार / थामी चौतारा	
जिरी	८	२८६	०३१४० व.मी.			बाँझो / चाहार/ नलीखर्क	
जिरी	८	२९२	०२०९० व.मी.			बाँझो/चाहार/ नलिखर्क	
जिरी	८	३४०	०००७० व.मी.			बाँझो / चाहार / थामी घरबारी	
जिरी	८	३४४	०००५० व.मी.			बाँझो / चाहार / थामी घरबारी	
जिरी	८	२१०३	००७६५ व.मी			बाँझो / चाहार/टोर्केवारी	

पुनश्चः-निवेदकले सो जग्गाको सावित तिरो, सावित लगत प्रतिलिपि तथा ७ नं. फाँटबारी लगायत कागजात भुकम्पमा परि हराएको भनि निवेदनमा उल्लेख गरेको । यस कार्यालयमा रहेको सावित लगत अनुसुचि तथा ७ नं. फाँटबारी लगायतका कागजात द्वन्द्वको समयमा जलेको व्यहोरा समेत अवगत गराईन्छ ।

जुम खोला जलविद्युत आयोजना (७० मेगावाट) को पूरक वातावरणीय प्रभाव मुल्यांकनको (SEIA) सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८३/०३/०७)

सानिमा जुम हाइड्रोपावर लिमिटेडद्वारा बागमती प्रदेश, दोलखा जिल्लाको विगु गाउँपालिका वडा नं. १ भएर बग्ने जुम खोलामा ७० मेगावाट क्षमताको जुम खोला जलविद्युत आयोजना प्रस्ताव गरिएको छ। विद्युत उत्पादनका लागि जुम खोलाको पानीलाई जुम खोला र लप्ची खोलाको संगम देखि करिब १.५ कि.मि. माथिल्लो तटीय क्षेत्रमा ३६ मि. लम्बाई र १० मि. उचाईको बाँध निर्माण गरी साइड इन्टेक मार्फत् जुम खोलाको अधिकतम २८.६८ घ.मि./से. बहावलाई ६८ मि. लम्बाई १२ मि. चौडाई र ७.६२ मि. उचाईको २ वटा च्याम्बर भएको भूमिगत बालुवा थिग्राउने पोखरीमा (Settling basin) पुऱ्याइने छ, जसको Trapping capacity ९३ प्रतिशत रहेको छ । बालुवा थिग्राउने पोखरीमा जम्मा भएको बालुवा तथा लेदोलाई बालुवा तथा लेदो फाल्नेटनेल (Sediment flushing tunnel) बाट खोलामै फालिनेछ भने सफा पानीलाई करिब १४२० मि. लामो सुरुङ्गमार्ग तर्फ पठाइनेछ । तत्पश्चात्, करिब४५ मि. उचाई र १० मि. व्यासको सर्ज साफ्ट (Surge shaft) हुँदै २५२ मि. ठाडो पेनस्टक साफ्ट र १५६ मि. लामो तेर्सो पेनस्टक साफ्ट मार्फत भूमिगत विद्युतगृहमा २३.३३ मे.वा. क्षमताका ३ वटा टर्बाइनमा खसाली ३ वटा जेनेरेटिङ्ग युनिट मार्फत ७० मे.वा. विद्युतीय उर्जा उत्पादन गरिनेछ । तत्पश्चात् निस्किएको पानीलाई करिब २०२५ मि. लामो टेलरेस टनेल (Tailrace tunnel) मार्फत तामाकोशी नदीमा पुनः मिसाइने छ।

यस आयोजनाको वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन वि.सं २०७७/०६/२७ मा तत्कालीन वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको थियो। प्रस्तावित आयोजना निर्माणाधीन अवस्थामा रहेको र मिति २०८१/०२/१८ र मिति २०८२/०६/२१ मा आयोजनाको हालको टेलरेस आउटलेट पोर्टल रहने स्थान भन्दा केही मिटर तल देउराली भन्ने ठाउँमा भिषण पहिरो गई काबु बाहिरको परिस्थिति सृजना भएको हुँदा उक्त टेलरेस आउटलेट पोर्टललाई पहिरो देखि तल्लो तटीय क्षेत्रमा स्थानान्तरण गर्नुपर्ने विकल्पको बारेमा प्राविधिक टोलीले सिफारिस गरेको थियो ।सोही अनुरूप टेलरेस आउटलेट पोर्टल रहने स्थान परिवर्तन गरेसँगै आयोजनाले प्रयोग गर्ने कूल हेड बढेको तथा डिजाइन डिस्चार्ज समेत बढाइएकोले यस आयोजनाको क्षमता ५६ मे.वा. बाट ७० मे.वा. हुने भएको हुँदा वातावरण संरक्षण ऐन, २०७६ को दफा ११ को उपदफा १ र मिति २०८२/१२/२४ मा तत्कालीन वन तथा वातावरण मन्त्रालयबाट प्राप्त सहमति पत्र अनुरुप पूरक वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन तयार गरिएको हो।

वातावरण संरक्षण नियमावली २०७७ को नियम ६ बमोजिम यस आयोजनाबाट प्रभावित हुने क्षेत्रमा आयोजनाको बारेमा राय सुझाव संकलन गर्न मिति २०८३/०२/३१ गते तय गरिएको सार्वजनिक सुनुवाई कार्यक्रम विशेष कारणवश स्थगित गर्नुपरेको हुनाले सो सार्वजनिक सुनुवाई कार्यक्रमलाईनिम्न स्थान, मिति र समयमा पुन आयोजना गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। सार्वजनिक सुनुवाईमा उठेका वातावरणसँग सम्बन्धित विषयहरु पूरक वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनमा समावेश गरिने हुँदा उक्त कार्यक्रममा उपस्थिति भई आफ्नो राय सुझाव दिनुहुनका लागि स्थानीय बुद्धिजीवी, भाद्रभलाद्री, शिक्षक रस्थानीय सरोकारवाला संघ/संस्थाका प्रतिनिधि र सर्वसाधारण सबैलाई हार्दिक आमन्त्रण गर्दछौं।

सार्वजनिक सुनुवाई हुने मिति समय र स्थानः

मिति : २०८३ साल असार १४ गते, आइतबार ।
समय : बिहान ११:०० बजे।
स्थान : श्री गौरीशंकर प्राथमिक विद्यालय, लामाबगर, विगु गा.पा. वडा नं १।

पत्राचार गर्ने ठेगानाः

प्रस्तावकको नाम र ठेगाना	परामर्शदाताको नाम र ठेगाना
सानिमा जुम हाइड्रोपावर लि धुम्बाराही, काठमाण्डौ, नेपाल सम्पर्क नं.: (९७७-१) ४३७२८२८, ४३७३०३० इमेलः sanimajum@sanimahydro.com	सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि. धुम्बाराही, काठमाण्डौ, नेपाल सम्पर्क नं.: (९७७-१) ४३७२८२८, ४३७३०३० इमेलः engineering@sanimahydro.com

क्यान्सर औषधि सहज उपलब्ध हुने

काठमाडौं, (रासस) : विगत दुई महिनादेखि क्यान्सर रोगको उपचारका लागि प्रयोग हुने औषधिको अभाव रहेकामा अब सहज उपलब्ध हुनेछ । औषधि व्यवस्था विभागका सूचना अधिकारी किरणसुन्दर बज्राचार्यले क्यान्सरको किमोथेरापी उपचारमा प्रयोग हुने औषधि केही दिनमा सहज उपलब्धता हुने बताउनुभयो । उहाँले औषधिको अहिले केही सीमित ठाउँमा मात्र उपलब्ध गराउँदै आएकामा अब सहज रुपमा उपलब्ध गराइने बताउनुभयो ।

"औषधिको अभाव रहेकाले हामीले बिरामीलाई सहजताका लागि देशभरि केही ठाउँमा अस्पताल र फार्मेसीको नामै तोकेर उपलब्ध गराउने गरेका छौं", उहाँले भन्नुभयो, "अब चाँडै नै औषधिको आयातलाई सहज बनाएर बिरामीलाई सजिलै उपलब्ध गराउने छौं।" उहाँले सरकारले ती औषधिको मूल्य समायोजन गर्ने प्रतिबद्धता व्यक्त गरिसकेकाले सहज पाइने बताउनुभयो । क्यान्सरको किमोथेरापी उपचारका लागि हुने 'कार्बोप्लाटिन', 'सिस्प्लाटिन' लगायत औषधिको अभाव विगत दुई महिनादेखि भएको हो ।

विभागले ती औषधि पाउनका लागि जानकी अस्पताल नेपालगञ्ज, पूर्वाञ्चल क्यान्सर अस्पताल विर्तामोड, विराट मेडिकल कलेज विराटनगर, ववियना फर्मा पोखरा, पुनम फार्मेसी धरान, राजदूत प्रालि भरतपुर, मल्ल फर्मास्युटिकल्स पोखरा, ताज नेपाल प्रालि काठमाडौं, डिकेएम फर्मास्युटिकल्स प्रालि काठमाडौं, सिजल फर्मा र अनमोल हेल्थ केयर काठमाडौंलाई औषधि सहजताका लागि सम्पर्क तोकिएको छ ।

किमोथेरापी उपचारका लागि सबभन्दा बढी 'कार्बोप्लाटिन' र त्यसपछि 'सिस्प्लाटिन' औषधि आवश्यक पर्दछ । सूचना अधिकारी बज्राचार्यका अनुसार अहिले नेपालमा 'कार्बोप्लाटिन' औषधि दुई हजार भाइल र 'सिस्प्लाटिन' ५० भाइल मात्र मौज्दात रहेको छ ।

नेपालमा बिरामीका लागि महिनामा एक हजार भाइल 'कार्बोप्लाटिन' र ६०० भाइल 'सिस्प्लाटिन' आवश्यक पर्दछ । नेपाल औषधि आपूर्तिकर्ता संघका अध्यक्ष पवन आचार्यले बिरामीको उपचारलाई अभाव हुन नदिनका लागि आफूहरुले महँगा भए पनि औषधि नेपाल आयात गरेर उपलब्ध गराइरहेको बताउनुभयो ।

उहाँले एक महिनालाई पुग्ने 'सिस्प्लाटिन' औषधि भारतबाट नेपाल आउने क्रममा रहेको जानकारी दिनुभयो । उहाँले सरकारले मूल्य समायोजन गरेपछि औषधिको अभाव नहुने बताउनुभयो । भक्तपुर क्यान्सर अस्पताल, चितवनस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायत क्यान्सर रोगको किमोथेरापीमा उपचारमा प्रयोग हुने औषधिको अभाव देखिएको हो ।

सिटिइभिटीको उपाध्यक्षका लागि २५ जना उम्मेदवार

काठमाडौं (रासस) : प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) को रिक्त उपाध्यक्ष पदका लागि २५ जना आवेदकको दरखास्त स्वीकृत भएको छ । यसैगरी रिक्त सदस्यसचिवमा चार जनाको दरखास्त स्वीकृत भएको हो ।

शिक्षा तथा खेलकुद मन्त्रालयले शुक्रबार आवेदकहरुको स्वीकृत नामावली सार्वजनिक गरेको हो । गत जेठ २१ मा प्रकाशित दरखास्त आह्वानको सूचनाबमोजिम आवेदन दिएर प्रक्रिया र योग्यता पुगेको आवेदकहरुले अब मूल्याङ्कन समितिले दिएको समयमा अन्तर्वार्ता र प्रस्तुतिकरण दिनुपर्नेछ ।

दर्ता नं.: २८५,- ०६४/०६५
नेपाल सरकार सूचना तथा संचार मन्त्रालय

रेडियो शैलुङ सामुदायिक एफ.एम ९२.७ मेगाहर्ज

Radio Shailung Community FM 92.7 Mhz.

भीमेश्वर नगरपालिका - ३, चरिकोट, दोलखा

पत्र संख्या: ०८२/८३
पत्र चलानी नं.: १८०

मिति : २०८३/०३/०१

श्री कार्यालय प्रमुख ज्यू,
सानिमा जुम हाइड्रोपावर लिमिटेड
विगु १, लामाबगर, दोलखा ।

विषय : रकम भुक्तानी सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा **सानिमा जुम हाइड्रोपावर लिमिटेड सार्वजनिक सुनुवाइ** सम्बन्धी सूचना यस रेडियो शैलुङ बाट निरन्तर प्रशारण भएको जानकारी गराउँदै उक्त प्रशारण वापत १,००० - भुक्तानिका लागि अनुरोध गर्दछौं ।
सुचना निम्ल तालिका अनुसार प्रशारण भएको जानकारी गराइन्छ ।

S.N.	Language	Duration	On Air Time	Time	Total spot (per day)
1	Nepali	1 Min 02 Sec	At 5: 50 am	Morning	1
			At 6: 50 am	Morning	1
			At 7:20 am	Morning	1
			At 8:45 am	Morning	1
			At 11:00 am	Day	1
			At 12:35 pm	Day	1
			At 02:55 pm	Day	1
			At 04 : 10 pm	Day	1
			At 07 : 50 pm	Day	1
			Total spots 10		

.....
लेखा तथा प्रशासन प्रमुख
प्रदिप सेन्चुरी

दर्ता नं: २८५,- ०६४/०६५
नेपाल सरकार सूचना तथा संचार मन्त्रालय

रेडियो शैलुङ सामुदायिक एफ.एम ९२.७ मेगाहर्ज

Radio Shailung Community FM 92.7 Mhz.

भीमेश्वर नगरपालिका - ३, चरिकोट, दोलखा

पत्र संख्या :०८२/८३
पत्र चलानी नं. :२३१

मिति : २०८३/०३/२२

श्री कार्यालय प्रमुख ज्यु,
सानिमा जुम हाइड्रोपावर लिमिटेड
विगु १, लामाबगर, दोलखा ।

विषय : रकम भुक्तानि सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा *सानिमा जुम हाइड्रोपावर लिमिटेड* बाट प्राप्त सार्वजनिक सुनुवाइ सम्बन्धी सूचना रेडियो शैलुङ सामुदायिक एफ. एम बाट प्रशारण भएको जानकारी गरादै उक्त प्रशारण बापतको जम्मा रकम रु. १०००/भुक्तानिका लागि अनुरोध गर्दछौ । साथै उक्त सूचना निम्न प्रशारण तालिका अनुसार प्रशारण भएको जानकारी गराईन्छ ।

S.N.	Language	Duration	On Air Time	Time	*Total spot*
1	Nepali	1 min 03 Sec.	At 5: 50 am	Morning	*1*
			At 6: 50 am	Morning	*1*
			At 7:20 am	Morning	*1*
			At 8:45 am	Morning	*1*
			At 11:00 am	Day	*1*
			At 12:35 pm	Day	*1*
			At 02:55 pm	Day	*1*
			At 04:10 pm	Day	*1*
			At 06: 30 pm	Evening	*1*
			Total spots 10		

लेखा तथा प्रशासन प्रमुख
प्रदिप सेन्चुरी

Govt. Regd. No. 253402/077/078

Sanima Jum Hydropower Ltd.

च.नं.: १७१-०८२/८३

मितिः २०८३/०१/१८

श्रीमान् वडा अध्यक्ष ज्यू
विगु गाउँपालिका, वडा नं. १
लामाबगर, दोलखा ।

विषयः सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस सानिमा जुम हाइड्रोपावर लिमिटेडद्वारा बागमती प्रदेश, दोलखा जिल्ला स्थित विगु गाउँपालिका वडा नं. १ भई बग्ने जुम खोलाको पानी सदुपयोग गर्ने गरी जुम खोला जलविद्युत आयोजना निर्माण गर्न नेपाल सरकार, ऊर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत विद्युत विकास विभागको मिति २०७८/०३/२७ देखि मिति २११३/०३/२६ सम्म बहाल अवधि रहने गरी ५६ मेगावाट क्षमताको विद्युत उत्पादनको अनुमति प्राप्त गरेको थियो । प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन मिति २०७७/०६/२७ मा वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भइसकेको छ । हाल निर्माणाधीन अवस्थामा रहेको यस जलविद्युत आयोजना क्षेत्रको 'देउराली' भन्ने स्थानमा मिति २०८१/०२/२३ र मिति २०८२/०६/२१ मा ठूलो सुख्खा पहिरो गई तामाकोशी नदी थुनिएर काबु बाहिरको परिस्थिति सृजना भएको थियो । उक्त क्षेत्र अझै पनि भौगर्भिक रुपमा अस्थिर र जोखिमपूर्ण रहेकाले भविष्यमा पुनः नदी थुनिएर विद्युतगृहमा पानी पस्ने दीर्घकालीन जोखिम देखिएको हुनाले सो जोखिम न्यूनिकरणका लागि आयोजनाको टेलरेस आउटलेट पोर्टल संरचनालाई तामाकोशी र च्यादु खोलाको संगमभन्दा तल्लो तटीय क्षेत्रमा स्थानान्तरण गर्नुपर्ने भएको छ । यसरी संरचना स्थानान्तरण गर्दा Tail water level मा आउने भिन्नताका कारण विद्युतगृहको Machine floor level लाई पूर्व प्रस्तावित भन्दा ३० मिटर तल स्थापना गर्न सकिने भएको छ, जसले गर्दा आयोजनाको हेड ३० मिटरले बढ्न गई कुल क्षमता ५६ मेगावाटबाट वृद्धि भई ७० मेगावाट पुगेको छ । यसरी क्षमता वृद्धि र संरचना स्थानान्तरण गर्दा प्रचलित कानुन बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) अध्ययन गरिएको छ ।

यसरी तयार पारिएको मस्यौदा प्रतिवेदन माथि निम्न स्थान, मिति र समयमा सरोकारवाला व्यक्ति, समुदाय, स्वास्थ्य चौकी, विद्यालय, सँघ/संस्था तथा सरकारी निकायहरुको समुपस्थितिमा '***सार्वजनिक सुनुवाई कार्यक्रम***' गर्न लागिएको हुँदा उक्त कार्यक्रममा सहभागी भई जानकारी लिन तथा राय सुझाव दिनु हुन विनम्र अनुरोध गर्दछु । आयोजनाको मस्यौदा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) को कार्यकारी सारांश, कार्यक्रमको तालिका, सार्वजनिक सुनुवाईको लागि तयार गरिएको सूचना यसै पत्रसाथ संलग्न गरिएको छ ।

कृपया, सार्वजनिक सुनुवाईको लागि तयार गरिएको सूचना त्यस कार्यालयको सूचना पाटीमा टाँस गरि सूचना टाँसको जानकारी गरिदिनुहुन अनुरोध गर्दछु ।

सार्वजनिक सुनुवाई कार्यक्रम हुने समय, स्थान र मितिः

स्थान : श्री गौरीशंकर प्राथमिक विद्यालयको प्राङ्गण, लामाबगर
मिति : २०८३/०२/३१ गते
समय : विहान ११ बजे देखि

भवदिय

सकुन्द ओझा
महा-प्रबन्धक

SANIMA JUM HYDROPOWER LIMITED sanima Kathmandu, Nepal

P. O. Box: 19737, KMC-4, Dhumbarahi, Kathmandu, Tel. (977-1) 4373030, 4372828, 4015788
Fax: (977-1) 4015799, E-mail: sanimajum@sanimahydro.com

सबैलाई कमोजीम १ प्रति सूचना पाठिमा टाक्ने भएको जानकारी गराईन्छ ।









च.नं.:१५२-०८२/८३

मितिः २०८३/०२/१८

श्रीमान् कार्यालय प्रमुख ज्यू
गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालय
चरिकोट, दोलखा ।

विषयः सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस सानिमा जुम हाइड्रोपावर लिमिटेडद्वारा बागमती प्रदेश, दोलखा जिल्ला स्थित विगु गाउँपालिका वडा नं. १ भई बग्ने जुम खोलाको पानी सदुपयोग गर्ने गरी जुम खोला जलविद्युत आयोजना निर्माण गर्न नेपाल सरकार, ऊर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत विद्युत विकास विभागको मिति २०७८/०३/२७ देखि मिति २११३/०३/२६ सम्म बहाल अवधि रहने गरी ५६ मेगावाट क्षमताको विद्युत उत्पादनको अनुमति प्राप्त गरेको थियो । प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन मिति २०७७/०६/२७ मा वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भइसकेको छ । हाल निर्माणाधीन अवस्थामा रहेको यस जलविद्युत आयोजना क्षेत्रको 'देउराली' भन्ने स्थानमा मिति २०८१/०२/२३ र मिति २०८२/०६/२१ मा ठूलो सुख्खा पहिरो गई तामाकोशी नदी थुनिएर काबु बाहिरको परिस्थिति सृजना भएको थियो । उक्त क्षेत्र अझै पनि भौगर्भिक रुपमा अस्थिर र जोखिमपूर्ण रहेकाले भविष्यमा पुनः नदी थुनिएर विद्युतगृहमा पानी पस्ने दीर्घकालीन जोखिम देखिएको हुनाले सो जोखिम न्यूनिकरणका लागि आयोजनाको हेडरिस आउटलेट पोर्टल संरचनालाई तामाकोशी र च्यादु खोलाको संगमभन्दा तल्लो तटीय क्षेत्रमा स्थानान्तरण गर्नुपर्ने भएको छ । यसरी संरचना स्थानान्तरण गर्दा Tail water level मा आउने भिन्नताका कारण विद्युतगृहको Machine floor level लाई पूर्व प्रस्तावित भन्दा ३० मिटर तल स्थापना गर्न सकिने भएको छ, जसले गर्दा आयोजनाको हेड ३० मिटरले बढ्न गई कुल क्षमता ५६ मेगावाटबाट वृद्धि भई ७० मेगावाट पुगेको छ । यसरी क्षमता वृद्धि र संरचना स्थानान्तरण गर्दा प्रचलित कानुन बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) अध्ययन गरिएको छ ।

यसरी तयार पारिएको मस्यौदा प्रतिवेदन माथि निम्न स्थान, मिति र समयमा सरोकारवाला व्यक्ति, समुदाय, स्वास्थ्य चौकी, विद्यालय, सँघ/संस्था तथा सरकारी निकायहरुको समुपस्थितिमा *'सार्वजनिक सुनुवाई कार्यक्रम'* गर्न लागिएको हुँदा उक्त कार्यक्रममा सहभागी भई जानकारी लिन तथा राय सुझाव दिनु हुन विनम्र अनुरोध गर्दछु । आयोजनाको मस्यौदा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) को कार्यकारी सारांश, कार्यक्रमको तालिका, सार्वजनिक सुनुवाईको लागि तयार गरिएको सूचना यसै पत्रसाथ संलग्न गरिएको छ ।

कृपया, सार्वजनिक सुनुवाईको लागि तयार गरिएको सूचना त्यस कार्यालयको सूचना पाटीमा टाँस गरि सूचना टाँसको जानकारी गरिदिनुहुन अनुरोध गर्दछु ।

सार्वजनिक सुनुवाई कार्यक्रम हुने समय, स्थान र मितिः

स्थान : श्री गौरीशंकर प्राथमिक विद्यालयको प्राङ्गण, लामाबगर
मिति : २०८३/०२/३१ गते
समय : विहान ११ बजे देखि

भवदिय

सकुन्द ओझा
महा-प्रबन्धक

SANIMA JUM HYDROPOWER LIMITED
sanima
Kathmandu, Nepal

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक पूर्वाधार निर्माण तथा अनुगमन कार्यालय, कालीगण्डकी
सडक डिभिजन चरिकोट

२०७३/०२/१९

गरुडदल
चरिकोट

च.नं. १६२ को सूचना
बल कार्यालयको सूचना,
पाटीका टाँस गरियको
बमोजिम जानकारी हुने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रहरी कार्यालय
दोलखा, चरिकोट
स्थापित

२०७३/२/१९

बागमती प्रदेश सरकार
खानेपानी, उर्जा तथा सिंचाई विकास मन्त्रालय
जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय
चरिकोट, दोलखा

च.नं. १६२ को सूचना
यस कार्यालयको सूचना
पाटीका टाँस गरिएको
व्यहोरा जानकारी हुने
साक्षी अनुरोध छ।
२०७३/०२/१९

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
गौरीशंकर संरक्षण क्षेत्र कार्यालय
चरिकोट, दोलखा

२०७३/०२/१९

च.नं. १६२ को सूचना
यस कार्यालयको सूचना पाटीमा
टाँस गरिएको व्यहोरा
जानकारी हुने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रहरी कार्यालय
इलाका प्रहरी कार्यालय
सिमाटी,

२०७३/०२/१९

जिल्ला समन्वय समितिको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

२०७३-१२-१९

च.न १६२ को सूचना ठीक
चरिकोटमा व्यवस्थित जानकारी हुने।

नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल नं. १५
दोलखा

च.नं. १६२ को सूचना
टाँस गरिएको
व्यहोरा जानकारी हुने।

२०७३/२/१९

"जलश्रोत, पर्यटन र जडिबुटीले सम्मुनत विगु गाउँपालिका"

विगु गाउँपालिका
Bigu Rural Municipality
१ नं. वडा कार्यालय
1 No. Ward Office

लामाबगर , दोलखा
Lamabagar, Dolakha
वागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

पत्र संख्या/Ref. No:-०८२/०८३

चलानि नं./Dispatch No : ५२७

मिति/Date: २०८३/०२/२०

श्री सानिमा जुम हाइड्रोपावर लिमिटेड,
धुम्बाराही, काठमाडौं।

बिषय: सूचना टाँस सम्बन्धमा।

प्रस्तुत बिषयमा तँहा कम्पनीको च.नं. १७२-०८२/०८३ मिति २०८३/०२/१८ गतेको पत्रनुसार यस कार्यालयमा सार्बजनिक सुनुवाई सम्बन्धि सूचना सूचना पेटिकामा मिति २०८३/०२/२० गते बुधबारको दिन टाँस गरिएको व्यहोरा अनुरोध छ।

२०८३/०२/२०
विरेन्द्र महतो
वडा सचिव

श्री सानिमा जुम हाइड्रोपावरले निम्न अनुसारको सूचना यस विरु गा. पा. वडा नं. १, लामाकार मा रहेको श्री लक्की गाउ मा टाँस गरेको व्यहोरा प्रमाणीत गरिन्छ ।

प्रस्तावकको नाम : सानिमा जुम हाइड्रोपावर लिमिटेड
प्रस्तावनाको नाम : जुम खोला जलविद्युत आयोजना (७० मे. वा)

आज मिति २०८३।०२।२१ गते हामी तपशिलमा लेखिए बमोजिमका मानिसहरूको रोहबरमा सानिमा जुम हाइड्रोपावर लिमिटेडद्वारा प्रस्तावित जुम खोला जलविद्युत आयोजना (७० मे. वा) को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको शिलशिलामा मिति २०८३।०२।३१ मा गर्न लागिएको सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सरोकारवाला व्यक्ति, समुदाय, संघ/संस्था आदिको जानकारीको लागी तयार गरिएको सार्वजनिक सूचनाको प्रतिलिपि टाँस गरिएकोले यो सूचना टाँस मुचुल्का लेखि/लेखाई सहिछाप गरिदियौ ।

रोहबरमा

१. विरु न. पा./गा. पा., वडा नं. १, लामाकार बस्ने श्री कमी शेर्पा कमी
२. विरु-१ न. पा./गा. पा., वडा नं. १, लामाकार बस्ने श्री लाक्पा दिकी शेर्पा
३. विरु - न. पा./गा. पा., वडा नं. १, लामाकार बस्ने श्री फिरोज शेर्पा
४. विरु न. पा./गा. पा., वडा नं. १, लामाकार बस्ने श्री पेम्बा दिरी ड० शेर्पा
५. विरु न. पा./गा. पा., वडा नं. १, लामाकार बस्ने श्री सुक नं० तमाङ

श्री सानिमा जुम हाइड्रोपावर ले निम्न अनुसारको सूचना यस किरु गा पा वडा न १, लामाबगर मा रहेको श्री माथिल्लो ठाउँ मा टाँस गरेको व्यहोरा प्रमाणीत गरिन्छ ।

प्रस्तावकको नाम : सानिमा जुम हाइड्रोपावर लिमिटेड
प्रस्तावनाको नाम : जुम खोला जलविद्युत आयोजना (७० मे वा)

आज मिति २०८३।०२।११ गते हामी तपशिलमा लेखिए बमोजिमका मानिसहरूको रोहबरमा सानिमा जुम हाइड्रोपावर लिमिटेडद्वारा प्रस्तावित जुम खोला जलविद्युत आयोजना (७० मे वा) को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको शिलशिलामा मिति २०८३।०२।३१ मा गर्न लागिएको सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सरोकारवाला व्यक्ति, समुदाय, सघ/सस्था आदिको जानकारीको लागी तयार गरिएको सार्वजनिक सूचनाको प्रतिलिपि टाँस गरिएकोले यो सूचना टाँस मुचुल्का लेखि/लेखाई सहिछाप गरिदियौ ।

रोहबरमा

१ किरु न पा/गा पा, वडा न १, लामाबगर बस्ने श्री सर्मिला तमाङ। शर्मिला

२ किरु न पा/गा पा, वडा न १, लामाबगर बस्ने श्री सान्छेन लामा

३ किरु न पा/गा पा, वडा न १, लामाबगर बस्ने श्री छम्बे शेर्पा

४ ..... न पा/गा पा, वडा न ....., बस्ने श्री .....

५ ..... न पा/गा पा, वडा न ....., बस्ने श्री .....

Scanned with CamScanner

श्री सानिमा जुम हाईड्रोपावर ले निम्न अनुसारको सूचना यस विरु गा पा वडा न १, लामाकाग मा रहेको श्री चोन्की पार्ची मा टाँस गरेको व्यहोरा प्रमाणीत गरिन्छ ।

प्रस्तावकको नाम : सानिमा जुम हाइड्रोपावर लिमिटेड
प्रस्तावनाको नाम : जुम खोला जलविद्युत आयोजना (७० मे वा)

आज मिति २०८३।०२।२२ गते हामी तपशिलमा लेखिए बमोजिमका मानिसहरूको रोहबरमा सानिमा जुम हाइड्रोपावर लिमिटेडद्वारा प्रस्तावित जुम खोला जलविद्युत आयोजना (७० मे वा) को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको शिलशिलामा मिति २०८३।०२।३१ मा गर्न लागिएको सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सरोकारवाला व्यक्ति, समुदाय, सघ/सस्था आदिको जानकारीको लागी तयार गरिएको सार्वजनिक सूचनाको प्रतिलिपि टाँस गरिएकोले यो सूचना टाँस मुचुल्का लेखि/लेखाई सहिछाप गरिदियौ ।

रोहबरमा

१ विरु न पा/गा पा, वडा न १, लामाकाग बस्ने श्री सरिता डिजी शेर्पा सरिता
२ विरु न पा/गा पा, वडा न १, लामाकाग बस्ने श्री डोमा गुरुङ डमाइ
३ विरु न पा/गा पा, वडा न १, बस्ने श्री फुर्लकी शेर्पा
४ ..... न पा/गा पा, वडा न ....., बस्ने श्री .....
५ ..... न पा/गा पा, वडा न ....., बस्ने श्री .....

Scanned with CamScanner

श्री सानिमा जुम हाईड्रोपावरले निम्न अनुसारको सूचना यस विगु गा पा वडा न १, लामाबगर मा रहेको श्री तल्लो जारु मा टाँस गरेको व्यहोरा प्रमाणीत गरिन्छ ।

प्रस्तावकको नाम : सानिमा जुम हाइड्रोपावर लिमिटेड
प्रस्तावनाको नाम : जुम खोला जलविद्युत आयोजना (७० मे वा)

आज मिति २०८३।०२।२२ गते हामी तपशिलमा लेखिए बमोजिमका मानिसहरूको रोहबरमा सानिमा जुम हाइड्रोपावर लिमिटेडद्वारा प्रस्तावित जुम खोला जलविद्युत आयोजना (७० मे वा) को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको शिलशिलामा मिति २०८३।०२।३१ मा गर्न लागिएको सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सरोकारवाला व्यक्ति, समुदाय, सघ/सस्था आदिको जानकारीको लागी तयार गरिएको सार्वजनिक सूचनाको प्रतिलिपि टाँस गरिएकोले यो सूचना टाँस मुचुल्का लेखि/लेखाई सहिछाप गरिदियौ ।

रोहबरमा

१ विगु न पा/गा पा, वडा न १, बस्ने श्री मिङमा डोमा शेर्पा मिङमा
२ विगु न पा/गा पा, वडा न १, बस्ने श्री पेम्बा शेर्पा पेम्बा शेर्पा
३ विगु न पा/गा पा, वडा न १, बस्ने श्री मिना मिरेल (शेर्पा)
४ ..... न पा/गा पा, वडा न ....., बस्ने श्री .....
५ ..... न पा/गा पा, वडा न ....., बस्ने श्री .....

Scanned with CamScanner

श्री सानिमा जुम हाईड्रोपावर ले निम्न अनुसारको सूचना यस विगु गा पा वडा न. १, लामावगर मा रहेको श्री पेमा ह्यो लिङ्. गुरुङ मा टाँस गरेको व्यहोरा प्रमाणीत गरिन्छ ।

प्रस्तावकको नाम : सानिमा जुम हाइड्रोपावर लिमिटेड
प्रस्तावनाको नाम : जुम खोला जलविद्युत आयोजना (७० मे वा)

आज मिति २०८३।०२।२१ गते हामी तपशिलमा लेखिए बमोजिमका मानिसहरूको रोहबरमा सानिमा जुम हाइड्रोपावर लिमिटेडद्वारा प्रस्तावित जुम खोला जलविद्युत आयोजना (७० मे वा) को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको शिलशिलामा मिति २०८३।०२।३१ मा गर्न लागिएको सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सरोकारवाला व्यक्ति, समुदाय, सघ/सस्था आदिको जानकारीको लागी तयार गरिएको सार्वजनिक सूचनाको प्रतिलिपि टाँस गरिएकोले यो सूचना टाँस मुचुल्का लेखि/लेखाई सहिछाप गरिदियौ ।

रोहबरमा

१ विगु न पा/गा पा, वडा न १, बस्ने श्री आङ्कुर्वा शेर्पा
२ विगु न पा/गा पा, वडा न १, बस्ने श्री डिम्मा शेर्पा
३ विगु न पा/गा पा, वडा न १, बस्ने श्री लाक्पा ढोम्बे शेर्पा
४ विगु न पा/गा पा, वडा न १, बस्ने श्री तेन्जीङ गुरुङ
५ ..... न पा/गा पा, वडा न ....., बस्ने श्री .....

Scanned with CamScanner

Govt. Regd. No. 253402/077/078

Sanima Jum Hydropower Ltd.

च.नं.: १८५-०८२/८३

मितिः २०८३/०३/०३

श्रीमान् अध्यक्ष ज्यू
विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, दोलखा ।

विषयः सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमां ।

महोदय,

उपरोक्त सम्बन्धमा यस सानिमा जुम हाइड्रोपावर लिमिटेडद्वारा बागमती प्रदेश, दोलखा जिल्ला स्थित विगु गाउँपालिका वडा नं. १ भई बग्ने जुम खोलाको पानी सदुपयोग गर्ने गरी जुम खोला जलविद्युत आयोजना निर्माण गर्न नेपाल सरकार, ऊर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत विद्युत विकास विभागको मिति २०७८/०३/२७ देखि मिति २११३/०३/२६ सम्म बहाल अवधि रहने गरी ५६ मेगावाट क्षमताको विद्युत उत्पादनको अनुमति प्राप्त गरेको थियो । प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन मिति २०७७/०६/२७ मा वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भइसकेको छ । हाल निर्माणाधीन अवस्थामा रहेको यस जलविद्युत आयोजना क्षेत्रको 'देउराली' भन्ने स्थानमा मिति २०८१/०२/२३ र मिति २०८२/०६/२१ मा ठूलो सुख्खा पहिरो गई तामाकोशी नदी थुनिएर कावु बाहिरको परिस्थिति सृजना भएको थियो । उक्त क्षेत्र अझै पनि भौगर्भिक रुपमा अस्थिर र जोखिमपूर्ण रहेकाले भविष्यमा पुनः नदी थुनिएर विद्युतगृहमा पानी पस्ने दीर्घकालीन जोखिम देखिएको हुनाले सो जोखिम न्यूनिकरणका लागि आयोजनाको टेलरेस आउटलेट पोर्टल संरचनालाई तामाकोशी र च्यादु खोलाको संगमभन्दा तल्लो तटीय क्षेत्रमा स्थानान्तरण गर्नुपर्ने भएको छ । यसरी संरचना स्थानान्तरण गर्दा Tail water level मा आउने भिन्नताका कारण विद्युतगृहको Machine floor level लाई पूर्व प्रस्तावित भन्दा ३० मिटर तल स्थापना गर्न सकिने भएको छ, जसले गर्दा आयोजनाको हेड ३० मिटरले ब्रढ्न गई कुल क्षमता ५६ मेगावाटबाट वृद्धि भई ७० मेगावाट पुगेको छ । यसरी क्षमता वृद्धि र संरचना स्थानान्तरण गर्दा प्रचलित कानुन बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) अध्ययन गरि प्रतिवेदन तयार पारिएको छ ।

यसरी तयार पारिएको मस्यौदा प्रतिवेदन माथि सरोकारवाला व्यक्ति, समुदाय, स्वास्थ्य चौकी, विद्यालय, सँघ/संस्था तथा सरकारी निकायहरुको तर्फबाट राय सुझाव संकलन गर्न मिति २०८३/०२/३१ गते तय गरिएको सार्वजनिक सुनुवाई कार्यक्रम विशेष कारणवश स्थगित गर्नुपरेको थियो। उक्त स्थगित सार्वजनिक सुनुवाई कार्यक्रम निम्न मिति समय र स्थानमा पुनः संचालन गरिने जानकारी गराउँदै कार्यक्रममा सहभागी भई जानकारी लिन तथा राय सुझाव दिनु हुन विनम्र अनुरोध गर्दछु ।

कृपया, सार्वजनिक सुनुवाईको लागि तयार गरिएको सूचना त्यस कार्यालयको सूचना पाटीमा टाँस गरि सूचना टाँसको जानकारी गरिदिनुहुन अनुरोध गर्दछु ।

सार्वजनिक सुनुवाई कार्यक्रम हुने समय, स्थान र मितिः

स्थान : श्री गौरीशंकर प्राथमिक विद्यालयको प्राङ्गण, लामाबगर
मिति : २०८३/०३/१४ गते
समय : विहान ११ बजे देखि

भवदिय

सकुन्द ओझा
महा-प्रबन्धक

SANIMA JUM HYDROPOWER LIMITED sanima Kathmandu, Nepal

P. O. Box: 19737, KMC-4, Dhumbarahi, Kathmandu, Tel. (977-1) 4373030, 4372828, 4015788
Fax: (977-1) 4015799, E-mail: sanimajum@sanimahydro.com


बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७२

Govt. Regd. No. 253402/077/078

Sanima Jum Hydropower Ltd.

SANIMA JUM HYDROPOWER LIMITED

च.नं.: १८५-०८२/८३

मितिः २०८३/०३/०३

श्रीमान् वडा अध्यक्ष ज्यू
विगु गाउँपालिका, वडा नं. १
लामाबगर, दोलखा ।

विषयः सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस सानिमा जुम हाइड्रोपावर लिमिटेडद्वारा बागमती प्रदेश, दोलखा जिल्ला स्थित विगु गाउँपालिका वडा नं. १ भई बग्ने जुम खोलाको पानी सदुपयोग गर्ने गरी जुम खोला जलविद्युत आयोजना निर्माण गर्न नेपाल सरकार, ऊर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत विद्युत विकास विभागको मिति २०७८/०३/२७ देखि मिति २११३/०३/२६ सम्म बहाल अवधि रहने गरी ५६ मेगावाट क्षमताको विद्युत उत्पादनको अनुमति प्राप्त गरेको थियो । प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन मिति २०७७/०६/२७ मा वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भइसकेको छ । हाल निर्माणाधीन अवस्थामा रहेको यस जलविद्युत आयोजना क्षेत्रको 'देउराली' भन्ने स्थानमा मिति २०८१/०२/२३ र मिति २०८२/०६/२१ मा ठूलो सुख्खा पहिरो गई तामाकोशी नदी थुनिएर काबु बाहिरको परिस्थिति सृजना भएको थियो । उक्त क्षेत्र अझै पनि भौगर्भिक रुपमा अस्थिर र जोखिमपूर्ण रहेकाले भविष्यमा पुनः नदी थुनिएर विद्युतगृहमा पानी पस्ने दीर्घकालीन जोखिम देखिएको हुनाले सो जोखिम न्यूनिकरणका लागि आयोजनाको टेलरेस आउटलेट पोर्टल संरचनालाई तामाकोशी र च्यादु खोलाको संगमभन्दा तल्लो तटीय क्षेत्रमा स्थानान्तरण गर्नुपर्ने भएको छ । यसरी संरचना स्थानान्तरण गर्दा Tail water level मा आउने भिन्नताका कारण विद्युतगृहको Machine floor level लाई पूर्व प्रस्तावित भन्दा ३० मिटर तल स्थापना गर्न सकिने भएको छ, जसले गर्दा आयोजनाको हेड ३० मिटरले बढ्न गई कुल क्षमता ५६ मेगावाटबाट वृद्धि भई ७० मेगावाट पुगेको छ । यसरी क्षमता वृद्धि र संरचना स्थानान्तरण गर्दा प्रचलित कानुन बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) अध्ययन गरि प्रतिवेदन तयार पारिएको छ ।

यसरी तयार पारिएको मस्यौदा प्रतिवेदन माथि सरोकारवाला व्यक्ति, समुदाय, स्वास्थ्य चौकी, विद्यालय, सँघ/संस्था तथा सरकारी निकायहरुको तर्फबाट राय सुझाव संकलन गर्न मिति २०८३/०२/३१ गते तय गरिएको सार्वजनिक सुनुवाई कार्यक्रम विशेष कारणवश स्थगित गर्नुपरेको थियो। उक्त स्थगित सार्वजनिक सुनुवाई कार्यक्रम निम्न मिति समय र स्थानमा पुनः संचालन गरिने जानकारी गराउँदै कार्यक्रममा सहभागी भई जानकारी लिन तथा राय सुझाव दिनु हुन विनम्र अनुरोध गर्दछु ।

कृपया, सार्वजनिक सुनुवाईको लागि तयार गरिएको सूचना त्यस कार्यालयको सूचना पाटीमा टाँस गरि सूचना टाँसको जानकारी गरिदिनुहुन अनुरोध गर्दछु ।

सार्वजनिक सुनुवाई कार्यक्रम हुने समय, स्थान र मितिः

स्थान : श्री गौरीशंकर प्राथमिक विद्यालयको प्राङ्गण, लामाबगर
मिति : २०८३/०३/१४ गते
समय : विहान ११ बजे देखि

भवदिय

सकुन्द ओझा
महा-प्रवन्धक

SANIMA JUM HYDROPOWER LIMITED sanima Kathmandu, Nepal

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रहरी कार्यालय
लामाबगर, दोलखा

सैनिक दल जगा
वारिकोट

सकुल प्रमोडाम ९ प्रति कुर्सि लीयको
याचक प्रसाद आचार्य (सचिव)

राष्ट्रिय प्रकृति संरक्षण कोष
संरक्षण क्षेत्र
व्यवस्थापन समिति, लामाबगर
बिगु गाउँपालिका
वडा नं. १
दोलखा
गौरीशंकर संरक्षण क्षेत्र आयोजना

यादव प्रसाद आचार्य
(सचिव)
संरक्षण व्यवस्थापन समिति
लामाबगर

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रहरी दल, नेपाल
बिगु गाउँपालिका

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रहरी कार्यालय
सिगटी, दोलखा

Bigu Rural Municipality
1 No. Ward Office
Lamabagar, Dolakha
Bagamati Province, Nepal
2073

च.नं. ९८२/०८२/०८३ मिति २०८३/०३/०३ गते पत्र तुरुन्त सुचना यस कार्यालयको सुचना पाटिया टास गरिदेउ भनेर अनुरोध छ।

गौरीशंकर संरक्षण क्षेत्र आयोजना

"जलश्रोत, पर्यटन र जडिबुटिले समुन्नत विगु गाउँपालिका"

स्थानीय सरकार

विगु गाउँपालिका

ཤིང་གུ སྒའུ་པ་ལི་ཀ། विगु गाउपालिका

गाउँ कार्यपालिकाको कार्यालय

फोन नं.- ०४-४१०१०९
www.bigumun.gov.np
bigumun@gmail.com
info@bigumun.gov.np
बागमती प्रदेश, नेपाल

विगु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लाडुक, दोलखा बागमती प्रदेश, नेपाल २०७३

पत्र संख्या/Ref. No:-२०८२/०८३

चलानी नं./Dispatch No. १९६०

मिति/Date:- २०८३/०३/०४

विषय - सुचना टाँस गरिएको जानकारी सम्बन्धमा ।

श्री सानीमा जुम हाइड्रोपावर,
लिमिटेड, धुम्बाराई काठमाडौं ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको च.नं. १८५-०८२/०८३ मिति २०८३/०३/०३ को पत्रानुसारको सुचना प्राप्त भयो। उक्त सूचना यस गाउँपालिकाको सुचना पाटीमा टाँस गरि जानकारी पठाइएको बेहोरा अनुरोध गरिन्छ ।

.....
(नबिन गिरी)
प्रमुख प्रशासकीय अधिकृत

नविन गिरी
प्रमुख प्रशासकीय अधिकृत

"जलश्रोत, पर्यटन र जडिबुटीले सम्मुनत विगु गाउँपालिका"

विगु गाउँपालिका
Bigu Rural Municipality
१ नं. वडा कार्यालय
1 No. Ward Office

लामाबगर , दोलखा
Lamabagar, Dolakha
वागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

पत्र संख्या/Ref. No:-०८२/०८३

चलानि नं./Dispatch No : ५६०

मिति/Date: २०८३/०३/०३

श्री सानिमा जुम हाइड्रोपावर लिमिटेड,
धुम्बाराही, काठमाडौं।

बिषय: सूचना टाँस सम्बन्धमा।

प्रस्तुत बिषयमा तँहा कम्पनीको च.नं. १८५-०८२/०८३ मिति २०८३/०३/०३ गतेको पत्रनुसार यस कार्यालयमा सार्बजनिक सुनुवाई सम्बन्धि सूचना सूचना पेटिकामा मिति २०८३/०३/०३ गते बुधबारको दिन टाँस गरिएको व्यहोरा अनुरोध छ।

तामाङ
वडा अध्यक्ष

जुम खोला जलविद्युत आयोजनाको (७० मे.वा.) पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्ने शिलशिलामा सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितिका लागि पत्राचार गरिएको संघ-संस्थाहरुको विवरण

क.सं.	पत्र प्रापक व्यक्ति/ संस्थाहरु	बुझिलिनेको हस्ताक्षर	सम्पर्क नं./ व्यक्ति	कार्यालयको छाप
१	श्रीमान् अध्यक्ष ज्यू विगु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, झिंगटी, दोलखा।		९८४५३९६५९ विजय रुम्बा को दर्ता चलानी थाप्या	विगु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लादुक, दोलखा बागमती प्रदेश, नेपाल २०७३
२	श्रीमान् वडा अध्यक्ष ज्यू विगु गाउँपालिका, वडा नं. १, लामाबगर, दोलखा .।		९८६२४१४०२९	Bigu Rurai Municipality 1 No. Ward Office Lamabagar, Dolakha Bagamati Province, Nepal 2073
३	श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू जिल्ला प्रशासन कार्यालय ~~चरिकोट, दोलखा~~		०४९४४१९०४	नेपाल सरकार गृह मन्त्रालय प्रशासन कार्यालय दोलखा
४	श्रीमान् प्रमुख ज्यू जिल्ला समन्वय समिति, दोलखा		९८६००४९२४	जिल्ला समन्वय समितिको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल
५	श्रीमान् कार्यालय प्रमुख ज्यू जिल्ला प्रहरी कार्यालय, दोलखा		९८४८०९८६५	नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रहरी कार्यालय दोलखा, चरिकोट

क्र.सं.	पत्र प्रापक व्यक्ति/ संस्थाहरु	बुझिलिनेको हस्ताक्षर	सम्पर्क नं./ व्यक्ति	कार्यालयको छाप
६	श्रीमान् कार्यालय प्रमुख ज्यू, जिल्ला शसस्त्र प्रहरी कार्यालय, दोलखा		९८६१२८ ००२	नेपाल सरकार गृह मन्त्रालय शसस्त्र प्रहरी बल, नेपाल नं. ९८ दोलखा
७	श्रीमान् कार्यालय प्रमुख ज्यू जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, दोलखा		९८६४००२ ६२	बागमती प्रदेश सरकार खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय चरिकोट, दोलखा
८	श्रीमान् कार्यालय प्रमुख ज्यू गौरीशंकर संरक्षण क्षेत्र, सम्पर्क कार्यालय, चरिकोट, दोलखा		९८५१७५०९८१	नेपाल सरकार वन तथा वातावरण मन्त्रालय राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालय चरिकोट, दोलखा
९	श्रीमान् कार्यालय प्रमुख ज्यू गौरीशंकर संरक्षण क्षेत्र आयोजना, प्रधान कार्यालय, सिंगटी, दोलखा		९८४९२२२२३ आर.डिरी शेर्पा	गौरीशंकर संरक्षण क्षेत्र आयोजना
१०	श्रीमान् अध्यक्ष ज्यू संरक्षण क्षेत्र व्यवस्थापन समिति, लामाबगर		९८४९५९८२०८	राष्ट्रिय प्रकृति संरक्षण कोष संरक्षण क्षेत्र व्यवस्थापन समिति लामाबगर विगु गाउँपालिका वडा नं. ९, दोलखा गौरीशंकर संरक्षण क्षेत्र आयोजना



क्र.सं.	पत्र प्रापक व्यक्ति/ संस्थाहरु	बुझिलिनेको हस्ताक्षर	सम्पर्क नं./ व्यक्ति	कार्यालयको छाप
११	श्रीमान् अध्यक्ष ज्यू सेतिदेवी संरक्षण वन व्यवस्थापन उप-समिति, लामाबगर		९८४३८ ९९२६	
१२	श्रीमान् प्रधानाध्यापक ज्यू श्री गौरीशंकर प्राथमिक विद्यालय, लामाबगर		९८४८८ ८८७८	श्री गौरीशंकर प्राथमिक विद्यालय Shree Gaureshankar Primary School वि.स. २०७१ वि.वि.स.-१, लामाबगर, दोलखा
१३	श्रीमान् कार्यालय प्रमुख ज्यू ईलाका प्रहरी कार्यालय, सिंगटी, दोलखा ।		९८४०४८ १२०, ९८४०९० ४०	नेपाल सरकार गृह मन्त्रालय इलाका प्रहरी कार्यालय सिंगटी, दोलखा
१४	श्रीमान् कार्यालय प्रमुख ज्यू ईलाका प्रहरी चौकी, लामाबगर ।		९८९९९८ ९८९४	नेपाल सरकार गृह मन्त्रालय ईलाका प्रहरी कार्यालय लामाबगर, दोलखा
१५	श्रीमान् कार्यालय प्रमुख ज्यू सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट, लामाबगर ।		९८२१३८२ ६१९	नेपाल सरकार गृह मन्त्रालय सशस्त्र प्रहरी बल, नेपाल बिनु गाउँपालिका

क्र.सं.	पत्र प्रापक व्यक्ति/ संस्थाहरु	बुझिलिनेको हस्ताक्षर	सम्पर्क नं./ व्यक्ति	कार्यालयको छाप
१६	श्रीमान् कार्यालय प्रमुख ज्यू सुरक्षा वेस लामाबगर, गरुड दल गण, लामाबगर		९८६६७६६८७६	गरुड दल गण चरिकोट
१७	श्रीमान् कार्यालय प्रमुख ज्यू माथिल्लो तामाकोशी जलविद्युत आयोजना, गंगोर, दोलखा ।		९८४१४६०८०	माथिल्लो तामाकोशी जलविद्युत आयोजना
१८	श्रीमान् कार्यालय प्रमुख ज्यू श्री गरुड दल गण, चरिकोट दोलखा ।		९८६५३६६८०१	गरुड दल गण चरिकोट
१९	श्रीमान् डिभिजनल वन अधिकृत ज्यू डिभिजन वन कार्यालय दोलखा ।		९८६१९५४८५८	प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय वन निर्देशनालय डिभिजन वन कार्यालय, दोलखा आगामती प्रदेश, चरिकोट, दोलखा
	श्रीमान प्रमुख ज्यू. सडक डिभिजन चरिकोट, दोलखा		९८५३०२४१६५	नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय सडक विभाग सडक पूर्वाधार निर्माण तथा अनुगमन कार्यालय, धनकुटा सडक डिभिजन चरिकोट

क्र.सं.	पत्र प्रापक व्यक्ति/ संस्थाहरु	बुझिलिनेको हस्ताक्षर	सम्पर्क नं./ व्यक्ति	कार्यालयको छाप
	श्रीमान अध्यक्षज्यू, श्री थेमा दर्च्योलिङ, गुम्बा विडु-१, लामाबगर		९८४७३५५६७	श्री थेमा दर्च्योलिङ गुम्बा विडु गा.पा.-१, दोलखा
	श्रीमान अध्यक्षज्यू, श्री घोस्याम हिमालयवंशज तथा ऋण सहकारी लि.बा		९८४७३५८५५	श्री घोस्याम हिमालयवंशज तथा ऋण सहकारी संस्था लामाबगर-१, दोलखा
	श्रीमान् अध्यक्ष ज्यू, लामाबगर तामाङ समाज विडु -१ लामाबगर।		९८४३६८९९४६	लामाबगर तामाङ समाज २०८१ विडु गा.पा.-१, लामाबगर, दोलखा
	श्रीमान् अध्यक्ष ज्यू, श्री रिक्साङ गोम्बु आमा समुह विडु-१ लामाबगर।		९८४०५४३०१३	रिक्साङ गोम्बु आमा समूह लामाबगर, दोलखा स्था.: २०५४ विडु गाउँपालिका -१



श्री सानिमा जुम हाईड्रोपावर ले निम्न अनुसारको सूचना यस विरु गा. पा. वडा नं. १, मा रहेको श्री [illegible] मा टाँस गरेको व्यहोरा प्रमाणीत गरिन्छ ।

प्रस्तावकको नाम : सानिमा जुम हाइड्रोपावर लिमिटेड
प्रस्तावनाको नाम : जुम खोला जलविद्युत आयोजना (७० मे. वा.)

आज मिति २०८३।०३।२६ गते हामी तपशिलमा लेखिए बमोजिमका मानिसहरूको रोहबरमा सानिमा जुम हाइड्रोपावर लिमिटेडद्वारा प्रस्तावित जुम खोला जलविद्युत आयोजना (७० मे. वा.) को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको शिलशिलामा मिति २०८३।०३।१४ मा गर्न लागिएको सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सरोकारवाला व्यक्ति, समुदाय, संघ/संस्था आदिको जानकारीको लागी तयार गरिएको सार्वजनिक सूचनाको प्रतिलिपि टाँस गरिएकोले यो सूचना टाँस मुचुल्का लेखि/लेखाई सहिछाप गरिदियौ।

रोहबरमा

१. विरु न. पा./गा. पा., वडा नं. १, ल्मा.क.गा. बस्ने श्री सानी तामाङ
२. विरु न. पा./गा. पा., वडा नं. १, ल्मा.क.गा. बस्ने श्री मन्दिप राम शाक्य
३. विरु न. पा./गा. पा., वडा नं. १, ल्मा.क.गा. बस्ने श्री पेम्बा तामाङ
४. विरु न. पा./गा. पा., वडा नं. १, ल्मा.क.गा. बस्ने श्री सानिमा मगर
५. ..... न. पा./गा. पा., वडा नं. ....., ... बस्ने श्री .....

श्री सानिमा जुम हाईड्रोपावर ले निम्न अनुसारको सूचना यस विगु गा. पा. वडा नं. १, मा रहेको श्री चौकी पारी मा टाँस गरेको व्यहोरा प्रमाणीत गरिन्छ ।

प्रस्तावकको नाम : सानिमा जुम हाइड्रोपावर लिमिटेड
प्रस्तावनाको नाम : जुम खोला जलविद्युत आयोजना (७० मे. वा.)

आज मिति २०८३।०३।०६ गते हामी तपशिलमा लेखिए बमोजिमका मानिसहरूको रोहबरमा सानिमा जुम हाइड्रोपावर लिमिटेडद्वारा प्रस्तावित जुम खोला जलविद्युत आयोजना (७० मे. वा.) को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको शिलशिलामा मिति २०८३।०३।१४ मा गर्न लागिएको सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सरोकारवाला व्यक्ति, समुदाय, संघ/संस्था आदिको जानकारीको लागी तयार गरिएको सार्वजनिक सूचनाको प्रतिलिपि टाँस गरिएकोले यो सूचना टाँस मुचुल्का लेखि लेखाई सहिछाप गरिदियौ।

रोहबरमा

१ विगु न. पा./गा. पा., वडा नं. १ लामावगर बस्ने श्री कामे शेर्पा
२ विगु न. पा./गा. पा., वडा नं. १, लामावगर बस्ने श्री फुटी शेर्पा
३. विगु न. पा./गा. पा., वडा नं. १, लामावगर बस्ने श्री नुर्बु तामाङ नुर्बु
४ विगु न. पा./गा. पा., वडा नं. १, लामावगर बस्ने श्री सरिता शेर्पा
५. ..... न. पा./गा. पा., वडा नं. ....., बस्ने श्री .....

श्री सानिमा जुम हाईड्रोपावर ले निम्न अनुसारको सूचना यस बिगु गा. पा. वडा नं. १, मा रहेको श्री मधुल्लो गाउँ मा टाँस गरेको व्यहोरा प्रमाणीत गरिन्छ ।

प्रस्तावकको नाम : सानिमा जुम हाइड्रोपावर लिमिटेड
प्रस्तावनाको नाम : जुम खोला जलविद्युत आयोजना (७० मे. वा.)

आज मिति २०८३।०३।०६ गते हामी तपशिलमा लेखिए बमोजिमका मानिसहरूको रोहबरमा सानिमा जुम हाइड्रोपावर लिमिटेडद्वारा प्रस्तावित जुम खोला जलविद्युत आयोजना (७० मे. वा.) को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको शिलशिलामा मिति २०८३।०३।१४ मा गर्न लागिएको सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सरोकारवाला व्यक्ति, समुदाय, संघ/संस्था आदिको जानकारीको लागी तयार गरिएको सार्वजनिक सूचनाको प्रतिलिपि टाँस गरिएकोले यो सूचना टाँस मुचुल्का लेखि/लेखाई सहिछाप गरिदियौ।

रोहबरमा

१. बिगु न. पा./गा. पा., वडा नं. १, लामागाउँ बस्ने श्री लाक्पा छेवाङ शेर्पा
२. बिगु न. पा./गा. पा., वडा नं. १, लामागाउँ बस्ने श्री आशोका नगर(शेर्पा)
३. बिगु न. पा./गा. पा., वडा नं. १, लामागाउँ बस्ने श्री निमा दिदि० लामा०
४. बिगु न. पा./गा. पा., वडा नं. १, लामागाउँ बस्ने श्री दिरिङ ब. लामा० Yomary
५. बिगु न. पा./गा. पा., वडा नं. १, लामागाउँ बस्ने श्री साङपोर्जे लामा०

श्री सानिमा जुम हाइड्रोपावर ले निम्न अनुसारको सूचना यस विरु गा. पा. वडा नं. १, लामावगर मा रहेको श्री तल्लो गाउँ मा टाँस गरेको व्यहोरा प्रमाणीत गरिन्छ ।

प्रस्तावकको नाम : सानिमा जुम हाइड्रोपावर लिमिटेड
प्रस्तावनाको नाम : जुम खोला जलविद्युत आयोजना (७० मे. वा.)

आज मिति २०८३।०३।०६ गते हामी तपशिलमा लेखिए बमोजिमका मानिसहरूको रोहबरमा सानिमा जुम हाइड्रोपावर लिमिटेडद्वारा प्रस्तावित जुम खोला जलविद्युत आयोजना (७० मे. वा.) को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको शिलशिलामा मिति २०८३।०३।१४ मा गर्न लागिएको सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सरोकारवाला व्यक्ति, समुदाय, संघ/संस्था आदिको जानकारीको लागी तयार गरिएको सार्वजनिक सूचनाको प्रतिलिपि टाँस गरिएकोले यो सूचना टाँस मुचुल्का लेखि/लेखाई सहिछाप गरिदियौ।

रोहबरमा

१. विरु न. पा./गा. पा., वडा नं. १, लामावगर बस्ने श्री फुलिमा रोपा
२. विरु न. पा./गा. पा., वडा नं. १, लामावगर बस्ने श्री फिरफुस रोपा
३. विरु न. पा./गा. पा., वडा नं. १, लामावगर बस्ने श्री सिङमा रोपा
४. विरु न. पा./गा. पा., वडा नं. १, लामावगर बस्ने श्री निम लामा रोपा
५. ..... न. पा./गा. पा., वडा नं. ....., ... बस्ने श्री .....

जुम खोला जलविद्युत आयोजना (७० मे.वा.)

पूरक वातावरणीय प्रभाव मूल्याङ्कन

सार्वजनिक सुनुवाई प्रतिवेदन

मिति	२०८३/०३/१४
स्थान	लामाबगर, विगु गा.पा.-१, दोलखा
कार्यक्रम अवधि	विहान ११ बजे सुरु भई साँझ ४ बजे अन्त्य
सहभागीहरूको संख्या	११८

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, सम्बन्धित व्यक्ति, संघ-संस्था तथा सम्पूर्ण सरोकारवालाहरूलाई आयोजना सम्बन्धी आफ्ना जिज्ञासा, प्रतिक्रिया र राय-सुझावहरू व्यक्त गर्न सहज होस् भन्ने उद्देश्यले यो सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरिएको हो। वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम आयोजित यस दुईपक्षीय सार्वजनिक अन्तरक्रियाले आयोजनाको तर्फबाट प्रभावित क्षेत्रमा विस्तृत जानकारी गराउने र स्थानीयहरूले आफ्ना भनाइहरू राख्ने उपयुक्त अवसर सिर्जना गरेको छ। यस्ता सहभागितामूलक कार्यक्रमको सफल सञ्चालनले भविष्यमा आयोजना निर्माणका क्रममा आउन सक्ने सम्भावित बाधा-अवरोधहरू हटाई सहजीकरण गर्न मद्दत पुग्ने विश्वास लिइएको छ ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रभावित जनसमुदाय तथा सरोकारवालाहरूको उपस्थिति सुनिश्चित गर्न आयोजना र सोका संरचनाहरूबारे विस्तृत जानकारी सहित पहिलो पटक मिति २०८३/०२/२४ गते दीक्षण दैनिकमा ७ दिने सूचना प्रकाशित गरिएको थियो। सोही अनुसार मिति २०८३/०२/३१ गते दोलखा जिल्ला, विगु गाउँपालिका वडा नं. १, लामाबगरमा तय गरिएको कार्यक्रम विशेष कारणवश स्थगित भएको थियो। तत्पश्चात्, उक्त सार्वजनिक सुनुवाइ मिति २०८३/०३/१४ मा सञ्चालन गर्ने गरी मिति २०८३/०३/०७ गते पुनः दीक्षण दैनिक पत्रिकामा दोस्रोपटक सूचना प्रकाशित गरी सरोकारवालाहरूलाई आह्वान गरिएको थियो ।

सार्वजनिक सूचना प्रभावित क्षेत्रमा विभिन्न सरकारी तथा सार्वजनिक निकायहरू जस्तैः गाउँपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, वडा कार्यालय, गौरीशंकर संरक्षण क्षेत्र आयोजना, डिभिजन वन कार्यालय, प्रहरी चौकी, स्वास्थ्य चौकी तथा विद्यालयमा सूचना टाँस गरिएको थियो। यसका साथै, स्थानीय बासिन्दाको बाक्लो उपस्थिति रहने सार्वजनिक स्थल तथा चिया पसलहरूमा समेत सूचना टाँस गरिएको थियो । कार्यक्रममा स्थानीयहरूको अधिकतम सहभागिता सुनिश्चित गर्न कार्यक्रम हुनुभन्दा दुई दिन अघिदेखि नै स्थानीय रेडियो मार्फत समेत सूचना निरन्तर प्रसारण गरी उपस्थितिका लागि आह्वान गरिएको थियो ।

कार्यक्रममा केन्द्रीय सरकार, स्थानीय तह र स्थानीय समुदाय लगायत सरोकारवालाहरूको उपस्थिति रहेको थियो। नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालयको तर्फबाट तेज बहादुर दर्जी र सुरेन्द्र राज पन्त, तथा विद्युत विकास विभागबाट ध्रुव राज पौडेलको प्रतिनिधित्व रहेको थियो। त्यसैगरी, प्रस्तावक सानिमा जुम हाइड्रोपावर लिमिटेडका महा-प्रबन्धक सकुन्द ओझा र परामर्शदाता कम्पनी सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि. का इन्जिनियर सुदिप चापागाई र वातावरणविद् सुमन प्रजापतिसहित करिब ११८ जनाको उपस्थिति थियो।

कार्यक्रममा सहभागी सम्पूर्णलाई पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको कार्यकारी सारांश वितरण गरिएको थियो। तत्पश्चात्, आयोजनाका प्रतिनिधिहरूले आयोजना तथा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनबारे संक्षिप्त जानकारी गराउनुभएको थियो ।



कार्यक्रमको प्रारम्भमा जुम खोला जलविद्युत आयोजनाका महाप्रबन्धक श्री सकुन्द ओझाले सम्पूर्ण सहभागीहरूलाई हार्दिक स्वागत गर्नुभयो। स्वागत मन्तव्यका क्रममा उहाँले सानिमा ग्रुपको परिचय दिँदै यस ग्रुपले हालसम्म नेपालका विभिन्न जिल्लाहरूमा जलविद्युत आयोजनाहरूको सफल निर्माण तथा सञ्चालन गरी कुल १४७ मेगावाट विद्युत उर्जा राष्ट्रिय ग्रिडमा जडान गरिसकेको जानकारी गराउनुभयो। सोही क्रममा दोलखा जिल्लामा पनि जलविद्युत आयोजना निर्माणका लागि सर्वेक्षण अनुमति प्राप्त गरी आवश्यक अध्ययन तथा अनुसन्धान सम्पन्न गरिएको उहाँले बताउनुभयो।

आयोजनाको विकासक्रमबारे जानकारी दिँदै महाप्रबन्धक ओझाले वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) स्वीकृति, विद्युत उत्पादन अनुमतिपत्र, विद्युत खरिद-बिक्री सम्झौता (PPA) र वित्तीय व्यवस्थापन (Financial Closure) जस्ता महत्त्वपूर्ण चरणहरू सम्पन्न भइसकेको स्पष्ट पार्नुभयो। हाल मुख्य सिभिल निर्माणको ठेक्का सम्झौता भई पहुँच सडकको निर्माण पश्चात् द्रुत गतिमा काम अघि बढिरहेको र आगामी तीन वर्ष भित्र आयोजनाको निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको कुरा पनि उहाँले सहभागीहरूलाई जानकारी गराउनुभयो।

यसै क्रममा आयोजना स्थलमा सिर्जना भएको प्राकृतिक विपत्ति र सोको प्राविधिक समाधानबारे स्पष्ट पार्दै उहाँले 'देउराली' भन्ने स्थानमा मिति २०८१/०२/१८ र २०८२/०६/२१ मा गएको ठूलो सुख्खा पहिरोले तामाकोशी नदी थुनिन गई काबु बाहिरको परिस्थिति सिर्जना भएको बताउनुभयो। साथै, च्यादु खोलाले थुपारेको गेग्रानका कारण तामाकोशी नदीको सतह बढेकाले साविकमा प्रस्तावित टेलरेस आउटलेट पोर्टल हुँदै विद्युतगृहभित्र पानी पस्न सक्ने जोखिम देखिएकाले उक्त पोर्टललाई देउराली पहिरोभन्दा तलतिर स्थानान्तरण गर्नुपरेको कारण उहाँले खुलाउनुभयो।

अन्तमा, टेलरेस आउटलेट पोर्टल स्थानान्तरण गर्दा हालको License Boundary भन्दा २०" विस्तार गरी अध्ययन तथा निर्माण कार्य गर्न ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट स्वीकृति प्राप्त भइसकेको र पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका लागि तत्कालीन वन तथा वातावरण मन्त्रालयबाट अध्ययन सहमति प्राप्त भइसकेको उहाँले उल्लेख गर्नुभयो। यसै सिलसिलामा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रमको मुख्य उद्देश्य स्थानीय सरोकारवालाहरूबाट प्राप्त हुने राय-सुझाव तथा गुनासोहरूलाई सङ्कलन गरी पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उचित सम्बोधन गर्ने प्रतिबद्धता समेत उहाँले व्यक्त गर्नुभयो।

कार्यक्रमलाई निरन्तरता दिने क्रममा यस आयोजनाका परामर्शदाता कम्पनी सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि. का तर्फबाट इन्जिनियर सुदिप चापागाईले आयोजनाको प्राविधिक पक्ष बारे चर्चा गर्नुभएको थियो । उहाँले जुम खोला जलविद्युत आयोजना नदी प्रवाहमा आधारित आयोजना रहेको जानकारी गराउनुभएको थियो। उहाँले आयोजनाको हेडवर्कस् बुमिङ भन्ने ठाउँमा अवस्थित रहेको र त्यहाँ ३६ मिटर लामो तथा १० मिटर उचाइको बाँध निर्माण गरी अधिकतम २८.६८ घनमिटर प्रतिसेकेन्ड जलप्रवाहलाई इन्टेक तर्फ पठाउने गरी डिजाइन गरिएको बताउनुभएको थियो। इन्टेकबाट आएको पानीलाई ९० मिटर लामो दुई वटा भूमिगत बालुवा थिग्राउने पोखरी र १४२० मिटर लामो हेडरेस सुरुङ्ग हुँदै ४५ मिटर अग्लो सर्ज साफ्ट, २५२ मिटर भर्टिकल साफ्ट र पेनस्टक मार्फत खराने खोल्सी स्थित भूमिगत विद्युतगृहमा पुऱ्याइने जानकारी उहाँले दिनुभएको थियो। आयोजनाले कुल २८७ मिटर हेडका साथ ३ वटा टर्वाइनमा पानी खसाली ७० मेगावाट विद्युतीय ऊर्जा उत्पादन गर्ने गरी प्रारम्भिक डिजाइन सम्पन्न गरिएको कुरा उहाँले कार्यक्रममा प्रस्तुत गर्नुभएको थियो।



त्यस्तै, उहाँले आयोजना क्षेत्र स्थित देउराली भन्ने स्थानमा विक्रम संवत् २०८१ र २०८२ सालमा भीषण सुख्खा पहिरो गएको स्मरण गराउनुभयो। उक्त पहिरो च्यादु खोला र तामाकोशीको दोभानमा जम्मा भई नदीको सतह बढ्न गएकाले पूर्व-स्वीकृत टेलरेस आउटलेटबाट पानी पुनः विद्युतगृह भित्र पस्ने जोखिम पहिचान गरिएको कुरा उहाँले प्रष्ट पार्नुभएको थियो। सो जोखिम न्यूनीकरण गर्नका लागि टेलरेस आउटलेटलाई तामाकोशी र च्यादु खोलाको सङ्गमभन्दा तल्लो क्षेत्रको सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने प्राविधिक आवश्यकता देखिएको जानकारी उहाँले गराउनुभयो ।

यसरी टेलरेस आउटलेट स्थानान्तरण गर्दा आयोजनाको हेड बढेको कुरा उहाँले उल्लेख गर्नुभयो। साथै, परिमार्जित टेलरेस पोर्टल माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको 'वेयर क्रेस्ट इलेभेसन लेभल भन्दा करिब २० मिटर माथि अवस्थित रहेकाले नदीको प्रवाहले आयोजना सञ्चालनमा कुनै बाधा नपुर्याउने जानकारी पनि उहाँले दिनुभएको थियो। विद्युत उत्पादन पछिको पानीलाई २०२५ मिटर लामो टेलरेस सुरुङ्ग मार्फत पुनः तामाकोशी नदीमा मिसाउने गरी आयोजनाको परिमार्जित डिजाइन सम्पन्न गरिएको कुरा उहाँले बताउनुभयो। अन्त्यमा, यसरी उत्पादन हुने विद्युतीय ऊर्जालाई २२० के.भी. क्षमताको प्रसारण लाइन निर्माण गरी नेपाल विद्युत प्राधिकरणको सिन्धुपाल्चोक स्थित बाह्रबिसे सबस्टेशन मार्फत राष्ट्रिय ग्रिडमा जोडिने योजना रहेको कुरा उहाँले सम्पूर्ण सहभागीहरूमाझ स्पष्ट पार्नुभएको थियो ।



